
# शिक्षक

www.teacher.org.np

स्वर्ण अंक

मूल्य रु.५०/-

जेठ २०६९



पदमपुर प्राबि, सिरहाको कक्षा ५ की छात्रा रुबीकुमारी पासवानको उत्तरपुस्तिका

# विद्यार्थीको लेखाइ !

## शिक्षाका ६ दशकः बजेट बढ्यो, स्तर बढेन


Dabur
Glucose होइन,
Dabur
Glucose-D
नेपालमा सर्वाधिक बिक्री हुने ग्लूकोज
33% FREE
Dabur
Glucose-D
VITAMIN D & CALCIUM
NON-STOP ENERGY
99.4% Pure Glucose
FREE Glass
Source: Nielsen Nepal - RMS (Dec - 2011)




९ महत्वपूर्ण जडिबुटी युक्त

## राहत, आराम र तरोताजा

९ वटा महत्वपूर्ण जडिबुटीयुक्त नवरत्नको नरम मालिसले मस्तिष्कलाई तरोताजा र शरीरलाई शितल राख्दछ ।

यसमा छ : लताकस्तुरी, नगरमोठा, जापा पुष्पा, भिङ्गराज, शैलजा, कसिर काकोली, करचुर, अमला र कुन्च



Mahindra
2 Wheelers
YOUR TRUE COMPANION
The most powerful and durable scooter of all, Duro is a perfect blend of durability, power & comfort. Be it design, speed, handling, or storage space, you can depend on it; Mahindra Duro has it all.
ANS-12
POWERFUL ENGINE
DIGITAL DISPLAY
LARGE FUEL TANK
LARGE BRAKES
ROOMY SEATS & AMPLE LEGROOM
LONGEST WHEEL BASE
LARGEST STORAGE
LONG-LASTING BATTERY
CHROME PLATED EXHAUST FENDER
TRENDY DECALS
Available colours:
Mahindra Duro 125
Authorised Distributor:
SG GLOBAL PVT. LTD.
SHANKER GROUP
Showroom & Service Center: Malla Complex, Teku Road, Kathmandu, Contact: 4231057, 423105
Showroom: Narayan Chaur, Naxal, Kathmandu, Contact: 9808598647, 9841664671, 9841356183
Dealers: Jorpati : 01-4916068 • Chabahil : 9849707175 • Kumaripati : 01 - 5520041 • Bhaktapur : 01 - 5092336 • Banepa - 016226169 • Birtamod : 023 - 543044
• Damak : 023 - 582096 • Itahari : 025 - 587308 • Dharan : 9842491405 • Biratnagar : 9852048548 • Birgunj : 051-529685 • Janakpur : 041 - 527397
• Narayanghat : 056 - 533647 • Butwal : 071 - 543179 • Bhairahawa : 071 - 526419 • Dang : 082 - 560293 • Pokhara : 061 - 522905, 539279 • Nepalgunj : 081 - 550138
• Hetauda - 9841781263 • Surkhet : 083 - 521979 • Kawasoti : 9845026710 • Tikapur : 9848432092 • Tandi : 056-561061

# शिक्षक
मासिक

वर्ष ५ पूर्णाङ्क ५०

जेठ २०६९
May–June 2012



ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष दीपक थापा द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
कामसिंह चेपाङ
विपेन्द्र घिमिरे
खड्गबहादुर मगर

**प्रमुख कार्यकारी अधिकृत**
पीताम्बर कट्टेल

**विज्ञापन**
रामचन्द्र घिमिरे

**लेखा**
बन्दना श्रेष्ठ

**बिक्री वितरण/ग्राहक सेवा**
हरि ढकाल, तारानिधि रेग्मी



**कार्यालय**
ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड
(*शिक्षक* मासिक)
पूर्णचण्डी मार्ग
जावलाखेल, ललितपुर
पो.ब.नं. ३९१, ललितपुर
फोनः सम्पादकीय- ५५४३२५२
व्यापार/विज्ञापन- ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)- ४२६५६८६,
फ्याक्सः ५५४११९६
इमेलः mail@teacher.org.np,
वेबः www.teacher.org.np,
मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

जिप्रका लपु द.नं ५३/०६५/०६६


## ६० शिक्षाको ६ दशक

# शिक्षाले नेतृत्व नै पाएन !

**स्कूल-शिक्षामा सरकारको दायित्व र खर्च बढ्दो छ, अभिभावकको बोझ घट्दो छ, शिक्षक-कर्मचारीको सेवा-सुविधा थप आकर्षक र सुरक्षित हुँदै गएको छ। तर, कक्षाको पठन-पाठन, विद्यार्थीको सिकाइ-उपलब्धि अर्थात् 'शिक्षा' चाहिं झन्-झन् खिइँदै जाँदो छ।**


पृष्ठ **२०-४३**



संवादः 'अबको ध्यान गुणस्तरमा' २५

गल्ती सच्याऊँ अघि बढौं
*डा. सुरेशराज शर्मा, २८*

के भयो ? के भएन ?
*डा. विद्यानाथ कोइराला, ३४*

बर्बादीको नमूना ! ३८


## ५०


*शिक्षक* ले के सक्यो ? के सकेन ?
*- डा. विष्णु कार्की, १२*

*शिक्षक* को प्राथमिकतामा शिक्षक नै परून् !
*- पूर्ण जोशी, १४*

साधुवाद !
*- जीतबहादुर थापा मगर, १५*

*शिक्षक* ! म त तिम्रो प्रेममा परें ! !
*- अर्जुनप्रसाद पोखेल, १६*

पठन संस्कृतिमा योगदान
*- खगराज बराल, १८*

*शिक्षक* पढेपछि... १९


## मन्थनः गरे, शिक्षकले नै सक्छन्


लुइरे होइन, महान् बनौं
*- कृष्णप्रसाद ढकाल, ४६*

शिक्षकलाई खेद्न छोडौं
*- यम पी. भुसाल, ४७*


## कथा


ऊ, म र बिदाइ
*- मनोज भण्डारी, ६२*

मन फर्कन्छ
*- अनिता थापा, ६५*




## अन्य सामग्री


विद्यार्थीको लेखाइ ! ३८

अन्तर्वार्ताः ब्याचलर पढ्नेहरू ुद्यबअजभयिचु ले ख्न जान्दैनन्
*देवनारायण यादव, ४२*

विद्यालय फर्किए 'ड्रपआउट', ५०

घरपरिवारमा विज्ञान शिक्षा
*डा. तीर्थबहादुर श्रेष्ठ, ५४*

नेपाली हिज्जे पनि सिकाउने हो कि !
*प्रा. नोवल किशोर राई, ५८*


## समाचार ८-१०


■ विद्यालय अनुमतिमा कडाइ ■ जिशिकाको सार्थक कर्म ■ काज बन्द ! ■ शिक्षा विधेयक संसदमा


## स्तम्भ


विषय-सन्दर्भ ४, हेराइ र बुझाइ ५, प्रतिक्रिया र सुझाव ६, शिक्षाको दुनियाँ ४९, जिज्ञासा र जवाफ ६०, फुर्सद ६८, आलोपालो ७२


**ग्राहक तथा बिक्रेताहरूले समयमै पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ मा तत्काल जानकारी गराउनुहोला। यो नम्बरमा जानकारी गराउँदा पनि पत्रिका प्राप्त नभएमा फोन नं. ९८५११३६३४५ मा प्रमुख कार्यकारी अधिकृतलाई खबर गरिदिनुहोला।**

**साथै, मेसेज पठाएर पनि आफ्नो गुनासो टिपाउन सक्नुहुनेछ। जसका लागि मोबाइलको मेसेज बक्समा गई COMP टाइप गरी एउटा खाली ठाउँ छाडी आफ्नो नाम, ठेगाना र सम्पर्क नम्बर लेखी 5006 मा SMS पठाउनुहोस्। (comp<space>5006)**

केदार शर्मा

# सुनको महत्त्व

*शिक्षक* मासिकको प्रकाशन प्रारम्भ हुँदा, २०६४ को हिउँदमा देश संविधानसभाको निर्वाचनको सँघारमा थियो। हामी निर्वाचन होला-नहोलाको अन्योलमा थियौं। अन्ततः निर्वाचन भयो। तर, त्यो निर्वाचित संविधानसभाले पूर्वनिर्धारित समयमा संविधान दिन सकेन। संविधानसभाको म्याद दुई साता मात्र बाँकी रहँदा संविधान आउला कि नआउला भन्ने अन्योल कायम छ।

मुलुकको संविधान निर्माणसित हाम्रो सानो कामलाई तुलना गरेको होइन, तर पनि यही अवधिमा हामीले *शिक्षक* मासिकको प्रकाशन थाल्यौं र अहिले तपाईंका हातमा छ स्वर्ण अङ्क। हामी *शिक्षक* को पचासौं अङ्कलाई स्वर्ण अङ्कका रूपमा सजाइरहेका छौं।

यो नेपालको आधुनिक शिक्षा पद्धतिको उमेर ६० वर्ष पुगेको पनि मौका हो। २००७ सालपछि नै नेपालमा आम रूपमा स्कूलहरू खुल्ने क्रम शुरू भएको हो। त्यसपछिका वर्षहरूमा स्कूलहरू खुलेका खुल्यै छन्। स्वर्ण जयन्ती मनाउँदै गरेका स्कूलको संख्या हरेक वर्ष बढ्दो छ। २००७ सालयता नेपालको जनसंख्या तीन गुणा बढेको छ भने विद्यार्थीहरूको संख्या ८० गुणा बढी भएको छ। अब साक्षरताको कुरा कम र शिक्षाको कुरा बढी हुन थालेको छ। मानिसहरूको पहिलो पारिवारिक प्राथमिकता 'सन्तानको राम्रो शिक्षा' भएको छ। शिक्षामा सरकार र नागरिक दुवैथरीले अर्बौं लगानी गरिरहेका छन्। उमेरका हिसाबले नेपालको शिक्षा हीरक जयन्तीतर्फ अभिमुख छ।

नेपालको शिक्षा सर्वाधिक आशा गरिएको र सम्भवतः सर्वाधिक आलोचना गरिएको क्षेत्र हो। ६० वर्षमा हामीले गरेका उपलब्धि कम छैनन् तर हाम्रो उपलब्धि, स्तर र मात्रा दुवै दृष्टिबाट सन्तोष गर्न सकिने अवस्थामा छैन। अहिलेको युगमा पनि राजनीतिको खेलमैदान भइरहेका छन्। स्वर्ण जयन्ती मनाइसकेको शिक्षा व्यवस्था गरिमामय हुन नसकेको कुरा कटु यथार्थ हो।

## स्वर्णजयन्ती वा स्वर्णोत्सव भनेको के हो त ?

यसबेला हामी पनि *शिक्षक* को 'स्वर्ण अङ्क' लिएर तपाईंसामु आएका छौं। हाम्रो विचारमा यो आफ्ना कामहरूको पुनरावलोकन गर्ने र आफ्नो सान्दर्भिकताको लेखाजोखा गर्ने अवसर हो। नेपालको सानो बजार, विज्ञापनका सीमित स्रोत, यस्ता-यस्ता सामग्रीको विज्ञापन नछाप्ने भन्ने आफैंले कोरेका लक्ष्मणरेखाहरू, विदेशी मुद्राको विनिमय दर बढ्नासाथ बढ्ने कागजको मोल, निरन्तरको विद्युत् कटौती र महँगीको सर्वव्यापी दबाब– हामी यी सबै कुरासित पहिलो अङ्कदेखि भिडिरहेका छौं र यो भीडन्त कहिल्यै पनि मत्थर हुँदैन भन्ने हामीले देखिसकेका छौं।

नाफामा जान मुश्किल एउटा अभियानलाई हामी जेनतेन अघि बढाइरहेका छौं तर यो 'जेनतेन' एउटा भौतिक अवस्था मात्र हो। हाम्रो काममा, पाठकहरूको साथमा, प्रतिबद्धतामा हामीले कहिल्यै जेनतेनले काम चलाउनु परेको छैन, हामी शानदार अवस्थामा छौं। एउटा सानो टीमले निकालेको पत्रिका मुलुकभर पुग्नु, मुलुकका अधिकांश भागका शिक्षकहरूले लेखरचना, पत्र र अन्य किसिमले सहभागिता जनाउनु, पालो गरी-गरी पत्रिका पढ्नु र अन्त्यमा पुस्तकालयमा राखिनु, हाम्रा लागि योभन्दा हर्षको कुरा के हुन्छ र ?

हामीलाई गर्व लाग्छ, पुराना कागज बेच्ने ठाउँमा सितिमिति पुग्दै नपुग्ने पत्रिका निकाल्ने काम गर्नु हाम्रा लागि व्यक्तिगत र पेशागत गर्वको कुरा हो।

आज ५० अङ्क पुग्दा हामी गर्वका यस्तै भावनाहरूका साथ खडा भएका छौं। *शिक्षक* मासिकको प्रकाशन भएपछि मुलुकका मूलधारका पत्रपत्रिकामा शिक्षा क्षेत्रका समाचारमा कसरी र कति वृद्धि भयो भन्ने कुरा कुनै दिन अनुसन्धानबाट पत्ता लाग्नेछ। यस मासिकले उठाएका मुद्दाहरू कसरी मूलधारका बहसका विषय बने भन्ने त तपाईं विज्ञ पाठकहरूलाई नै राम्रोसित थाहा छ। यो शिक्षकहरूको विचारको प्रतिष्ठापूर्ण अभिव्यक्तिका लागि मञ्च भएको छ जसका माध्यमबाट उहाँहरूको स्वर अरू शिक्षकहरूसमक्ष मात्र होइन, शिक्षा सम्बन्धी विशेषज्ञ र नीति निर्माताहरूसमक्ष पनि पुगिरहेको छ।

यतिका कुरा सगर्व भन्नुको अर्थ हामीले गर्नुपर्ने काम सकियो भन्ने निश्चय नै होइन। जसरी एउटा स्कूल वा शिक्षकका अगाडि एउटा सत्रका विद्यार्थी सफल भइसकेपछि अर्को सत्रको सफलताको चुनौती हुन्छ, हाम्रासामु पनि प्रत्येक अङ्कमा एउटा चुनौती हुन्छ। आ-आफ्ना काममा हामी एकअर्काका सहयोगी बन्छौं भनेर नै यो काम थालिएको हो, तपाईंको कामलाई हामी मद्दत गर्छौं, हाम्रो पत्रिकालाई तपाईं मद्दत गर्नुहोस्, गरिरहनुहोस्, शिक्षक साथीहरूलाई हाम्रो यही अनुरोध छ।

सुन महँगो र महत्त्वपूर्ण भएकैले ५० को संख्यालाई सुनसित जोडिएको हुनुपर्छ। त्यसैले स्वर्णोत्सव रमाइलो र शानको कुरा मात्र होइन, यो जिम्मेवारीको कुरा पनि हो। सुनका गहना लगाउनेले त्यसलाई जोगाउन पनि जान्नु र सक्नुपर्छ भन्नेमा हामी सावधान छौं र तपाईंको साथले हाम्रो यो स्वर्ण यात्राले महत्ता हासिल गर्नेछ।

**पुराना कागज बेच्ने ठाउँमा सितिमिति पुग्दै नपुग्ने पत्रिका निकाल्ने काम गर्नु हाम्रा लागि व्यक्तिगत र पेशागत गर्वको कुरा हो।**

## मनको तलाउ

**एक** दिन दिउँसो धेरै तिर्खा लागेपछि भगवान बुद्धले आफ्ना शिष्य आनन्दलाई बोलाएर नजीकको पोखरीबाट पानी ल्याउन भने। मध्यान्हको बेला, तलाउमा पानी खान आएका चौपायाहरूको घुइँचो थियो, केही त आहाल पनि बसेका थिए। परिणामत: पानी एकदम धमिलिएको थियो। आनन्द पानी नलिई फर्के र बुद्धलाई पानी ल्याउन नसकेको कुरा बताए। उनले अब विपरीत दिशातिरको नदीमा गएर पानी ल्याउने प्रस्ताव पनि बुद्धसामु राखे।

तर भगवान बुद्धले आनन्दलाई फेरि पनि त्यही पोखरीमा गएर पानी ल्याउन भने। यसपटक पनि पानी सङ्लिइसकेको थिएन। बुद्धले तेस्रो पटक पनि त्यहीं पठाए। पानी त्यसबेला पनि कञ्चन भएको थिएन। चौथो पटक जाँदा भने पानी राम्ररी सङ्लिइसकेको थियो। आनन्द कमण्डलुभरि पानी लिएर आए।

आँत भिज्ने गरी पानी पिएपछि भगवान बुद्धले शिष्य आनन्दलाई सम्बोधन गर्दै भने, "आनन्द, हाम्रो जीवनको जल पनि कुविचाररूपी पशुले बारम्बार धमिल्याइरहन्छन्। त्यस्तो



बेलामा हामी आफैं डराएर भाग्छौं। तर हामी भाग्नुको सट्टा मन शान्त होउञ्जेलसम्म दृढ भएर रहन सक्यौं भने त्यो पोखरी जस्तै मन पनि सङ्लिइहाल्छ नि!"

बुद्धले आफ्ना सबै शिक्षा आनन्दलाई यसरी नै दिएका थिए- व्यावहारिक र मन छुने शैलीमा।




# प्रतिक्रिया / सुझाव

## एसएलसीको प्रश्नपत्रमा त्रुटि !

२०६८ सालको प्रवेशिका परीक्षाको अंग्रेजी विषयको प्रश्नपत्रमा भएका गल्ती केलाउने प्रयास गरौं–

Question No. 1 df Poem को Exercise No. A को 1 मा shade हुनुपर्नेमा hade भएको छ। शब्दकोशमै नभएको अर्थहीन यस्तो केसँग जोडा मिलाउने ? त्यसैगरी Question No. 3 मा Unseen passage को पहिलो अनुच्छेदको तेस्रो लाइनमा he couldnot afford to buy any more chocolate हुनुपर्नेमा he couldnot afford to by any more chocolate भएको छ। हुनत: यी छपाइका त्रुटि हुन् तर यत्रो प्रचार-प्रसारका साथ सञ्चालन हुने एसएलसी परीक्षामा यस्ता त्रुटि हुनु सामान्य कुरा होइन। यसले प्रश्नपत्र छाप्दा proof reading नहुने रहेछ भन्ने कुराको पुष्टि गर्दछ। त्यसैगरी seen passage र unseen passage पढेर अलग-अलग क्रियाकलाप समावेश हुनुपर्दछ तर Question No. 2 र 3 को text को Exercise No. A, B, C मा क्रमश: True-False, Correct order र Question-Answer समावेश भएका छन्। ती सबै एकै किसिमका क्रियाकलाप हुन्। अलग-अलग passage दिनुको अर्थ अलग-अलग exercise राख्नु पनि हो। तर यस्तो भएको देखिदैन। त्यसकारण आगामी दिनमा यस्ता गल्ती हटाएर असल प्रश्नपत्र निर्माणको प्रयास होस्।

ध्रुव पाण्डे
श्री सरस्वती माध्यमिक विद्यालय
छितापोखरी-७, कुलागाउँ, खोटाङ

## सामग्री थप्ने कि ?

*शिक्षक* मासिकमा हालसम्म प्रकाशन भएका सबै अंकहरू प्रशंसनीय छन्। यदाकदा प्रकाशित समाचार कार्यान्वयन नहुँदा खल्लो लाग्नु स्वाभाविकै हो (जस्तो बालकक्षा सञ्चालन सहयोगी कार्यकर्ता (स.का.) को मासिक पारिश्रमिक १८०० बाट २४०० भयो भन्ने खबर *शिक्षक* ले प्रकाशित गऱ्यो तर हालसम्म कार्यान्वयनमा छैन)। *शिक्षक* मासिकले अब निम्न विषयहरू पनि समेटोस्–

- शिक्षण पेशा सम्बन्धी तालिम र शिक्षण विधि।
- गणतान्त्रिक शिक्षाका आगामी लक्ष्य र सिद्धान्तहरू।
- अनिवार्य कम्प्युटर शिक्षा सम्बन्धी सामान्य धारणा।
- शिक्षा आयोगका प्रगति र भावी कार्यक्रम।
- शिक्षा मन्त्रीका भावी योजना।
- नेपाल कृषि प्रधान मुलुक भएकोले कृषि शिक्षा सम्बन्धी अवधारणा।

बमबहादुर कार्की, मानेडाँडा स्रोतकेन्द्र, भोजपुर
टीकाराम सापकोटा
trsapkota55@yahoo.com

## विचरा नि:शुल्क पाठ्यपुस्तक !

पहिला हामी पढ्दा किताबको ठूलो मूल्य र महत्त्व हुन्थ्यो। किताब सजिलै पाईदैनथ्यो, टाढाको शहरबाट नूनतेलको भारीमाथि बोकेर/बोकाएर ल्याउनुपर्थ्यो। पछिपछि जिल्ला सदरमुकाममै पाइन थाल्यो। त्यस्ता किताबको खुब जतन गरिन्थ्यो। गाता लगाएर सिएर भरसक नमैल्याइकन पढिन्थ्यो। तिनै किताब अर्को साल सके दुईतिहाई नभए पनि आधा मूल्यमा बेच्ने प्रयास गरिन्थ्यो। किताबै किन्न नसकेर कतिपयले त एकसेट किताबलाई साझे पनि चलाउँथे।

आजकल किताबको मूल्य र महत्त्व साह्रै घटेको देख्दा गरीब नेपालको सम्पत्ति अनाहकमा दुरुपयोग भए झैं लाग्छ। केही वर्षयता कक्षा १० सम्मै सरकारले नि:शुल्क पाठ्यपुस्तक उपलब्ध गराउने गरेको छ। नि:शुल्क पाइएका ती पुस्तक कसैले पनि जतन गर्ने गर्दैनन्। पाठ्यपुस्तकमै उत्तर लेखेर केर्ने र जाँचमा पानापानै च्यातेर सार्ने काम सामान्य हुन थालेको छ।

नियम अनुसार अन्तिम परीक्षापछि पुस्तक विद्यालयलाई फिर्ता बुझाउनुपर्छ। तर हेरिनसक्नु थोत्रे पारिएका ती पुस्तक विद्यालयको कुनै कुनामा थुपारिन्छन् अनि क्रमश: धमिराले खान्छन्। विद्यार्थीले नयाँ पुस्तक पाइहाल्छन्।

दिनदिनै पूजा गर्नुपर्ने पुस्तकहरूको त्यो अवस्था देख्दा दिक्क लाग्छ। नि:शुल्क शिक्षा छँदाछँदै, नि:शुल्क उपलब्ध गराएर किन किताबको मानमर्दन गरिएको होला भन्ने खुल्दुली लाग्छ। चार-पाँच हजारको मोबाइल सेट र दामीदामी कपडा किनदिएर आफ्ना छोराछोरीको व्यक्तित्व उच्च पारिदिन सक्ने अभिभावक पाँच-सात सयको किताब किनिदिन सक्दैनन् ?

कमला राजभण्डारी
गुराँस निमावि, जलेश्वरी-८, खोटाङ

## सही मूल्यांकन हुन सकेन

विद्यालयमा स्थायी भन्दा अस्थायी, निजी, राहत शिक्षकहरूको सङ्ख्या बढी छ। अनि स्थायी शिक्षकहरू २/४ जनाले पोशाक लगाउने; अरू शिक्षकहरू चाहिं के गर्ने ? प्राय:जसो विद्यालयमा अस्थायी शिक्षक नै निरन्तर उपस्थित हुन्छन्। सहायक शिक्षकहरू नै बढी खटिनुपर्छ। विद्यालयमा कुनै समस्या आएमा उनीहरूलाई नै गाली, दोष, आरोप, प्रत्यारोप आउँछ। प्रधानाध्यापक प्राय: अफिसको काममा नै व्यस्त हुनुहुन्छ। अन्य शिक्षकहरूले यति धेरै परिश्रम गरेर विद्यालयहरू सञ्चालन गरिरहेका छन्। तर तिनलाई न पोशाक भत्ता छ न उनीहरूको सही मूल्याङ्कन नै हुने गर्छ।

सावित्रा श्रेष्ठ, जलदेवी प्रावि
कुसुमबोट, राकथुम-२, रामेछाप

## *शिक्षक* लाई सुझाव

२०६४ माघदेखि प्रकाशित *शिक्षक* मासिक पत्रिका नियमित रूपमा हालसम्म कुनै पनि अंक हेर्न वा पढ्न छुटाएको छैन। मूल्य अलि छिटो-छिटो बढेकाले केही रुस्काएको भने छ। अब हत्तपत्त यसको मूल्य नबढोस् भन्ने चाहना छ।

*शिक्षक* मासिकमा आगामी शिक्षा नीति, नियम लगायत नयाँ कुराहरू शैक्षिक प्रशासक, शिक्षकवर्गको तर्फबाट प्रत्येक अंकमा अन्तर्वार्ता, शैक्षिक 'बहस र पुरस्कार'लाई निरन्तरता दिनुपर्दछ भन्ने मलाई लागेको छ।


राम सिं घिसिङ
भूमेस्थान उमावि, विर्ता देउराली-१, काभ्रे

## हार्दिक आभार

*दिवास्वप्न* एकै बसाइमा पढेर सकें। शिक्षक कर्तव्यनिष्ठ भइदिए शिक्षामा आमूल परिवर्तन हुन केहीबेर नलाग्ने रै'छ जस्तो लाग्यो। शिक्षासँग सम्बन्धित सम्पूर्ण व्यक्तिहरूले यो पुस्तक अवश्य नै पढ्नु जरुरी छ। यस्तो महान् पुस्तक हामीसामु सहज रूपमा ल्याइदिएकोमा *शिक्षक* मासिकलाई सादर धन्यवाद !

करण सिंह सुतार 'विवश'
सुदूर पश्चिमाञ्चल क्याम्पस, धनगढी, कैलाली

**sms प्रतिक्रियाका लागि**
**ltr<space>5006**



अझै आइरहुन थुप्रै दिवास्वप्नहरू

शिक्षक मासिकको माघ अङ्कमा प्रकाशित आलोपालोमा केशवप्रसाद भट्टराईले लेखे अनुसार दिवास्वप्न बिना जति शिक्षक पढे-पनि कम ने बुझ्को बोध भएजस्तै साँच्चिकै काम हुँदो रहेछ. दिवास्वप्न किताब त्यसैले सम्पूर्ण शिक्षा संग सरोकार राख्ने सरोकारवाला र सम्पूर्ण अभिभावकले समेत पढ्नै पर्ने पुस्तक रहेछ। आगामि दिनमा पनि शिक्षक मासिकले नेपालको कुना कन्दरामा रहेका हामिजस्ता पाठकले सहजै पाउने गरी थुप्रै विदेशी लेखकहरूले लेखेका यस्ता थुप्रै पुस्तकहरू नेपालीमा उल्था गरी आगामी दिनमा पढ्न पाइरहुँ थुप्रै दिवास्वप्न हरू


धन्यवाद!

नेत्रबहादुर रेरै
श्री सीताराम प्राथमिक विद्यालय
वासुदेवि-२ ढल्ला डोटी

## *शिक्षकः* विगत र आगत

शि - शिक्षकले पचास अंक पार गरिसक्यो।
क्ष - क्षय गऱ्यो समस्या ती दुःख हरिसक्यो॥
क - कति-कति शिक्षणमा बाधाहरू थिए।
मा - मार्ग खुल्यो शिक्षकलाई अंक पूरा लिए॥
सि - सिकाउने शिक्षा नीति गतिविधिबाट।
क - कर्तव्यमा प्रेरणाले जोश बढ्यो आज॥
वि - विविधता विश्लेषण भए यहाँ राम्रा।
ग - गल्ती थिए शिक्षणमा सुधारिए हाम्रा॥
त - तय अझै गर्नुपर्छ परीक्षाका बाधा।
र - रन्थनिने गुरु-चेला सुधारिन्छन सारा॥
आ - आगतमा प्रतिभावान् शिक्षक शिष्यसँग।
ग - गफगाफ प्रेरणाले भरिदेओस् रंग॥
त - तयार हुने राष्ट्रियता राष्ट्र हित राख्ने।
मा - माया गरौं देशलाई सामग्री होस् जाग्ने॥
कस्- कस्नुपर्छ दोषीलाई शिक्षणका सर्प
ता - तारो हान्नु शिक्षा ठग नपरोस् है गर्त॥

मेघनाथ खनाल 'बन्धु'
जनकल्याण उमावि, धनगढी-११, कैलाली

# विद्यालय अनुमतिमा कडाइ

**विद्यालय** नक्शाङ्कन विवरण बुझाएका जिल्लामा मात्रै सीमित संख्यामा नयाँ विद्यालय खोल्न अनुमति दिने गरी शिक्षा मन्त्रालयले १८ वैशाखमा विद्यालय अनुमति सम्बन्धी नयाँ मापदण्ड स्वीकृत गरेको छ। त्यस अनुसार, चालु शैक्षिक सत्र (२०६९) भरि काठमाडौं उपत्यकामा नयाँ सामुदायिक विद्यालय (कक्षा-१) खोल्न पूरै रोक लगाइएको छ।

नयाँ अनुमति दिने कुरा अन्य जिल्लामा पनि कडाइ गरिएको छ। हिमाल, पहाड र तराईमा स्थलगत अनुगमन गरी प्रति जिल्ला २, ३ वा ४ वटासम्म विद्यालय (कक्षा-१) को अनुमति दिन सकिनेछ। तर, निजीतर्फ भने चालु शैक्षिक वर्षमा कुनै पनि जिल्लामा नयाँ विद्यालय अनुमति नदिन मन्त्रालयले निर्देशन दिएको छ।

**निर्धारित कोटा (कक्षा ६-८)**

| माग संख्या | अनुमति दिइने अधिकतम कोटा |
|---|---|
| १-५ | २ वटा |
| ६-१० | ३ वटा |
| ११-२० | ५ वटा |
| २० भन्दा बढी | ७ वटा |

यस्तै, सामुदायिक विद्यालयतर्फ कक्षा ६ र ८ सञ्चालनका निम्ति एउटा जिल्लामा अधिकतम सात वटा विद्यालयलाई मात्रै अनुमति दिने गरी कोटा निर्धारण गरिएको छ *(हे. तालिका)*। निजीतर्फ कक्षा ६ र ८ सञ्चालनका निम्ति भौतिक पूर्वाधार र तोकिएको विद्यार्थी संख्या पुगेका विद्यालयलाई अनुमति दिन सकिने जनाइएको छ। त्यसमा पनि दुर्गम हिमाल, पहाड र ग्रामीण क्षेत्रले प्राथमिकता पाउने छन्। सोही मापदण्डको आधारमा शिक्षा विभागले नक्शाङ्कन विवरण बुझाएका ५८ जिल्लाका निम्ति नयाँ अनुमतिको कोटा निर्धारण गरिदिएको छ।

विभागका उपनिर्देशक रामशरण सापकोटाका अनुसार, विद्यालय संख्या बढी र भौतिक पूर्वाधार चाहिं न्यून हुन गई शैक्षिक गुणस्तर खस्कँदै गएकाले नयाँ अनुमतिमा नियन्त्रण र कडाइ गर्न खोजिएको हो। विभागको *फ्लास-१ रिपोर्ट, २०६८* अनुसार सामुदायिक र निजी गरी देशभर ३४ हजार ३६१ विद्यालय सञ्चालनमा छन्।


## शिक्षासँग सम्बन्धित महत्वपूर्ण सूचना, जानकारीहरू प्राप्त गर्न

- आइतबार, सोमबार, मंगलबार र बिहीबार साँझ ७:३० देखि ७:४५ सम्म र सोमबार, बुधबार र शुक्रबार बिहान ८:१५ देखि ८:३० सम्म रेडियो नेपालबाट प्रसारण हुने *शिक्षाको चौतारी* कार्यक्रम सुनी अनुसन्धान शाखामा पृष्ठपोषण पठाऔं।
- हरेक महीनाको १ र १६ गतेको *गोरखापत्र* को नवौं पृष्ठ पढौं,
- शिक्षा विभागको मासिक प्रकाशन *शैक्षिक समाचार* पढौं,
- शिक्षा विभागको वेबसाइट www.doe.gov.np हेरौं,
- १६१८०१६६३८७०४ नम्बर डायल गरी शिक्षा विभागका सूचनाहरू (नोटिस बोर्डका) सुनौं।

नेपाल सरकार

**शिक्षा विभाग**

अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा



## घरमै कम्प्युटर शिक्षा







गुरु विना नै कम्प्युटर चलाउन सकून् भन्ने उद्देश्यले *सबैका लागि कम्प्युटर विज्ञान* र *कम्प्युटर ग्राफिक डिजाइन* पुस्तक प्रकाशित भएका छन्। यी पुस्तकका निम्नानुसार विशेषता रहेका छन्:

१. सरल नेपाली भाषामा तयार पारिएको,
२. कम्प्युटर शिक्षक विना नै कम्प्युटर चलाउन सकिने,
३. कम्प्युटर कहिल्यै नचलाएका विद्यार्थी, शिक्षक तथा विभिन्न निकायका कर्मचारीहरूले पनि सोझै यस पुस्तकबाट कम्प्युटर शिक्षा हासिल गर्न सकिने,
४. लोकसेवा आयोग, शिक्षक सेवा आयोग तथा विभिन्न परीक्षामा कम्प्युटर सीप परीक्षण (प्रयोगात्मक) तथा कम्प्युटरसम्बन्धी आधारभूत जानकारीका लागि पूर्ण ज्ञान हासिल गर्न सकिने,
५. कम्प्युटर विज्ञानका विषयवस्तुहरू जस्तैः कम्प्युटरको आधारभूत परिचय (Fundamentals of Computer), कम्प्युटर हार्डवेयर, Windows XP, Windows 7, Microsoft Office Word 2007, Microsoft Office Excel 2007, Microsoft Access 2007, Microsoft Office PowerPoint 2007, इमेल र इन्टरनेट (E-mail & Internet), कम्प्युटर भाइरस र सेक्युरिटी (Computer Virus and Security), आदि समावेश गरिएका छन्।
६. कम्प्युटर ग्राफिक डिजाइनका विषयवस्तुहरू जस्तैः एडोब फोटोशप CS5 (Adobe Photoshop CS5), एडोब पेजमेकर (Adobe PageMaker), एडोब इलुस्ट्रेटर CS5 (Adobe Illustrator CS5), Macromedia Freehand MX, Adobe InDesign, CorelDRAW आदि समावेश गरिएको,
७. विद्यालय, क्याम्पस तथा कम्प्युटर इन्जिनियरिङका विद्यार्थीका लागि पनि पुस्तक अत्यन्तै उपयोगी।

**मधुवन प्रकाशन**

पुतलीसडक, फोनः ४४३४४६२

*(पुस्तक पाइने स्थानः एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स लगायत सम्पूर्ण पुस्तक पसलहरू)*

# जिशिकाको सार्थक कर्म



२०६७ सालको एसएलसी परीक्षामा मकवानपुर जिल्लाबाट ६७.५२ प्रतिशत परीक्षार्थी उत्तीर्ण भए। यो नतिजा राष्ट्रिय औसत दर (५५.५० प्रतिशत) भन्दा बढी भए पनि जिल्लाका सबै विद्यालयको नतिजा राम्रो थिएन। १०४ वटा माध्यमिक विद्यालयमध्ये कोगटे माविको नतिजा 'नील' थियो।

कमजोर विद्यालयका नतिजा स्तर उकास्ने उद्देश्यले जिल्ला शिक्षा कार्यालय, मकवानपुरले गत सालदेखि नयाँ प्रयोग शुरु गरेको छ: उत्कृष्ट नतिजा ल्याएका पाँच र कमजोर नतिजा आएका पाँच विद्यालयबीचको सहकार्य। यस्तो सहकार्य अन्तर्गत २०६८ को एसएलसीअघि कमजोर भनिएका विद्यालयका परीक्षार्थीलाई राम्रो नतिजा ल्याएका हेटौंडाका विद्यालयमा ल्याएर 'कोचिङ कक्षा' सञ्चालन गरिएको थियो।

मार्खुको सरस्वती बालबोधिनी माविका ३४ परीक्षार्थीका निम्ति हेटौंडाको सिद्धार्थ उमाविले अङ्ग्रेजी, गणित र विज्ञान विषयमा कोचिङ कक्षा चलाएको थियो। सरस्वतीका प्रअ सहदेव रिमाल भन्छन्, "यो सुरुआत राम्रो लाग्यो। यसपाली राम्रो नतिजा आउने हाम्रो अपेक्षा छ।" यस्तै, कालीदेवी मावि, शिखरपुरका विद्यार्थीलाई चन्द्रोदय उमावि, प्रसिद्ध मावि, मन्थलीका विद्यार्थीलाई आधुनिक उमावि र मावि, कोगटेका विद्यार्थीलाई प्रगति उमावि, हेटौंडामा ल्याएर कोचिङ कक्षा सञ्चालन गरिएको थियो। निजी स्कूल सोलिड्यारिटी माविका शिक्षकहरू सरीखेतस्थित सूर्योदय माविमा पुगेर कक्षा लिएका थिए। कोचिङ कक्षा सञ्चालनको खर्च जिशिकाले उपलब्ध गराएको थियो।

जिशिकाले कक्षा ८ को जिल्लास्तरीय परीक्षा पनि सुधार गर्दै लगेको छ। गतवर्ष ६४ वटा केन्द्रमा १८२ वटा विद्यालयको परीक्षा सञ्चालन गरिएको थियो। हरेक केन्द्रमा केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष समेत तोकिन्छन्। उत्तरपुस्तिकाको परीक्षण स्रोत केन्द्रमै हुन्छ। केन्द्राध्यक्ष र परीक्षकलाई पारिश्रमिकको व्यवस्था गरिएको छ। विद्यार्थीले प्राप्त गरेका अङ्क जिशिकामा पठाइन्छ र 'प्रिन्टेड मार्कशिट' निकालिन्छ। जिशिकाका उपसचिव बद्री पाठक भन्छन्, "यो अभ्यासले विद्यार्थीको मूल्याङ्कन प्रक्रियामा एकरूपता ल्याएको छ।"

शिक्षा क्षेत्रमा काम गरिरहेका जिल्लाका गैरसरकारी संस्थाहरूसँगको समन्वयमा शैक्षिक सञ्जालको निर्माण, विद्यालयहरूको आकस्मिक निरीक्षण, भयरहित शिक्षण सिकाइ, स्रोत केन्द्रस्तरमा नमूना विद्यालय घोषणाको अभियान जिशिका, मकवानपुरका अन्य राम्रा पक्ष हुन्। जिशिकाले दुई वर्षअघि प्रयोगमा ल्याएको शिक्षकको विवरण र तलब निकासासम्बन्धी सफ्टवेयर 'टीचर म्यानेजमेन्ट इन्फरमेसन सिस्टम (टीएमआइएस)' अहिले सर्लाही, पर्सा, चितवन, दाङ, सर्लाहीलगायत दर्जनभन्दा बढी जिल्लामा बिस्तार भइसकेको छ।

### सूचनामूलक वेब-साइट

जिशिका, मकवानपुरको वेब-साइट पनि जिल्लागत शैक्षिक सूचनाको निम्ति राम्रो स्रोत बनेको छ। www.deomakawanpur.gov.np मा जिल्लाका सबै विद्यालयको विवरण भेटिन्छ।

जिशिकाको साइटमा शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, शिक्षक सेवा आयोगजस्ता निकायको वेब-साइटका लिङ्कलाई पनि राखिएको छ। 📖

# काज बन्द !

शिक्षकहरूले विभिन्न कारण देखाएर सहरी क्षेत्रमा काजमा बसेका कारण विद्यालयको पठनपाठन प्रभावित भएको भन्दै शिक्षा विभागले काज सुविधामा प्रतिबन्ध लगाएको छ। विभागले १ वैशाख २०६९ देखि लागू हुने गरी यस्तो निर्णय गरेको हो।

विभागले काजमा रहँदै आएका शिक्षकलाई आफ्नै विद्यालयमा फिर्ता गर्न पाँच वटै क्षेत्रिनिलाई निर्देशन दिएको छ। विभागले पछिल्लो पटक २०६८ पुस मसान्तसम्मका लागि काज सुविधा थप गरेको थियो। शिक्षकहरूले यसअघि द्वन्द्वको समस्या र उपचारको कारण देखाएर काज सुविधा पाउँदै आएका थिए।

जिल्ला सुरक्षा समितिको सिफारिशमा द्वन्द्वपीडित र मेडिकल बोर्डको सिफारिशमा बिरामी प्रमाणित गराएका शिक्षकलाई काज सुविधा दिने गरिएको थियो। विभागका निर्देशक टेकनारायण पाण्डेले भने, "अब पहिलेको जस्तो द्वन्द्वको अवस्था पनि छैन र मेडिकल बोर्डले 'बिरामी' प्रमाणित गरेका शिक्षकले पढाउन सक्ने कुरा पनि भएन। त्यसैले काजको औचित्य नभएरै फिर्ता गर्ने निर्णय गरिएको हो।" नयाँ काज सुविधा पनि नदिने जानकारी पाण्डेले दिएका छन्। 📖


# शिक्षा विधेयक संसदमा

**शिक्षा** मन्त्रालयले शिक्षा ऐन, २०२८ को संशोधन विधेयक २१ वैशाखमा संसद सचिवालयमा दर्ता गरेको छ। शिक्षा ऐनको आठौं संशोधन प्रस्तावलाई मन्त्रिपरिषद्ले गत फागुनमा सैद्धान्तिक सहमति दिएको थियो।


विधेयकमा विद्यालय शिक्षाको ढाँचालाई 'आधारभूत' र 'माध्यमिक तह' भनी दुई तहमा विभाजित गरिएको छ। यो विधेयक यथारुप पारित भएको खण्डमा उच्चमाध्यमिक शिक्षा परिषद् खारेज हुनेछ भने शिक्षासम्बन्धी नीति निर्धारणका निम्ति राष्ट्रिय शिक्षा परिषद् गठन हुनेछ।

माओवादी द्वन्द्व तथा मधेश आन्दोलनका कारण जागिरबाट हटाइएका शिक्षकको पुनर्वहालीका निम्ति प्रशासकीय अदालतका अध्यक्षको अध्यक्षतामा छानविन समिति गठन गर्ने प्रस्ताव विधेयकमा राखिएको छ। २१ साउन २०६१ भन्दा अघिदेखि कार्यरत अस्थायी, लियन र परियोजनातर्फका शिक्षकलाई स्थायीको अवसर दिन उमेरको हद नलाग्ने गरी आन्तरिक प्रतिस्पर्धा गरिने विधेयकमा उल्लेख छ। यद्यपि, शिक्षा मन्त्रालय र शिक्षकका पेशागत संस्थाबीच २ चैत २०६८ मा भएको सहमतिमा १० वैशाख २०६३ सम्म कार्यरत शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाको अवसर दिइने उल्लेख छ। त्यसलाई विधेयकको संशोधन प्रस्तावमा समेट्ने सहमति भइसकेको छ।

दुई वर्षको कसरतपछि बल्ल-तल्ल विधेयक संसदमा दर्ता हुन पुगेको भए तापनि यसले प्राथमिकता पाउने सम्भावना देखिँदैन। १४ जेठसम्म संविधानसभा संविधान निर्माणमै केन्द्रित हुने भएकाले त्यसअघि संशोधनको सम्भावना रहने छैन। त्यसपछि पनि विधेयकले प्राथमिकता नपाउने संकेत संसद सचिवालयका अधिकारीहरूले दिएका छन्। सचिवालयका प्रवक्ता मुकुन्द शर्माले भने, "जेठ १४ पछि सरकारको




वार्षिक नीति तथा कार्यक्रम र बजेट प्राथमिकतामा पर्न सक्छन्। त्यसपछि मात्रै विधेयकमाथि छलफल होला।"



# सेती–बाढीको पाठ

■ अजय दीक्षित र शुभेच्छा खड्का

**हाम्रा पुर्खा नदी र नदीका छेउछाउमा अनावश्यक हस्तक्षेप गर्दैनथे, बस्दैनथे। त्यो चलन हामीले बिर्सेका छौँ। धेरैतिर नदीलाई नै ढेपेर बस्तीहरू बसिसकेका छन्। '१२ वर्षपछि खोला फर्किन्छ' भन्ने उक्ति सम्झने हो भने यस्ता बस्तीहरू स्वत: जोखिममा छन् भन्ने प्रष्ट बुझिन्छ।**

टन्टलापुर घाम लागिरहेको २३ वैशाख २०६९ को बिहान अकस्मात पोखरा (कास्की) मा बाढी आयो। यस प्रकारको घटना आधा शताब्दीयता अनुभव नगरेको स्थानीय भुक्तभोगीहरूको कथन थियो।

माछापुच्छ्रे हिमालको पूर्वपट्टि भएको भूस्खलनले सेती नदीको प्रवाह केही समयका लागि छेकिदियो। त्यसबाट अस्थायी जलाशय सिर्जना हुन गयो। त्यो जलाशय तीन दिन पुरानो भएको अपुष्ट जानकारी आएको छ। कुन ठाउँमा भूस्खलन भयो, कुन ठाउँमा कति अग्लो बाँध बन्यो र कति पानी जम्मा भयो भन्ने जस्ता सूक्ष्म विवरण आउनै बाँकी छन्। २३ गते बिहान त्यो बाँध फुट्यो, जसले सेती नदीको तल्लो भेकका गाउँ बस्तीमा विनासको ताण्डव मच्चायो। उक्त विनासमा तीन दर्जनको ज्यान गइसकेको छ भने झण्डै त्यति नै बेपत्ता छन्।

सुखायाममा सामान्यत: यसखाले बाढी नआउनु पर्ने हो तर आयो। नदी छेउछाउ घरबस्ती नभएका भए; नदी किनारमा ढुङ्गा, गिट्टी कुट्ने वा पिकनिक मनाउने स्थल नभइदिएका भए शायद जनधनको विनास कम हुने थियो।

नागरिकहरूलाई यस्ता घटनासित जुध्ने मौका सिर्जना गर्न प्रणालीहरू आवश्यक हुने तर्क *शिक्षक* का अघिल्ला अङ्कहरूमा प्रस्तुत गरिएको थियो। यस घटनाबाट पनि यस्तै निष्कर्ष निकाल्न सकिन्छ- विगतमा *शिक्षक* कै पानामा प्रस्तुत केही सिद्धान्तमा टेक्दै।

यसपटकको सेतीको बाढीसित जुध्न सञ्चारको भूमिका महत्त्वपूर्ण रह्यो। माइक्रोलाइट विमान उडाउँदै गरेका चालकले बाढी आउँदै गरेको जानकारी पोखरा टावरलाई दिए। त्यसपछि तुरुन्तै स्थानीय एफएम रेडियोले सूचना पाए। तत्कालै मोबाइल फोन पनि बज्न थाले। विनासकारी बाढी आउँदैछ भन्ने जानकारी घर-घरमा पुग्यो। युट्यूबमा उपलब्ध एउटा भिडियोमा मोबाइलमा एकजना व्यक्ति कराउँदै थिए, "भाउजू, बाढी यामदीको पुलसम्म आइसक्यो। सामान लिएर भागिहाल्नु होला।" सेती नदीको तल्लो भेगका बासिन्दालाई यस्ता सूचना उपयोगी भए; तिनले बँच्ने/बचाउने मौका पाए। तर खारापानी र सार्दुखोला क्षेत्रमा बाढी तुरुन्तै आइपुगेको हुँदा समय पुगेन; क्षति धेरै भयो।

साह्रै कम समयमै बढी आइपुग्ने स्थितिमा कस्तो विधिले तुरुन्तै सूचना पुर्‍याउला? मनोरञ्जनका लागि बजारले चलाएको परिपाटी हो- माइक्रोलाइट। एफएम रेडियो सूचना र मनोरञ्जनका लागि प्रयोग हुन्छ भने मोबाइल फोन व्यक्तिहरूबीच कुराकानी गर्न। सञ्चारका यी पछिल्ला प्रणालीहरू विपद्सित जुध्ने हेतुले प्रयोगमा ल्याइएका होइनन्। तर तिनको उपलब्धता विपद्मा साह्रै उपयोगी हुन पुग्यो। सञ्चारका यस्ता माध्यम नभएका भए सेतीको बाढीमा जन-धनको क्षति अझै बढी हुन सक्थ्यो।

प्रकोपपछि प्रभावित परिवारले भोगेको पीडा र अप्ठचारो यो घटनाबाट सिक्न सकिने दोस्रो पाठ हो। माथिल्लो भेगका प्रभावित घरपरिवारले राहत पाउन नसकेको गुनासो गर्न थालेका छन्। स्थानीय बासिन्दाहरू भत्केको पुल प्रयोग गर्दै जोखिममा हिँड्न थालेको वास्तविकता आउन थालेको छ। प्रधानमन्त्रीलगायत अन्य नेताहरू हेलिकप्टर चढेर प्रभावित क्षेत्रमा जाँदा तात्कालिक राहतको निर्देशन मात्रै दिने होइन, त्यसको निरन्तरता रहने व्यवस्था संस्थागत गर्ने कुरा पनि सोच्नुपर्छ। अन्यथा प्रभावितहरू कालान्तरसम्म पीडा व्यहोर्न बाध्य हुनेछन्; तिनको जीवन पहिलेभन्दा अझ कष्टकर बन्नेछ।

यस घटनाको तेस्रो पाठ नदीमा अप्रत्यासित रूपमा बढ्न गएको थिग्रेनीको मात्रा हो। बाढीको समयमा सेती नदीले पानी मात्र नभई लेदो गेग्रान र रूख-दाउरा बगाएर ल्यायो, छेउछाउ बगर बनायो। यसरी बढेको थिग्रेनीको प्रचण्ड मात्राले पानी प्रयोगका संरचनाहरूलाई नकारात्मक रूपमा प्रभावित गर्छ। यो पक्षको हिसाब गर्न बाँकी छ।

चौथो र महत्त्वपूर्ण पाठ ज्ञानसित सम्बन्धित छ। यसलाई हामी जोखिम कम गर्ने अवधारणाबाट पनि व्याख्या गर्न सक्छौँ। सुखी-सम्पन्न हुने दौडमा नदीका छेउ किनारमा विना कुनै सोच-विचार घरबस्ती निर्माण हुने गरेका छन्। नदी बगरका ढुङ्गा-गिट्टी कुटेर जनजिविका चलाउनु बाध्यता भएको छ। गिट्टी, बालुवा बेची राजस्व आम्दानी गर्ने तरिका गाविस र जिविसलाई मान्य छ। हाम्रा पुर्खा नदी र नदीका छेउछाउमा अनावश्यक हस्तक्षेप गर्दैनथे, बस्दैनथे। त्यो चलन हामीले बिर्सेका छौँ। धेरैतिर नदीलाई नै ढेपेर बस्तीहरू बसिसकेका छन्। '१२ वर्षपछि खोला फर्किन्छ' भन्ने उक्ति सम्झने हो भने यस्ता बस्तीहरू स्वत: जोखिममा छन् भन्ने प्रष्ट बुझिन्छ। तर प्रचलित अर्थ-राजनीतिक परिपाटीमा यस्ता जोखिमका बारे चासो व्यक्त गरिँदैन। सेतीको बाढीले हामीलाई यस्तो ज्ञान बिर्सन नहुने वास्तविकतातर्फ घच्घच्याउँछ।

नेपालको हिमाली र पहाडी भेगमा वर्षाको मौसममा पहाड खसेर खोला थुनिने; अस्थायी बाँध बन्ने, बाँध फुट्ने र त्यसपछि पैदा भएको बाढीले विनास गर्ने घटना भइरहन्छन्। यस्ता विपद् आइलाग्छन् भन्ने स्पष्ट भए पनि कहाँ र कुन दिन आउँछ भन्ने चाहिँ किटान गर्न सकिँदैन। तथापि सम्भावना आँकलन गर्दै त्यस्ता घटनाहरूबाट हुनसक्ने धनजनको क्षति कम गराउनु हामी सबैको दायित्व हो।

वैशाख २३ को अनुभवले राज्यले विभिन्नखाले सहयोगी विधिको स्थापना र तिनको उचित मर्मत-सम्भार सुनिश्चित गर्नु जरुरी छ भन्ने प्रष्ट पार्छ। प्रणालीहरूको उपलब्धता र तिनमा स्थानीय बासिन्दाको पहुँच ग्यारेण्टी गर्नु त्यस्तो एउटा कार्य हो। यसो भए मात्र विभिन्न खाले प्रकोपहरूसित जुध्ने बासिन्दाहरूका स्वत:स्फूर्त व्यवहार सफल हुन्छ। जनताको स्वत:स्फूर्त व्यवहारलाई राज्यको निरन्तर टेवा आवश्यक पर्छ। 📖

*(दीक्षित र खड्का आइसेट नेपालमा अनुसन्धानरत छन्।)*

# शिक्षकले के सक्यो ? के सक्ेन ?

■ डा. विष्णु कार्की

**शिक्षक मासिकको पचासौं अङ्क निकाल्दाको पीडा र खुशीको 'ककटेल अनुभव' व्यक्त गर्न मसँग पत्रकार वा प्रकाशक दुवैको अनुभव र सामर्थ्य छैन। तथापि भवितव्यले *शिक्षक* मासिकको एउटा कालखण्डमा यसको प्रभावकारिताबारे अध्ययन गर्ने चाँजोपाजो मिल्यो जसको बुतामा केही लेख्न हौसिएको छु। अनुमान गर्न सक्छु– मेरो ज्ञान र विवेकको सीमित दायराभित्र *शिक्षक* मासिकका विविध आयामहरूको न्यायोचित विश्लेषण हुन सक्दैन। तैपनि, प्रभावकारिताबारे मैले एक वर्षअघि गरेको अध्ययन तथा प्रकाशित अङ्कहरूको सतही अध्ययनको आधारमा *शिक्षक* को पचासौं अङ्कसम्मको यात्राका केही पक्षहरूबारे आफ्ना अनुभवहरूको छोटो टिपोट प्रस्तुत छ–**

## के सोच्यो ?

*शिक्षक* मासिकको सुरुआत- 'केही भिन्न गरौं' भन्ने सोचका साथ कहलिएका पत्रकार, बुद्धिजीवी तथा व्यवसायीको एउटा सानो समूहको प्रयासको फल थियो। यसले शिक्षकलाई केन्द्रमा राख्दै शिक्षाका विविध आयामहरूमाथि छलफल चलाउन कलमको माध्यम रोज्यो। शिक्षकका अनुभवहरू साटफेर गर्ने धरातल बन्न खोज्यो। कक्षाकोठाभित्र हुने गतिविधिका लागि स्रोत सामग्री बन्न चाह्यो। *शिक्षक* को सहयोगी बन्न खोज्यो। पत्रकारिता र पत्रिकाको शक्ति परीक्षण गर्‍यो।

पत्रकारिताको विधि र पत्रिकाको माध्यमलाई सूचना सम्प्रेषणको दायराभन्दा फराकिलो बनाउँदै शिक्षाको गुणस्तर जस्तो बृहत् तथा जटिल विधामा सञ्चारमाध्यमलाई प्रयोग गर्ने जमर्को गर्‍यो। पाठ्यपुस्तकको विकल्प पत्रिका हुनसक्छ भन्ने अमूर्त सोचलाई अघि सार्‍यो। दूरदराज, विकट, कुना-कन्दरा जहाँ राज्यको उपस्थिति शून्य बराबर छ त्यहाँ पत्रिकामार्फत शिक्षा पुर्‍याउने, शिक्षकलाई सचेत बनाउने प्रभावकारी शैक्षिक सामग्री बन्ने सपना बुन्यो। पत्रिकालाई पेशागत (शिक्षण) हितमा समर्पित गर्दै एउटा बेग्लै धारको बुद्धि पस्क्यो। कुरा नौलो थिएन। तर नेपाली माटोमा जरा गाड्ने पहिलो थियो।

व्यापारी बुद्धिको साथ पनि छुँदैथियो। नेपालका लागि आएको पैसा कता खर्च गर्ने भन्ने विदेशी चिन्ता, स्वदेशी बुद्धि र व्यापारी पहुँचको सदुपयोग गर्ने नमूना बन्यो शिक्षक। धेरैलाई थाहा नहुन सक्छ, सन् २००७ को मध्यतिर तत्कालीन सेभ द चिल्ड्रेन नर्वे र हिमाल एसोसिएसनका मालिकका बीच भएको अनौपचारिक छलफलको विकसित रूप हो, *शिक्षक*।

तीनदेखि पाँच वर्षमा आत्मनिर्भर हुने रणनीतिका साथ विदेशी पैसामा स्वदेशी बुद्धि लगाइयो। ३२ हजार बढी विद्यालय र रुण्डै दुई लाख हाराहारी शिक्षकको अङ्कगणितले आकर्षित गर्‍यो। लाभ-हानिको गणितलाई ओल्टाइ-पल्टाइ विभिन्न कोणबाट जाँच्यो। सबै विद्यालय, शिक्षकहरूसम्म पुग्ने सोचका साथ अघि बढ्यो।

सन् २००८ को जनवरी (२०६४ माघ) मा *शिक्षक* को पहिलो अङ्क बजारमा आयो। १५ हजार प्रति छापेर ७५ जिल्ला पुग्ने जोहो गर्‍यो हिमाल एसोसिएसनले। कम्तीमा एकप्रति भए पनि पुर्‍याइछाड्यो।

## के सक्यो ?

राजनीति, रंगमञ्च र आत्मरतिका गफले भरिने सञ्चारमाध्यमको भीडमा शिक्षकका सवाल र शिक्षाका विषयलाई समेट्दै पत्रिका चलाउनु सजिलो थिएन। प्राय: नेता वा कलाकारका अर्धनग्न आवरणमा सजिने अधिकांश पत्रिकालाई शिक्षक, विद्यार्थी वा विद्यालयका आवरण चित्रले आकर्षित गर्ने कुरै थिएन। त्यसैले *शिक्षक* मासिकले आवरणमा भन्दा सामग्री (content)मा जोड दियो, प्रशस्त शैक्षिक, बौद्धिक खुराक पस्कियो।

शिक्षकहरूमाझ छोटो समयमै लोकप्रिय भयो यो। सुर्खेतका एकजना शिक्षकले पत्रिका पसलमा एकदिन अचानक *शिक्षक* झुण्ड्याएको देखें। अचम्म माने। आफ्नो पेशासँग सम्बन्धित यो के रहेछ भनेर मन थाम्न सकेनन्। किनेर पढे र नियमित ग्राहक बने। उनको अभिव्यक्ति यस्तो थियो– "*शिक्षक* पत्रिका पाउँदा आफ्नो पेशा कत्तिको मर्यादित रहेछ भनेर पहिलो पटक गर्वको अनुभव गर्न पाएँ।" यसरी गर्व गर्ने शिक्षकहरूको सूची लामै छ। काठमाडौंको एक आवासीय विद्यालयमा सबै शिक्षक *शिक्षक* का नियमित ग्राहक बनेका रहेछन्। उनीहरूको गुनासो थियो– महिला शिक्षकका बारेमा कमै छापिन्छ। त्यो गुनासोभित्र पढ्ने रुचि र गर्वको अनुभूति सहजै बुझ्न सकिन्थ्यो।

दैलेखको अनुभव बेग्लै छ। *शिक्षक* को प्रभावकारिताबारे अध्ययन गर्दाताका त्यहाँ *शिक्षक* पुग्न सकेको थिएन। त्यसैले दैलेखका शिक्षकहरूले हरेक महिना पालो बाँधेका थिए- सुर्खेत झर्ने र *शिक्षक* को प्रति दैलेख पुर्‍याउने। सुर्खेत क्षेत्रीय शिक्षा निर्देशनालयमा शिक्षकहरूको केही न केही काम परेकै हुन्थ्यो हरेक महिना। जुक्ति निकाले– "सिद्राको व्यापार, पशुपतिको दर्शन"। यसरी पनि *शिक्षक* नियमित पढ्ने धोको पूरा गरे दैलेखका शिक्षकले। यसर्थ *शिक्षक* को महत्त्वबारे धेरै भनिरहनुपर्छ जस्तो लाग्दैन।

तीन वर्षसम्म आर्थिक सहयोग पाउने आश्वासनमा थालिएको *शिक्षक* को प्रकाशनलाई दुई वर्ष बित्दा-नबित्दै एकाएक सहयोग रोकिन पुग्दा यो केही विचलित भयो। धर्मरायो। तर, आफ्नो यात्रालाई पचासौं अङ्कसम्म पुर्‍याइछाड्यो।

समग्रमा भन्नुपर्दा शिक्षकहरूमाझ गर्वको अनुभूति जगाउने साधन बन्न सक्यो *शिक्षक* मासिक। शिक्षक भइखाएका तर पढ्नुपर्ने बानी हराएका शिक्षकहरूमाझ पढ्ने बानी बसाल्ने स्रोत-सामग्री बन्न पनि सफल रह्यो। शिक्षाभित्र व्याप्त अनियमितता सार्वजनिक गर्दै नीतिनिर्मातालाई झकझकाउन सक्यो। शिक्षकलाई सचेत बनायो, 'शिक्षक नेता' भइखानेहरूको यथार्थ सार्वजनिक गर्न सक्यो। विद्यालयभित्र पसेको राजनीतिका पछाडि के छ भन्ने कुराको पर्दाफास गर्न सक्यो।




> *शिक्षक* कक्षाकोठाभित्र प्रवेश गर्न सकेन। शिक्षण सहयोगी बन्न सकेन, पाठ्यसामग्रीको विकल्प बन्न सकेन। विद्यार्थीको रुचि बन्न सकेन। अभिभावकको चाहना बन्न सकेन। तर, जे–जस्तो थियो त्यसैलाई शिक्षकले मन पराए। भनिन्छ, "दिल लगी गधी पे तो परी क्या चिज है"।

**के सकेन ?**

*शिक्षक* लाई शिक्षकसम्म पुऱ्याउने जोहो त गऱ्यो तर १५ हजार प्रति छापिने *शिक्षक* मासिक रुण्डै दुई लाख शिक्षकका बीच अचार बाँड्न पनि पुगेन। बढी प्रति छाप्ने कुरासँग लाभहानिको नाता जोडियो। हरेक प्रतिमा १०-१५ रुपैयाँको नोक्सान व्यहोर्नु परेको *शिक्षक* बढी प्रति छाप्दा त्यत्तिकै अनुपातमा नोक्सान बढ्ने निश्चित थियो। त्यसैले, असीमित माग हुँदाहुँदै पनि आँट गर्न सकेन। विज्ञापनको भर थिएन। जाँड-रक्सीको विज्ञापन नछाप्ने संकल्प गऱ्यो। सबैले सराहना गरे। तर पत्रिकाको आम्दानीको ठूलो स्रोत नै त्यही रहेछ। धान्न धौ-धौ भयो। सबै शिक्षकको पहुँच *शिक्षक* सम्म पुऱ्याउन सकेन।

बजार व्यवस्थापनको विषयमा *शिक्षक* निकै कमजोर रह्यो। आफ्ना पाठकहरूसम्म पुग्ने वैकल्पिक मार्ग खोज्नै सकेन। सेभ द चिल्ड्रेन नर्वे को सहयोग एकाएक रोकिएपछि यसले एउटा बलियो आधार विकास गर्नुपर्ने रहेछ भन्ने थाहा पायो। बजार व्यवस्थापनमा खर्च गर्न नसक्दाको पीडाबोध भयो। पछिल्ला अङ्कहरूमा विज्ञापनको संख्या केही बढेको हो कि भन्ने अनुभूति गर्न सकिन्छ। तर पनि पत्रिकालाई धान्ने विज्ञापन पटक्कै देखिँदैन।

*शिक्षक* ले पस्केका सामग्री (content) मा एकताका शिक्षकका सेवा शर्तका कुरा, शिक्षा ऐन नियमका कुरा, वृत्ति विकासका कुरा जस्ता कानूनी तथा प्रशासनिक कुराहरूको बाहुल्य रह्यो। शिक्षकले त्यही मन पराए। *शिक्षक* कताकता अलमलिए जस्तो भयो। शिक्षा-शिक्षणप्रति उदासीन भए जस्तो। तर पछिल्ला अङ्कहरूमा विविधता स्पस्ट देख्न सकिन्छ।

विज्ञान, गणित जस्ता प्राविधिक विषय अध्यापनसँग सम्बन्धित नयाँ-नयाँ प्रविधि र उपायहरूबारे लेखहरू छाप्यो। विषयगत शिक्षकहरूले खूबै मन पराए तर निरन्तरता दिन सकेन। पछिल्ला अङ्कहरूमा सिद्धान्तका कुराहरू बढी आउन थाले। शिक्षकले प्रेस्क्रिप्सन खोजे। धेरैले सिद्धान्तका कुरा बुझ्न गाह्रो माने। कतिपयलाई त्यही कुरा स्वाद लाग्यो। मिश्रित प्रतिक्रियाका बीच *शिक्षक* ले खिचडी पस्किरह्यो।

समग्रमा भन्नुपर्दा *शिक्षक* कक्षाकोठाभित्र प्रवेश गर्न सकेन। शिक्षण सहयोगी बन्न सकेन, पाठ्यसामग्रीको विकल्प बन्न सकेन। विद्यार्थीको रुचि बन्न सकेन। अभिभावकको चाहना बन्न सकेन। तर, जे-जस्तो थियो त्यसैलाई शिक्षकले मन पराए। भनिन्छ, "दिल लगी गधी पे तो परी क्या चिज है"। शिक्षकको दिल *शिक्षक* ले पस्केको खट्टा मिट्ठामै बस्यो। जस्तो थियो त्यस्तै मन पराए।

*शिक्षक* नामले कतै एकाङ्कीपनाको सोच त ल्याएन ? कतै *शिक्षक* शिक्षकको मात्रै भएर त रहेन! भन्ने व्यवस्थापकहरूको चिन्ता जायजै थियो। शिक्षाको महत्त्वपूर्ण साझेदार अभिभावकको विषयले *शिक्षक* भित्र प्रवेश पाएको थिएन। विद्यार्थीका विषय पनि यदाकदा र प्रसङ्ग जोडिएका बेला मात्र आउने गऱ्यो। मंसीर २०६८ को अङ्कदेखि एउटा नयाँ क्रम शुरू गऱ्यो। तेस्रो पक्ष भनेर अभिभावकलाई चिनायो। विद्यालयभित्र विद्यार्थी परिहाल्छन् भनेर सफाइ दियो। विद्यालय (विद्यार्थीसहित) लाई पहिलो र *शिक्षक* लाई दोस्रो पक्षको दर्जा दियो। *शिक्षक* पनि विद्यालयभित्रै पर्छन् भन्ने बिर्स्यो।

यो बुद्धि कताबाट पलायो थाहा छैन तर मेरो मान्यता यी तीनै पक्षको भूमिका सापेक्ष हुन्छ भन्ने हो। उदाहरणका लागि विद्यालय व्यवस्थापनमा अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्छ। त्यसैले अभिभावक प्रथम पक्ष। कक्षा सञ्चालनमा शिक्षक प्रथम पक्ष। सिकाइमा विद्यार्थी प्रथम पक्ष। यस अर्थमा *शिक्षक* मा शिक्षक नै प्रथम पक्ष हो भन्ने मेरो ठहर हो। तथापि, *शिक्षक* का पण्डितहरूको बुझाइसँग खासै आपत्ति छैन। किनभने यो दर्जाको कुनै तुक छैन। महत्त्वपूर्ण कुरा पहिचानको हो। सबै पक्षलाई यथा पहिचानसहित समेटेर लैजाने विषय महत्त्वपूर्ण हो। त्यस अर्थमा यो नयाँ क्रम निश्चित रूपमा स्वागतयोग्य छ।

*शिक्षक* को १००औं अङ्क र त्यसपछि पनि निरन्तरता बनिरहोस् भन्ने शुभकामनासहित।




# *शिक्षक* को प्राथमिकतामा शिक्षक नै परुन् !

■ **पूर्णा जोशी**

२०६४ साल माघको अन्तिम सातातिर काठमाडौं आएकी थिएँ। मुलुक राजनीतिक रूपले परिवर्तनमय थियो। सबैतिर लोकतन्त्र प्राप्तिको उमङ्ग, संविधानसभाको निर्वाचनको चर्चा, गणतन्त्र स्थापनाको कल्पनाका स्वरहरू सुनिन्थे। छापामा पनि यिनै विषयवस्तुले प्राथमिकता पाउनु अस्वाभाविक थिएन।


गाउँको एउटा विद्यालयमा पढाउने म जस्ता शिक्षकका लागि काठमाडौंबाट निस्कने प्रकाशनहरू प्राप्त गर्नु ठूलै कुरा मान्नुपर्छ। लामो समयपछि गाउँबाट काठमाडौं आएको हुनाले आफ्नो ठाउँमा सीमित मात्र पाइने, समयमै नपाइने पत्रपत्रिकाहरू किन्न मन लागेकाले नयाँबानेश्वरस्थित एक पुस्तक पसलमा छिरें। नियमित अध्ययन गर्ने खबरपत्रिकाहरू *हिमाल, नेपाल, गरिमा, मधुपर्क, मूल्याङ्कन* आदि किन्ने गर्दथें। पसलमा चारैतिर आँखा कुदाउँदै थिएँ, मेरो आँखामा 'शिक्षक' पर्‍यो। आँखा त्यहाँ अडिए हात अघि बढिहाल्यो। कौतुहल जाग्यो, आफू पनि शिक्षक आफ्नो पेशाको नामबाट पत्रिका निकालिएको रहेछ भित्र के होला भनेर एकछिन ध्यानमग्न भएर आद्योपान्त सामग्रीहरू हेरें। अठ्चालीस पृष्ठमा प्रकाशित पत्रिका रिपोर्ट, अन्तरवार्ता, अनुभव, संस्मरण, शिक्षण, व्यक्तित्व, चलचित्र समीक्षा जस्ता विषयहरू रोचक ढंगले प्रस्तुत भएका थिए। यसको नियमित पाठक हुने बाचा गरेर म आवश्यक पत्रिकाहरू किनेर हिंडें। त्यसबेलादेखि *शिक्षक* नबिराई पढ्ने सक्दो कोशिश गरें।

मैले अनुभव गरेको *शिक्षक* ले शिक्षण पेशालाई आकर्षक र जिम्मेवार बनाउन, शिक्षक, विद्यार्थी, अभिभावक बीचको सम्बन्धमा माधुर्य ल्याउन यसले आफ्ना प्रयत्नहरूलाई जारी राखेको छ। हरेक सचेत पेशाकर्मीलाई आफ्नो कामको प्रभावकारिताको चिन्ता हुन्छ, हुनुपर्छ। शिक्षक बनेका, बन्न चाहने, पेशामा प्रवेश गरेर पनि असल शिक्षक बन्न नसकिरहेकाहरूका लागि पेशाको भोक जगाउने सामग्री जस्तो लाग्छ 'शिक्षक'। चार वसन्तको बाल्यावस्था पूरा गरी राख्दा स्वर्ण अङ्कमा प्रवेश गरी जिम्मेवार वयस्क बनेको 'शिक्षक' ले आकार, सम्बन्ध, विषयवस्तु, पाठकको स्नेह आदिमा पक्कै पनि गर्विलो उचाइ आर्जन गरेको छ। मुलुकको सबै भूगोलमा यसले साइनो गाँसेको देखिन्छ। शिक्षा क्षेत्रका दरिएका विद्वान्हरूको मनग्य जोहो गरी समसामयिक शैक्षिक सवालहरूमा दृष्टिकोण उजागर गरेको छ। शिक्षणशैली, बालमैत्री विधि र व्यवहार, सुन्दर विद्यालय व्यवस्थापनका लागि शिक्षक अभिभावककै अनुभवहरू समावेश गरिएका छन्। नियम विपरीत भएका गतिविधिहरूलाई सार्वजनिक गर्ने जमर्को गरेको छ। पाठकका जिज्ञासा सम्बन्धित अधिकारीसम्म पुर्‍याई जवाफ दिने काम भएका छन्। दिमाग खियाउने सामग्रीहरू समावेश गरी एकछिन घोत्लिने मौका दिएको छ। यति हुँदाहुँदै *शिक्षक*ले ग्रामीण र दुर्गम भेगका शिक्षक र विद्यार्थीहरू अझै समेटिन सकेका छैनन्। सीमित लेखकहरूको पुनरावृत्तिलाई हटाउन सकेको छैन। कुनै चर्को प्राविधिक हुन्छन् भने कुनै एब्स्ट्र्याक प्राज्ञिक। समाचार, रिपोर्टिङ, लेख अझै सतही नै देखिन्छन्। *शिक्षक*ले शिक्षक र उसका पेशागत हकहितका सवालहरूलाई शुरू अङ्कहरूको तुलनामा क्रमशः कम स्थान दिँदै गएको देखिन्छ। किनभने *शिक्षक* मासिक शिक्षक अर्थात् कक्षाकोठामा पठन-पाठनमा संलग्न पेशाकर्मीको पेशा र नामको प्रतिनिधित्व गर्ने पत्रिका। स्वभावैले उसको अधिकार रक्षाको सवाल 'शिक्षक'को प्राथमिकतामा पर्नुपर्दछ। शुरू अङ्कहरूमा करीब चालीस प्रतिशत शिक्षकका पेशागत सुरक्षा र अधिकारको कुरा उठाएको 'शिक्षक'ले प्राथमिकतामा कटौती गरेको छ।

*शिक्षक* का अधिकांश पाठक सामुदायिक विद्यालयका शिक्षक हुन्। तसर्थ सामुदायिक सुन्दरताका समाचार तथा सामुदायिक शिक्षाको स्तरोन्नतितर्फ खुलेर लाग्नुपर्छ। शिक्षाको गुणस्तर वृद्धिका निमित्त बेलाबखत विभिन्न विषयमा खुला बहस सञ्चालन गरी त्यसको प्रकाशन हुनु आवश्यक देखिन्छ जसले नीतिनिर्मातादेखि कक्षाशिक्षकसम्मको ध्यानाकर्षण गर्दछ। हामी सबैको केन्द्रमा बालक भएकाले बच्चालाई कसरी खुशीसाथ विद्यालय जाने, उनीहरूसँग भएको प्रशस्त समय र रुचिलाई सम्बोधन हुने गरी अधिकाधिक समय उनीहरूसँग खर्चिने भन्ने आजको मुख्य चुनौतीलाई सबैको साझा एजेण्डा कसरी बनाउने भन्ने विषयमा निरन्तर बहस आवश्यक छ। विद्यालय तहमा भएका अत्यन्त साना तर प्रेरणादायी काम र सीपको आदानप्रदानलाई महत्त्व दिइनु बेस हुन्छ। मनोरञ्जनका माध्यमबाट धेरै ठूलो उपलब्धि आर्जन गर्न सकिने 'फिल्म' को पाना छुटेको छ। शुरू अङ्कले सिफारिस गरेको 'तारे जमिन पर' शैक्षिक तालिम केन्द्र दिपायलमा देखाउँदा सहभागी शिक्षक साथीहरूले आफूले बालबालिकाप्रति गरेको व्यवहार र शिक्षण शैलीको खुलेर विरोध गरी आफू सच्चिने अठोट गरेका थिए।

समग्रमा *शिक्षक* आफ्नो लक्ष्य प्राप्तिमा साधनारत छ। शिक्षाको समग्र संरचना निर्माणमा यसले उल्लेख्य सहयोग पुर्‍याउने आशा सबैले राख्नु स्वाभाविक हो। अतः स्थापनाको मूल मान्यतामा टेकेर यात्रा गरोस् 'शिक्षक'ले। शुभयात्रा।

(**लेखक नेपाल शिक्षक युनियनकी उपाध्यक्ष हुन्।**)







































# साधुवाद !

■ **जीतबहादुर थापा मगर**

शिक्षण पेशामा संलग्न शिक्षाकर्मी र यससँग सरोकार राख्ने सबैको लागि *शिक्षक* मासिक पत्रिका राम्रो खुराक बनेको छ। यो पत्रिका प्रकाशित हुनुभन्दा अघि शिक्षासँग सरोकार राख्ने कुनै पनि पत्रिका शायद प्रकाशनमा आएको पाईंदैन । यो पत्रिकाले छोटो समयमै सबैको मन जित्न सफल भएको छ ।

यस पत्रिकामा समावेश गरिएका विभिन्न विषयवस्तुहरूमध्ये मेरो मनमस्तिष्कलाई छोएका केही शीर्षकहरू यहाँ प्रस्तुत गर्न चाहन्छु;

क. शिक्षा र शिक्षण पेशामा समर्पित व्यक्तित्वको नालीबेली र चिनारी। यस्ता सामग्री जो-कोहीलाई प्रेरणा स्रोत बन्न सक्दछन् ।

ख. शिक्षण पेशामा संलग्न शिक्षकले जिज्ञासाको रूपमा सोध्ने प्रश्न पठाइ त्यसको आधिकारिक उत्तर सम्बन्धित व्यक्तिबाट पाउने व्यवस्था ।

ग. पत्रिकामा मैले पाएको अर्को खुराक हो– शिक्षा मन्त्रालय र शिक्षा विभागले जारी गरेका नीति, नियम र जानकारी ।

घ. त्यसैगरी देशमा सञ्चालन भएका विद्यालयहरूमध्ये उत्कृष्ट विद्यालयले गरेका सकारात्मक कार्यहरूको जानकारी । यस्ता जानकारी अन्य विद्यालयलाई सिकाइको विषयवस्तु बन्न सक्दछन् ।

शुरुदेखि पछिल्लो अंकसम्म समेटिएका विभिन्न शिक्षाविद्का विचार र धारणाहरू पनि त्यत्तिकै सान्दर्भिक छन् । शैक्षिक अनुसन्धानमूलक कार्यको जानकारी, साहित्यिक रचनाहरू समावेशले पारखी पाठकहरूलाई साहित्यिक प्यास मेटाएको छ । नेपालबाट विदेशमा गई अवलोकन भ्रमणमा ग्रहण गरेका कुरालाई अनुभव आदान-प्रदान गरी विदेशमा भइरहेका शिक्षा प्रविधिको जानकारी पढ्न पाउँदा हामी आधारभूत आवश्यकता परिपूर्ति गर्न कठिनाइ भएका शिक्षकहरूलाई रोमाञ्चित पनि बनाइदिन्छ ।

त्यसैगरी पछिल्लो समयमा सुप्रसिद्ध शिक्षाशास्त्री गिजुभाईद्वारा लिखित पुस्तक 'दिवास्वप्न' को बारेमा लेखिएका र साभार गरिएका शैक्षिक कोसेलीहरू हरेक शिक्षक र अभिभावकहरूलाई भरपूर खुराक बनेको छ। आजभन्दा ८० वर्ष पुरानो उक्त पुस्तक आजको इन्टरनेट, इमेलको अत्याधुनिक युगमा पनि त्यत्तिकै समयसापेक्ष र सान्दर्भिक छ । *शिक्षक* मासिकमार्फत यस्तो ज्ञानवर्द्धक जीवनोपयोगी दर्शन खोजतलास गरी असंख्य पाठकसामु ल्याइदिनुभएकोमा साधुवाद ! आगामी दिनमा पनि यस्तै ज्ञानवर्द्धक, रोमाञ्चक, यथार्थपरक सन्दर्भ सामग्रीको अपेक्षा गर्दै *शिक्षक* मासिक पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**(लेखक सरस्वती निमावि, पिपरा, कोहलपुर-८, बाँकेका शिक्षक हुन्)**

# *शिक्षक* ! म त तिम्रो प्रेममा परें !!

■ अर्जुनप्रसाद पोखेल

शुभकामना *शिक्षक* मासिक २०६८ लाई। मेरो त तिमीसँग 'लभ' पऱ्यो। तिमीसँग प्रेममा फसें। मैले मेरो पूर्व मोहलाई पारपाचुके गरिसकें। अब तिमीसँगै बिहे गरेर घरजम गर्ने हो। *शिक्षक* मासिकको सत्मार्गीय दर्शन पाइञ्जेलसम्म सन्यास लिने छैन। *शिक्षक* मासिक ! तिम्रो साथले मलाई जीवन दिएको छ। जीवको खोजी गर्ने। जीवको सर्वोत्कृष्ट रचनावालको खोजी गर्ने। बालकको खोजी गर्दागर्दै आफूलाई चिन्ने सबैमा प्रेमपूर्ण सृजनाको भावना जगाउने। *शिक्षक* मासिक ! तिमीले मलाई यो पचासे बैंसमा सृजना, समीक्षा, प्रेरणा, मनोरमा, ललिता, कला, विज्ञान, हर्ष, यज्ञ, सदीक्षा, प्रतिभा, वीणा र साधनाहरूसँग प्रेमको डोरी कसिदियौ। *शिक्षक* मासिकका अङ्ग-अङ्गसँग प्रेम गाँसिएको छ मेरो। सुनेथें– विवाहपछि पनि विवाहपूर्वको प्रेम यथावत् रह्यो भने मान्छेले परमानन्द प्राप्त गर्छ। मेरो त निवृत्त हुने बेलामा परेको प्रेमले जीवनको विशाल वृत्तलाई नै हाँसीखुशी आर्यघाटसम्म पुऱ्याउने पूर्वाभासको अनुभूतिले तिमीले मलाई भेट्न ढिलो गरेको पटक्कै मन पर्दैन। तिम्रो प्रेमले मलाई कामवासनाबाट माथि उठाएर कर्म वासनामा पुऱ्याएको छ।

*शिक्षक* मासिकको प्रेममा परेपछि मलाई आभास हुन लागेको छ: बालबालिका कौतुहलपूर्ण हुन्छन्। उनीहरूमा रहेको वातावरणप्रतिको कौतुहललाई जिज्ञासाहरूमा परिणत गर्न मैले सहयोग गरें भने उनीहरू आफूमा रहेका लाखौं सम्भावनाहरूमध्ये सरल, योग्य र उच्चतम सम्भावनाको छनोट गरी आफ्नो जीवन सार्थक पार्न सक्छन्। बालक प्रकृतिको स्वतन्त्र रचना हो। उसको शान्त स्वभाव हुन्छ। ऊ आफ्नो स्वभावको शक्तिशाली उपभोग कर्ता हो। उसका आफ्ना स्वभावहरूमा लाखौं-लाखौं सृजनाका कमल र गुलाफहरू फुलाउने सम्भावनाहरू छन्। यिनै सम्भावनाहरूको पहिचान र विकासमा अहंकाररहित भावनाले सहयोग गर्नु सिकाइ हो भन्दै तिमीले मलाई काउकुती लगाउँदा मलाई प्रेमरसको सञ्चारले मूर्छा पारेको छ। तिमी मलाई बालकको बेजोड प्रकृत स्वभावलाई मान्छे बनाउने क्रममा, इतिहास सिकाउने क्रममा बालकको वर्तमान हराइदिन लागेकी भनी बारबार सजक बनाउन आउँदा खुशी लागेको छ। सधैं-सधैं आउँदै गर है ! हामीले हाम्रो भविष्यको आशमा बालबालिकाको वर्तमान खोसेको चेतना भइरहेको छ। तिमीले यसमा सहयोग गर्दै जानु अनि पो गाढा प्रेम बस्ला !

पशुहरूको मात्र भाग्य हुन्छ। मानिसको भाग्य हुँदैन। मानिसलाई आफ्नो भाग्य छानी-छानी रोजी-रोजी, सोची-सोची लेख्ने स्वतन्त्रता छ। त्यसैले सबै प्राणी मान्छेको जुनी लिन खोज्छन्। जन्मने बित्तिकै बालकलाई हामी हाम्रो भाग्य लेखाउने दौडमा उसको कर्म भेटिदिन्छौं। बालक आफ्नै प्राकृत र आनन्दित कर्मले मानिस हुन खोजिरहेको हुन्छ। त्यसैबेला हामी बालकलाई सहयोग नगरी विधाता कहलिन्छौं। अहंकार रोपिदिन्छौं, हिंसा सम्झाई-सम्झाई घोकाउँछौं। शान्तिलाई गोलमोट पारिदिन्छौं। अनि असल नागरिक कल्पना गर्छौं। हामी यसै अलमलिएका छौं। प्रिय, तिमी यसको छिनोफानोको लागि विस्तारै सबैका मन-मन जाऊ है ! बेलुका बास बस्न मसँग आए हुन्छ। तिमी काममा डुलेको मलाई रीस छैन। प्रिय ! हाँसीखुशी बालकलाई रुवाउन शान्त बालकलाई के-के जान्ने पल्टेर आक्रान्त बनाउन। हामी शिक्षक हाम्रो पाठ्यक्रम, पाठ्यपुस्तक र परीक्षा प्रणाली लागेको बेला तिमी स्वाभाविक रूपमा सबैका घर पुगेर प्रेमको रस स्वादन गराऊ है ! नत्र तिम्रो प्रेममा दाग लाग्न सक्छ। दागी प्रेमी बराबर हाम्रो इतिहासले देखाएको खतरा अर्को द्वितीय छैन।

“ सुनेथें– विवाहपछि पनि विवाहपूर्वको प्रेम यथावत् रह्यो भने मान्छेले परमानन्द प्राप्त गर्छ। मेरो त निवृत्त हुने बेलामा परेको प्रेमले जीवनको विशाल वृत्तलाई नै हाँसीखुशी आर्यघाटसम्म पुऱ्याउने पूर्वाभासको अनुभूतिले तिमीले मलाई भेट्न ढिलो गरेको पटक्कै मन पर्दैन। तिम्रो प्रेमले मलाई कामवासनाबाट माथि उठाएर कर्म वासनामा पुऱ्याएको छ।

*शिक्षक* मासिक तिमीले बालबालिकाको भिन्नता सर्वव्यापकता, शाश्वत, भौगोलिक सांस्कृतिक, सामाजिक, मनोविज्ञानभित्र बालक चिन्न, बुझ्न, पढ्न र बालकलाको पहिचान कलाको धारणा बसाल्यौ। बालकको दर्शन बोलेकी छौ। हाम्रो पोल खोलेकी छौ। ज्यादै सराहनीय कार्य गरेकी छौ। हामीलाई अध्यात्म र विज्ञान/विद्या र अविद्या, कक्षा र शिक्षक, विद्यालय र अभिभावक, पाठ्यक्रम र पाठ्यवस्तु बालकमा जोड्न बालक पढ्नुपर्छ, बालक बन्ने कला चाहिन्छ, बालकको गीत गाउने गला चाहिन्छ भन्ने चेत फुऱ्यो। खाँट्टी कुरो, कहाँ सम्झाउने, कतिखेर कहाँ सोचाउने। कुनबेला, कतिखेर के खोजाउने सबैको बेला हुन्छ ? त्यो खुट्याइदिनु पऱ्यो। पाठ्यक्रम। तिमी उतातिर पनि लागे है प्रिय, उनी जेठाजु हुन् भनेर हामीलाई मात्र पेल्न पाईदैन। *शिक्षक* मासिक तिमीले लगनशील शिक्षकहरूमा बालविधिको शोध गर्ने, खोज गर्ने, पहिचान गर्ने र प्रयोग गर्ने शिक्षण कौशलको मार्ग देखाएकी छौ। खुशी छौं तर सन्तुष्ट छैन म। विधिलाई प्रविधिमा, प्रविधिलाई विज्ञानमा, विज्ञानलाई कलामा, कला र विज्ञानलाई अध्यात्ममा र अध्यात्मलाई अनुकृति र प्रकृतिमा हैन; शिक्षकहरूको शीलमा परिणत गर्ने औकातको ताकत तिमीमा हुनुपऱ्यो। छ निश्चित छ देखाउनुपऱ्यो। *शिक्षक* मासिक तिमी हामीहरूका लागि नै ठिक्क छौ। विद्यार्थी र अभिभावकहरूको लागि यही जाँगर र भावले अर्को स्वरुपमा आए तिम्रो प्रेम बाँडिएको जस्तो लाग्ने थिएन। तिमी पूर्ण हुने थियौ। तिमी पूर्ण भए हामी अधुरो हुनबाट बच्ने थियौं। जब सृजनालाई प्रेरणाले साथ दिन्छन् अनि बालकको मन जगमगाउँछ। जगमगाएको मनले सृजनाको अगाडि कलाको सामुन्ने, विद्या र अविद्या (ज्ञान र विज्ञान) दुवै लुटपुटिंदै शरणगत हुन्छन्। बालबालिकालाई कुनै कुराको सम्झना




गर्नु पर्दैन। केवल प्रेरणाको सहायताले उनीहरूको सृजनामा तटस्थ सहयोगी बन्ने कार्य गर भन्दा जति सजिलो छ व्यवहारमा धेरै मेहेनत पर्छ। तिमीले मेहेनतका कुन्जीहरू विभिन्न क्षेत्रमा आलोपालो गरी पस्किदिनुपर्‍यो। हामी बालकहरूलाई हीनताबोधबाट जोगाउन लागि परियो। तिमीले पनि शिक्षा प्रणालीलाई अनुकृतिको ज्ञान र प्रकृतिको सृजनाबाट स्वीकृति र स्वानुभवमा परिणत गर्ने शान्तिकारी फड्को मार्नु पर्‍यो नि त ! हामी तिम्रो प्रेममा परियो। बालक पढेर बालक पढाउँला ! हुन्छ ? पाठ्यक्रमले भविष्यको महत्त्वाकांक्षा र इतिहासको अहंकारबाट आफ्नो वर्तमान खोज्ने र बालबालिकाको वर्तमानलाई बेवास्ता गरिरहेको बेला तिमी उतातिर पनि लाग्ने हो कि ? प्रिय ! हाम्रा बालबालिकाहरू हाम्रो सम्मान पाएर गौरवान्वित भइरहेका छन्। हामी उनीहरूलाई इतिहासका महापुरुष हैन कालिका पुरुषको रूपमा हुर्काउने जमर्कोमा लागेका छौं, हामी व्यस्त छौं। तिमीले सहयोग जुटाइदिनुपर्‍यो।

सुन त प्रिय ! हामी शिक्षकहरूले बालकहरूमा जुन थिएन (नकरात्मकता) र समाजले विस्तारै भरिदिन लागेको छ। शून्य प्राय:मा रहेको नकरात्मकता जसलाई समाजले आफ्नो गुलामीको लागि जागरण गराउन खोजिरहेको छ। त्यसलाई उनीहरूमा पस्न नदिने र भएको निकालिदिने धरालोको काम गरिरहेका छौं। बालकमा जुन थिएन। शुद्ध बालकमा जुन हुँदैन त्यो हुन नदिने बालकमा जुन छ प्राकृत स्वभाव, प्रेम, आनन्द र सृजना त्यसको विकास र विस्तार गर्नुपर्छ भन्ने चेत खुलेको छ। तिमी, घुमी–घुमी हिमाल, पहाड, तराई सबै डुलेर बालशिक्षणका कक्षाहरूमा पसेर मुस्कान छरिदिनु है !

हाम्रो पाठ्यक्रमको सूचनाप्रेमी मोहले हामीहरूलाई एउटा अन्योल ल्याएको छ। हाम्रा तालीमहरू गीत, खेलका विधि र विधानका प्रकृतिमा परिणत भएका छन्। हाम्रा मूल्याङ्कनहरू परीक्षामा र हाम्रा परीक्षाहरू सम्झइका प्रशंसक बनेका छन्। हाम्रा अभिभावक हाम्रो आश गर्ने र हाम्रा प्रशासक कार्यालयहरू हाम्रो विश्वास नगरेर डलरका बिरुवा हुर्काउन लागिरहेका छन्। हामीहरू पनि बालक छाडेर जान्नेसुन्ने अभिभावकसँग चासोमासो मिलाएर, जागीर पकाएको बेला तिमी सबैलाई रुकरुकाउन आउँदा जति नै सुन्दरी भए पनि कतिका कुरा पचाउनु पर्ला। तर, पैसा छैन भनेर आफ्नो असल कर्मको सुरुआत विस्तार गर्न नछाडे पियारी बरु मेरो एक सरो तलबबाट कट्टी गरौंला है ! आजलाई यत्ति, अर्को पटकको भेटमा चाहिँ मन खोलौंला है !

(लेखक स.उ.मा.वि. दुनै, डोल्पाका शिक्षक हुन्)

# पठन संस्कृतिमा योगदान

■ खगराज बराल

जतिबेला मैले *शिक्षक* पत्रिका पढ्न थालें, आद्योपान्त अध्ययन गर्ने गर्थें। शिक्षा सेवाको सहसचिवको परीक्षा र अन्तरवार्ताको तयारीका लागि नीतिगत सवाल तथा अन्य समसामयिक विषयवस्तुका सम्बन्धमा मलाई *शिक्षक* पत्रिकाले अमूल्य गुन लगाएको थियो। यसले मोफसलमा बसेर काम गर्ने व्यक्तिका लागि शिक्षा क्षेत्रमा प्रारम्भ भएका नयाँ नीतिहरूलाई शिक्षक र पाठकसम्म पुऱ्याउन महत्त्वपूर्ण योगदान गरेको थियो। शिक्षण विधि, शिक्षण प्रक्रिया, पाठ्यक्रम, बालमनोविज्ञान, शिक्षकका अनुभव, प्रेरक प्रसङ्ग, शिक्षाका नीतिहरूको कार्यान्वयनको अवस्थाको खोजगत प्रस्तुति, शिक्षकका जिज्ञासाका जवाफको खोजी, पाठ्यपुस्तक तथा परीक्षाको प्रश्नपत्रमा भएका गम्भीर त्रुटिहरूको पुष्ट्याईं, विदेशका राम्रा अभ्यास जस्ता विविधताले भरिएका विषयवस्तु एउटै पत्रिकामा अध्ययन गर्ने अवसर *शिक्षक* ले दिएको छ।

विद्यालयमा गणित विषयको पठनपाठनको विधि उपयुक्त नभएका कारण मलाई ज्यामितिका साध्यहरू साह्रै कठिन लाग्ने गर्थे। शिक्षकले पुस्तकमा दिइएको साध्यलाई सस्वर भन्ने र कालोपाटीमा लेखिदिने अनि हामी विद्यार्थीले खुरुखुरु कापीमा सार्ने गर्नुपर्थ्यो। नबुझेको सोध्दा वा दोहोऱ्याएर बुझाउन अनुरोध गर्दा शिक्षकको पुन: उही सस्वर दोहोरिन्थ्यो। शिक्षकलाई सोधिरहन असजिलो लाग्थ्यो अनि बुझें भन्नु बाहेक अर्को विकल्प थिएन। अहिले पनि कतिपय विद्यार्थीलाई शायद यस्तै समस्या भोग्नु परेको होला। यस्ता र यी जस्तै शिक्षण सिकाइमा हुने समस्याका समाधानका विकल्प *शिक्षक* मासिकले खोज्ने गरेको छ। शिक्षकका पेशागत तथा पेशासँग सम्बन्धित व्यक्तिगत समस्या समाधानका लागि सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीबाट जानकारी उपलब्ध गराउने तरिका साह्रै नै उपलब्धिमूलक र सराहनीय लागेको छ।

शिक्षक प्रशिक्षकको जिम्मेवारीमा रहँदा शिक्षकहरूलाई अध्ययन गर्ने प्रवृत्ति विकास गर्न समय समयमा घच्घच्याउने गर्ने गर्थें। शिक्षकहरूलाई शिक्षा ऐन, शिक्षा नियमावली, सन्दर्भ सामग्री, पाठ्यक्रम, शब्दकोश, शिक्षा र शिक्षण सिकाइसम्बन्धी पत्रपत्रिका लगायतका विभिन्न सामग्री अध्ययन गर्नका लागि आग्रह गर्दा विद्यालयमा उपलब्ध नहुने यी विद्यालय प्रशासनले नकिनिदिने जस्ता प्रतिक्रिया पाइन्थ्यो। पुस्तक तथा पत्रपत्रिका पढ्नका लागि मासिक कति खर्च गर्नुहुन्छ भन्ने प्रश्नमा शिक्षकहरूबाट खासै सकारात्मक जवाफ आउँदैनथ्यो। पत्रपत्रिका तथा पुस्तकका लागि तलबभत्ता बाहेक थप सुविधा नभएको भन्ने आशयका जवाफ पाइन्थ्यो। बरु, म चाहिँ शिक्षकहरूलाई सधैं सिकर्मीको उदाहरण दिने गर्थें। मेरो छिमेकीले घरमा पलङ बनाउन डाकेको सिकर्मीलाई प्रचलित दर अनुसारको पारिश्रमिक (ज्याला) दिनुभयो। उसले पलङ बनाउन चाहिने सामग्री (काठ, किला आदि) मात्र व्यवस्थापन गर्न भन्यो; तर पलङ बनाउनका लागि चाहिने औजार (फलासी, रन्दा, करौंती आदि) व्यवस्थापन गर्न भनेन। यसका लागि औजार झोला (Tools Box) ऊ आफैंले ल्यायो। औजार झोला (Tools Box) का सामग्री प्रयोग गरेर सुन्दर पलङ बनाइदियो। उसले औजार झोला (Tools Box) का सामग्री प्रयोग बापतका लागि छुट्टै भाडा वा पारिश्रमिक मागेन। यो उसको पेशागत इमानदारी थियो। यस्तै पसलमा कपडा किन्दा कपडा व्यापारीले मिटर, तेल, दाल, चामल किन्दा किराना सामान व्यापारीले किलोग्राम, लिटर आदि नापतौलका सामान क्रेतासँग माग्ने गर्दैनन्। व्यापारीले आफूले पाउने निश्चित प्रतिशतबाट यी सामानको व्यवस्था गर्ने गर्दछन्। यो उनीहरूको व्यवसाय हो, व्यावसायिक इमानदारी हो। त्यसैले शिक्षक पनि व्यावसायिक बन्नुपर्छ; आफ्नो पेशामा निखारता ल्याउन आफैंले लगानी गर्नुपर्छ भन्ने गर्थें।

शिक्षकहरूलाई सरकार वा विद्यालय व्यवस्थापनले तोकिएको तलबभत्ता तथा अन्य सुविधा उपलब्ध गराउँछ। शिक्षकको मुख्य व्यवसाय विद्यार्थीलाई पढाउने, सिकाउने हो। शिक्षण सिकाइका लागि आवश्यक सामग्रीको जोहो गर्ने जिम्मा पनि शिक्षकको नै हो। विद्यालयको कक्षाकोठामा आवश्यक पर्ने सामग्रीको व्यवस्थापन शिक्षकले व्यक्तिगत रूपमा गर्नुपर्ने होइन, यो विद्यालयले गर्नुपर्छ तर शिक्षकले आफूलाई पेशागत रूपमा दक्ष र व्यावसायिक बनाउन आफ्नो पेशालाई आवश्यक सामग्री व्यक्तिगत रूपमा व्यवस्थापन गर्नु पनि पर्छ। सबैथोक सरकार र विद्यालयको मुख ताक्दा व्यावसायिकतामा खिया लाग्न सक्छ। सामुदायिक विद्यालयमा गैरतलबीय अनुदान अन्तर्गत शैक्षिक सामग्रीको लागि रकम पठाइएको हुन्छ। यसबाट विद्यालयको पुस्तकालयमा आवश्यक पर्ने पुस्तक, पत्रपत्रिका, शिक्षा ऐन तथा नियमावली, पाठ्यक्रम तथा पाठ्यसामग्रीको व्यवस्थापन गर्न सकिन्छ। व्यक्तिले आफ्नो शारीरिक सुन्दरताका लागि, स्वस्थ रहनका लागि जति लगानी गर्छ, त्यसको केही अंश बौद्धिक सुन्दरताका लागि पनि गर्नु पर्छ।

यसका लागि विद्यालय तथा शिक्षकले संस्थागत या व्यक्तिगत तवरबाट लगानी गरी नियमित रूपमा अध्ययन गर्ने प्रवृत्ति विकास गराउनुपर्छ। विद्यालयले व्यवस्थापन गरे राम्रो नै हुन्छ, नगरेमा शिक्षक स्वयंले व्यवस्थापन गरी पठन संस्कृतिको विकास गराउनुपर्छ। यसबाट शिक्षकको व्यक्तिगत र पेशागत क्षमतामा वृद्धि हुन्छ। आफूले पढेपछि अन्य शिक्षक साथीलाई पढ्न दिएर पठन संस्कृतिको विकास गर्न सकिन्छ। यस्तो पठन संस्कृति विकास गराउने एउटा माध्यम *शिक्षक* मासिक पनि हो। यसले केही हदमा भए पनि पठन संस्कृतिको विकास गराउन योगदान दिएको छ।

(बराल पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक हुन्।)

"यसका लागि विद्यालय तथा शिक्षकले संस्थागत या व्यक्तिगत तवरबाट लगानी गरी नियमित रूपमा अध्ययन गर्ने प्रवृत्ति विकास गराउनुपर्छ। यसबाट शिक्षकको व्यक्तिगत र पेशागत क्षमतामा वृद्धि हुन्छ। आफूले पढेपछि अन्य शिक्षक साथीलाई पढ्न दिएर पठन संस्कृतिको विकास गर्न सकिन्छ। यस्तो पठन संस्कृति विकास गराउने एउटा माध्यम *शिक्षक* मासिक पनि हो।

## बढ्दैछन् सिक्नेहरू

*शिक्षक* मासिकको २०६७, माघ अङ्कमा '६ वर्षमा फेरिएको स्कूल' शीर्षक अन्तर्गत बर्दियाको तारातालस्थित त्रिशक्ति प्राविको सरसफाई सम्बन्धी समाचार छापियो। अनि त्यसको अनुसरण गर्‍यो झापाको भगवती निमावि, सुरुङ्गाले। प्राय: निम्नवर्गीय परिवारका बालबालिका पढ्ने भगवती निमाविमा विद्यार्थीको सरसफाई एउटा समस्या नै बनेको थियो। विद्यार्थी कपाल नकोरी र मुखै पनि नधोइकन विद्यालय आउने गर्दथे। प्रअ खड्गप्रसाद विमली भन्छन्, "त्यो समाचार पढेपछि हामीले पनि प्रत्येक कक्षामा ऐना र काइँयो राखिदियौं। ऐना राखेपछि विद्यार्थी चिटिक्क परेर विद्यालय आउन थाले। अहिले कक्षामा प्रवेश गर्नासाथ 'म कस्तो देखिएको छु' भनेर ऐनामा हेरिहाल्छन्। चित्त बुझेन भने सफा गरिहाल्छन्।"

*शिक्षक* मा छापिएका समाचारले विद्यालय व्यवस्थापन समितिका केही पदाधिकारीलाई पनि प्रभाव पारेको रहेछ। २०६७ चैतमा 'माहुरीको रानो जस्तो' शीर्षकमा शिक्षक राम तामाङको शिक्षण शैली सम्बन्धी समाचारले भगवती निमावि व्यवस्थापन समितिका अध्यक्ष ओम पाठकको ध्यान खिचेछ। "धेरै नसके पनि एक-दुई वटा पाठ चाहिं स्थलगत अवलोकन गरेर पढायौं", अध्यक्ष पाठकले भने।

सिंहदेवी निमावि, सुरुङ्गाले *शिक्षक* को २०६८ चैत अङ्कमा प्रकाशित 'नेपाली खाद्य पदार्थमा पाइने पोषकतत्त्व' शीर्षकको तालिकालाई ठूलो चार्ट बनाएर विद्यालयमा सबैले देख्ने गरी टाँसेको छ। प्रअ डम्बर फुँयालका अनुसार, सिंहदेवीले यो अभ्यास गरेपछि दुर्गापुर स्रोतकेन्द्रका सबै विद्यालयले प्रति विद्यालय रु.५०० तिरेर फ्लेक्स चार्ट बनाउन अर्डर दिएका छन्।

२०६८ असार अङ्को *शिक्षक* मा छापिएको इलाम, चुलाचुलीस्थित सरस्वती प्राविको प्रशासनिक अभ्यास पढेर झापाको जनता बालविकास प्रावि, खजुरगाछीले पनि सोही अभ्यासको अनुकरण गर्न लागेको छ। प्रअ कुमार भण्डारी भन्छन्, "यो वर्षदेखि विद्यालयको मासिक हिसाबकिताब हरेक महीनाको एक गते सूचनापाटीमा टाँस्ने योजनामा छौं। यसका लागि सूचनापाटी पनि किनेर ल्याइसकिएको छ।" गत फागुनमा प्रकाशित मन्टेसरी पद्धतिको सामग्री पढेपछि दमकको हिमालय उमाविमा पनि त्यही विधिलाई लागू गरिएको छ।

**सी. अधिकारी**, झापा

## पैसा असुल्न छाडियो

विराटनगर-२१ स्थित जनविकास उमाविले २०६८ को एसएलसी परीक्षा पास गराइदिने भनेर विगतमा जस्तो विद्यार्थीसँग रकम उठाउने काम गरेन। गत वर्ष आफ्नै विद्यार्थीहरूबाट जनही रु.२,५०० असुले पनि चिट चोराउन नसकेर परीक्षार्थीलाई रकम फर्काउनु परेको समाचार *शिक्षक* मा प्रकाशित भएको थियो।

गत सालको परीक्षामा चिट चोराउने शुल्क लिएर पनि चोराउन नसकेपछि विद्यार्थी र अभिभावकले विद्यालय घेराउ गरेर पैसा फिर्ता लिएका थिए। यसअघि सुनको फुली बन्धकी राखेर छोरीको परीक्षाका निम्ति रकम तिरेकी अभिभावक माया श्रेष्ठले भनिन्, "पत्रिकामा समाचार छापिएर बेइज्जत भयो। अहिले त त्यसरी पैसा उठाएको सुनिएको छैन।"

यता आएर सोही विद्यालयमा अतिरिक्त कक्षा समेत सञ्चालन गर्न थालिएको छ। "पहिलेका विद्यार्थीले चिट चोर्न पैसा तिरेका थिए। हामीले त तिर्नु परेन", एसएलसी परीक्षा दिएर बसेका दीपककुमार ठाकुरले भने, "यस पटक एसएलसी जाँचअघि स्कूलमै सित्तैंमा कोचिङ पढाइयो।" जनविकासमा परीक्षाको डेढ महीनाअघि गणित र विज्ञानको कोचिङ कक्षा चलाइएको थियो।

जनविकासका प्रअ सदानन्द यादव दुई वर्षयता विद्यालयमा निकै सुधार आएको दाबी गर्छन्। उनी भन्छन्, "अहिले त विद्यालयको पक्की भवन बनाइएको छ। उमावि पनि सञ्चालन गरियो। पढाइमा धेरै सुधार गरेका छौं। पहिले समाचारमा छापिए जस्तो अवस्था अहिले छैन।" यादवका अनुसार, शिक्षण सिकाइ सुधार्नका निम्ति अचेल विषयगत शिक्षकले कक्षामै हरेक महीना परीक्षा लिन थालेका छन्। कमजोर विद्यार्थीका अतिरिक्त छुट्टै कक्षा सञ्चालन गर्न थालिएको छ।

**कमल रिमाल**, विराटनगर

## चुनौती झन् थपिएको छ

*शिक्षक* मासिकको २०६८ जेठ अंकको आवरणमा छापियो, 'हाम्री म्याडम, राम्री म्याडम।' *शिक्षक* को उक्त समाचारमा सरस्वती स्कूलका शिक्षकका पृथक् शिक्षण अभ्यास, ग्रेड टिचिङ, अतिरिक्त क्रियाकलाप, अभिभावकको सहयोग लगायतका अनुकरणीय पक्ष समेटिएका थिए। त्यो समाचार प्रकाशित भएपछि सरस्वती निमावि चर्चाको विषय बन्यो। शिक्षकहरूलाई बधाइको ओइरो लाग्यो। विद्यालय अवलोकनको केन्द्रविन्दु बन्यो। प्रअ जीतबहादुर थापाका अनुसार, इलाम, झापादेखि पाल्पाका विद्यालयका शिक्षक र अभिभावकले सरस्वती स्कूलको अवलोकन गरे।

जिल्ला शिक्षा कार्यालय, प्लान नेपाल र युनिसेफ लगायतका संस्थाले शैक्षिक सामग्री उपलब्ध गराएर सहयोग गरे। प्रअ थापा भन्छन्, "सबै क्षेत्रबाट राम्रो 'रेस्पोन्स' र सहयोगले हौसला पाएका छौं। अब त विद्यालयको पठनपाठनलाई थप व्यवस्थित तुल्याउन चुनौती थपिएको छ।"

यस वर्ष यहाँका तीन जना शिक्षकले युनिसेफको सहयोगमा ८ दिने बालकेन्द्रित सिकाइ सम्बन्धी तालिमको अवसर पाए। तालिम लिएकी शिक्षक पुनम खड्का भन्छिन्, "हामीले हिजोसम्म बालबालिकालाई पढाएका मात्रै रहेछौं, सिकाएका रहेनछौं। अब पढाउने भन्दा सिकाउनेतर्फ हाम्रो ध्यान केन्द्रित भएको छ।" बालबालिकालाई कक्षा-कोठामै विभिन्न खेल विधिबाट पठनपाठन थालिएपछि विद्यालयप्रतिको आकर्षण विद्यार्थीको कक्षा उपस्थितिदर पनि बढ्दो छ।

**कृष्ण अधिकारी**, नेपालगञ्ज

## अंग्रेजी माध्यमलाई हौस्यायो

खोटाङको पाथेकास्थित सरस्वती माविको कक्षा २ का ३५ जना छात्रछात्रा अहिले अंग्रेजी माध्यममा पढ्दैछन्। यिनले कक्षा एकदेखि नै अंग्रेजी माध्यममा पढ्न पाएका हुन्।

२०६५ चैतको *शिक्षक* मासिकमा एउटा आवरण सामग्री छापियो, 'हाउगुजी बनेको अंग्रेजी।' त्यो सामग्रीले सरस्वती माविका शिक्षकहरूलाई उत्प्रेरित तुल्याएछ। शिक्षक राजन बानियाँ भन्छन्, "विद्यालयमा उक्त पत्रिका आएपछि हामीले अध्ययन गर्‍यौं, छलफल गर्‍यौं र अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने निधो पनि गर्‍यौं।" अब माथिल्ला कक्षामा समेत क्रमिक रूपमा अंग्रेजी माध्यमलाई विस्तार गर्दै लैजाने निर्णय विद्यालय व्यवस्थापनले गरेको छ। अंग्रेजी माध्यमको थालनीसँगै विद्यालयको भर्नादर बढ्न थालेको छ।


विद्यालय व्यवस्थापनले यस वर्षदेखि अभिभावकलाई विद्यालय आउन बाध्य बनाउने नीति पनि बनाएको छ। अभिभावकले छोराछोरीलाई मेलापातमा लगाउनाले विद्यार्थीको अनुपस्थिति बढेपछि महीनामा १५ दिनसम्म गयल हुने विद्यार्थीलाई पुन: भर्ना गर्नुपर्ने नियम बनाइएको छ।

**सइन्द्र राई**, खोटाङ

# शिक्षाले नेतृत्व नै पाएन !

**छ दशकको अवधिमा नेपालको शिक्षा क्षेत्रले अधिकांश समय सही र 'भिजीनरी' नेतृत्व नै पाउन सकेन। अझै पाएको छैन।**

■ सुदर्शन घिमिरे




नेपालमा आधुनिक शिक्षाको जनस्तरमा पहुँच र विस्तार २००७ सालबाट भएको मान्ने हो भने यो यात्रा प्रारम्भ भएको ६ दशक नाघिसकेको छ। औसत नेपालीको आयुको हाराहारीमा रहेको यो अवधि देशकै जीवनको लागि पनि कम होइन। यस कालखण्डमा देशले थुप्रै उतारचढावहरू भोग्यो। राणाशासनको अन्त्य भई प्रजातन्त्रको स्थापना, ३० वर्षे पञ्चायत शासन, १२ वर्षे बहुदलीय शासन, माओवादी विद्रोह, राजाको प्रत्यक्ष शासनहुँदै आज देश संघीय गणतन्त्रको सँघारमा उभिएको छ। यस अवधिमा हामीले आधा दर्जनभन्दा बढी संविधानसमेत फटाइसकेका छौं।

यही अवधिमा देशको शिक्षामा चाहिं के भयो त? के यस्ता उपलब्धि हासिल भए? कहाँ कहाँ हामी चुक्यौं? हाम्रा अगाडि अवसर र संभावनाहरू के छन्? ती अवसरलाई यथार्थमा बदल्न के कस्ता चुनौतीको सामना गर्नुपर्नेछ? जसरी घर पुरानै भए पनि बेला बेलामा आँगन भन्दा अलिपर पुगेर बाहिरबाट घरलाई नियालिन्छ, त्यसरी नै शिक्षा र शिक्षकका विभिन्न मुद्दामा केन्द्रित भएर सामग्री पस्किइरहेको *शिक्षक* मासिकले स्वर्ण अङ्कमा पदार्पण गरेको खुशियालीमा नेपालको शिक्षाको ६ दशकको यात्राको लेखाजोखा गर्ने प्रयत्न गरेको छ।

यस्तो समीक्षा गर्नुको अभिप्राय हो- विगतमा हामीले गरेका राम्रा काम र उपलब्धिहरू सही रूपमा पहिल्याउन र विगतप्रति गर्व एवं सन्तोष गर्न सकियोस्। हिजोका पहल र प्रयत्नहरूले तयार गरिदिएको नयाँ जमीनमा उभिंदा के कस्ता अवसर र संभावनाहरू देखिंदारहेछन् र तिनको दोहन कसरी गर्ने भन्ने बारेमा नयाँ किसिमबाट बहसको थालनी हुनसक्छ कि भनेर हामीले स्वर्ण अंकलाई सन्दर्भ सामग्री दिने अवसरको रूपमा प्रयोग गर्न खोजेका छौं।




सरसर्ती केलाउँदा यो ६ दशकमा गर्व गर्न लायकका थुप्रै उपलब्धि भएको कुरा सहजै भेटिन्छन्। पहिलो; केही मुट्ठीभरका मानिसको पहुँचमा मात्र सीमित रहेको शिक्षा आज सबैका लागि खुला भएको छ। त्यति मात्र होइन; आज शिक्षा सबैको आवश्यकता र अधिकारको रूपमा स्थापित भएको छ। दोस्रो, शिक्षाको विस्तार देशव्यापी भएको छ। राणाशासनको अन्त्य हुँदा तीन सयको हाराहारीमा रहेका स्कूल र एक वा दुई वटा कलेजको संख्या बढेर आज क्रमश: ३४ हजार (स्कूल) र १ हजार (कलेज) पुगेका छन्। ऊ बेला १० हजार जति विद्यार्थी थिए भने आज स्कूलदेखि विश्वविद्यालयमा गरेर रुण्डै ८० लाख विद्यार्थी पढिरहेका छन्। उतिबेला केवल ५ प्रतिशत मात्र मानिस साक्षार थिए भने आज कुल जनसंख्याको ६० प्रतिशतभन्दा बढी मानिस लेखपढ गर्न सक्ने भएका छन्। शिक्षामा सरकारको लगानी पनि व्यापक रूपमा बढेको छ। उतिबेला कुल बजेटको करीब १ प्रतिशत मात्र शिक्षामा छुट्याइन्थ्यो भने आज रुण्डै १७ प्रतिशत बजेटका साथ सरकारको लगानीको सबभन्दा ठूलो हिस्सा यही क्षेत्रले ओगटेको छ। अभिभावकहरूमा शिक्षाप्रतिको लगाव रुन् रुन् बढ्दो छ; आफ्ना सन्तानको शिक्षामा सकेजति लगानी गर्न उनीहरु तत्पर छन्। शिक्षण कार्यले पेशागत हैसियत पाएको छ।

६ दशकको एउटा अत्यन्त महत्त्वपूर्ण फड्को हो- भारतीय पाठ्क्रम र पाठ्यपुस्तकको ठाउँ नेपाली राष्ट्रिय पाठ्यक्रम र पाठ्यपुस्तकले लिनु। यसले एकातिर नेपाली राष्ट्रियताको जग बलियो बनाउन अप्रत्यक्ष रूपमा सहयोगी भूमिका खेल्यो भने अर्कोतिर शिक्षाको स्तर सबै स्कूलहरूमा समान रूपमा हुनुपर्छ भन्ने कुरालाई एकहदसम्म प्रत्याभूत गर्ने जमर्को गर्‍यो। शिक्षा क्षेत्रमा निजी क्षेत्रको महत्त्वपूर्ण उपस्थिति भएको छ जसले प्रतिस्पर्धालाई बढावा दिएको छ। स्कूलमा छात्राहरूको छात्र समान सहभागिता र शिक्षणमा महिलाको उपस्थिति बाक्लो हुँदै गएको छ। निरन्तर मूल्याङ्कन पद्धतिको सुरुआत गरेर पुरातन परीक्षा पद्धतिमा सुधारको थालनी भएको छ। विद्यालयको भौतिक विकासमा समुदाय अझै सक्रिय छ। उच्च शिक्षाको समयसापेक्ष विस्तार भएको छ।

२००७ सालदेखि अहिलेसम्म कुनै पनि सरकारले पाँच वर्ष राम्ररी काम गर्न पाएनन्। आधुनिक शिक्षाको जग बस्न शुरू गर्दा देशको राजनीति जस्तो अवस्थामा थियो, आज पनि रुण्डै रुण्डै उही अवस्थामा छ। कुनै पनि देशको तीव्र विकासका लागि राजनीतिक स्थिरता पहिलो शर्त हो। त्यस दृष्टिले हेर्दा, नेपालको शिक्षामा यो ६ दशकमा भएको प्रगति र सुधारलाई केही पनि भएन भन्न मिल्दैन। खासगरी शिक्षाको विस्तारसँगै चेतनामा आएको परिवर्तनका कारण बालमृत्युदरमा उल्लेख्य कमी आएको छ भने मातृ मृत्युदर घटेको छ। मानिसको आयस्तरमा प्रत्यक्ष/परोक्ष योगदान अनुमान गर्न गाह्रो छैन। निरक्षर मानिसको भन्दा साक्षार मानिसको जीवनस्तर अवश्य पनि राम्रो छ। यसलाई पनि शिक्षाको गहकिलो योगदान मान्न सकिन्छ।

यस अवधिका कमजोरी र विफलताहरू पनि कम छैनन्। बनेका अधिकांश नीति तथा कार्यक्रमहरूको सफलतापूर्वक कार्यान्वयन हुन नसक्नु यस अवधिको सबभन्दा ठूलो विफलता हो। अनुगमन तथा नियमनको पक्ष प्रतिवर्ष कमजोर हुँदै गयो। यता आएर त सरकार सर्वथा प्रभावहीन देखिएको छ। राम्रो तलब तथा सुविधा र प्रशस्त तालिम दिएर पनि शिक्षकलाई जागरुक र प्रतिबद्ध पेशाकर्मी तुल्याउन सकिएन। शिक्षकको मर्यादा र समर्पण दुवै सन्तोषजनक अवस्थामा छैन। परम्परागत पेपर पेन्सिल टेस्ट मा खुम्चिएर बसेको परीक्षा प्रणालीमा ठोस र मौलिक सुधार आएको छैन। विद्यार्थीको मौलिकता, सृजनशीलता र समीक्षात्मक क्षमता उजागर गर्ने, वास्तविक दुनियाँमा विद्यार्थीको कार्यक्षमता मापन गर्ने र त्यसलाई प्रवर्द्धन गर्ने किसिमको परीक्षा पद्धति बनाउन नसक्दा नयाँ पुस्ताका मानिसहरूको बौद्धिक विकास र सृजनात्मक क्षमता नै खुम्चन पुगेको छ। शिक्षामा निजी क्षेत्रको विकास र विस्तार मात्र भएन, शिक्षाकै बजारीकरण हुन गयो। शिक्षा पनि बजारमा घटाघट वा बढाबढमा किन्ने र बेचिने वस्तु जस्तो बन्न गयो। सस्तो नाराको पछि लाग्दा विना साधन स्रोत विना नै १२ कक्षासम्म नि:शुल्क घोषणा गरियो।



| विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|
| साल | विद्यालय तह | | | |
| | प्राथमिक | निम्नमाध्यमिक | माध्यमिक | कुल |
| २००७ | ८,५०५ | – | १,६८० | १०,१८५ |
| २०१८ | १,८२,५३३ | – | २१,११५ | २,०३,६४८ |
| २०२७ | ४,४९,१४१ | ५३,००० | १,०२,७०४ | ६,०४,८४५ |
| २०३८ | १३,८८,००१ | १,६९,५६४ | १,४४,३३१ | १७,०१,८९६ |
| २०४८ | २८,८४,२७५ | ३,७८,४७८ | ३,९५,३३० | ३६,५८,०८३ |
| २०५८ | ३८,५३,६१८ | १०,५८,४४८ | ४,४९,२९६ | ५३,६१,३६२ |
| २०६८ | ४७,८२,८८५ | १८,१२,६८० | ८,४८,५६९ | ७४,४४,१६१ |

स्रोत: शिक्षा सम्बन्धी विभिन्न योजनाका प्रतिवेदन, तथ्याङ्क पुस्तिका तथा फ्लास रिपोर्टहरू ।


यसो गर्दा विद्यार्थीमार्फत आर्थिक स्रोत जुटाउने सार्वजनिक स्कूलहरूको हात बाँधियो, आवश्यक स्रोतको अभावले स्कुल रुन् टाक्सिँदै गए। यही कारण अनिवार्य आधारभूत शिक्षा पनि लागू हुन सकेन। सार्वजनिक स्कूलको स्वामित्व न सरकारले लिनसक्यो, न त समुदायलाई स्कूल तिम्रो हो भनेर जगाउन सक्यो। न त, आम मानिसहरूमा सामुदायिक विद्यालयप्रति विश्वास जगाउन सकियो। स्कूल, कलेज र विश्वविद्यालयको व्यवस्थापनमा आवश्यक सुधार र प्रभावकारिता आउन सकेको छैन। 'शक्ति र पहुँचले होइन, नीति र नियमले काम गर्छ भन्ने विश्वास जगाउन सरकारले सकेन। प्राविधिक शिक्षालाई सरकारले पटक्कै प्राथमिकता दिएन। स्कूलेशिक्षा पूरा नगरेका ऊर्जावान् युवायुवतीको हातमा सीप हालेर उत्पादनशील बनाउन सकिएन। नयाँ पुस्तालाई कृषिप्रधान देशको 'आधुनिक कृषक' हुने उत्प्रेरणा र सीप दुवै दिन शिक्षा प्रणाली सर्वथा असफल रह्यो।

त्यसैगरी हाम्रो स्कूले र कलेजको शिक्षाले जीवनोपयोगी सीप दिन सकेन। आफैं गरिखाने उद्यमी बनाउन सकेन। आत्मविश्वास जगाउन पनि सकेन। टाउकोमा सैद्धान्तिक ज्ञान मात्र हाल्ने प्रयास भयो, शिक्षाका चारवटै पक्ष ज्ञान, सीप, अभिवृत्ति र मूल्यमान्यता विद्यार्थीमा समान रूपमा विकसित गर्ने कुरामा सर्वथा असफल रह्यो। स्कूलको काम स्थापित ज्ञान नयाँ पुस्तामा निर्माण गर्ने हो भने विश्वविद्यालयको मूल काम नयाँ ज्ञानको निर्माण हो। ज्ञान र प्रविधिको क्षेत्रमा नयाँ नयाँ सृष्टि र विकास गर्नु हो। तर हाम्रो विश्वविद्यालय डिग्री बाँड्नमै सीमित भएको छ। स्कूल र विश्वविद्यालयको शिक्षा दुवैले विद्यार्थीमा आशा र आत्मविश्वास बढाउन असफल प्राय: भएका छन्।

## अवसर प्रशस्तै छन्

तमाम कमी-कमजोरीको बाबजूद नेपालको शिक्षा क्षेत्रमा अपार अवसर र संभावनाहरू नभएका होइनन्। आर्थिक उपार्जन, सीप विकास र आवश्यकतासित जोड्न सकेका खण्डमा आगामी पाँच/सात वर्षभित्रमा सबै निरक्षरहरूलाई साक्षार बनाउन सकिने दरिला आधारहरू छन्। निकट भविष्यमा देश संघीयतामा प्रविष्ट गर्ने र त्यसले राजनीतिमा नयाँ ऊर्जा र उत्साह दिनसक्छ। जुन ऊर्जालाई हरेक प्रान्तले आ-आफ्नै किसिमले शिक्षामा सुधारको लागि प्रयोग गर्न सक्छन्। शिक्षा विना दिगो आर्थिक विकास संभव छैन भन्ने कुरा हाम्रा राजनीतिकर्मीले पनि बुझिसकेका छन्। त्यसो भयो भने सार्वजनिक स्कूलहरूको स्तरोन्नतिमा सबैजसो प्रान्तहरूको ध्यान खिचिने छ। त्यस्तै, युवायुवतीहरूको हातमा सीप विकासले पनि उत्तिकै प्राथमिकता पाउन सक्छ। निरक्षरता उन्मूलन र सीपमूलक शिक्षाको आवश्यकतालाई कसैले पनि अस्वीकार गर्ने देखिँदैन। त्यसैगरी हरेक प्रान्तले एउटा विश्वविद्यालय खोल्ने रहर अवश्य पनि गर्नेछन्, जसले उच्च शिक्षाको विकास र विस्तारको नयाँ ढोका खोल्नेछ। प्रान्तहरूको बीचमा स्वाभाविक रूपमा प्रतिस्पर्धी भावना विकसित हुने हुनाले गुणस्तरको विकास पनि पहिले भन्दा राम्रोसित हुने अपेक्षा गर्न सकिन्छ।

खाडी मुलुक वा मलेशिया वा अरू कुनै मुलुकमा श्रम गर्न गएका नेपालीहरूले पैसा मात्र कमाएर ल्याएका छैनन्, सँगसँगै शिक्षाको महत्त्व पहिलेभन्दा रुन् ज्यादा बुझ्न पाएका छन्। किनभने राम्रो शिक्षा र सीप हाम्रा स्कूल कलेजहरूले नदिएकाले आफ्नो कमाइ निकै कम भएकोमा उनीहरूले पीडाबोध गरेका छन्। त्यसैले त ती श्रमिकहरूमध्ये ज-जसका आफ्ना सन्तान छन्, तिनको शिक्षामा आफ्नो कमाइको महत्त्वपूर्ण हिस्सा खर्च गरिरहेका छन्/गर्न तयार छन्। सरकारले चाहेमा उनीहरूको भावना, पैसा र ऊर्जालाई सार्वजनिक शिक्षाको सुधारमा प्रयोग गर्न सकिन्छ। शिक्षाले आर्थिक विकासमा टेवा दिन्छ। आर्थिक विकासलाई शिक्षाको स्तरलाई उकास्छ। त्यसै गरी देशभित्रै पनि पढेलेखेका, केही गरौं भन्ने भावना भएका र धेरथोर आर्थिक स्रोत भएका मानिसहरूको जमात पनि ठूलै बनिसकेको छ जो अपेक्षित वातावरणको पर्खाइमा छ। तिनलाई पनि शिक्षाको स्तरोन्नतिमा परिचालन गर्न सकिन्छ। थप महत्त्वपूर्ण कुरा, यूरोप र अमेरिकाबाट उच्च शिक्षा हासिल गरेका धेरैजसो मानिसहरू उचित वातावरण पाए नेपालमै फर्केर आफ्नै सोच अनुसार काम गर्न चाहन्छन्। हाम्रो लागि यो अर्को महत्त्वपूर्ण अवसर हो। समग्रमा संघीय राजनीतिले सही बाटो समात्न सक्यो भने देशले काँचुली फेर्ने प्रशस्त संभावना छ, जुन नेपालको शिक्षाको विकासको लागि समेत अभूतपूर्व अवसर सिद्ध हुनसक्छ।



BAJAJ
Distinctly Ahead
BAJAJ छुटको लुट
* Conditions apply
यो नयाँ वर्षको अवसरमा हरेक बजाज बाईक खरिदकर्तले स्क्र्याच गरि रु. १,००,००० सम्मको छुट तथा स्क्र्याच कुपनमा भएको सिरियल नम्बरलाई ५६५७मा SMS गरि Everyday लक्की ड मार्फत भाग्यशाली विजेताले रु. १,००,००० लुटि सक्नुभएको छ । अब पालो तपाईको !
जति चाँडो किन्यो उतिनै बढि लुट्ने मौका !
लक्की ड हरेक दिन* साँझ ७:५५ मा एभिन्यूज टि.भि.बाट प्रसारण भइरहेको छ ।
हरेक खरिदमा Scratch Card बाट १,००,००० सम्मको छुट
हरेक दिन Lucky Draw बाट १,००,००० लुट्ने मौका
Sole Authorised Dealer:
Hansraj Hulaschand & Co. Pvt. Ltd.
Teku Road, Kathmandu.
DEALERS: Kathmandu Valley:
Eastern Region:
Central Region:
Western Region:
Mid-Western Region:
Far-Western Region:

**बजेटमा शिक्षा**

| आर्थिक वर्ष | कुल बजेट | शिक्षाको बजेट | प्रतिशत |
|---|---|---|---|
| २००८ | रू.५,२४,६१,००० | रू.५,५६,००० | १.०६ |
| २०१७/१८ | रू.३७,७१,९५,००० | रू.१,२०,९७,००० | ३.२० |
| २०२८/२९ | रू.१,१३,७४,३२,००० | रू.७,७६,००,००० | ६.८२ |
| २०३८/३९ | रू.७,११,३२,१४,००० | रू.५५,७५,९७,००० | ७.८३ |
| २०४८/४९ | रू.२६,६४,०९,००,००० | रू.३,२०,५४,५९,००० | १२.०३ |
| २०५८/५९ | रू.९९,७९,२२,१९,००० | रू.१४,०७,२८,४७,००० | १४.१० |
| २०६८/६९ | रू.३,८४,९०,००,००,००० | रू.६३,९१,८८,३९,००० | १६.६० |

स्रोत: अर्थ मन्त्रालय, सम्बन्धित आ.व.का बजेट वक्तव्य ।

**क्याम्पस संख्या**

| विश्वविद्यालय | आङ्गिक | सम्बन्धन प्राप्त | कुल |
|---|---|---|---|
| त्रिभुवन विश्वविद्यालय | ६० | ७३२ | ७९२ |
| पूर्वाञ्चल विश्वविद्यालय | ३ | ९२ | ९५ |
| काठमाडौं विश्वविद्यालय | ६ | १५ | २१ |
| पोखरा विश्वविद्यालय | ४ | ४६ | ५० |
| नेपाल संस्कृत विश्वविद्यालय | १२ | ९ | २१ |

स्रोत: विश्वविद्यालय अनुदान आयोग, २०६६/६७



## खाँचो इच्छाशक्ति र सबल नेतृत्वको

तीन वर्ष (मंसीर २०६५) पहिले काठमाडौं विश्वविद्यालयको दीक्षान्त समारोहमा मुख्य अतिथिको रूपमा अभिभाषण गर्दा भारतका पूर्व राष्ट्रपति एवं विख्यात वैज्ञानिक डा. अब्दुल कलामले औंलाले हिमालतिर देखाउँदै भनेका थिए, "तपाईंहरूको यो विशाल हिमालय क्षेत्रलाई नयाँ ज्ञान निर्माण गर्ने सुवर्ण अवसरका रूपमा प्रयोग गर्न सकिन्छ। यहाँ माउन्टेरिङ्ग सम्बन्धी अध्ययन गर्ने विश्वविद्यालय खोल्ने हो भने यहाँ युरोप र अमेरिकातिरबाट समेत विद्यार्थीहरू अध्ययन गर्न आउन सक्छन् ।" यसो भनेर कलामले उच्च शिक्षामा नयाँ क्षेत्रको संभावना मात्र उजागर गरेनन्, नेपाल अन्तर्राष्ट्रिय स्तरमा नयाँ ज्ञान उत्पादन गर्ने एउटा केन्द्र बन्न सक्छ भनेर नयाँ भिजन राख्न पनि उक्साए। अबको पन्ध्र बीस वर्षपछि नेपाल उच्च शिक्षामा कहाँ पुग्ने हो ? दुर्भाग्यवश २०४६ सालमा बहुदलीय व्यवस्था स्थापनापछि राजनीतिको केन्द्रमा बसेका ठूला पार्टीहरू कसैले पनि शिक्षामा यस्तो भिजन राखेनन् । त्यसैले यो दुई दशकमा शिक्षामा महत्त्वपूर्ण *डिपार्चर* ल्याउने कुनै कार्यक्रम तथा नीति आउन सकेन, जुन *डिपार्चर* पञ्चायतले राष्ट्रिय शिक्षा पद्धतिको सुरुआत गर्दा ल्याएको थियो। उल्टै, यो समयमा शिक्षा क्षेत्रमा अवाञ्छित र आपत्तिजनक तरिकाले निहित स्वार्थपूर्तिको लागि दलीय हस्तक्षेप भयो । विद्यालयदेखि विश्वविद्यालयमा शिक्षक र व्यवस्थापकीय पदमा 'योग्य'ले भन्दा 'आफन्त'ले प्राथमिकता पाउनु यही विषाक्त मानसिकताको उपज थियो, जसले भर्खरै उभिन खोजिरहेको शिक्षा प्रणालीलाई थला बसाउने काम गर्‍यो।

४६ सालयता स्कूल सुधारमा केही पनि सकारात्मक काम भएन भन्ने पनि होइन। यस अवधिमा दुई वटा महत्त्वपूर्ण कदम उठाइएका थिए। पहिलो, स्कूललाई समुदायकै जिम्मामा फिर्ता दिने र दोस्रो, योग्य व्यक्ति मात्र शिक्षण पेशामा आउन र रहन् भनेर ल्याइएको शिक्षण अनुमतिपत्रको व्यवस्था। पहिलो कदम सानो स्तरमा मात्र तरङ्ग ल्याउन सफल भयो भने दोस्रो पूर्णतया असफल भयो। सरकार बदलिएपिच्छे आउने शिक्षा मन्त्रीको प्राथमिकता र इच्छाशक्ति अनि राम्रो तयारीको अभावमा जतिसुकै राम्रा नीतिहरू पनि कार्यान्वयनमा जाँदा रहेनछन् भन्ने कुरा अनेकन् पटक प्रमाणित भइसकेको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम लागू भयो भनेको दुई वर्ष नाघिसक्दा पनि ऐन बनाउन नसक्नु राजनीतिक नेतृत्वको शिक्षा क्षेत्रप्रति जारी उदासीनको पछिल्लो प्रमाण हो। त्यसैले आजको सबभन्दा ठूलो चुनौती भनेको 'भिजन' र इच्छाशक्ति भएका राजनीतिक नेतृत्वको खडेरी नै हो। परिणामस्वरुप 'केही गरौं' भन्ने भावना भएको शिक्षा प्रशासनको नयाँ पुस्ता समेत दिशाहीन भएर बसेको छ।

'नयाँ नेपाल' बनाउन राजतन्त्रलाई विस्थापित गरेर गणतन्त्रको जग खनिएको पनि चार वर्ष पुगिसक्यो। तर यो अवधिमा हाम्रो नेतृत्वले शिक्षामा कहाँ पुग्ने भन्ने बारेमा सोच्न पनि चाहेको देखिएन। जबकि यो अवधि त्यसै चूपचाप बस्ने अवधि थिएन। सबै पार्टीहरू एकठाउँमा बसेर नयाँ नेपालको शिक्षा यहाँ पुर्‍याउँछौं, शिक्षामा यसरी काम गर्छौं भनेर साझा भिजन र नीति बनाउनुपर्थ्यो। अन्तरात्मादेखि प्रतिबद्ध भएर कार्यान्वयनको माहोल बनाउनुपर्थ्यो। संविधानको प्रारुप बन्दै गर्दा समानान्तर रूपमा यी सबै काम गर्न सकिन्थ्यो। पार्टीहरूसित केही गरौं भन्ने भावना थियो भने उनीहरूले अठोट गर्न सक्थे, "आगामी १५ वर्षमा देशको स्कूल र विश्वविद्यालयको शिक्षा विश्वस्तरको बनाउँछौं।" रुट्ट सुन्दा धेरै महत्वाकांक्षी लागे पनि हामीसित उपलब्ध जनशक्ति, वातावरण र एक्काइसौं शताब्दीको विश्वसित कुममा कुम मिलाएर हिंड्ने 'नयाँ नेपाल' बनाउनका लागि यो असंभव प्रतीत हुँदैन। यो बाटोमा हिँड्दा हिँड्दै पन्ध्र वर्षमा आधाबाटो मात्र हिंड्न सकियो भने पनि त ठूलै उपलब्धि भयो नि ! बाँकी आधाबाटो त्यसपछिको वर्षमा हिंडे पनि त हुन्छ ! सार्वजनिक हितमा कुनै सम्झौता नगर्ने, पद्धतिगत समाधान खोज्ने, बिहान निर्णय गरेको कुरा बेलुकीदेखि नै कार्यान्वयनमा ल्याउने र विगतका मूलभूत गल्तीलाई नदोहोर्‍याउने दृढ अठोट गर्ने हो भने असम्भव छैन। तर दुर्भाग्यवश राजनीतिक दलहरूले शिक्षालाई आफ्नो उच्च प्राथमितामा राख्दै राखेनन् । नेतृत्व वर्गलाई समाजको दिगो परिवर्तन होइन, 'सत्ता' मात्र प्रिय हुनजाँदा यस्तो स्थिति उत्पन्न हुनगएको हो।

त्यसैले, हाम्रो आजको मुख्य चुनौती भनेको हाम्रो राजनीतिक नेतृत्वमा शिक्षाको दीर्घकालीन सोच, स्पष्ट दृष्टिकोण, प्रतिबद्धता र समर्पणभाव कसरी पैदा गर्ने भन्ने नै हो। अथवा त्यस्तो नेतृत्वलाई सत्ताको केन्द्रमा कसरी स्थापित गर्ने भन्ने कुरा यतिखेरको सर्वाधिक पेचिलो सवाल बनेर उपस्थित भएको छ।

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

## लेख्नुहोस् !

**माथिको विश्लेषण र विवरण कस्तो लाग्यो ? हाम्रो शिक्षाको अबको 'भिजन' के हुनुपर्ला ? त्यो कसरी हासिल गर्न सकिएला ? तपाईंको विचार *शिक्षक* मासिकको आगामी अंकहरूमा प्रकाशित हुनेछ।**

# 'अबको ध्यान गुणस्तरमा'

**नेपालको शिक्षाको ६ दशकको उपलब्धि, कमजोरी र भावी दिशामा केन्द्रित भएर *शिक्षक* मासिकले एउटा संवादको आयोजना गर्‍यो। प्रस्तुत छ, सो संवादको सार संक्षेप:**



**डा. केदारनाथ श्रेष्ठ**
**शिक्षाविद्/पूर्व अतिरिक्त सचिव**

२००७ सालअघि देशमा शिक्षाको कुनै पद्धति थिएन। स्कूल पनि न्यून थिए। नियमित शिक्षा बजेटको अवधारणा नै थिएन। सरकारी सुविधामा चलेका विद्यालय एक-दुई वटा मात्रै थिए। बढीजसो समुदायबाटै सञ्चालित थिए।

२०१० सालतिर अमेरिकी सरकारको सहयोगमा राष्ट्रिय शिक्षा योजना आयोग गठन भयो। त्यही आयोगले नेपालमा पहिलोपटक शिक्षा पद्धति बनायो। आयोगको सुझाव अनुसार नेपालमै पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्ने अभ्यासको थालनी भयो। त्यसअघि भारतमा पढाइने पाठ्यक्रम र पाठ्यपुस्तकमै नेपालको विद्यालय शिक्षा निर्भर थियो।

शिक्षकको तालिमको सुरुआत पनि त्यतिबेलै गरियो। तालिम दिइएका शिक्षकलाई सीधै गाउँका विद्यालयमा पठाइन्थ्यो। त्यस्ता शिक्षकको तलबी खर्चमध्ये गाउँलेबाट दुईतिहाइ र सरकारबाट एकतिहाइ व्यहोरिन्थ्यो। मासिक तलब करीब ४५ रुपैयाँ हुन्थ्यो। त्यसताका शैक्षिक विकासमा समुदायको सक्रियता बढी थियो। सरकारले पनि समुदायलाई नै बढी परिचालन गरेको थियो।

२०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन भयो। त्यो समितिले शिक्षा ऐन र नियमावली (एजुकेसन कोड), २०१८ को मस्यौदा सिफारिस गर्‍यो। त्यसअघि शिक्षामा यस्तो कानूनी प्रावधान थिएन। सीपमूलक तथा व्यावसायिक शिक्षाको अवधारणा पनि त्यही समितिले अघि सारेको हो।

२०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (नयाँ शिक्षा) लागू भएपछि नेपालको शिक्षा प्रणालीमा केही ठूला परिवर्तनहरू भए। शिक्षामा सरकारको लगानी बढेर बजेट पाँच प्रतिशत नाघ्यो। सरकारबाट विद्यालयले पाउने अनुदान रकम वृद्धि भयो। यही योजनासँगै जिल्ला शिक्षा कार्यालयहरू खोलिए। कर्मचारीहरू भर्ना गरिए। विद्यालयको अनुगमन र सुपरीवेक्षणको थालनी भयो। स्नातक उत्तीर्ण शिक्षकले राजपत्रांकित श्रेणीमा बढुवा पाए। शिक्षकहरूको तलबमा पनि वृद्धि भयो। यसै योजनाले विद्यालय शिक्षालाई प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको नयाँ ढाँचामा रूपान्तरण गरेको हो।

नयाँ शिक्षा योजनाको पाँच वर्षमा रु.५७ करोड खर्च गर्ने लक्ष्य राखिएको थियो। सँगै विद्यार्थी भर्ना दर क्रमश: बढाउँदै लैजाने लक्ष्य पनि यस योजनामा थियो। त्यो लक्ष्य पूरा भयो पनि। वास्तवमा शिक्षामा सरकारी प्रतिबद्धताको सुरुआत त्यही योजनाले गरेको थियो। विद्यमान शैक्षिक पद्धतिको जग नै त्यही योजना थियो। नयाँ शिक्षा योजना सीधै दरबारबाट आएको थियो। सो योजना कसरी र कसले तयार गर्‍यो? भन्ने कुरा चाहिँ कसैलाई थाहै भएन।


यस अवधिमा केही नकारात्मक परिणामहरू पनि देखिए। नयाँ शिक्षा योजनाअघि प्राय: विद्यालयहरू समुदायका स्वामित्व र नियन्त्रणमा थिए। विद्यालय अनुदान र शिक्षकको तलबभत्ता सरकारले व्यहोर्ने भएपछि पहिलेका सञ्चालक समितिहरू भङ्ग गरिए। तर समुदायको सम्पूर्ण स्वामित्व सरकारले नै लिने परिकल्पना नयाँ शिक्षाले गरेको थिएन। सरकारबाट बढी तलब पाएपछि शिक्षकहरूले समुदायलाई टेर्न छाडे। त्यसपछि विद्यालय व्यवस्थापनमा समुदाय पछि पर्दै गयो। नयाँ शिक्षा योजनाले व्यावसायिक तथा सीपमूलक शिक्षालाई प्राथमिकता दिए पनि त्यो खासै फलदायी रहेन।



**प्रदीप महर्जन**
**प्राचार्य, मङ्गल उमावि, कीर्तिपुर, काठमाडौं**

शिक्षामा धेरै कुरामा आशावादी हुने ठाउँ छन्। विगतको तुलनामा विद्यार्थीमा ज्ञान/सीपको स्तर उकासिएको छ। क्षमताको स्तर बढेको छ। विदेशका विद्यार्थीहरूसँगको प्रतिस्पर्धामा नेपाली विद्यार्थी अब्बल देखिन थालेका छन्। नयाँ-नयाँ विषय र पाठ्यक्रमहरू आएका छन्। त्यसले अवसरको दायरालाई बढाएको देखिन्छ। विद्यार्थीमा मिहिनेत गर्ने बानी बढाएको छ। यसलाई उपलब्धि नै मान्नुपर्छ।

हाम्रा लगभग सबैजसो शिक्षकहरू तालिमप्राप्त छन्। हो, तालिमको ज्ञान/सीपलाई शिक्षकले कक्षाकोठामा चाहिँ पुर्‍याएका छैनन्। विद्यालयको निरीक्षण र सुपरीवेक्षण कमजोर बन्दै गएको छ। विद्यालयको संख्यासँगै स्रोतव्यक्तिको जिम्मेवारी बढ्दो छ। त्यसले गर्दा पनि निरीक्षण गर्न नभ्याइएको हो कि? अर्कोतिर, सामुदायिक स्कूलमा पर्याप्त बजेट पुग्न सकेको छैन। गुणस्तर सुधारका निम्ति लगानी बढाउनुपर्ने आवश्यकता छ।



**केदारभक्त माथेमा**
**पूर्व उपकुलपति, त्रि.वि.**

बितेको ६० वर्षमा विद्यालय संख्या र विद्यार्थीको भर्नादरमा ठूलो बढोत्तरी भएको छ। यसमा सरकार, समुदाय र दातृ निकायको उल्लेख्य योगदान छ। नेपालको शैक्षिक विकासमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) लाई बिर्सनुहुँदैन। यसले

शिक्षकको हैसियत र तलब सुविधा बढायो। पेशागत सुरक्षाको ग्यारेन्टी गऱ्यो। शिक्षक तालिमले व्यापकता पाउन सक्यो। यही अवधिमा हो- शिक्षाप्रति सरकारको प्रतिबद्धता बढेको।

यस हिसाबले पञ्चायती सरकारले पनि शिक्षालाई आफ्नो महत्त्वपूर्ण एजेण्डा बनाएकै हो। त्यो अवधिमा केही नकारात्मक पक्ष पनि देखिए। शिक्षामा 'एक भाषा नीति' अपनाइयो। त्यसले अन्य जनजातिका मातृभाषालाई ओझेलमा पाऱ्यो। नयाँ शिक्षा योजनाको तर्जुमाको क्रममा शिक्षा क्षेत्रका विज्ञहरूलाई सम्मिलित गराइएन। न त समुदाय र विद्यालयका प्रतिनिधिसँगै परामर्श लिइएको थियो। त्यसैले त्यो 'टप-डाउन मोडल' भइदियो।

परीक्षा प्रणाली कमजोर भइदियो। हामीले सिकाइमा ध्यान नदिएर 'जाँच'लाई जोड दियौं। अरु कसले कति अङ्क ल्यायो ! भन्ने कुरालाई उपलब्धिको आधार मान्यौं न कि विद्यार्थीले के कति ज्ञान/सीप हासिल गरे भनेर। सिर्जनशील लेखनको बानी बसाएनौं। बरु, कण्ठ गरेर लेखेका उत्तरलाई बढी अङ्क दिने परिपाटी बसायौं। विद्यार्थीलाई 'क्रिटिकल थिङ्किङ' गराउनेतर्फ सोच्दै सोचेनौं।

केही वर्षयता विद्यालयको अनुगमन र सुपरीवेक्षण प्रणाली खस्कँदै गएको छ। तराई क्षेत्रका विद्यालयको अवस्था त झन् भयावह छ। शिक्षकहरू आफ्नो शिक्षण कर्म छाडेर दलका झण्डा बोक्दैछन्। विद्यालयमा उनीहरूको उपस्थिति दर घट्दो छ। शिक्षकहरूमा 'हामीलाई कसले छुन सक्छ र?' भन्ने जस्तो मनोवृत्ति बढेर गएको छ।

यस अवधिमा शिक्षामा अहित हुने गरी राजनीतिकरण भयो। तर, गुणस्तरीय शिक्षाका निम्ति चाहिँ राजनीति हुन सकेन। सार्वजनिक शिक्षा प्रणालीमा हामीले सुधार गर्न सकेनौं। त्यसैले निजी विद्यालयको संख्या क्रमिक रूपमा बढेर गयो र सक्ने अभिभावकले आफ्ना बालबालिकालाई उतैतिर लगे। सबै सामुदायिक विद्यालय बिग्रिए भन्ने मेरो आशय होइन। कतिपय विद्यालय निजीभन्दा अब्बल देखिएका छन्। तर विकसित भनिने मुलुकहरूमा ९० प्रतिशतभन्दा बढी विद्यार्थीहरू सामुदायिक विद्यालयमै पढाइन्छन्। त्यसैले हामीकहाँ पनि सामुदायिक विद्यालयको स्तरोन्नतिमा ध्यान दिनैपर्छ। यसको विकल्प देखिँदैन।



## विजयलक्ष्मी श्रेष्ठ

**प्राचार्य, पद्मोदय उमावि, काठमाडौं**

शिक्षाको प्रतिफल लामो अवधिपछि मात्रै देखिन्छ। तर, हामीकहाँ शिक्षा मन्त्रालयको नेतृत्व परिवर्तन हुनासाथ नयाँ योजना ल्याउने प्रचलन छ। यो ठीक होइन। २०११ सालदेखि हालसम्म आइपुग्दा विद्यालयको तहगत संरचनामा धेरैपटक फेरबदल भयो। त्यसो गर्नु आवश्यक थिएन।

नयाँ शिक्षा योजनाले अघि सारेको व्यावसायिक शिक्षाको अवधारणा एकदमै राम्रो थियो। तर, त्यसले गति लिन सकेन। व्यावसायिक शिक्षाको कार्यान्वयन भइदिएको भए निम्नस्तरको दक्ष जनशक्ति उत्पादन हुन्थ्यो। अहिले त गाउँमा काम गर्ने जनशक्ति भेटिन पनि मुस्किल पर्न थालेको छ। किसानका छोराछोरीले नै कुटो, कोदालो समात्न नमान्ने अवस्था आएको छ। हाम्रो शिक्षा पद्धति कमजोर भएकै कारण यो अवस्था आएको हो।

२०१३ सालमा कलेज अफ एजुकेशनको स्थापना भयो। मैले पनि त्यहीं पढेको हुँ। त्यतिबेलाको शिक्षक तालिम धेरै नै प्रभावकारी थियो। अहिले शिक्षक तालिम नाममात्रका छन्। यस्तो तालिम लिएका जनशक्तिबाट विद्यालयको पठनपाठन गुणस्तरीय हुन सक्दैन।



## डा. बाबुराम पोखरेल

**अध्यक्ष, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन, नेपाल (प्याब्सन)**

शिक्षामा हामी कहिल्यै आत्मनिर्भर बन्न सकेनौं। हामीलाई कस्तो शिक्षा चाहिने हो? त्यसनिम्ति कस्तो पाठ्यक्रम आवश्यक पर्ने हो ? भन्ने सवालमा आफैंले निर्णय लिन सकेनौं। यसमा दातृ समुदाय बढी हावी भए। तिनले जता लगे, हामी उतै मोडियौं। त्यसैले नेपालको शिक्षालाई म 'बाटो बिराएको बटुवा' जस्तो ठान्छु। यो अझैसम्म गन्तव्यहीन छ।

नयाँ शिक्षा योजनाका निम्ति दातृ संस्थाले आर्थिक सहायता दिए। त्यसपछि विद्यालयको सञ्चालन र शिक्षकको तलब भत्ताको सम्पूर्ण जिम्मेवारी सरकारले लियो। योजना सकिएपछि बजेट घट्न थाल्यो र विद्यालयहरू फेरि समुदायमा जान थाले। त्यससँगै २०३६ सालपछि नेपालमा निजी विद्यालयहरू खुल्ने क्रम शुरू भएको हो। हाल आएर फेरि सामुदायिक विद्यालयमा सरकारको लगानी बढ्न थालेको छ। तर, त्यसको प्रतिफल चाहिँ न्यून छ। नयाँ शिक्षा लागू भएपछि विद्यालयमा व्यावसायिक शिक्षाको थालनी भएको थियो। जुन सकारात्मक प्रयास थियो। तर, व्यावसायिक शिक्षाले लामो समय निरन्तरता पाएन। अहिले विद्यालय क्षेत्र सुधार योजनासँगै फेरि व्यावसायिक शिक्षाको बहस शुरू भएको छ। वास्तवमा प्राविधिक र व्यावसायिक शिक्षा नै अहिलेको आवश्यकता हो।

सरकार र आम समुदाय यतिखेर निजी स्कूलको विरोधमा उत्रिएका छन्। यसरी विरोध गर्नुभन्दा बरु प्रोत्साहन गर्नुपर्थ्यो। हामी पनि सरकारसँग मिलेर अघि बढ्न तयार छौं। शिक्षालाई सार्वजनिक निजी साझेदारी मोडलमा लैजाऔं। सामुदायिक र निजी विद्यालयबीचको सहकार्यको वातावरण निर्माण गरौं।



## रामेश्वर खनाल

**पूर्व अर्थसचिव एवं प्रधानमन्त्रीका सल्लाहकार**

पर्वतारोही आप्पा शेर्पाले १,५५० किलोमिटर लामो 'ग्रेट हिमालयन ट्रेक' हिंडिसकेपछि भने, 'देश त साँच्चिकै बदलिएछ।' आप्पाले जे देखे, त्यो देशको यथार्थ तस्बीर हो। शिक्षाको ६ दशक लामो इतिहास हेर्ने हो भने यस अवधिमा धेरै उपलब्धि हासिल भएका छन्। गाउँमा विद्यालय र विद्यार्थीको संख्या दुवै बढेकै छ। यसमा सरकारसँगै समुदायको पनि उत्तिकै ठूलो योगदान छ। समुदाय र परिवारबाट शिक्षामा हुने खर्चको हिस्सा पनि बढेको छ।

बिहारबाट सयौंको संख्यामा विद्यार्थीहरू नेपालका सीमावर्ती विद्यालयमा भर्ना हुन आउँछन्। यो पनि नेपालको शैक्षिक गुणस्तर उकासिएको संकेत हो। २००७ सालमा शैक्षिक बजेट एक प्रतिशत पनि थिएन भने आज त्यो १७ प्रतिशत पुगेको छ। छिमेकी मुलुक भारतका धेरै राज्यसँग तुलना गर्ने हो भने नेपालको शैक्षिक लगानी माथि पुगेको देखिन्छ।

शिक्षामा निजी क्षेत्रको प्रवेशले केही फाइदा पनि भए होलान्, तर उत्तिकै नोक्सान पनि भएको छ। यसले शिक्षामा ठूलो विभेद बढाएको छ। यसले भविष्यमा सामाजिक संकट निम्त्याउने सम्भावना देखिन्छ। ग्रामीण क्षेत्रको सरकारी स्कूलमा पढेको विद्यार्थी र शहरको निजी स्कूलका विद्यार्थीको तुलनै हुन सक्दैन।

सरकारी सेवाबाट अवकाश लिएपछि मैले गाउँको विद्यालयमा पढाएँ । शहर र त्यहाँको अवस्थामा ठूलो अन्तर देखें मैले । विद्यालयमा बालबालिकालाई असल आचरण नै सिकाइएको छैन । विद्यार्थीलाई निराशा बाँडिएको छ । जुन भविष्यका निम्ति घातक बन्न सक्छ । विद्यार्थीहरू भविष्यमा नकारात्मक र विद्रोही स्वभाव लिएर निस्कने छन्। विद्यार्थीलाई राम्रो आचरण र शिक्षा दिन नसक्ने शिक्षकले पदत्याग गर्नु नै बेस हुनेछ । नभए त्यस्ता शिक्षकलाई राज्यले निकाल्न सक्नुपर्छ। शिक्षकले त विद्यार्थीमा आशाको सञ्चार गराउन सक्नुपर्छ ।

यो अवधिमा शिक्षकहरू तीव्र रूपमा राजनीतिक क्रियाकलापमा लागे । शिक्षणमा ध्यान दिएनन् । नपढाएकोमा वा आफ्ना विषयमा राम्रो नतिजा नआएको अवस्थामा पनि तिनले गल्ती पनि महसूस गर्दैनन्। शिक्षा क्षेत्रमा राजनीतिकरण बन्द हुनुपर्छ। गुणस्तर सुधारमा ध्यान दिनुपर्छ । नेपालको उच्च शिक्षा अनुसन्धानमुखी नै भएनन् । जथाभावी स्कूल खोल्ने क्रम पनि बन्द हुनुपर्छ। नक्शाङ्कनका आधारमा मात्रै विद्यालय खोलिनुपर्छ । निजी स्कूलहरू बन्दै हुनुपर्छ । नभए न्यूनतम शुल्क कायम गरिनुपर्छ ।



## जनार्दन नेपाल

**सहसचिव, शिक्षा मन्त्रालय**

नेपालको शैक्षिक विकासमा निराश भइहाल्नुपर्ने अवस्था छैन । बरु हाम्रो शैक्षिक ढाँचामा चाहिं केही कमजोरी पक्कै छ। सार्वजनिक र निजी शिक्षालाई हामीले सँगै अघि बढायौं। यसले ठूलो सामाजिक खाडल बनाएको छ ।

तिनले निजी विद्यालयहरू नाफा कमाउने उद्देश्यले नै खोलिएका हुन् । यसमा कुनै द्विविधा छैन । तथापि, सरकारलाई असहयोग नै गर्ने नियत पनि राखेको देखिंदैन। तर, त्यसरी नाफा कमाउन दिने कि नदिने भन्ने कुरा चाहिं सरकारको नीतिमा भर पर्ने कुरा हो ।

शिक्षामा व्यापक राजनीतिकरण भयो भन्ने तर्कमा म पूरै सहमत छैन । तैपनि छिटोछिटो सरकार परिवर्तन हुने अवस्थाले केही समस्या बनाएको चाहिं छ। सबै नेतृत्वले आफूलाई अरूभन्दा पृथक् र क्रान्तिकारी देखाउन खोज्दा समस्या परेको जस्तो देखिन्छ। नेतृत्वमा जो आए पनि नि:शुल्क शिक्षामै जोड दिएको देखिन्छ । वास्तवमा शिक्षामा नि:शुल्क भन्नुमै दोष छ कि ! हामीले नि:शुल्क गर्ने त भन्यौं । तर विद्यालयलाई आवश्यक पर्ने पर्याप्त रकम चाहिं दिन सकेनौं । विद्यालयको सम्पूर्ण आवश्यकतालाई सम्बोधन गर्न नसकेसम्म नि:शुल्क शिक्षाको प्रतिबद्धता जनाइरहनुको औचित्य देखिदैन। अर्कोतिर, गुणस्तरीय शिक्षाका लागि मानिसहरू पैसा खर्च गर्न तत्पर देखिएका छन् । सामुदायिक विद्यालयमा न्यूनतम शुल्क लिन पाउने नीति हामीले बनाइदियौं भने एक वर्षपछि नै विद्यालयको गुणस्तरमा सुधार आउने सम्भावना देख्छु म ।

विद्यालयको व्यवस्थापन समुदायलाई दिने नीति सरकारले ल्यायो । यसको लक्ष्य समुदायलाई नै सशक्त गर्नु थियो । तर, यो पनि हाँसको चाल न कुखुराको चाल जस्तो भएको छ । यसमा शिक्षकहरूबाट पनि असहयोग भयो । निजी स्कूलको व्यवस्थापन त्यत्तिकै राम्रो भएको होइन । किनभने निजी स्कूलहरू स्वायत्त छन् । शिक्षकको व्यवस्थापन र परिचालनमा व्यवस्थापन स्वतन्त्र छ । त्यस्तै पद्धतिलाई सामुदायिक स्कूलमा पनि बसाल्न खोजिएको हो । तर, हामी असफल भयौं । अर्कोतिर, शिक्षकको व्यवस्थापनमा पनि हामी असफल भएका छौं ।



## डा. सुशन आचार्य

**शिक्षाविद्**

विश्वविद्यालय र स्कूलबीच प्रत्यक्ष अन्तरसम्बन्ध हुन्छ। विश्वविद्यालयका विद्यार्थी स्कूलमा पढाउन जान्छन् । अनि तिनले पढाएका विद्यार्थीहरू फेरि विश्वविद्यालयमा आइपुग्छन्। तर, विश्वविद्यालय र स्कूलको शिक्षालाई हामीले कहिल्यै पनि 'इन्टर लिंक' गर्न सकेनौं । खासगरी गुणस्तर सुधारका निम्ति दुवै तहलाई एकसाथ लैजानुपर्छ ।

हाम्रो शैक्षिक पद्धतिमा धेरै कमजोरीहरू छन् । विद्यार्थीहरू 'हामी कोही पनि फेल हुनुहुँदैन । सबैजना पास हुनैपर्छ' भन्दै आउँछन् । चित्तबुझ्दो भएन भने शिक्षकलाई दुर्व्यवहार गर्नेदेखि कुट्न समेत पछि पर्दैनन् । उत्तरपुस्तिका परीक्षणमा पनि लापरवाही हुने गरेको छ । परीक्षा नियन्त्रण कार्यालयले योग्य मान्छे नहेरी जो पायो त्यहीलाई कपी जाँच्न लगाउँछ । त्यसमा पनि मन्त्रीका मान्छे र रेक्टरका मान्छे भनेर भागबण्डा हुँदोरहेछ । त्यस्तो परीक्षणबाट कस्तो परिणाम आउला ? यस्तो चाला रहेसम्म शैक्षिक गुणस्तर सुध्रने अवस्था देखिंदैन ।

विश्वविद्यालयसम्म आइपुग्ने प्राय: विद्यार्थीको शैक्षिक पृष्ठभूमि कमजोर नै हुन्छ । त्यसमा पनि अंग्रेजीमा सुस्त हुन्छन् । अंग्रेजीमा थेसिस लेख्न मुस्किल पर्छ । भोलि तिनै विद्यार्थीहरू स्कूलमा पढाउन पुग्छन् । उनीहरूबाट गुणस्तरीय शिक्षणको अपेक्षा गर्न सकिंदैन । त्यसैले मैले विश्वविद्यालय र स्कूलको शिक्षाबीच 'इन्टर लिंक' गर्नुपर्नेमा जोड दिएको हुँ ।

नेपालमा विद्यालय सुपरीवेक्षण र निरीक्षण प्रणालीले कामै गर्न सकेन । निरीक्षकहरू निरीक्षणमै आउँदैनन् भन्ने गुनासो शिक्षकहरूको छ । खासमा यो सोचाइ नै गलत हो । अरूले निरीक्षण गर्दिए सुधार गर्थें भन्ने मनोभावना राखेर हुँदैन । आफ्नो जिम्मेवारी आफैंले वहन गर्ने हो, सुधार आफैंले गर्दै जाने हो । अरूको मुख ताक्ने नै होइन । यसको मतलब सुपरीवेक्षण गर्नै पर्दैन भन्ने पनि होइन । विद्यालयको अवस्था के छ ? स्रोतसाधन पुगेको छ कि छैन ? शिक्षकलाई कुनै समस्या परेको छ कि ? यस्ता समस्याको समाधानमा सघाउ पुग्ने गरी सुपरीवेक्षण संयन्त्र बनाइनुपर्छ ।




## डा. तुलसीप्रसाद थपलिया

**उपसचिव, शिक्षा मन्त्रालय**

शिक्षा विभागले गराएको एक अध्ययन अनुसार ललितपुरका कतिपय विद्यालयहरूमा भौतिक पूर्वाधार पर्याप्त छ। टाइ, बेल्टको व्यवस्था पनि छ । अंग्रेजी माध्यमको पठनपाठन छ । तैपनि ती विद्यालयका पठनपाठनको अवस्था सन्तोषजनक देखिंदैन। त्यसको कारण हो, हामीले समुदायसँग सहकार्य गर्नै सकेका छैनौं। विद्यालय नेवार समुदायको बीचमा छ, तर त्यहाँ पढ्ने विद्यार्थीहरू चाहिं नेवार समुदाय भन्दा बाहिरका छन् । त्यहाँ विद्यालय र समुदायबीच आपसी तालमेल नै नमिलेको देखिन्छ। त्यस्ता विद्यार्थीको सामाजिक-सांस्कृतिक पृष्ठभूमिलाई राम्रोसँग पहिचान नगरिकन सबैखाले विद्यार्थीबीच तुलना गरेर समानता खोज्नु सान्दर्भिक हुन्छ जस्तो मलाई लाग्दैन ।

*(१५ वैशाख २०६९, ललितपुर)*

प्रस्तुति: **प्रमोद आयाम**



डा. सुरेशराज शर्मा

# गल्ती सच्याऔँ अघि बढौं

**सामुदायिक स्कूलमा पढाउने शिक्षकहरू कि राजनीतिमा, कि अर्कै व्यवसायमा, कि ट्युशन पढाउनमा कि निजी स्कूल खोली त्यहाँ तल्लीन हुनमा लागे। निजी स्कूल खोलेर त्यहाँ पढाउने काम विश्वविद्यालयका आङ्गिक क्याम्पसमा पढाउनेहरूमा बढी देखियो। यसबाट शिक्षकको दायित्व र मर्यादाको उल्लङ्घन भयो।**

राणाशासनलाई 'अन्धकारको युग' पनि भनिन्छ। यद्यपि, उनीहरूले संसारमै शुरू भएका पहिला तीन वटा जलविद्युत् आयोजनामध्येको एउटा (फर्पिङ) र केबलकार देशमा भित्र्याएका थिए। त्यति चाँडो यस्तो प्रविधि भित्र्याउनेहरूले मुलुकलाई अन्धकारमै राखे भन्न कति मिल्ला? नेपालमा शिक्षक नै नभएको बेला कलकत्ताबाट शिक्षक ल्याई दरबार हाईस्कूल, उतैबाट प्राध्यापक ल्याई त्रिचन्द्र कलेज र उतैबाट डाक्टर ल्याई वीर अस्पताल पनि उनीहरूले नै खोलेका थिए।

जङ्गबहादुर राणाले आफ्नै परिवारका लागि मात्र भनेर दरबार हाईस्कूल खोलेका भए पनि पछि भारदारहरूसम्म र क्रमशः आम जनताका लागि पनि खुला गरिएको त्यस स्कूलले नेपालमा पाश्चात्य ढाँचाको शिक्षाको प्रादुर्भाव गराएको थियो। बालब्रह्मचारी षडानन्द अधिकारीको पहलमा वि.सं. १९३२ तिर दिङ्लामा संस्कृत पाठशाला मात्र होइन झन्डै १७ सय रोपनी जमीनसहित एउटा विद्याश्रम नै स्थापना गर्न लालमोहर प्रदान गर्ने, देवशमशेरका पालामा मुलुकका ठाउँ-ठाउँमा सरकारको पूरै खर्चमा भाषा पाठशालाहरू सञ्चालन गर्ने, वीर अस्पतालकै हातामा नर्सिङ तालिम र पछि अक्जिलरी हेल्थवर्कर्सको तालिमसमेत चलाई प्राविधिक शिक्षाको सूत्रपात गराउने पनि उनीहरूकै काम थिए।

तथापि, जनता धेरै शिक्षित भए भने आफ्नो हातबाट शासन बाहिर जान्छ भनी उनीहरूले शिक्षा प्रसारमा त्यति रुचि राखेनन्। त्यसैले गर्दा उद्योग, विद्युत्, कृषिक्षेत्रको आधुनिकीकरण, यातायात, स्वास्थ्य आदि क्षेत्रको विकास पछि पर्न गयो। यसै आधारमा त्यस युगलाई 'अन्धकारको युग' भन्ने गरिएको हुन सक्छ। राणा शासन सिद्धिंदा देशमा एउटा कलेज, १८ वटा हाईस्कूल, ४४ वटा मिडिल स्कूल, ९ वटा प्राइमरी स्कूल, एकाध सय भाषा पाठशाला र केही संस्कृत पाठशालाहरू सञ्चालनमा थिए। तीमध्ये ५७ वटा पाठशाला काठमाडौं उपत्यकाभित्र र १०० जति बाहिर थिए।

**पहिलो कोसेढुङ्गा** (२००७–२०१७)

राणाशासनको अन्त्यपछि मुलुकको काँचुली फेर्छौं भनेर कस्सिएका राजनीतिक नेता र बुद्धिजीवी वर्गले शिक्षाको विकास नै सबै विकासको मेरुदण्ड हो भन्ने बुझेका हुनाले त्यसैलाई प्राथमिकता दिन थालियो। त्यसताका नेपालले भारतमा प्रचलित शिक्षा पद्धति छोडेर आफ्नै आवश्यकता अनुकूलको शिक्षा दिने सम्भावना थिएन। किनभने यहाँ पढेकाले त्यसपछिको शिक्षाका लागि भारतमा जानुपर्थ्यो र



यहाँको ढाँचालाई उनीहरूले मान्यता दिएको हुनुपर्थ्यो। उनीहरूकै ढाँचा नपछ्याई उनीहरूको मान्यता पाउन सम्भव थिएन। त्यति मात्र होइन, राजधानीबाहिरका स्कूल-कलेजले पढाउने शिक्षक, पाठ्यपुस्तक र कापी-कलमसमेत भारतबाटै ल्याउनुपर्थ्यो। त्यसकारण २००७ देखि २०२७ सालसम्मको शिक्षाले हुबहु भारतकै शिक्षालाई अवलम्बन गर्‍यो। २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना नहुन्जेल यहाँका सबै कलेजले पटना विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेका थिए। परीक्षा उनीहरूले लिन्थे, कापी उतै जाँच्थे, प्रमाणपत्र उनीहरूले नै दिन्थे।

उच्च शिक्षालाई अझ माथिल्लो तहतिर लैजान सरकारले भारत, अमेरिका, बेलायत, जर्मनी, सोभियत संघ, चीन र जापान जस्ता मुलुकहरूलाई हामीकहाँ विशेषज्ञ तयार गर्नका लागि छात्रवृत्ति प्रदान गर्न मद्दत गरिदेऊ भनेर अनुरोध गर्ने गर्‍यो। परिणामत: ती सबै मुलुकबाट हामीले चिकित्सा, इन्जिनियरिङ, कृषि, शिक्षाशास्त्र, विज्ञान, कानून आदि विषयमा स्नातक, स्नातकोत्तर एवं पीएचडीसम्मका छात्रवृत्ति प्राप्त गर्न थाल्यौं। त्यसरी छात्रवृत्ति पाएर पढेका व्यक्तिहरू स्वदेश फर्केपछि माथिल्लो तहका कार्यक्रम चलाउन, अनुसन्धान केन्द्र स्थापना गर्न र थुप्रै विकास-आयोजना सञ्चालन गर्न सम्भव भएको थियो। विदेशीहरूबाट यसरी मागेको सहयोग निकै फलदायी पनि भयो। त्यसबाट त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तहको कार्यक्रम चलाउन आफ्नै जनशक्तिको आधार बलियो हुँदै गयो। त्रिवि स्थापनाको करीब दश वर्षसम्म प्रत्येकजसो विषयका प्राध्यापकहरू पठाई भारतले धेरै सघायो। विश्वविद्यालयको केमेस्ट्री ब्लक, पुस्तकालय ब्लक र छात्रावास बनाउनेदेखि हेटौंडाको वनविज्ञान अध्ययन संस्थानको सम्पूर्ण पूर्वाधार बनाउन र विज्ञ तयार पार्न पनि भारतले नै सघायो। अमेरिकी सरकारले कृषि कार्यक्रम, शिक्षाशास्त्रको विकास र विस्तार एवं जनशक्ति तयार गर्नमा अत्यन्त महत्त्वपूर्ण योगदान गर्‍यो। तल्लो तहका दक्ष जनशक्ति तयार गर्न स्वीस सरकारले बालाजुमा मेकानिकल ट्रेनिङ सेन्टर, जर्मन सरकारले थापाथलीमा टेक्निकल ट्रेनिङ इन्स्टिच्युट र युनाइटेड मिशन टु नेपालले बुटबलमा बुटबल टेक्निकल इन्स्टिच्युट जस्ता तालिमकेन्द्रहरू बनाइदिए।

**शिक्षकका युनियनहरू सुविधा वृद्धि लगायतका माग मात्र गर्ने र राजनीतिक नेताको पछि लाग्ने संस्कार बढ्न पुग्यो। फलतः विद्यार्थीले न धेरै सिक्न सके, न अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कलाहरू र खेलकुद नै सिकाउन सकियो। ती कुरामा बढी ध्यान दिई चनाखो भएकाले निजी विद्यालयले अभिभावकको मन जित्न थाले।**



यसरी त्रिभुवन विश्वविद्यालयको स्थापना र सञ्चालनमा, मध्यमस्तरीय र निम्नस्तरीय जनशक्ति उत्पादन गर्ने बलिया संयन्त्रहरू खडा गर्नमा र दक्ष जनशक्ति उत्पादन गरी प्राविधिक जनशक्तिको आधार बनाउनमा बाहिरी सहयोगको उत्तम प्रयोग हुन पुग्यो। सरकारका तर्फबाट पनि प्रशस्त पहल र लगानी गरियो। जनस्तरबाट पनि थुप्रै स्कूल र कलेजहरू ठाउँठाउँमा स्थापना भए।

यी दुई दशकमा भएका उपलब्धिलाई महत्त्वपूर्ण कोसेढुङ्गा नै मान्नुपर्छ। त्यस कालखण्डका कमजोर पक्ष चाहिं–

- शिक्षाका लागि कुल सरकारी बजेटको ३-४ प्रतिशत मात्र रह्‍यो,
- नेपालको शिक्षालाई नेपालकै आवश्यकता अनुकूलको ढाँचाको बनाउन सकिएन,
- साधारण विषयहरूको पढाइको स्तर स्कूल र उच्चशिक्षा दुवै तहमा उत्साहवर्द्धक रहेन,
- सरकारले दिएको अनुदान बलियो आधारशिला बनाउन र शिक्षक तथा प्राध्यापकको सेवा सुरक्षित र मर्यादित तुल्याउन पर्याप्त भएन,
- प्राविधिक कलेजहरू सम्बद्ध मन्त्रालयकै तजबिजमा चले। अनुसन्धान केन्द्रहरू पनि विभागबाटै सञ्चालित रहे, जस्तै : शाही औषधि अनुसन्धानशाला वन मन्त्रालयको, खाद्य अनुसन्धानशाला कृषि मन्त्रालयको, फरेस्ट रिसोर्सेज केन्द्र वन मन्त्रालयको र खानी विभाग उद्योग मन्त्रालयको कार्यक्रममा पर्न गए।

समष्टिमा भन्नुपर्दा २००७ देखि २०२७ सालसम्मको दुई दशकमा धेरै राम्रा कामहरू भए, धेरै काम अर्थ अभाव र अनुभवका दृष्टिकोणले अपुरा पनि रहे। सरकार, जनता र विदेशी सहयोग तीनै पक्षबाट शिक्षामा भएको लगानी र बल भने उत्साहप्रद रह्‍यो।

## दोस्रो कोसेढुङ्गा (२०२८–२०४८)

यस अवधिमा नेपालले आफ्नै आवश्यकता र क्षमतालाई दृष्टिगत गर्दै राष्ट्रिय शिक्षापद्धतिको योजना बनायो, जसलाई नयाँ शिक्षा योजना भनियो। सो योजनाको मुख्य जोड निम्न कुराहरूमा थियो –

- मुलुकको आधुनिकीकरण र द्रुततर विकासका लागि शिक्षा नै कारकतत्व हो भन्ने कुरालाई ध्यानमा राखेर 'सोसल डिमान्ड एप्रोच' भन्दा 'म्यानपावर प्लानिङ' लाई अङ्गीकार गरियो।
- नयाँ शिक्षा योजना बनाउन र योजनालाई अभियानकै रूप दिन डा. मोहम्मद मोहसिन, ठाकुरमान शाक्य, केशवप्रसाद नेपाल रहेको र राजाका तर्फबाट संयोजन गर्ने जिम्मा नारायणप्रसाद श्रेष्ठलाई लगाइएको एउटा कार्यदल बनाइयो। राजा महेन्द्रबाट युवराज वीरेन्द्रलाई त्यसमा समेत संलग्न गराई त्यस योजनाप्रति पूरा प्रतिबद्धता दर्साइयो।
- योजना लागू गर्दा ५ वर्ष (२०२८ देखि २०३३ साल) को कार्यान्वयनको चरणसहित बजेटको खाका तयार गरियो।

## नयाँ शिक्षा योजनाका मुख्य पक्ष

- शिक्षाको अवसरलाई देशका कुनाकाप्चासम्म पुर्‍याउने,
- शिक्षालाई रोजगारमुखी र देशको आवश्यकतामुखी बनाउन प्राविधिक र व्यावसायिक बनाउने,
- शिक्षालाई स्तरयुक्त बनाउन अन्तर्राष्ट्रिय ढाँचा अवलम्बन गर्ने, जस्तो:

विद्यालय शिक्षामा प्राथमिक शिक्षाको लक्ष्य साक्षरता प्रदान गर्ने, तीन वर्षको पाठ्यक्रममा नेपाली, गणित र सामाजिक शिक्षाको आधारभूत ज्ञान प्रदान गर्ने, निम्नमाध्यमिक शिक्षाको लक्ष्य चरित्रनिर्माण गराई उच्चशिक्षाका लागि अङ्ग्रेजी, गणित, विज्ञान, व्यावसायिक शिक्षाको जग तयार गर्ने र त्यसको अवधि चार वर्षको अर्थात् कक्षा ४ देखि ७ सम्म गर्ने, माध्यमिक तहबाट विद्यार्थी निस्कँदा एउटा समूहले उच्चशिक्षाका प्राविधिक विषय पढ्न आधार बनाएको, अर्को समूहले गैरप्राविधिक विषय पढ्ने जग बनाएको, तेस्रो समूहले सीप सिकी रोजगारीमै प्रवेश पनि गर्न सक्ने आधार बनाएको हुनुपर्ने र त्यसको अवधि तीन वर्ष अर्थात् कक्षा ८ देखि १० सम्म तोक्ने।

**नयाँ शिक्षा योजनाप्रति सरकारले पूर्ण प्रतिबद्धता दर्शायो। स्कूल-कलेजमा शिक्षकको शोषण हुन थाल्यो, पर्याप्त तलब-सुविधा नदिई काम मात्र बढी लगाइयो र नोकरीको स्थायित्व पनि भएन भनेर सरकारले त्यसको जिम्मा लियो। तर सरकारले त्यो जिम्मेवारी निर्वाह गर्न सकेन।**

उच्चशिक्षा कक्षा ११ भन्दा माथिको बनाइयो। त्यसमा मुख्यत: दुई धार तोकियो–

- प्राविधिक धार: विज्ञान, चिकित्सा, कृषि, वन, अन्य प्राविधिक, शिक्षाशास्त्र
- साधारण शिक्षा धार: मानविकी तथा समाजशास्त्र, वाणिज्य तथा व्यवस्थापन, साधारण विज्ञान, कानून, संस्कृत

उच्चशिक्षालाई चार तहमा बाँडियो–

- प्रमाणपत्र तह: प्राविधिक विषय तीन वर्ष, साधारण दुई वर्ष
- डिप्लोमा (स्नातक) तह: प्राविधिक (चिकित्साबाहेक) तीन वर्ष र साधारण दुई वर्ष, चिकित्सामा साढे चार वर्ष र इन्टर्नसीप एक वर्ष
- डिग्री (स्नातकोत्तर) तह: प्राविधिकमा नतोकिएको, साधारण दुई वर्ष
- अनुसन्धान तह: तीन वर्ष

प्राविधिक शिक्षातर्फ प्रमाणपत्रले निम्नस्तरीय, स्नातकले मध्यम तथा उच्चस्तरीय र स्नातकोत्तरले विशिष्टता भएको उच्चस्तरीय जनशक्ति दिने उद्देश्य राख्यो। शिक्षाको स्तरवृद्धिका लागि निम्न कदमहरू चालिने योजनामा उल्लेख गरियो–

- पाठ्यक्रमलाई व्यापक सुधार गरी समयानुकूल बनाउने,
- शिक्षक-तालिमलाई उच्च प्राथमिकता दिई विद्यालय तहमा तालिमप्राप्त शिक्षकलाई मात्र स्थायी शिक्षक बनाउने,
- परीक्षा र मूल्याङ्कन प्रणालीमा व्यापक सुधार गरी विद्यालय र विश्वविद्यालय तहमा आन्तरिक मूल्याङ्कनलाई २५ प्रतिशत पूर्णाङ्क प्रदान गर्ने,
- उच्चशिक्षामा सेमिस्टर प्रणाली लागू गर्ने,
- स्नातकोत्तर तह उत्तीर्ण हुन एक वर्षको राष्ट्रिय विकास सेवा (राविसे) अनिवार्य रूपमा गर्नुपर्ने, त्यसलाई क्रमश: प्राविधिक विधामा स्नातक (डिप्लोमा भन्ने गरिएको) तहमा पनि लागू गर्ने,
- उच्चशिक्षाका सबै तहको भर्ना क्षमता तोकी प्रवेश-परीक्षाबाट छानिएकालाई मात्र भर्ना गराउने।

शुरूको दशक (२०२८-३८) नयाँ शिक्षा योजनाप्रति सरकारले पूर्ण प्रतिबद्धता दर्शायो। स्कूल-कलेजमा शिक्षकको शोषण हुन थाल्यो, पर्याप्त तलब-सुविधा नदिई काम मात्र बढी लगाइयो र नोकरीको स्थायित्व पनि भएन भनेर सरकारले त्यसको जिम्मा लियो। तर सरकारले त्यो जिम्मेवारी निर्वाह गर्न सकेन।

नयाँ शिक्षा योजना मोटामोटी रूपमा दुई दशक अर्थात् २०४८ सालसम्म रह्यो। राजनीतिक निरन्तरताका लागि यो योजना ल्याइएको हो र भारतमा चलेको भन्दा केही पृथक् ढाँचाको भएको हुँदा यो पद्धति समयसापेक्ष छैन भन्ने धारणा केही बुद्धिजीवीहरू र पञ्चायत व्यवस्थाप्रति असन्तुष्ट राजनीतिकर्मीहरूले शुरूदेखि नै राख्दै आएका थिए।

### नयाँ शिक्षाको दोस्रो चरण (२०३८–२०४८) का उपलब्धि

- अंग्रेजी र विज्ञानमा बढी जोड दिन्छौं, सरकारको अनुदान पनि खोज्दैनौं, हामीलाई निजी विद्यालय स्थापना गर्न देऊ भनी पूर्वप्राथमिक, प्राथमिक, माध्यमिक, उच्चमाध्यमिक विद्यालयको माग भयो। सरकारले पनि दिने गऱ्यो। अहिले उनीहरूको पकड शहरी क्षेत्रमा मात्र होइन, गाउँघरमा पनि हुन भइसकेको छ।
- देशभित्रै स्तरीय निजी विद्यालयहरू स्थापना भई त्यसैका लागि विदेश (भारतको दार्जीलिङ, खर्साङ, देहरादून, शिमलातिर) जानेहरू धेरै घटे।
- व्यावसायिक शिक्षामा जे खोजेको हो त्यो हुन नसके पनि जस्तो ढाँचाको हुनुपर्ने हो त्यस्तो ढाँचामा रूपान्तरण भयो।
- सरकारी र गैरसरकारी दुवै क्षेत्रको प्रयासले शिक्षालाई कुनाकाप्चासम्म पुऱ्याउन सकियो।
- विश्वविद्यालयबाट उत्पादित थुप्रै स्नातकले शिक्षक र प्राध्यापकका रूपमा रोजगारी पाए।
- सरकारको पहल र विदेशी दातृसंस्थाको सहयोगमा इन्जिनियरिङ, मेडिसिन, कृषि र वनविज्ञान जस्ता प्राविधिक शिक्षा दिन पूर्ण सुविधाका केही राम्रा संस्थाहरू स्थापित भए। तिनमा स्नातक तहको पढाइ शुरू भई सीमित सङ्ख्यामा मात्र भए पनि स्तर राम्रो रह्यो। यो अवधि (२०३८-२०४८) मा निम्नलिखित कमजोरी देखिए–
- आधुनिक शिक्षाको पूर्ण अनुभव भएका विशेषज्ञ तयार नगरी पाठ्यक्रम निर्माण गर्नु ठूलो कमजोरी थियो। पाठ्यपुस्तकको लेखनमा पनि त्यही अवस्था रह्यो। आन्तरिक मूल्याङ्कन, प्राक्टिकल अभ्यास र परीक्षा पद्धतिमा पनि त्भकत बलम :भबकगचभ्रभलत का निम्ति दक्ष जनशक्ति तयार नगरी परीक्षाविधि लागू गर्न खोजियो। विद्यालयमा गई निरन्तर रूपमा वर्षभरिको पाठयोजना, प्रत्येक विद्यार्थीको नियमितता, प्रगति मूल्याङ्कन भए-नभएको निरीक्षण गर्नुपर्ने व्यवस्था थियो। आन्तरिक मूल्याङ्कन र प्राक्टिकलमा गर्नुपर्ने अभ्यासबारे र शिक्षकहरूको दायित्व पूरा भए-नभएको हेर्ने प्रावधान पनि थियो। तर त्यो दरिलो बन्न सकेन।
- शिक्षकका युनियनहरू सुविधा वृद्धि लगायतका माग मात्र गर्ने र राजनीतिक नेताको पछि लाग्ने संस्कार बढ्न पुग्यो। फलत: सरकारी स्कूलबाट जाँचमा पास हुने विद्यार्थीले न धेरै सिक्न सके, न अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कलाहरू र खेलकुद नै सिकाउन सकियो। ती कुरामा बढी ध्यान दिई चनाखो भएकाले निजी विद्यालयले अभिभावकको मन जित्न थाले। सक्नेहरूको त कुरै छाडौं, नसक्नेहरू पनि निजीमा पढाए छोराछोरी एसएलसीमा पास हुन सक्छन् र अङ्ग्रेजी भाषाको ज्ञान राम्रो हुन्छ भनी निजी विद्यालयतिर लागेपछि साधारण स्कूलहरू सुक्न थाले। क्याम्पसहरूमा पनि त्यही रूप देखापऱ्यो।
- निजी गुठीमा दर्ता भएका स्कूलहरू धमाधम मुनाफामुखी ढङ्गबाट पनि फिंजिन थाले।
- पञ्चायती राजनीतिक नेतृत्वले 'राष्ट्रिय विकास सेवामा गएका

**व्यावसायिक शिक्षा लर्बराउन थाल्यो। प्रशिक्षकले नै नजानेका सीपहरू बोर्डमा लेखाएर र पाठ्यपुस्तकमा घोकाएर जाँचमा पास गराउने गरियो। जाँचमा राम्रो अङ्क ल्याए पनि सीप सिकेको नदेखिएपछि सीपमूलक शिक्षाका लागि पूरै अर्को ढङ्को प्राविधिक शिक्षालय बनाउने नीति बनाई १०–१२ वटा त्यस्ता संस्था बनाइयो, अनि मात्र सम्भावित अपयशबाट सरकार जोगियो।**

विद्यार्थीले गर्दा हाम्रो राजनीति उदाङ्गियो, यसलाई बन्द गर' भनेर दबाब दिएपछि त्यो पनि बन्द भयो।

- स्कूलको व्यावसायिक शिक्षा लर्बराउन थाल्यो। प्रशिक्षकले नै नजानेका सीपहरू बोर्डमा लेखाएर र पाठ्यपुस्तकमा घोकाएर जाँचमा पास गराउने गरियो। जाँचमा राम्रो अङ्क ल्याए पनि सीप सिकेको नदेखिएपछि साधारण स्कूलको २०० पूर्णाङ्क र व्यावसायिक स्कूलको ४०० पूर्णाङ्कलाई सीपको आदर गर्ने प्रवृत्ति रहोस् भनेर १०० पूर्णाङ्कमा झारियो र सीपमूलक शिक्षाका लागि पूरै अर्को ढङ्को प्राविधिक शिक्षालय बनाउने नीति बनाई १०-१२ वटा त्यस्ता संस्था बनाइयो, व्यावसायिक शिक्षा दिने ढर्रामा पनि परिवर्तन गरियो, अनि मात्र सम्भावित अपयशबाट सरकार जोगियो।
- उच्चशिक्षातर्फ पूर्ण तयारीविना लागू गरिएको सेमिस्टर प्रणाली फिर्ता लिनुपऱ्यो। ६-६ महिनामा परीक्षा लिने र निरन्तर मूल्याङ्कन गर्ने प्रणालीलाई फिर्ता लिई वार्षिक परीक्षा प्रणाली स्थापित गरियो।
- शिक्षाको बढ्दो मागलाई सरकारका आङ्गिक क्याम्पसबाट धान्न नसकी सरकारको आर्थिक दायित्व नपर्ने गरी निजी क्याम्पसलाई स्वीकृति दिन थालियो। मुनाफामुखी उद्देश्य नरहुन्जेल त यो प्रणाली ठीकै देखियो, तर मुनाफाको प्रवृत्ति बढ्दै गयो।
- क्याम्पसमा बढी नै राजनीति पसी पढाइको क्यालेन्डर खलबलिन थाल्यो। अन्यत्र तीन वा चार वर्षमा पढाउने तह हामीकहाँ दुई वर्षको स्नातक रहिरहने तर त्यो पूरा गर्न भने चार वर्ष लाग्ने हुन थाल्यो। थोरै पढाइ हुने, जाँचमा पास पनि थोरै हुने, पास हुनेले सिकेका कुरा पनि गैरसरकारी क्षेत्रको रोजगारीका लागि अनुकूल नहुने भएपछि सक्ने नेपालीहरू आफ्ना छोराछोरीलाई बाहिर पठाउन थाले। प्राविधिक विषयमा यहाँका क्याम्पसले न क्षमतावृद्धि गरे, न अरूलाई सम्बन्धन दिन रुचाए। ती विधा पढ्न त विदेश जानेको ओइरो नै लाग्यो।

यस अवधिमा शिक्षाको स्तर विदेशी शिक्षाको दाँजोमा राम्रो देखिन सकेन। शिक्षक र विद्यार्थीले राजनीतितिर बढी रुचि लिइदिएकाले शिक्षाको स्तर वृद्धि गराई क्यालेन्डर दुरुस्त राख्न सकिएन। सरकारले प्राविधिक शिक्षाको विकासमा आफ्नो दायित्व निर्वाह गर्न खोज पनि गैरप्राविधिक शिक्षामा रुचि देखाएन। राम्रा कार्यक्रम र राम्रा शिक्षणसंस्थाको अस्तित्व नै धरमर भएको देखियो। राष्ट्रिय विकास सेवा, सेडा, सरकारी पहलमा स्थापना भएको लेबोरेटरी स्कूल, महेन्द्रभवन स्कूल र आनन्दकुटी विद्यापीठ जस्ता संस्थाहरू त्यसका उदाहरण हुन्। प्राविधिक शिक्षातिर स्कूल जान छाडेका तर सीप सिक्न योग्य भएका युवाका लागि सिर्जना भएका बुटवल टेक्निकल इन्स्टिच्युट, सानोठिमी टेक्निकल इन्स्टिच्युट, थापाथली टेक्निकल इन्स्टिच्युट र धरानको इन्जिनियरिङ क्याम्पस आदिले राम्रो स्तर दिए, तर ती संस्था जसका लागि खोलिएका थिए, तिनका लागि नभई अर्कै समूहका लागि प्रयोग भइदिए।

**तेस्रो कोसेढुङ्गा** (२०४८–२०६८)

यस अवधिभित्र हाम्रो शिक्षा सही बाटोमा छ कि छैन भन्ने पहिचान गरी स्पष्ट दिशा निर्धारण गर्न, विगतका कार्यक्रमको सूक्ष्म समीक्षा गर्न, शिक्षालाई कमी-कमजोरीबाट जोगाउन दुईवटा उच्चस्तरीय आयोग बने। २०४८ र २०५५ सालमा प्रस्तुत भएका आयोगका सिफारिसहरूपछि थुप्रै कुरा भएका छन्। जस्तै–

- उच्चशिक्षामा प्राविधिक विधाको विस्तारका लागि सरकार कस्सियो र सम्बन्धन दिने नीतिमा उदार भई व्यापक विस्तारको ढोका खोलिदियो। फलस्वरूप मेडिकलका डेढ दर्जन, इन्जिनियरिङका दुई दर्जन, कृषिका आधा दर्जन तथा एप्लाइड साइन्सका तीन-चार दर्जन इन्स्टिच्युटहरू खोलिए। तिनको गुणस्तर अनुगमन गर्न विश्वविद्यालय अनुदान आयोग, प्रोफेसनल काउन्सिलहरू र विश्वविद्यालयलाई जिम्मा दिइएको छ। तर ती निकायचाहिँ सशक्त भइसकेका छैनन्।
- उच्चशिक्षा बहुविश्वविद्यालयीय प्रणालीमा गएको छ। विश्वविद्यालयस्तरीय उपाधि दिने तीन वटा स्वास्थ्य विज्ञान प्रतिष्ठान र एउटा कृषि विश्वविद्यालय पनि स्थापना भएका छन्।
- नेपाल संस्कृत विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालय धर्म र संस्कृतिमुखी विश्वविद्यालय हुन् र तिनको सञ्चालन र विकासमा सरकारको बढी दायित्व छ। पूर्वाञ्चल, पोखरा, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल जस्ता क्षेत्रीय विश्वविद्यालयहरूमा सरकारको दायित्व आधा जस्तो देखिन्छ। प्राविधिक प्रतिष्ठान र कृषि विश्वविद्यालय सरकारको बढी दायित्वमा छन्। गैरसरकारी क्षेत्रबाट स्थापित काठमाडौं विश्वविद्यालय भने गैरमुनाफामुखी, स्वायत्त र सार्वजनिक महत्त्वको संस्थाभित्र पर्दछ।
- आङ्गिक र सम्बन्धन प्रदत्त दुवै प्रकारका क्याम्पसमा स्नातकोत्तर तहको पठनपाठनमा व्यापक वृद्धि भएको छ।
- मुलुक प्राविधिक र व्यावसायिक शिक्षातिर ढल्केको छ।
- अहिले उच्चशिक्षाको विस्तार आङ्गिक क्याम्पस, सामुदायिक (गैर मुनाफामुखी) क्याम्पस र कम्पनी वा निजी तथा सार्वजनिक गुठीका माध्यमबाट विस्तार हुने गरेको छ।
- हालको अवस्था हेर्दा पूर्ण प्राविधिक शिक्षा करीब १० प्रतिशत, विज्ञान समेतलाई मिलाउने हो भने १७-१८ प्रतिशत र बाँकी साधारण शिक्षाको फाँटमा पर्दछन्।
- प्राविधिक विषय उच्चमाध्यमिक तहमा विश्वविद्यालय एवं प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत छन्। तिनको आर्थिक दायित्व आङ्गिकमा सरकारको र अरूमा संस्थाको रहने व्यवस्था छ। साधारण विषयमा भने त्यस तहको शिक्षामा सरकारले जम्मा दुई जना शिक्षकको व्ययभार लिई बाँकी भार विद्यालयलाई नै छोडेको छ। यो तह बढी निजी क्षेत्रकै हालीमुहालीमा परेको छ।
- स्कूल तहको प्राविधिक शिक्षा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्भित्र पर्दछ।
- हाल सरकारले तय गरेको नीतिमा कक्षा १० को अन्त्यमा हुने परीक्षा अब क्षेत्रीयस्तरमा छोड्ने र राष्ट्रिय तहमा उच्चमाध्यमिक शिक्षा परिषद्ले १२ कक्षाको अन्त्यमा परीक्षा लिने व्यवस्था रहेको छ।
- निजी क्षेत्रमा पूर्वप्राथमिक, प्राथमिक, माध्यमिक र उच्चमाध्यमिक विद्यालय सञ्चालित छन्। त्यहाँको खर्च र व्यवस्थापन उनीहरूलाई नै छोडिएको छ। कुनै महँगा छन्, कुनै ठीकैको शुल्क लिने पनि छन्। सालाखाला रूपमा प्रवेशिका परीक्षाको नतीजा निजीतर्फ ८० र सार्वजनिकतर्फ ३०-३५ प्रतिशतको हाराहारी छ।

यस अवधिको कमजोरीका रूपमा निम्न पक्षहरू रहे–

- शिक्षाका लागि सरकारी लगानीमा वृद्धि भएको छ, तर सरकारको

लगानीमा सञ्चालित साधारण शिक्षातर्फका कार्यक्रमले न्यून प्रतिफल मात्र प्राप्त गर्न सकेको छ।

- उच्चशिक्षामा पढ्ने-पढाउने शिक्षक-विद्यार्थी र कर्मचारी अनावश्यक रूपमा र अत्यधिक मात्रामा राजनीतितिर लाग्न पुगे। स्कूल तहमा हेर्दा सामुदायिक स्कूलमा पढाउने शिक्षकहरू कि राजनीतिमा, कि आफ्नो अर्कै व्यवसायमा, कि आफ्नै स्कूलमा पढ्ने विद्यार्थीलाई ट्युशन पढाउनमा वा जाँच जसरी भए पनि पास गराउनमा, कि निजी स्कूल आफैं खोली त्यहाँ बढी समय तल्लीन हुनमा वा त्यहाँ पनि पारिश्रमिक लिई पढाउनमा लागे। निजी स्कूल खोलेर त्यहाँ पढाउने काम विश्वविद्यालयका आङ्गिक क्याम्पसमा पढाउनेहरूमा बढी देखियो। यसबाट शिक्षकको दायित्व र मर्यादाको उल्लङ्घन भयो।
- सबै तहको पढाइ ज्ञान, सीप र चरित्रमुखी हुनुभन्दा परीक्षा र उपाधिमुखी हुन थाल्यो। जाँच पास हुनेहरूमा सीप भएन, ब्याकपेपर बोकेर ४-५ वर्ष त्यही उपाधिका लागि हल्लिएर बस्नेहरूमा त झन् सीप हुने कुरै भएन।
- के पढे, कसरी पढे, कहाँ पढे सजिलै रोजगारी पाइन्छ भन्ने सोच पढ्ने बेलामा नै राख्नुपर्ने कुरा पढिसकेपछि योग्यता भए पनि काम नपाएर छटपटाउँदा अथवा योग्यताअनुसारको भन्दा थोरै पारिश्रमिकमा काम गर्न बाध्य भएपछि मात्र थाहा पाए।
- उच्चशिक्षामा पढ्ने विद्यार्थीले सरकार र बाबुआमाको दोष देख्न थाले। आफैंभित्रको दोष पहिल्याउने स्नातकचाहिं भएनन्।
- तीन वर्षको डिप्लोमा तथा एसएलसीपछिको १५ महीनाको र एसएलसीअघिको २९ महीनाको टेक्निकल एसएलसी गर्नेहरू पनि कुनै ठाउँमा पढेका निकै राम्रा छन् भने कुनै ठाउँका निकै कमजोर। प्राविधिक विषयमा त्यति अन्तर हुनु राम्रो होइन। भनाइको तात्पर्य के हो भने गुणस्तरको अनुगमन गर्दा एकरूपता रहनुपर्ने कुरामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सजग हुनैपर्छ। बीबीएस, एमबीए, बीएल, एमएल, एमएड जस्ता व्यावसायिक कोर्षहरू पढ्नेमा पनि त्यसअनुसारको व्यावसायिक दक्षता आउन सकेको छैन। अन्य मुलुकको उच्चशिक्षामा त्यस कुरामा विशेष ध्यान दिइन्छ, हामी भने पछि पर्दैछौं। यसलाई सच्याउनुसट्टा बीबीए, एमबीए, बीफार्म, बीएस्सी नर्सिङको अत्यधिक विस्तारमा लागेका छौं। यसो गर्दा सुरुआत राम्रै भएर पनि अन्त्य नराम्रो हुन सक्छ।
- व्यापारिक उद्देश्यले गर्दा उच्चशिक्षा व्यापारीकरणको बाटोमा अग्रसर हुन खोज्दैछ। गुणस्तरतिरभन्दा आर्थिक उपार्जनतिर पो व्यावसायिक शिक्षा जाने हो कि भन्ने सम्भावना देखिन थालेको छ।
- व्यावसायिक शिक्षा पढाउने दक्ष शिक्षकको अभाव छँदैछ। त्यस्ता शिक्षकहरू एउटै संस्थामा एकाग्र भई लाग्नुपर्नेमा ४-५ ठाउँमा त्यही विषय पढाइ अर्थलाभतिर ढल्किन खोजेको हो कि जस्तो लाग्छ। एकै ठाउँमा रहेर ३-४ वटा भिन्नाभिन्नै कोर्ष पढाउनुभन्दा एकपल्ट गरेको मिहिनेतले धेरै ठाउँमा पढाई लाभ लिन खोज्नु गुणस्तरीय शिक्षकको धर्मभन्दा बाहिरको कुरा हुन सक्छ।
- नयाँ स्थापना भएका र हुने विश्वविद्यालय आफ्नै पूर्ण योग्यताका शिक्षकको जमात तयार पार्नमा लाग्नुपर्नेमा आंशिक शिक्षक राख्ने र धेरैजसो ठूलाठूला शहरी क्षेत्रमा क्याम्पस सम्बन्धन दिनमा लागेको देखिन्छ। यो क्रमलाई सुधार्नु अति आवश्यक भएको छ।
- हाम्रो शिक्षाले बाहिरको शिक्षासित साँच्चैको प्रतिस्पर्द्धामा उत्रिन धेरै कुरा गर्न बाँकी छ। सुरुआतमै लर्बरियौं भने अगाडि आइसकेको अवसर पनि हाम्रो हातबाट फुत्कन सक्छ। यो कुरा राम्ररी बुझ्नुपर्ने बेला भएको छ।

उपर्युक्त कुराहरू यस अवधिका अत्यन्त जल्दाबल्दा समस्याका रूपमा देखा पर्न थालेका छन्। त्यसबाट शिक्षालाई जोगाउनुछ।

**क्याम्पसमा बढी नै राजनीति पसी पढाइको क्यालेन्डर खलबलिन थाल्यो। थोरै पढाइ हुने, जाँचमा पास पनि थोरै हुने, पास हुनेले सिकेका कुरा पनि गैरसरकारी क्षेत्रको रोजगारीका लागि अनुकूल नहुने भएपछि सक्ने नेपालीहरू आफ्ना छोराछोरीलाई बाहिर पठाउन थाले। प्राविधिक विषय पढ्न त विदेश जानेको ओइरो नै लाग्यो।**

## उपसंहार

नेपालले सकभर चाँडो आत्मनिर्भर हुने लक्ष्यतिर अगाडि बढ्नु छ। पूर्वाधारको विकासमा र यहाँका विकास-योजनालाई अत्यावश्यक हुने जनशक्ति तयार पार्नमा हामीले पहिले विदेशीको सहयोग लिने गरेका थियौं। अब यी दुवै कुरा आफ्नै देशभित्रबाटै हुने अवस्थामा आइपुगेका छौं। त्यसैले अब सकभर सहायताका लागि विदेशीको मुख ताक्न छाडौं र आफ्नै मुलुकमा तयार भएका युवालाई काममा लगाऔं। त्यो विकास नै दिगो र सार्थक हुन्छ। शिक्षालाई पनि विश्वबजारमा भएका अवसरसित प्रतिस्पर्द्धा गर्ने साँचोमा ढालौं। त्यसका लागि आजको शिक्षाको रूपलाई नै परिवर्तन गराऔं। युवा रोजगारमुखी शिक्षामा जोड दिऔं। उत्पादनमुखी र रोजगारमुखी हुन नसकेको शिक्षाको विस्तारमा मात्र लागि नपरौं। अहिले उच्चशिक्षामा थप भएको विश्वविद्यालय वा क्याम्पसको विस्तार तिनै विधातिर भइरहेको देखिन्छ, यो विचार गरौं। अर्कातिर, अबको शिक्षालाई विस्तारमुखी र परीक्षामुखीभन्दा विश्वप्रतिस्पर्द्धामुखी बनाउने जिम्मेवारी सरकारको काँधमा छ। त्यसका लागि हालको प्रयास पर्याप्त देखिदैन। निजी क्षेत्रका स्कूलहरूको स्तरनियन्त्रण गरी तिनलाई अत्यधिक व्यापारीकरण हुन नदिनमा पनि सरकारको जिम्मेवारी छ। त्यसतर्फ पनि सरकारले गम्भीर हुनुपर्नेछ।

मुलुकको अवस्था हेर्दा–

- भौतिक पूर्वाधारको विकासका लागि अझै थुप्रै कामहरू गर्न बाँकी छ।
- ऊर्जाको स्थितिमा आत्मनिर्भर भई निर्यात गर्ने अवस्थामा पुग्न पनि धेरै काम गर्न बाँकी छ।
- खाद्यवस्तुलाई आयात गर्नुपर्ने अवस्थाबाट निर्यात गर्ने अवस्थामा अविलम्ब पुऱ्याउनै पर्नेछ।
- केही रासायनिक मल उद्योग, पशुआहार उत्पादन उद्योग र बीज उत्पादन उद्योगको स्थापनामा पनि अविलम्ब लाग्नुपरेको छ।
- निर्माण सामग्री विदेशबाट भित्र्याउनेभन्दा स्वदेशमै तयार गर्नुपर्ने स्थिति छ।
- लत्ताकपडा र कागज उत्पादनमा धेरै पछिपरेका छौं। यो गल्तीलाई सच्याइहाल्नुछ।

यी चुनौतीहरूको सामना गर्नमा जति चाँडो युवाशक्तिलाई लगाउन सक्छौं, युवाहरूको रोजगारीको अवसर त्यति नै चाँडो बन्दछ। युवाहरूलाई हामीले आकर्षक जागीर दिनुपर्दैन, उपर्युक्त पक्षमा हाम्रो पकड बलियो भयो भने त्यहींबाट अवसर आउँछ। त्यसकारण अब आउँदो दशकमा शिक्षालाई उपर्युक्त चुनौतीका लागि तयार गर्नुछ, त्यसै अनुकूलका शिक्षण संस्था सिर्जना गर्नमा लागिपरौं।

*(शर्मा काठमाडौं विश्वविद्यालयका उपकुलपति हुन्।)*

**sms प्रतिक्रियाका लागि ltr<space>5006**






प्रत्येक नयाँ खातामा अब पाउनुहोस्
एउटा आर्कषक वाटर बोतल

# नव कोपिला
## बचत खाता

ग्राहकहरूले अत्याधिक रूचाउनु भएको यो खाता अब थप सुविधाका साथ ।

**यो योजना १० वर्ष भन्दा मुनिका बालबालिकाको लागि मात्र लागु हुनेछ ।**

विशेषताहरू-

- न्यूनतम मौजदातः **रू. १०० मात्र**
- **५.५%** वार्षिक ब्याजदर
- प्रत्येक जन्मदिनमा शुभकामना उपहार स्वरूप बैंकको तर्फबाट **रू.१३३.३३** खातामा जम्मा गरिने*

*शर्तहरू लागु हुनेछ

The Banker
Bank of the Year 2011
NEPAL

भविष्यको लागि बचत

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
We make your life easier

www.bok.com.np



डा. विद्यानाथ कोइराला

# के भयो ? के भएन ?

**विज्ञानले भन्यो– बच्चाले गर्भमै सुन्न सक्छन्। स्केण्डेनेभियन देशका आमाहरू अहिले त्यही काममा लागेका छन्। गर्भवती हुँदादेखि नै बच्चाले सुन्ने गरी कथा भन्ने। कुरा सिकाउने। यसको अर्थ हो अबको बच्चा खाली टाउको जन्मँदैन। जानकार जन्मन्छ। तीन वर्षमै कलम समाउन सिक्छ। ६ वर्ष कुर्दैन।**

## घट्दो उमेरमा सिकाउ

संस्कारले सिकायो ६ वर्षमा अक्षर सिकाउने। सबै धर्मावलम्बीले त्यही गऱ्यौं। तर साठी वर्षे नेपाली शिक्षाले दुई वटा कुरा भित्र्यायो–मन्टेसरी र किन्डरगार्टन शिक्षा। यो शिक्षाले गर्दा अक्षरारम्भको उमेर घट्यो। यो आयातीत सोचलाई हामीले निजी क्षेत्रको जिम्मा लगाइदियौं। अहिले पनि नर्सरी र केजी निजी शिक्षालयकै पेवा भएका छन्। नेपाली विद्यालयले भने शिशु कक्षा र बालशिक्षा (early childhood development) दुईवटा परम्परा ल्यायो। शिशु कक्षा मौलिक जस्तै थियो। पाँच वर्ष नपुगेका स-साना बालबालिकालाई एउटै कक्षामा छुट्टै समूह बनाएर पढाउने। यो बुद्धि मक्तवमा छ। मदरसामा छ। गुम्बामा छ। आश्रममा छ। नेपालीका विद्यालयमा छ। विद्यालयमा पनि चल्ने यो शिशु कक्षा अब बिरानो हुन लाग्यो। किनकि यसको ठाउँ बालशिक्षाले लिँदैछ। कोटा नपुग्ने ठाउँमा शिशु कक्षा, कोटा पुगे बालशिक्षा, पैसा पुगे मन्टेसरी र किन्डरगार्टन। शिक्षा अहिलेको यथार्थ बनिसकेको छ। अर्थात् नाम जे लिए पनि ६ वर्षे शिक्षारम्भको बुद्धि घटेर तीनवर्षे बन्यो। यो काम ठीक बेठीक के होला, परिवर्तन भने पक्कै हो।

महाभारतका पात्र अभिमन्युले गर्भमै सिके। विज्ञानले भन्यो– बच्चाले गर्भमै सुन्न सक्छन्। स्केण्डेनेभियन देशका आमाहरू अहिले त्यही काममा लागेका छन्। गर्भवती हुँदादेखि नै बच्चाले सुन्ने गरी कथा भन्ने। कुरा सिकाउने। आफ्ना 'अमूल्य बच्चा' लाई गर्भदेखि नै जानकार बनाउने। यसको अर्थ हो अबको बच्चा संज्ञानात्मक सिद्धान्त (cognitive theory) ले भने जस्तो खाली टाउको जन्मँदैन। जानकार जन्मन्छ। तीन वर्षमै कलम समाउन सिक्छ। ६ वर्ष कुर्दैन। तर साठी वर्षे नेपाली शिक्षाले भने यतातिर ध्यानै दिएको छैन। खाली आमा शिक्षित भए बच्चा शिक्षित हुन्छ भन्ने रट लगाइरहेको छ। यस अर्थमा गर्भवती आमालाई शिक्षा त दियो तर गर्भस्थ शिशुलाई अभिमन्यु जस्तै बनाउने सोचलाई कार्यान्वयन गरेन।

## पूर्व विद्यालयको पढाइ

विगत साठी वर्षमा पूर्व-विद्यालय शिक्षा स्थापित भयो। सरकारी विद्यालयमा एकवर्षे बाल विकासका नाममा। कक्षा एकमा उमेर समूह नमिले शिक्षककै निर्णयमा शिशु कक्षाको नाममा। शहरी व्यस्त बाबुआमाका लागि बाल स्याहार केन्द्रका नाममा। नर्सरी स्कूलका नाममा। किन्डरगार्टन र मन्टेसरीका नाममा। परीक्षणको तौरमा पूर्व-उत्प्रेरक कार्यक्रम (early stimulation program) का नाममा। प्रवेश विन्दु कार्यक्रमका नाममा। समुदायमा आधारित बाल विकास कार्यक्रम (community based ECD) का नाममा। प्रश्न यहीं रह्यो यी कार्यक्रमहरू कहाँ रहे ? पूर्व उत्प्रेरक कार्यक्रम र प्रवेशविन्दु कार्यक्रम सेभ द चिल्ड्रेनका परियोजना बनिरहे। नर्सरी, केजी र मन्टेसरी शहरबजारका पेवा कार्यक्रम हुन पुगे। विद्यालयमा आधारित बाल विकास केन्द्र र समुदायमा आधारित बाल विकास केन्द्र कोटामा पहुँच हुने ठाउँका भए। दुर्गम र अन्तरकुन्तरका वस्तीमा चाहिं शिक्षककै लहडमा चल्ने शिशु कक्षा चलिरहे। यसरी साठी वर्षको हाम्रो प्रयास शहरमै धेरै अल्झियो। धनीकै घरदैलोमा रम्यो। गरीबको निम्ति हिजो जे थियो आज पनि त्यही स्थिति हात लाग्यो। त्यसैले अझै पनि ३० प्रतिशत बालबालिकालाई पूर्व विद्यालय शिक्षाको पहुँच छैन। ती अझै ६ वर्ष कुरिरहेछन्। बढी उमेर (over age) बालबालिकाको कक्षा १ को प्रवेश दर ले भन्छ- ती त अक्षरारम्भमै ढिला भइसके। अरूहरू अगाडि दौडिइसके।

## विद्यालयीय संरचना

कति वर्षको कुन तह हुने ? माथि थप्ने कि तल बढाउने ? साठी वर्षको दौड त्यति रह्यो। त्यसैले कहिले तीनवर्षे प्रावि। कहिले चारवर्षे प्रावि। कहिले पाँचवर्षे प्रावि। प्राथमिक। उच्च प्राथमिक। कहिले मिडिल स्कूल। कहिले निम्नमाध्यमिक। माध्यमिक। उच्च माध्यमिक। कहिले तीनवर्षे आधारभूत। कहिले पाँचवर्षे आधारभूत। अहिले आठवर्षे आधारभूत। कहिले आधारभूत र प्राथमिक शिक्षा छुट्यायौं। तीनवर्षे आधारभूत। पाँचवर्षे प्राथमिक। यसरी हेर्दा हाम्रो बुद्धि दश कक्षामै तलमाथि गर्ने रह्यो। अहिले कलेजलाई तल झाऱ्यौं। स्कूल बनायौं। कलेजमा एक वर्ष थप्यौं। अब दुई वर्ष थप्ने उपक्रम गर्दैछौं। केहीमा थपिसक्यौं। यति गर्दागर्दै पनि सबै बालबालिकालाई



आधारभूत शिक्षा दिन सकेनौं। भर्ने नभएका पाँच प्रतिशतको तथ्याङ्कले त्यही भन्छ। १०० जना भर्ना हुँदा रुण्डै ६० प्रतिशत मात्र आठ कक्षा पुग्ने अहिलेको तथ्याङ्कले सोही कुरालाई इङ्गित गर्छ।

## शिक्षामा व्यावसायिकता

शिक्षा र श्रम जोड्ने बोलीले सधैं निरन्तरता पायो। राजनीति परिवर्तन हुँदा पनि नफेरिएको बोली। यसका लागि साठी वर्षमा थरीथरीका बुद्धि ल्यायौं। २०१६ सालको बहुप्राविधिक स्कूल। २०१८ सालतिरको विषयगत स्कूल। नर्सिङ स्कूल। कृषि स्कूल। २०२८ सालपछिको ४०० पूर्णाङ्कसम्मका साधारण, व्यावसायिक र प्राविधिक स्कूल। अहिले पनि त्यही कुरा गरिरहेका छौं। बोलीको निरन्तरता। हालसालै अर्को बोली थपिएको छ। नरम सीप **(soft skill)**। कसरी नरम सीप दिने? गरम सीप र नरम सीप कसरी जोड्ने? कसरी साधारण शिक्षालाई व्यावसायिक शिक्षामा बदल्ने? कसरी व्यावसायिक शिक्षालाई साधारण शिक्षामा जान लगाउने? अझै प्रश्न त्यहीं छ। अनुत्तरित प्रश्न। किनकि ६० वर्षमा पनि व्यावसायिक र प्राविधिक शिक्षाको लगानी शैक्षिक बजेटको ३ प्रतिशतभन्दा माथि बढेकै छैन। बढ्ने सम्भावना पनि छैन। क्याम्पस तहमा त रुनै बिजोग छ। व्यावसायिक एवं प्राविधिक सीप खोज्ने धेरै। सीप भएका थोरै व्यक्ति पनि बेरोजगार। व्यावसायिक बेरोजगार। प्राविधिक बेरोजगार। व्यावसायिक र प्राविधिक शिक्षा नपाएकै कारण बनेका बेरोजगार। अर्ध बेरोजगार। आफैं केही गर्न नचाहने सौखिन बेरोजगार। यस अर्थमा शिक्षा र उत्पादन जोडिएन। श्रम र शिक्षा जोडिएन। पढाउँदै नरम सीप दिने र गरम सीपको सम्भावना देखाइदिने चेत शिक्षकमा आएन। सीप नै सिकाउने स्कूल कलेज खोल्न राष्ट्रिय ढुकुटी भएन। त्यसैले साठी वर्षसम्म व्यावसायिक र प्राविधिक शिक्षाको कुरा गफ भयो। गँजडी गफ।

## शिक्षामा गुणस्तर

शुरूका दिनमा पहुँच रहर भयो। तर गुणस्तर चाहिन्छ भन्ने कुरामा विमति रहेन। त्यसैले तथ्यांकीय गुणस्तरको खोजी भयो। कक्षा छोड्ने (dropouts) कम भए। कक्षा दोहोऱ्याउने (repeaters) कम भए। धेरै भर्ना भए। अंग्रेजीमा औसत अंक पनि ल्याए। डा. तीर्थ खनियाँको कक्षा ५, ८ र १० को अध्ययनले पनि त्यसै भन्यो। यस अर्थमा गुणस्तर भनेको क्षमता बुझिएन। तथ्यांक बुझियो। अहिले पनि त्यही रीत छ। त्यसैले कतै पनि विद्यार्थीको क्षमता उल्लेख छैन। यो विद्यार्थीमा अफिस सञ्चालनको क्षमता छ। व्यवस्थापनको क्षमता छ। सर्जक दिमाग छ। यो यो सिर्जना गरिसकेको छ। यस्तो अर्थमा मापनको आधार बनेकै छैन। कलेज र विश्वविद्यालयमा पनि त्यही हाल छ। अंग्रेजी माध्यमका स्कूल कलेजले अंग्रेजी बोल्न् र धेरै अंक ल्याउनुलाई गुणस्तर मानेका छन्। सामाजिक घुलनशीलता पो गुणस्तर हो कि? वस्तुलाई गहिरिएर बुझ्ने सिकाइ शैली पो गुणस्तर हो कि? बहुआयामिक ढंगले वस्तु पढ्ने क्षमता पो गुणस्तर हो कि? स्वरोजगार बन्ने तर्कित पो गुणस्तर हो कि? पेशाको लगनशीलता पो गुणस्तर हो कि? अभिभावक र बजारलाई सन्तुष्टि दिने तागत पो गुणस्तर हो कि? व्यक्तिकै आत्मसन्तुष्टि पो गुणस्तर हो कि? यस्ता 'होकिहरू' यकिन गरी गुणस्तरको कसी बनेको छैन। यस अर्थमा साठी वर्षमा पनि गुणस्तरको समयसापेक्ष परिभाषा बनेको छैन। मापो तयार भएकै छैन। आफूले आफैंलाई म गुणस्तरीय छु वा छैन भनी नाप्ने मापो। मैले पढाएका विद्यार्थी गुणस्तरीय हुन् कि हैनन् भनी नाप्ने मापो। मेरा छोराछोरी गुणस्तरीय छन् वा छैनन् भनी अभिभावकले स्वयं पहिचान गर्ने मापो। रक्तचाप आफैंले नाप्ने यन्त्र जस्तो। गर्भिणी भएँ वा भइनँ भनी स्वयं थाहा पाउने यन्त्र जस्तो।

**झूठ विद्यार्थीलाई सही बनायौं। विद्यार्थी अनियमित छ भन्ने बुझ्यौं। उसलाई नियमित जाँचमा बस्न दियौं। त्यो सैतानी बदल्ने दिन अब आए। बरु भन्नुपऱ्यो– यो विद्यार्थीले एस.एम.एस.बाट पढ्यो। इन्टरनेटबाट जाँच दियो। यसले २० वटा आंशिक कोर्ष लियो। त्यही बीचमा चार वटा अनुसन्धान गऱ्यो। एउटा नयाँ विचार जन्मायो। त्यसैले ऊ बी.ए. लेभलको तागत राख्छ।**

## शैक्षिक योजना र साक्षरता

साठी वर्षअघि केन्द्रीय योजना थियो। क्रमश: योजना विकेन्द्रित भयो। अहिले विद्यालय सुधार योजना। गाउँ वा नगर शिक्षाको योजना। जिल्ला शिक्षा योजना। वार्षिक रणनीतिक योजना (ASIP)। यसरी हेर्दा ६० वर्षमा सर्वत्र योजना बनिसके। हामी सबै योजनाविद् भइसक्यौं। केन्द्रमा पनि हालसम्म ७ वटा शिक्षा योजना तयार भइसके। तर प्रश्न रह्यो–योजना अरूलाई बनाइदियौं। सबैले बनाउने। लागू गर्ने चाहिँ वार्षिक रणनीतिक योजना मात्रै। यस अर्थमा हामी बेकामे योजनाकार बन्यौं। अव्यावहारिक। अनावश्यक।

तथ्यांकले भन्छ– ६२ प्रतिशत नेपालीहरू साक्षर भयौं। ६ वर्षमाथिका साक्षर। सोही तथ्यांकले भन्छ– अहिले करीब ६० लाख निरक्षर छौं। साक्षरता दर २ प्रतिशत हुँदा साठी वर्षअघि हामी ६४ लाख निरक्षर थियौं। संख्यात्मक हिसाबले भन्दा हाम्रो प्रगति चार लाख रहेछ। अर्थात् साक्षरताको प्रतिशत बढाएछौं। उल्लेख्य रूपमा निरक्षरको संख्या घटाएनछौं।

## उच्च शिक्षा

५२ वर्षअघि आफैं विश्वविद्यालय बनायौं। अहिले ९ वटा विश्वविद्यालय छन्। चार वटा बन्ने क्रममा छन्। १८ वटा संसद्मा दर्ता भएका छन्। यसरी बहुविश्वविद्यालयहरू बनाउने खेल चलेको छ। ६ दशकको खेल। तर बुद्धि एउटै छ- सरकारी ढुकुटीको आश गर्ने। जुनखाले विश्वविद्यालय खोले पनि जति विद्यार्थी पढाए पनि विश्वविद्यालय अनुदान आयोगले रकम दिने। पराश्रयी विश्वविद्यालयहरू। कोही स्वदेशमा माग्ने। कोही विदेशमा माग्नेहरू। काठमाडौं विश्वविद्यालय पनि अपवाद बनेन। यति हुँदाहुँदै पनि त्रिभुवन विश्वविद्यालय एक्लैले ९०-९५ प्रतिशत विद्यार्थी बोकिरह्यो। अरूले गफ धेरै गऱ्यौं। उल्लेख्य काम भने गरेनौं। किनकि सबै विश्वविद्यालय शिक्षण-विश्वविद्यालय नै बनायौं। अनुसन्धानमा खर्चिन सकेनौं। खर्चिए पनि थोरै खर्चियौं। समुदाय सेवा भनेको दाताले पैसा दिए मात्रै गर्ने काम बन्यो। यस अर्थमा पूर्ण विश्वविद्यालय बनेनौं। बहु-विश्वविद्यालय (Versities) को डिग्री दिने प्रयास नै थालेनौं। आफ्नै विश्वविद्यालय गतिलो हो भन्ने आत्मरतिमै बाच्यौं। विश्वविद्यालयलाई जनचासोमा आवद्ध गर्न पनि सकेनौं। जनज्ञान खोजाउनेमा। जनतालाई सिकाउनेमा। उनैसँग सिक्नेमा। यस अर्थमा हामी हाम्रा विश्वविद्यालयहरू "आइभोरी टावर" नै बनिरह्यौं। यति हुँदाहुँदै पनि त्रिभुवन विश्वविद्यालयले बीएदेखि सबै तहमा द्वैध मोड (Dual mode) खोल्ने निर्णय गऱ्यो। पूर्वाञ्चल विश्वविद्यालयले शिक्षाशास्त्रमा दूरशिक्षा कार्यक्रम चलायो। काठमाडौं विश्वविद्यालयले एम.एड.मा अनलाइन शिक्षा चलायो।



**खुला मोड, खुला विद्यालय, खुला विश्वविद्यालय अब जाने त्यतै हो। आंशिक विद्यार्थी। पूर्णकालीन मिडिया। जहाँ पुगे पनि पढ्न सकिने परिवेश। यता नलागी धरै छैन। रित्तिँदै गएका स्कूलले त्यही भन्छन्। व्यक्तिभन्दा मेशिन पाल्न सजिलो र सस्तो हुने परिवेशले त्यसैको वकालत गर्छ।**

विश्वविद्यालय कसका लागि? सबैलाई? बुद्धि भएका केहीलाई? धनीलाई? यो प्रश्नको सहज जवाफ दिन सकेनौं। मिडियासँग सहकार्य गरी खुला विश्वविद्यालय सञ्चालन गर्ने बुद्धि दुई दशकदेखि आयो। कार्यान्वयन भएन। बरु विदेशी खुला विश्वविद्यालय भित्र्याउने काम चाहिं भइरह्यो। प्राविधिक विषय र महँगो शुल्क लिने विश्वविद्यालयले पैसा हुनेलाई पढाइरह्यौं। नहुनेलाई छात्रवृत्ति दिँदा पनि भनसुनमै लागिरह्यौं। उपलब्ध आमसञ्चारका माध्यमहरूलाई प्रयोग गरी सबैले उच्च शिक्षा पाउने प्रयास नै थालेनौं। व्यावसायिक एवं प्राविधिक विश्वविद्यालय बनाउने रहर गर्दा पनि गरीबकै लागि भन्ने सोच बनेन। उनकै घरदैलोमा पढाउने प्राज्ञिक विश्वविद्यालय। घरदैले प्राविधिक एवं व्यावसायिक विश्वविद्यालय।

६० वर्षमा धेरै स्नातक बनायौं। दीक्षा दियौं। दीक्षोपरान्त उनीहरूको गुनासो शुरू भयो। शिक्षकले नै राम्रो सिकाएन भन्ने गुनासो। राजनीतिज्ञले बिगार्‍यो भन्ने गुनासो। यस्तो अवस्थामा मेरो दीक्षालाई मैले उपयोग गर्ने कसरी भन्ने सोच्न र सोचाउनै सकेनौं। यस अर्थमा दीक्षान्त समारोह शिक्षान्तमा परिणत भयो। अब पढ्नु पर्दैन भन्ने कुराको प्रमाणपत्र। अर्थात् दीक्षित हुने हाम्रा स्नातक-स्नातकोत्तरहरूले दीक्षा र शिक्षाको भेद नै बुझेनौं। बुझ्नै चाहेनौं। बुझेका भए आफ्नो बानीव्यहोरा बदल्नै चाहेनौं। सकेनौं। त्यसैले सरकारसँग भन्न गयौं "जागीर दे। नभए बेरोजगार भत्ता दे।"

### साठी वर्ष बिते अब गर्ने के त ?

६ वर्ष लागेपछिको स्कूल। ६० वर्ष पहिलेकै बुद्धि हो यो। अब यो बुद्धि फेर्नुपर्ने भयो। चाहियो गर्भस्थको शिक्षा। आमसञ्चारका माध्यमबाट गर्भिणीको घरदैलोमा पुग्ने शिक्षा। तिनकै टोलीमा गरिने छलफले शिक्षा। गर्भिणी सर्कलको शिक्षा। सर्कललाई शिक्षा। बच्चा जन्मेपछि सुत्केरी सर्कलको शिक्षा। अविवाहित महिलालाई तयारीको शिक्षा।

हिँड्न थालेपछि अर्कै शिक्षा चाहियो। मौखिक शिक्षा। शहरीकरण बढ्न थाल्यो। परिवारहरू एक्लिन थाले। आमाहरू बेफुर्सदिला भए। बुबाहरूको पनि त्यही हालत भयो। यो स्थितिमा वस्ती शिशु स्याहार केन्द्र र वस्ती बाल विकास केन्द्र अहिलेको नियति बन्यो। त्यो नियतिलाई नियमित गर्न कि सञ्चारका साधनमा नवीन शिक्षा राखिरहनु पर्‍यो कि व्यवस्थित वस्ती विकास गर्न थाल्नु पर्‍यो। पहिलो सहज छ। दोस्रो खर्चिलो छ।

अनिवार्य शिक्षा इतिहासको रहर हो। तर कसले अनिवार्य गर्ने? कुन संयन्त्रले? ६० वर्षमा टुंगो नभएको कुरा यही हो। स्थानीय सरकारले? कर्मचारीतन्त्रको तल्लो निकायले? जनताका आ-आफ्ना रैथाने संरचनाले? जागरुक अभिभावकले? स्थानीय तहमा बोलवाला भएको राजनीति दलले?


निःशुल्क शिक्षा पनि टुंगो लागेको छैन। सरकारले बेहोर्ने खर्च चाहिं टुंगो भयो। राजस्वबाट यति बेहोर्ने भन्ने टुंगो भयो तर निःशुल्कभित्र खाजा पर्छ भने तिर्ने को? जुत्ता पर्छ भने दिने को? ल्यापटप पर्छ भने बेहोर्ने को? यस्ता कुराको टुंगो ६० वर्षले गरेको छैन। आवश्यकता बढ्दै जाने हुनाले निःशुल्क 'बेकामे प्रयास' बन्न सक्छ। दिनेको धेरै जाने। लिनेलाई हात्तीको मुखमा जीरा हुने। त्यसो हुँदा सरकार र अभिभावकको लगानीको अनुपात तोक्नुपर्ने हुन्छ। बाल विकासमा यो अनुपात। प्राथमिकमा यो अनुपात। माध्यमिकमा यो अनुपात।

व्यावसायिक र प्राविधिक शिक्षा दिने साठी वर्षकै रहर हो। पैसा पुग्दैन भन्ने पनि साठी वर्षभरिकै बुझाइ हो। ट्रेड परिवर्तन नगरे बिक्री योग्य व्यवसाय बन्दैन। स्वीकारिएकै कुरा हो। त्यसैले भोलिको बाटो प्रविधिउन्मुख बनाउने हो। व्यवसायोन्मुख बनाउने हो। यी दुवै कामका लागि साधारण शिक्षकलाई नै पुनः अभिमुखीकरण गर्ने हो। छोटो अवधिको तालिम दिने निजी संस्थालाई गुहार्ने हो। स्वाध्याय सामग्रीबाटै प्रविधि र व्यवसाय सिकाउने हो। अरू रहरले गाउँमा बस्ने गरीबलाई छुँदैन। मध्यमवर्गी मात्रै लाभान्वित हुने हो। अवसरको भोको। धेरथोर लगानी गर्न सक्ने व्यक्ति। फाइदा लिने त्यही हो।

खुला मोड, खुला विद्यालय, खुला विश्वविद्यालय साठी वर्षले बनाएन। जमर्को चाहिं गर्‍यो। अब जाने त्यतै हो। आंशिक विद्यार्थी। पूर्णकालीन मिडिया। जहाँ पुगे पनि पढ्न सकिने परिवेश। यता नलागी धरै छैन। रित्तिँदै गएका स्कूलले त्यही भन्छन्। अनियमित विद्यार्थीको ताँतीले त्यही भन्छ। व्यक्तिभन्दा मेशिन पाल्न सजिलो र सस्तो हुने परिवेशले त्यसैको वकालत गर्छ। जे विषय पनि पढाउने। क्रेडिट कोर्ष। नन क्रेडिट कोर्ष। प्रविधिपिच्छेको कोर्ष।

सबैलाई उच्च शिक्षा। साठी वर्षले त्यता लगेन। अब लाने त्यही हो। किनभने गरिखानेलाई पढ्ने ठाउँ छैन। जो छ भन्छौं त्यसले झूठ विद्यार्थीलाई सही बनायौं। विद्यार्थी अनियमित छ भन्ने बुझ्यो। उसलाई नियमित जाँचमा बस्न दियौं। त्यो सैतानी बदल्ने दिन अब आए। बरु भन्नुपर्‍यो– यो विद्यार्थीले एस.एम.एस.बाट पढ्यो। इन्टरनेटबाट जाँच दियो। यसले २० वटा आंशिक कोर्ष लियो। तीन वटा विश्वविद्यालयको कोर्ष पढ्यो। त्यही बीचमा चार वटा अनुसन्धान गर्‍यो। एउटा नयाँ विचार जन्मायो। त्यसैले ऊ बी.ए. लेभलको तागत राख्छ। विद्यार्थीले आफ्नो योग्यता आफैं निर्धारण गर्न सक्ने सूचकाङ्क निर्माण। जहाँबाट पनि पढ्ने विद्यार्थी। पढाइने विद्यार्थी। स्वदेशका। विदेशका। यसरी अबको साठी वर्षमा रूपान्तरित हुने कि? प्रविधिमै पढेर र पढाएर। विद्यार्थीबाटै किताब लेखेर। लेखाएर। पढ्ने र पढ्न पठाउनेकै पाठ्यक्रम लागू गरेर। विश्वको जाँचमा स्थानीयता जोडेर। सिक्ने सिकाउनेको सञ्जाल बनाएर। स्कूल, कलेज र विश्वविद्यालयलाई सेमिनारस्थल बनाएर। शिक्षकलाई शोध-निर्देशक बनाएर। आफैंले आफैंलाई गुणस्तर निर्धारक बनाएर। मेरो गुण यो, स्तर यो भन्न सक्ने तागतवाला विद्यार्थी बनाएर। ज्ञानमा यो स्तरका। सीपमा यो स्तरका। चिन्तनमा यो स्तरका। पुस्तौनी अन्तरसम्बन्ध राख्नेमा यो स्तरका। 📖

**sms प्रतिक्रियाका लागि ltr<space>5006**










# ५० अंक स्वर्ण अंक

*शिक्षक* मासिकले ५० औं अंक पूरा गर्न सफल भएकोमा
हार्दिक बधाई एवं उज्ज्वल भविष्यको शुभकामना !



| | | | |
|---|---|---|---|
| Trikon<br>GPO Box: 1505, Kamaladi Kathmandu, Tel: 4228362 2002626, 4248030, Fax: 4226269 E-mail: mail@trikonstarcom.com URL: www.trikonstarcom.com | KEY ADVERTISING<br>**KEY ADVERTISING SERVICE PVT.LTD**<br>GPO Box: 7114, Tripureshwor Kathmahdu, Nepal Tel: 4261669, 4261677 Fax: 4269499 E-mail: keyads@wlink.com.np | BUSINESS ADVANTAGE PRIVATE LIMITED<br>P.O. Box: 3765, 1st floor, Situ Plaza Narayanchour, Naxal, Kathmandu Tel: 4433058, Fax: 4432940 E-mail: mail@advantage.com.np URL: www. advantage.com.np | Prisma Advertising<br>GPO 1731, Kalikaasthan Temple Lane, Dillibazar, Kathmandu Tel: 4439381, 4439383 Fax: 4439382 E-mail: info@prismaad.com URL: www.prisma.com |
| Florid Advertising Agency Pvt. Ltd.<br>Old Baneshwor, Kathmandu, Nepal Tel: 4499333, 4483909 Fax: 4496433 | ECHOAD Echo Advertising Agency<br>265, Ganeshman Singh Path P.O.Box: 620, Tel: 4260088 4260977, Fax: 4251184 Tripureshwor, Kathmandu, Nepal | ars digital audio visual studio<br>Dhikuraghar, Thapagaun, New Baneshwor, Kathmandu, Nepal Tel: 4465590, 4465591 Fax: 4462649 E-mail: sans@wlink.com.np | Media Solution Pvt. Ltd.<br>Thapagaun, New Baneshwor Kathmandu, P.O.Box: 10896 Tel: 4490214, Fax: 4476231 E-mail: mediasol@ntc.net.np URL: www.mediasolution.com.np |
| Ad Media<br>508, 4th Floor, JDA Complex, Baghdurbar, P.O.Box: 13150, Kathmandu, Nepal, Tel: 4259100, 4246100, Fax: 4247656, E-mail: admedia@admedia.com.np, URL: www.admedia.com.np | WELCOME ADVERTISING & MARKETING P. LTD.<br>P.O.Box: 12561, Bhimsengola, Old Baneshwor, Kathmandu Tel: 4494842, 4116227, Fax: 4116227, E-mail: marketing@ welcomeadnepal.com Web: www.welcomeadnepal.com | NAWAYUG Media Solution<br>Mero Media & Printers P. Ltd.<br>Anamnagar, Kathmandu, Nepal Tel: 4249754, Fax: 4269828 E-mail: newking@enet.com.np | OUTREACH<br>**OUTREACH NEPAL PVT.LTD.**<br>Jwagal, Lalitpur, Tel: 5011272, 5011273, 5011274 E-mail: media3@outreachnepal.com |

# बर्बादीको नमूना !

**विद्यालय तहको सार्वजनिक शिक्षा कतिसम्म खस्किएको छ भन्ने कुरा यहाँ दृष्टान्तका रूपमा प्रस्तुत सिरहा–सप्तरीका विद्यालयको अवस्थाले छर्लङ्ग पार्छ। यहाँ उल्लेख गरिएका विद्यालयले देशभरीकै स्कूलको पठनपाठनलाई प्रतिनिधित्व गर्छन्।**



■ **बाबुराम विश्वकर्मा**, सिरहामा

सिरहाको हनुमाननगर-६ स्थित पदमपुर प्राविको कक्षा ५ का छात्र सतिशकुमार मण्डलले २०६८ को वार्षिक परीक्षामा अंग्रेजी विषयको उत्तरपुस्तिकामा कुनै पनि प्रश्नको सही जवाफ लेखेका छैनन्। तैपनि उनी कक्षाका दोस्रो छात्र हुन्। प्रअ देवेन्द्रकुमार पासवानले उनलाई अंग्रेजी विषयमा सर्वाधिक ४६ अंक दिएका छन्।

अंग्रेजी विषयको पाँचौं प्रश्नमा *ह्वाट, स्कूल, टिचर, स्टार, फिस, काउ, च्याट, क्याट* शब्दको नेपाली अर्थ लेख्न भनिएको छ। सतिशले ती शब्दको नेपाली अनुवाद गर्न नसकेपछि शिक्षकले उत्तरपुस्तिकामा नै ती शब्दको अर्थ लेखिदिएका छन्। छैटौं प्रश्नमा *विद्यालय, छाता, कक्षाकोठा, चौर, सुन्तला, हात्ती, अंग्रेजी* र *नेपाल* शब्दलाई अंग्रेजीमा लेख्न भनिएको छ। यी शब्दको पनि मण्डलले अनुवाद गर्न सकेको पाईदैन। उक्त जाँचमा सोधिएका एक दर्जन प्रश्नमध्ये एउटाको पनि शुद्ध र सही उत्तर भेटिँदैन मण्डलको उत्तरपुस्तिकामा। तर, पनि पदमपुर प्राविको मूल्याङ्कनमा उनी स्कूलकै 'अब्बल' छात्रमा पर्छन्।

सोही परीक्षामा सामेल भएकी रुवी कुमारी पासवानको अंग्रेजी उत्तरपुस्तिका पनि उस्तै निराशाजनक भेटिन्छ। रुवीले त उत्तर पुस्तिकामा आफ्नो नाम पनि अंग्रेजीमा लेख्न नसकेर देवनागरीमा लेखेकी छन्। उनले प्रश्न पनि शुद्ध र बुझिने गरी सार्न सकेको भेटिँदैन। रुवीको लेखाइले उनी अंग्रेजीको क्यापिटल एबीसीडी पूर्ण रूपमा लेख्न सक्छिन् भनेर पत्याउने आधार दिँदैन। तैपनि उनलाई ६० पूर्णाङ्कको वार्षिक परीक्षामा अंग्रेजी विषयमा २३ अंक दिएर उत्तीर्ण गराइएको छ।

कक्षा ५ कै अर्की छात्रा ममताकुमारी पासवानले पनि अंग्रेजी विषयको उत्तरपुस्तिकामा आफ्नो नाम नेपालीमा लेखेकी छन्। तर, त्यो पनि शुद्ध छैन। जाँचमा सोधिएका कुनै पनि प्रश्नको जवाफ उनले लेख्न सकेकी छैनन्। उनलाई पनि अंग्रेजीमा २२ अंक दिइएको छ।

सोही कक्षाकी अन्जुलाकुमारी पासवानले चाहिं अंग्रेजी शब्दको अनुवाद गर्दा *फिस* लाई *गाई, काउ* लाई *मुसो* बनाएकी छन्। उनी लगायत उक्त कक्षाका प्रायः सबै छात्रछात्राले उत्तरपुस्तिकामा आफ्नो सही र शुद्ध नाम लेखेको पाईदैन। शुद्ध अंग्रेजी वर्ण ठीकसँग लेखेका पनि भेट्न सकिँदैन। तर, कोही पनि अंग्रेजी विषयमा अनुत्तीर्ण/असफल भएका छैनन्। सबैले केही नलेखेर/नजानेर माथिल्लो कक्षामा जाने अवसर पाएका छन्।

१४७ जना छात्रछात्रा रहेको पदमपुर प्रावि सञ्चालन गर्न पाँच जना शिक्षक क्रियाशील छन्। ५ कक्षाका विद्यार्थी समेत नेपाली अंग्रेजी शब्द तथा वाक्य राम्रोसँग लेख्न र पढ्न नसक्ने कुरा प्रअ देवेन्द्रकुमार पासवान स्वीकार गर्छन्। उनी भन्छन्, "योभन्दा बढी बर्बाद हुन बाँकी छैन, तर, यस्तो अवस्था पदमपुर प्राविको मात्र होइन। यताका धेरै सरकारी स्कूलको अवस्था योभन्दा गतिलो छैन।"

शुद्धसँग नेपाली/अंग्रेजीमा नाम लेख्ने अनि सामान्य जोडघटाऊ गर्न सक्ने कोही नपाए पनि पदमपुर प्राविले विद्यालयको कक्षागत सिकाइ उपलब्धि क्रमशः कक्षा १ मा २५, २ मा २८, कक्षा ३ मा ३५, कक्षा ४ र ५ मा ५० रहेको देखाएको छ। तर, यो सिकाइ उपलब्धि कागजी मात्र हो भन्नेमा कोही पनि विवाद गर्दैन।


उक्त विद्यालयका अभिभावक कपिलदेव




तस्वीरहरू: श्रवण देव

मण्डलकी सानी छोरी मञ्जुकुमारी मण्डल कक्षा १ मा छिन् भने अर्की छोरी महादुर्गाकुमारी कक्षा ५ मा छिन् । कपिलदेव कक्षा १ र ५ का दुई छोरीको सिकाइ उपलब्धि स्तरमा कुनै भिन्नता नरहेको धारणा राख्छन् । उनी भन्छन्, "कक्षा मात्र फरक हो, दुईटैले केही सिकेका छैनन् ।"

सिरहाका अरू स्कूलको पनि पठनपाठन र सिकाइ उपलब्धिको स्तर योभन्दा खासै माथि छैन । जिल्ला शिक्षा कार्यालय सिरहाले सदरमुकाम आसपासका १३ वटा सरकारी विद्यालयको सिकाइ स्तर मापन गर्न पुस २०६८ मा गरेको 'बेसलाइन सर्वे'ले जिल्लाका प्रायः सबै स्कूलको पठनपाठन र सिकाइ स्तर दयनीय देखाएको छ । सर्वेक्षणले प्रावि तह बर्बाद नै भइसकेको निचोड निकालेको छ । सर्वेक्षण अनुसार प्राविमा छात्रछात्राको उपस्थिति दर २५ प्रतिशत रहेको देखाउँछ भने कक्षा १-३ का ७५ प्रतिशत विद्यार्थीले मात्रा लागेका नेपाली अक्षर लेखपढ गर्न नसकेको देखाउँछ । त्यस्तै प्रावि तहका नानीहरूले सानो तथा ठूलो एबीसीडी, १ देखि ५० अंक चिन्न र लेख्न नसकेको पनि उक्त सर्वेक्षणले देखाएको छ । सिरहाका जिशिअ हरिहर वस्ती भन्छन्, "सिरहा-सप्तरीका प्रायः सबै स्कूलको अवस्था यस्तै हो । त्यसैले मैले के भन्ने गरेको छु भने स्कूल ओरालो लाग्ने ठाउँ अब बाँकी छैन, यो अति हो । यस्तै भइरहने हो भने



परीक्षाको विषय नै Examination !



सीओडब्लु काउ, काउ माने मुसो !




पदमपुर प्राविका प्रअ देवेन्द्रकुमार पासवान ।


भोलिको समाज डरलाग्दो हुन्छ ।"

जिशिकाले सिकाइ उपलब्धि मापन सर्वे गरेका १३ स्कूलमा चन्द्र उच्च मावि सिरहा, कन्या प्रावि सिरहा, निमावि पटेर्वा, बज्रमोहन रुब्बुराम जनता उमावि, प्रावि बडेर्बा, निमावि रमौल मखनाहा, प्रावि रामनगर गुलरिहा, निमावि सुन्दरपुर हनुमाननगर, प्रावि छर्रापट्टी सारस्वर, विष्णुचरण श्रेष्ठ मावि बेल्हा, राजा प्रावि लक्ष्मीपुर, प्रावि पदमपुर र लक्ष्मी मावि लक्ष्मीपुर थिए । यी स्कूलको सिकाइ दर लगभग शून्य छ ।

सर्वेक्षणको नतीजापछि जिल्लाका स्कूलको स्थिति सुधार गर्न सिरहा जिशिकाले हालसालै ६८ बुँदे योजना अघि सारेको छ । सोही योजनाले जिल्लाका सबै (४००) स्कूलमा विनि र स्रोतव्यक्तिले नियमित रूपमा अनुगमन गर्नुपर्ने, शिक्षकले अनिवार्य रूपमा पाठ्यक्रम, शिक्षक निर्देशिका अनुसार शिक्षण गर्नुपर्ने, व्यवस्थापन समितिको चुनावमा राजनीतिक प्रतिस्पर्धा गर्न नपाइने, प्रअ, शिक्षक र व्यवस्थापन समितिले मिलेर स्कूललाई बालमैत्री बनाउनुपर्ने अवधारणा अघि सारेको छ । त्यस्तै जिल्लाका सबै माविले कक्षा १ मा अंग्रेजी माध्यममा पठनपाठन गर्नुपर्ने, जाँच मर्यादित तुल्याउनुपर्ने, जुन शीर्षकमा बजेट आएको छ सोही शीर्षकमा खर्च गर्नुपर्ने, सबै स्कूलले वार्षिक कार्ययोजना, शैक्षणिक योजना आदि तयार गर्न पनि जिशिकाले स्कूलहरूलाई भनेको छ । जिशिअ वस्ती भन्छन्, "प्रअ, व्यवस्थापन समिति र शिक्षक प्रतिनिधिको सहभागिता र सहमतिमा यो निर्देशन जारी गरिएकाले कार्यान्वयन हुने कुरामा म आशावादी छु । यस्तो बर्बादीलाई रोकेर आशाको सञ्चार गराउनुपर्छ र सरकारी स्कूलप्रतिको जनविश्वास बढाउनुपर्छ भन्ने ठानेर अघि बढेको छु, त्यसैले मलाई स्थिति सुधार हुन्छ भन्ने विश्वास छ ।"

जिशिकाले विद्यालयको कक्षाकोठामा पसेर सिकाइ र पठनपाठनको स्तर परीक्षण गरी स्कूल सुधार गर्न उक्त योजना अघि सारेका कारण यसले जिल्लाका सरकारी स्कूलको अहिलेको पठनपाठन र सिकाइ उपलब्धिको स्तर र दरमा केही न केही सुधार आउने आशा गर्न सकिन्छ । *शिक्षक* प्रतिनिधि पदमपुर प्राविमा पसेर रिपोर्टिङ गर्दा त्यहाँ छात्रछात्राको सिकाइ दर निराशाजनक रहेको देखिएपछि प्रअ तथा शिक्षकमा लज्जा अनुभूति भएको देखिन्थ्यो । तिनले *शिक्षक* सँग सामूहिक प्रतिबद्धता प्रकट



गरे, "सर, हामी तुरुन्त बैठक राखेर स्कूलको शैक्षिक सुधारको योजना बनाउँछौं । तपाई अर्कोपटक आउँदा स्थिति बदलिने छ ।"

उता, सप्तरीका सरकारी विद्यालयको पठनपाठन पनि सिरहाको भन्दा गतिलो नरहेको सप्तरीका जिशिअ दोलराज पाण्डे बताउँछन् । उनका अनुसार जिल्लाको सिकाइ उपलब्धि स्तर ३०/४० प्रतिशतको हाराहारीमा छ भने प्रावि तहको पठनपाठन र सिकाइ त्योभन्दा धेरै तल छ । विद्यालय व्यवस्थापन समितिमा अति राजनीति हुने, निरन्तरको बन्द हड्ताल, चन्दा असुली, शिक्षकलाई धम्की अनि शिक्षकहरूमा कमी हुँदै गएको पेशागत नैतिकताका कारण मधेशको सरकारी शिक्षा कमजोर हुँदै गएको पाण्डेको कथन छ ।

सप्तरीका विषहरिया, इटहरी, विष्णुपुर, कोचाबखारी र बरही वीरपुरमा पिछडिएका बालबालिकाका लागि समुदायमा आधारित गुणस्तरीय शिक्षा कार्यक्रम सञ्चालन गरिरहेको युवा सशक्तीकरण संघ नेपालका अध्यक्ष किशोरकुमार यादव सरकारी स्कूलको गिर्दो स्तर देखेर चिन्तित छन् । आफ्नो कार्यक्षेत्रका अधिकांश स्कूलका प्रावि तहका बालबालिकाले नेपाली र अंग्रेजी अक्षर शुद्ध लेखपढ तथा गणितका सामान्य जोड घटाउ गर्न नसक्ने धारणा राख्छन् किशोर । उनको कथन छ, "स्कूल खुल्छ, विद्यार्थी स्कूल पनि जान्छन् तर, पढाइ हुँदैन । विद्यार्थीले केही सिकेका हुँदैनन् ।" यादवको संस्थाले गरेको एक अध्ययनले सप्तरीका स्कूलको औसत सिकाइ दर ३० प्रतिशतभन्दा माथि छैन ।


स्कूल तह मात्र होइन क्याम्पस तह पनि कमजोर हुँदै गएको छ मधेशमा । सगरमाथा अञ्चलको केन्द्रीय क्याम्पस मानिने राजविराज महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसका निमित्त प्रमुख देवनारायण यादव ब्याचलर लेभलको जाँच दिने छात्रछात्राले 'ब्याचलर' शब्द अंग्रेजीमा लेख्न नसक्ने धारणा राख्छन् । उनको कथन छ, "गेस पेपर बोकेर जाँच दिंदा पास भइने भएपछि किन पढ्नुपर्‍यो ? शैक्षिक अराजकताले यताका स्कूल/कलेज दुवै तहलाई ध्वस्त पारेको छ ।'



**शान्ति, मेलमिलाप र पारस्परिक सद्भाव, समुन्नत र सुखी भविष्यको आधार**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

**Everest Atlas**

**तथा एभरेस्ट स्कूल एट्लस**




कक्षा पाँचदेखि कक्षा दशसम्म सामाजिक शिक्षाको पूर्ण अध्ययनको लागि पाठ्यपुस्तकको सन्दर्भ सामग्रीको रूपमा प्रकाशित गरी नेपाल तथा विश्वका सबै बहुआयामिक पक्षका राजनीतिक तथा भौगोलिक नक्साहरू समावेश गरिएको एट्लस बजारमा उपलब्ध छ। सम्पूर्ण शैक्षिक सामग्रीहरू स्कूललाई चहिएमा सीधै सम्पर्क गर्न सकिनेछ।

**एभरेष्ट म्याप पब्लिकेसन**
बागबजार, काठमाडौं, ४२४०६४१, ९८५१०५६८९२



# ब्याचलर पढ्नेहरू 'Bachelor' लेख्न जान्दैनन्

**देवनारायण यादव,** निमित्त क्याम्पस प्रमुख, महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, राजविराज

**शिक्षण पेशामा कहिले र कसरी लाग्नुभयो ?**

२०३१ सालमा राजविराजको केशो अनिरुद्धवती माविबाट पुरानो शिक्षाको एसएलसी पास गरें। कक्षा १० सम्म प्रथम भइरहें। उच्च शिक्षामा एसएलसीमा भन्दा कम मिहिनेतमै काम चल्यो। पुरानो शिक्षाको आफ्नो स्तर थियो।

**त्यतिबेला स्कूलमा कसरी पढाइन्थ्यो ?**

१० कक्षासम्म नै विद्यार्थीलाई लेखाउने, घोकाउने, होमवर्क बढी गराउने, अभ्यास गराउने काम धेरै हुन्थ्यो। तर, २०३२ सालमा देशैभरि लागू भएको नयाँ शिक्षा प्रणालीले पुरानो पठनपाठनको स्तर प्राप्त गर्न सकेन। शिक्षाको जग नै कमजोर हुँदै गयो।

**पुरानो शिक्षा स्तरीय हुनुको कारण के थियो ?**

शिक्षकको ध्यान शिक्षणमा केन्द्रित थियो। विद्यार्थीले पढाइप्रतिको जिम्मेवारी गहनतापूर्वक पालन गर्दथे। गुरु र शिष्यको सम्बन्ध आत्मिक र धार्मिक आस्थाबाट निर्देशित थियो। त्यसबाट शिष्यलाई जीवनको चरित्र निर्माण गर्ने, आफ्ना नैतिक कमजोरी सुधार गर्ने र अन्ततः एउटा उच्चकोटिको नागरिक बन्ने प्रेरणा मिल्थ्यो। शिक्षकको बोली, वचन, व्यवहारले पनि हामीलाई ऊर्जा दिन्थ्यो। उच्च पेशागत नैतिकता र निष्ठा भएका गुरुहरूका कारणले नै त्यतिबेलाको शिक्षा राम्रो भएको हो।

**तपाईंलाई पुरानो शिक्षाको पाठ्यक्रम, पठनपाठन र परीक्षामध्ये कुन पक्ष बढी प्रभावकारी लाग्छ ?**

सबै पक्ष राम्रा थिए। शिक्षकहरूको नियमितता, विद्यार्थीलाई दिनुपर्ने डोज र खुराकमा पर्याप्तता र आफूले दिएका खुराक विद्यार्थीलाई आत्मसात् गराउने तरिकाहरू बजोड थिए। अहिले शिक्षण पद्धतिमा धेरै विधि विकास भएका छन्। तर, शिक्षकहरूले जुन हिसाबले विद्यार्थीलाई जीवन सीप दिनुपर्ने हो, त्यो हुन सकिरहेको छैन।

हाम्रो बेलामा परीक्षा प्रणाली धेरै नै चुस्त थियो। विद्यार्थी आफ्नो दिमागले पास हुन्थे। नपढी पास नहुने परिपाटी थियो। शिक्षकलाई आदर्श मान्ने चलन थियो र शिक्षक पनि आदर्श नै थिए। शिक्षकले छात्रछात्रालाई किताबी मात्र होइन नैतिक तथा सामाजिक ज्ञान पनि दिइरहेका हुन्थे।

म सप्तरीकै रायपुरस्थित निमाविमा अध्ययन गर्दा काशीनाथ झा

सरले पढाउनुभएको संस्कृत र नेपाली विषयले मलाई स्नातकसम्म कमजोर हुन दिएन। उहाँ कर्म नै ठूलो कुरा हो भन्दै कर्मयोगी बन्न, आदर्श बन्न प्रेरित गर्नुहुन्थ्यो। स्कूलमा सिकेको ज्ञानकै उपज हो आजको मेरो निजी र पेशागत जीवन। शिक्षामा राजनीति नछिरेको र शिक्षकले राजनीति नगरेका कारण शैक्षिक संस्था पवित्र थिए। अहिले त राजनीतिले शिक्षालाई नै रोगी बनाएको छ।

**आजको शिक्षामा राम्रो कुरा केही भेटिँदैन र ?**

शिक्षामा फड्को मार्न भन्दै विकसित देशबाट शिक्षा नीति ल्याइयो। तर हाम्रो समाज त्यहाँसम्म अझै पुग्न सकेको छैन भने त्यस्तो शिक्षाले के प्रगति गर्न सक्छ? २०४७/४८ मा शिक्षा नीतिका बारेमा ठूलो बहस चलेको थियो। सामाजिक शिक्षा, विज्ञान, अनुसन्धानसहितका विषयलाई फराकिलो बनाउँदै पुरानो शिक्षालाई परिमार्जन गर्नुपर्ने विषयमा व्यापक आवाज उठ्दा पनि केही हुन सकेन। शिक्षामा सबैभन्दा ठूलो विषय भनेको अनुसन्धान हो। मुलुकको सबैभन्दा ठूलो त्रिभुवन विश्वविद्यालयमा पनि अनुसन्धानमूलक शिक्षा छैन भने सरकारको त्यसमा कुनै लगानी देखिएको छैन।

**६० वर्षयता शिक्षाले संख्यात्मक रूपमा त ठूलै फड्को मारेको छ नि !**

अहिलेको शिक्षालाई नै शिक्षा भन्ने हो भने त होला। जुन सिस्टम आए पनि शिक्षा प्रणाली स्थायी हुनुपर्ने हो। राजनीतिले नछुने किसिमको हुनुपर्छ। तर, नेपालमा त्यस्तो भएको छैन। जसलाई जे मन लाग्छ त्यही गरिएको छ। राजनीति र आन्दोलनका कारणले हिजोको तुलनामा जाँच प्रणाली खुकुलो बन्दै गएको छ। पाठ्यक्रम 'मिट' गर्न सकिएको छैन।

**विद्यालय बढी बिग्रियो कि विश्वविद्यालय ?**

विश्वविद्यालयभन्दा बढी विद्यालय बिग्रेको छ। विद्यालयकै उत्पादन विश्वविद्यालय र क्याम्पसमा आउने भएकाले त्यसको असर क्याम्पसमा पनि पर्ने नै भयो। स्कूलकै जग धरासायी भएकाले आज 'ब्याचलर' को जाँच दिन आउने विद्यार्थीलाई 'ब्याचलर' लेख्न आउँदैन। अंग्रेजी शिक्षकले कक्षामा लेखाउन शुरू गर्दा विद्यार्थी लेख्न सक्दैनन्। ग्रामर कमजोर छ। बीएका विद्यार्थीलाई *आईएस इज* (is) भनेर लेखाउनुपर्ने अवस्था छ। अहिले ट्युशन विना विद्यार्थी पढ्न सक्दैनन्। निजी शिक्षण संस्थाले राम्रो गरेका छौं भन्छन् तर बोलेर, लेखेर मात्र हुँदैन। त्यहाँ पनि जाँच र मूल्याङ्कन पद्धति गञ्जागोल छ।

**मधेशमा धेरै चिटिङ हुन्छ, त्यसमा पनि सप्तरी त चर्चाको शिखरमै हुन्छ। हाम्रो जाँच प्रणाली ध्वस्तै भएको हो ?**

पठनपाठन बर्बाद भएपछि जाँच पनि प्रभावित भएको छ। शिक्षकहरू निजी संस्थामा जान थालेपछि सरकारी शिक्षालयको पढाइको स्तर घट्यो। विद्यार्थीलाई शिक्षकले जति डोज दिनुपर्ने हो, त्यो दिन सकिरहेका छैनन्। त्यहीकारणले नपढेका नजानेकाले चिटिङको बाटो रोज्न खोजेका हुन्।

**तपाईंले धेरै पटक 'डोज' शब्द प्रयोग गर्नुभयो, प्रायः मेडिकल लाइनमा प्रयोग हुने यो शब्दको शिक्षासँग के साइनो छ र ?**

शिक्षा मेडिसिनै त हो। जीवनको विकास गर्नका लागि प्रत्येक दृष्टिकोणले शिक्षा ठूलो औषधि हो र यसको डोज हुन्छ। पूरा र सही डोज पाएको व्यक्ति बन्छ, अपूरो डोज पाएको व्यक्ति अधकल्चो हुन्छ। शिक्षामा पनि सही, पूर्ण र उचित डोज पाए स्वस्थ नागरिक बन्छन् नपाए रोगी। प्राकृतिक, चरित्रगत, सामाजिक विषयमा पूर्ण डोज दिएपछि मात्र एउटा असल व्यक्तित्व बनाउन सकिन्छ।

**पहाडको तुलनामा मधेशमा शिक्षाको अवस्था कस्तो पाउनुहुन्छ ?**

विगतमा मधेशको उत्पादनले राष्ट्रिय प्रतिस्पर्धामा अरूलाई पछाडि पारेको थियो। शिक्षामा मधेश पहिला धेरै राम्रो थियो। राम्रा-राम्रा उपलब्धि मधेशीले हासिल गरिसकेका थिए। तर, आज चोरेर पास भइन्छ भन्ने मनोरोग विकास भएको छ। ५/६ वर्ष यता यहाँको परीक्षा प्रणाली धेरै नै बिग्रेको छ। त्यसैले पहाडभन्दा मधेश शिक्षामा धेरै पछि परिसकेको छ। स्कूल कजेल जानेहरू धेरै छन्, ज्ञान हासिल गरेकाहरूको संख्या कम हुँदै गएको छ।

**कक्षाकोठाको पढाइलाई के के कुराले बाधा पुऱ्याएको छ ?**

मूलरूपमा अहिले विशुद्ध शिक्षक कक्षामा फेला पार्न गाह्रो छ। कक्षामा पढाउन जाँदा कुनै शिक्षक कांग्रेस, कुनै एमाले, कुनै मधेशी भाव बोकेर गएका हुन्छन्। शिक्षकहरूमा के मानसिकता विकास हुँदै गएको छ भने आफ्ना विद्यार्थीलाई कुनै वाद वा विचारको झोला पनि बोकाइदिइहालूँ। अलिअलि पढाए जस्तो पनि गर्ने अनि राजनीति पनि सिकाउने काम भइरहेको छ। विभिन्न विचारधारा बोक्ने शिक्षकहरू आ-आफ्ना तरिकाले यस्तै गरिरहेका छन्। शिक्षा दिने कुरामा यसरी राजनीति गर्नुहुँदैन। शिक्षा पाउनु विद्यार्थीको अधिकारको कुरा हो, यो तिनले राजनीति मिसाएर होइन विशुद्ध रूपमा पाउनुपर्छ, दिनुपर्छ। आफूले बोकेको राजनीतिको झोला विद्यार्थीलाई पनि बोकाउन खोज्नु उचित होइन।

**त्यसो भए राजनीतिक दलको झोला बोक्ने व्यक्ति शिक्षक हुन सक्दैन त ?**

राजनीतिक आस्था व्यक्तिको निजी कुरा हो। तर, शिक्षण पेशालाई माध्यम बनाएर राजनीति गर्नुहुँदैन। अहिलेका शिक्षक, 'शिक्षक' हुन् कि दलका कार्यकर्ता भन्ने पत्ता लगाउन कठिन छ र मूल रूपमा शिक्षकको राजनीतिले नै शिक्षालाई बिगारेको छ।

**अहिलेका शिक्षक, 'शिक्षक' हुन् कि दलका कार्यकर्ता भन्ने पत्ता लगाउन कठिन छ र मूल रूपमा शिक्षकको राजनीतिले नै शिक्षालाई बिगारेको छ।**

**शिक्षा बर्बाद भएको भन्दै धेरै बेथितिको कुरा गर्नुभयो, यसलाई कसरी सुधार गर्न सकिएला त ?**

शिक्षा नीति तय गर्न साझा मञ्च तयार गर्ने, त्यसमा सबै सरोकारवालासहित राजनीतिक दलहरूले समेत राष्ट्रियस्तरको अनुसन्धानका आधारमा आधारभूत शिक्षाको प्रारुप तयार गर्न जरुरी छ। त्यस्तो प्रारुपले प्राथमिक, निमावि र मावि तहमा देखिएका समस्या नदोहोरिने र शिक्षाले गुणात्मक फड्को मार्ने कुरा सुनिश्चित गर्नुपर्छ। शिक्षकहरूलाई अहिले जुन तालिम दिइएको छ, त्यो प्रयोगविहीन भइरहेको छ। सिकेर गए पनि व्यवहारमा कार्यान्वयन भइरहेको छैन। अनुगमन सम्बन्धी सारा कुरा भद्रगोल छ। यी सबै समस्यालाई समेटेर शिक्षा सम्बन्धी राष्ट्रिय साझा मञ्चमा छलफल गरेर स्थायी शिक्षाको आधार तयार गरिनुपर्छ। यसलाई कुनै राजनीतिक प्रणालीले परिवर्तन गर्नुहुँदैन। किनभने नेपालको शिक्षा धेरैको परीक्षणको शिकार भइसकेको छ।

**शैक्षिक दृष्टिले हाम्रो ६० वर्षको प्रयास व्यर्थै भएको हो त ?**

साक्षरता प्रतिशत बढ्यो। तर, दक्ष र गुणस्तरीय जनशक्तिको विकास हुन सकेन। शिक्षामा गरिएको लगानी अनुसारको प्रतिफल प्राप्त भएन। आज शिक्षण पेशामा प्रवेश गर्न विभिन्न किसिमका कोटा सिस्टम ल्याइएको छ, त्यसले शिक्षण पेशाकै उपहास गरेको छ। मजदूरले पनि मासिक १० हजार कमाउँछ, ५ हजारमा शिक्षक राख्न खोज्नु कति जायज हो? थोरै शिक्षक हुन्। तर ती योग्य, इमानदार, कर्मठ भएर गतिला विद्यार्थीलाई तयार गर्ने काममा लागून्। वर्तमान शिक्षाले उच्छृंखल समाजको निर्माण गरिरहेको छ। विद्यार्थीमा गुण्डागर्दी शैली हावी हुँदै गएको छ। पारिवारिक अपराध भइरहेको छ। यी सबै कुरा सही शिक्षाको अभावमा भएको हो।

# केही सार्वजनिक सेवालाई समावेशी बनाउने सम्बन्धमा नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०६७

## नेपालको सन्दर्भमा समावेशीकरण

नेपालको सन्दर्भमा समावेशीकरणको इतिहासलाई नियाल्दा २०६२/६३ सालको जनआन्दोलन पूर्वका राजनीतिक परिवर्तनहरूले समावेशीकरणको सवाललाई विरलै उठाएको देखिन्छ। २०४६ सालको जनआन्दोलन र प्रजातन्त्रको पुनर्स्थापनापछि नेपाली जनताले राज्यको संरचनामा आफ्नो व्यक्तिगत एवं समूहगत वैधानिक स्थान र हैसियत खोज्न थाले। २०४७ सालमा बनेको संविधानले पहिलो पटक नेपालको बहुजातीय एवं बहुभाषिक बनोटलाई विधिवत् स्वीकार गर्‍यो। तर मुलुकको राजनीतिक संरचना र प्रक्रियामा यसलाई मुखरित गर्ने काम भने भएन।

२०६२/६३ सालको जनआन्दोलनपछि समावेशी अवधारणा जोडतोडका साथ अगाडि आयो। परिणामतः लोकतन्त्र स्थापनापश्चात् अन्तरिम संसद्/व्यवस्थापिका संसद् विगतको भन्दा तुलनात्मक रूपमा समावेशी बन्न गयो। साथै, ४ जेठ २०६३ सालमा प्रतिनिधिसभाले जारी गरेको घोषणापत्रमा पहिलो पटक 'समावेशी राज्यव्यवस्था' भन्ने शब्दावली प्रयोगमा आयो।

मधेश आन्दोलनपश्चात् नेपालको राज्यव्यवस्था र संरचनालाई समावेशी बनाउन अन्तरिम संविधान, २०६३ को संशोधन गरी नेपाल संघीय राज्य हुने घोषणा भएको छ। यसका निमित्त राज्य पुनर्संरचना आयोग गठन गरिने संवैधानिक व्यवस्था समेत गरिएको छ।

यतिखेर देश संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको छ। संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणापूर्व र तत्कालीन अवस्थामा मधेशीलगायत सम्पूर्ण आदिवासी, जनजाति, दलित, महिला र भौगोलिक आधारमा विभेदमा परेका कर्णालीवासीहरू समेतले राजनीतिक दल, संसद्, न्यायपालिका, संवैधानिक निकाय, कूटनीतिक आयोग लगायत राज्यका सम्पूर्ण निकायहरूमा समानुपातिक समावेशी अधिकार खोज्नु स्वाभाविक हो। यसलाई व्यवहारमा कार्यान्वयन गर्नु नेपाल राज्यको कर्तव्य पनि हो।

## नेपालमा समावेशीकरणको स्थिति

नेपालमा निजामती सेवा ऐनको दोस्रो संशोधनले ४५ प्रतिशत सीटहरू २० वर्षसम्म आरक्षणको हिसाबले पिछडिएका समूहहरूलाई छुट्याएको देखिन्छ। राजनीतिक सहभागिताको हकमा समानुपातिक निर्वाचन पद्धतिको विकास पनि गरिएको छ। स्वायत्तताका लागि अभ्यासहरू पनि शुरू भएका छन्। शिक्षाको सन्दर्भमा २०१५ सम्ममा सबैलाई साक्षर बनाउने अभियान पनि चल्दैछ। स्वास्थ्यको सन्दर्भमा पनि सहस्राब्दी विकास लक्ष्यलाई ध्यानमा राखेर अभियानहरू चल्दैछन् तर त्यो प्रभावकारी हुनसकेको छैन। बहुसांस्कृतिक प्रवृत्तिको पनि केही हदमा विकास भएको भए तापनि यसलाई अझै पूर्णता दिन सकिएको छैन। जहाँसम्म आर्थिक समावेशीकरणको सवाल छ, त्यसको सफलता अत्यन्त न्यून छ। उत्पादनमा सहभागिता, त्यसको वितरण, मानव पूँजी निर्माण, रोजगारी र सामाजिक पूँजी निर्माण, संस्था र मूल्यमान्यताहरूको निर्माण आदिमा नेपाल अत्यन्त पछिपरेको छ।

## यो विधेयकले सम्बोधन गर्न नसकेका विषयहरू

प्रस्तुत विधेयक २०६२/६३ को जनआन्दोलन, विस्तृत शान्ति सम्झौता तथा नेपालको अन्तरिम संविधान, २०६३ को मूल मर्मलाई सम्बोधन गर्न नसकेको औपचारिक विधेयकको रूपमा रहेको छ। केही सार्वजनिक सेवालाई समावेशी बनाउने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक-२०६७ पारित भई पूर्ण रूपमा लागू हुँदाका बखत समेत यसले राज्यका सबै निकाय, अङ्ग तथा तहलाई समावेशी बनाउने उद्देश्य हासिल गर्न सक्ने देखिदैन। किनकि यस विधेयकले नेपालको असमान शक्ति संरचनालाई आमूल रूपमै परिवर्तन गर्ने भन्दा पनि सुधारमुखी मार्गलाई अवलम्बन गरेको देखिन्छ।

दोस्रो कुरा, यस विधेयकले केही सेवा क्षेत्र र निकायलाई मात्र समेटेको छ। यसले नेपालको समग्र नीति निर्णयको क्षेत्रलाई समेट्न सकेको छैन। उदाहरणका लागि न्याय प्रशासन, न्याय सेवा अन्तर्गतका विभिन्न निकाय, संवैधानिक आयोग एवं कूटनीतिक निकायहरू सम्बन्धमा कुनै व्यवस्था गरिएको छैन।

तेस्रो, यस विधेयकले समावेशी र सहभागिताको नाममा मूल प्रवाहमा केही वर्ग, जात र क्षेत्रका मानिसलाई भौतिक रूपमा उपस्थित गराउन मात्र जोड दिएको छ। समावेशी र सहभागिताको अर्थलाई उपस्थितिमा मात्र सीमित राखियो भने यसले अन्तिममा गएर समावेशी र सहभागिताको मूल मर्ममाथि आघात पार्ने काम हुन्छ। परिणामतः मूल प्रवाहको निश्चित वर्ग र समुदायको वर्चस्व रहेको निकायमा यसप्रकारको समावेशीको नीति अनुरुप आएका व्यक्तिहरू विलय हुने खतरा रहिरहन्छ। समावेशीको वास्तविक अर्थ भनेको निर्णय गर्ने निकायमा माथि उल्लिखित वर्गबाट आवश्यक न्यूनतम उपस्थिति गराई प्रचलित संरचना, वार्ता, छलफल र निर्णय प्रक्रियामा समानान्तर रूपमा उभ्याउनु हो। तर प्रस्तावित मस्यौदाबाट यसको पूर्ति गर्न असम्भव छ। यसका निमित्त वर्तमान संरचनामाथि उल्लिखित वर्गलाई अटाउने केही ठाउँ मात्र दिन खोजिरहेका छौं कि रूपान्तरण चाहिरहेका छौं भन्नेबारे राज्यसत्ता प्रष्ट हुनु आवश्यक छ। केही ऐन संशोधन गरेर भइरहेको संरचनामा केही मानिसहरूलाई घुसाउने मानसिकतालाई महिला, जनजाति, पिछडिएका वर्ग र क्षेत्रका जनताले उठाएको समानुपातिक सहभागिताको मर्मलाई यसले सम्बोधन गर्न सक्दैन। ४५ प्रतिशतलाई १०० प्रतिशत मानी त्यसलाई विभिन्न प्रतिशत बाँड्नु भनेको माथि उल्लिखित कुनै पनि वर्गलाई छुट्याइएको सीट समग्रमा ५ प्रतिशत वा सोको हाराहारीभन्दा माथि उठ्ने देखिँदैन। अतः यसले कसरी समावेशीको मूल मर्मलाई समेट्न सक्दछ भन्ने प्रश्नको जवाफ पनि आवश्यक छ।

आरक्षणले संख्यात्मक उपस्थिति बढाउन त मद्दत गर्दछ तर सबै अवस्थामा यसलाई गुणस्तरीय बनाउन मद्दत गर्न नसक्ने धेरै सम्भावना रहन्छ। आरक्षण विरुद्धको एउटा बलियो तर्क यो पनि हो। अतः यसलाई एकपक्षीय ढङ्गले मात्र अघि बढाउनु दूरदर्शी हुँदैन। यसका लागि दीर्घकालीन कार्ययोजनाहरू पनि समानान्तर रूपमा अघि बढाउनु आवश्यक छ। यसर्थ नेपालको सार्वजनिक सेवालाई समावेशी बनाउन भइरहेका केही ऐनहरू मात्र संशोधन गर्नु पर्याप्त छैन। विशेष अधिकारका रूपमा कोटाप्रणालीको आधारमा आरक्षणको व्यवस्था एउटा पक्ष हो। तर यो नै सम्पूर्ण भने होइन। समावेशीकरणलाई सुनिश्चित गर्न, सबै वर्ग र क्षेत्रका जनताको अधिकारको सुरक्षा, राजनीतिक र नागरिक अधिकार, नागरिकताको अधिकार, समानता र विभेदरहित सामाजिक, सांस्कृतिक, अधिकारको प्रत्याभूति र त्यसको पूर्ण परिपालना गर्न प्रतिबद्ध, जनताप्रति जिम्मेवार र उत्तरदायी राज्य संयन्त्रको सुनिश्चितताका विषयहरूलाई अलग्याएर समावेशीकरणको सवालको औचित्य र त्यसको लक्ष्य प्राप्त हुन सक्दैन। यसकारण यी विषयलाई पनि समग्रमा उठाउनु अत्यन्त आवश्यक छ।

### केही सार्वजनिक सेवालाई समावेशी बनाउने विधेयक, २०६७ का सम्बन्धमा सुझावहरू:

समावेशीकरण आफैंमा साध्य होइन, यो रणनीतिक साधन हो। केही सार्वजनिक सेवालाई समावेशी बनाउनका निमित्त केही ऐन संशोधन मात्र पर्याप्त नभएकाले यो ऐनको समग्र नाम र प्रस्तावना नै परिवर्तन गरी सार्वजनिक सेवालाई समावेशी बनाउन छुट्टै विशेष ऐनको आवश्यकता रहेको देखिन्छ। तसर्थ व्यापक छलफल र सुझावका आधारमा विशेष ऐन सम्बन्धी विधेयक ल्याउनु आवश्यक देखिन्छ। त्यस्तो विधेयक ल्याउनुअघि निम्न तयारी गर्नु आवश्यक देखिन्छ:

- समावेशीकरण गरिनुपर्ने राज्यका निकाय, पद र पदाधिकारीहरूका सम्बन्धमा तथ्याङ्क दुरूस्त राख्ने,
- खाली पदहरू, खाली हुने पदहरूको अद्यावधिक तथ्याङ्क राख्ने,
- शिक्षा क्षेत्रको लगानीका निमित्त राज्यले तत्काल र तीव्र गतिमा स्रोत र साधनको विनियोजन गर्ने,
- आरक्षित सीटबाट आएका महिला पदाधिकारीहरूको सीप तथा क्षमता अभिवृद्धिका निमित्त स्रोत र साधनको विनियोजन गर्ने,
- उनीहरूलाई गोष्ठी, तालीम र भ्रमण अध्ययनमार्फत प्रशस्त अवसर (एक्स्पोजर) प्रदान गर्ने,
- 'इन्टर्नसीप' को व्यवस्था गर्ने,
- वर्तमान संरचनामा कार्यरत कर्मचारीहरूको बढुवा, उनीहरूको अवकाशको लगत अद्यावधिक राखी उनीहरूको निवृत्तिका निमित्त 'फेज आउट प्लान' बनाउने,
- आर्थिक भार र प्रगतिशील लगानीको योजना।

सकारात्मक विभेदको नीति अन्तर्गतका विशेष प्रावधानहरू विभेदित वा पछाडि पारिएका वर्ग अन्य वर्गसँग समान हैसियतमा नपुगुञ्जेलसम्मका लागि अपनाइने रणनीति हो। नेपालको प्रमुख राजनीतिक र सामाजिक एजेण्डाको रूपमा स्थापित समावेशीकरणको कार्यसूची सुधारको कमजोर रणनीतिक कार्ययोजनाले मात्र प्राप्त गर्न नसकिने हुनाले बृहत् रूपान्तरण प्रक्रियासित जोडेर अगाडि बढ्नुपर्ने देखिन्छ। यसका लागि ठोस कार्यविधि र सारभूत व्यवस्था हुनु आवश्यक छ। अत: तोकिएको प्रतिशत हासिल नहुञ्जेलसम्मका लागि राज्यले निम्न विशेष उपायहरू अवलम्बन गर्ने सम्बन्धमा सारभूत रूपमा ऐनमा स्पष्ट व्यवस्था हुन आवश्यक छ।

### उच्च तहमा सोझै पदपूर्ति गर्ने

उच्च तहमा महिलाको उपस्थिति प्राय: शून्य अथवा अत्यन्त न्यून रहेको छ। शुरू भर्ना र नयाँ भर्ना गर्ने विशेष व्यवस्था मात्र लागू गर्ने हो भने यस प्रकारको कार्यविधिमा महिला सहभागिता वृद्धि गरी रूपान्तरणका निमित्त प्रभावकारी नहुने निश्चित छ। यस कार्यबाट परिणाममा समानता ल्याउन दशकौं कुर्नुपर्ने हुन्छ। उदाहरणका लागि बङ्गलादेशलाई लिन सकिन्छ। बङ्गलादेशले सन् १९७२ मा नै त्यहाँको निजामती सेवालाई समावेशी बनाउन समावेशी निजामती सेवा ऐन, १९७२ ल्याएको थियो। उक्त ऐनले महिलालाई १० प्रतिशत सीट आरक्षित गरेको थियो। त्यतिखेर समग्र निजामती सेवामा महिलाको उपस्थिति ७ प्रतिशत रहेको थियो। तर आज चार दशकको हाराहारीमा पुग्दा समेत बङ्गलादेशको निजामती सेवामा महिलाको उपस्थिति ९ प्रतिशतबाट माथि उठ्न सकेको छैन। भारतको उदाहरण लिंदा पनि आरक्षित उच्च पदहरूमा महिलाको सहभागिता न्यून नै रहेको छ। यसकारण वास्तवमै हामी समावेशी राज्यव्यवस्थाप्रति प्रतिबद्ध छौं, हाम्रो राजनीतिक इच्छाशक्ति मजबूत छ भने शुरू भर्ना र नयाँ भर्ना बाहेक उच्च पदहरूमा पनि निश्चित योग्यताको मापदण्ड तोकी सोझै बढुवा गर्ने व्यवस्था कायम गरिनुपर्दछ।

### उमेरको हदमा छूट दिने

हाल निजामती सेवामा प्रवेश पाउन महिला र पुरुषको उमेरको हदबन्दी महिलाको हकमा ४० वर्ष र पुरुषको हकमा ३५ वर्ष तोकिएको छ। यो अवधिलाई निरन्तरता दिनुपर्दछ। मूल्याङ्कन प्रक्रियामा विशेष व्यवस्था एउटै तहको पदपूर्तिका लागि मूल्याङ्कन प्रक्रियाहरू निर्धारण गर्दा महिला र पुरुषका निमित्त परीक्षाको अंकमा केही प्रतिशत विशेष छूट दिने व्यवस्था गर्नुपर्दछ। त्यसो गर्दा दलित, जनजाति महिलालाई दलित, जनजाति पुरुषहरूलाई दिएको अंकमा थप छूटसहितको व्यवस्था दिइने व्यवस्था हुनुपर्दछ। यस कार्यको अभ्यास नेपालमा धेरैजसो गैरसरकारी अन्तर्राष्ट्रिय निकायहरू र संयुक्त राष्ट्रसंघले गर्दै आएको देखिन्छ।

### नयाँ भर्ना र बढुवा प्रक्रियामा समावेशीकरण

सकारात्मक विभेदको नीति अन्तर्गतका विशेष प्रावधानहरूमार्फत विभेदित वा पछाडि पारिएका वर्ग अन्य वर्गसँग लगभग समान हैसियतमा नपुगुञ्जेलसम्मका लागि नयाँ भर्ना र बढुवा प्रक्रियामा समावेशीकरण गर्दा समावेशीकरणका निमित्त कुल संख्यालाई १०० प्रतिशत मानिनुपर्दछ। यसो गर्नका लागि राज्यका सबै निकायमा भएको प्रतिनिधित्वको अवस्थाको तथ्याङ्क दुरुस्त देखिने गरी अद्यावधिक गर्नु आवश्यक छ।

**निवृत्तिभरणको सम्बन्धमा:** कानूनत: सरकारी सेवामा नोकरी गर्न पाउने उमेर ५८ वर्ष छ। महिलाले ४० वर्षको उमेरसम्म सेवामा प्रवेश गर्न पाउने व्यवस्था रहेको परिप्रेक्ष्यमा १८ वर्षमै सेवा निवृत्त हुँदा निवृत्तिभरण पाउन नसक्ने विद्यमान अवस्था रहेको देखिन्छ। यसकारण सरकारी सेवामा नोकरी गर्न पाउने उमेरको हद बढाउनुपर्ने देखिन्छ।

**खाली ठाउँको पदको पूर्ति:** खाली ठाउँ पूर्ति गर्दा माथि प्रस्ताव गरे अनुरूपको निश्चित सीटमा नियुक्ति प्रक्रिया अगाडि बढाइनुपर्दछ।

**पद खाली गरेर पूर्ति गर्ने व्यवस्था:** राज्यका अङ्गहरूमा भएको विद्यमान समावेशीकरणलाई हेर्दा माथि उल्लिखित कार्य विधिगत नीतिले मात्र सम्बोधन गर्न सकिंदैन। यसका लागि निजामती सेवाको पुनर्गठन गर्नुपर्ने हुन्छ। तसर्थ निजामती सेवामा व्यापक परिवर्तनको आभास दिलाउन स्वेच्छिक राजीनामा, गोल्डेन ह्याण्डसेक जस्ता अवधारणाहरूमार्फत हाल बहाली रहेका कतिपय पदहरू रिक्त गरी समावेशी आधारमा सहभागितालाई अगाडि बढाउनुपर्ने देखिन्छ।

### भाषिक नीतिमा परिवर्तन

एक भाषिक नीतिका कारण पनि जनजाति, आदिवासी, मधेशी लगायतका वर्ग, समुदायलाई सार्वजनिक सेवामा प्रवेश गर्न बाधा पुगेको देखिन्छ। अत: उक्त समस्या समाधानका निमित्त सार्वजनिक सेवामा प्रवेश गराउँदा अपनाउँदै आएको एक भाषिक नीतिमा समेत परिवर्तन ल्याउनु आवश्यक छ। यसका निमित्त पनि सम्बन्धित समुदायसित पर्याप्त छलफल गर्नु आवश्यक छ।

कानूनत: यो व्यवस्थासहितको विशेष ऐन ल्याएपश्चात् आर्थिक विकास, गुणस्तरीय शिक्षामा सबैको समान पहुँचको सुनिश्चितता र सारभूत समानतामा आधारित कानूनको शासनको स्थापना यसको पूर्वाधार हो।

**अधिवक्ता मञ्चला झा तथा कानूनविद् इन्दु तुलाधारद्वारा नेपाल कन्स्टिट्युसन फाउण्डेसनका लागि तयार गरिएको यो अनुसन्धान तथा सुझावपत्रलाई महिला, जनजाति, दलित, मधेशी, युवा तथा सम्बन्धित क्षेत्रका अन्य दबाव समूहहरूको इनपुटका आधारमा अन्तिम रुप दिइएको छ। यस सम्बन्धमा यो फाउण्डेसन मानबहादुर विश्वकर्मा, भरत गौतम, परशुराम तामाङ, सविता बराल, यमबहादुर किसान, सानुलक्ष्मी गासी, कृष्ण गुरुङ, रुक्मिणी महर्जन, सरिता रायमाझी, सन्तोष रानामगर, केवलप्रसाद भण्डारी, तारावहादुर भण्डारी आदि लगायत फुर्पा तामाङ तथा डा. विपिन अधिकारी समेत प्रति आभार व्यक्त गर्दछ।*

*यो अध्ययन एसिया फाउन्डेसनको सहयोगमा गरिएको हो तर यसमा व्यक्त विचारहरू सम्बद्ध लेखकका हुन्। तिनले फाउन्डेसनको विचार र दृष्टिकोणलाई प्रतिनिधित्व गर्दैनन्।*



# लुइरे होइन, महान् बनौं

■ कृष्णप्रसाद ढकाल

टीका भट्टराई र विजया सुब्बाको 'लुइरे मास्टरबाट महान् शिक्षकतिर' भन्ने लेख (*शिक्षक* वैशाख, २०६९) मलाई औधी मन पऱ्यो। त्यसले यथार्थतालाई उजागर गर्ने जमर्को गरेको छ। सामुदायिक विद्यालयप्रतिको जनविश्वास र आकर्षण दिनानुदिन खस्कँदो छ। कस-कसको कमजोरीका कारण स्थिति यो अवस्थामा पुगेको हो? सरकारको? राजनीतिक दलको? विद्यालय व्यवस्थापन समितिको? या शिक्षकको? यस्ता जिज्ञासा सबैका मनमा पलाउने गर्छन्। हो; कुनै एउटा पक्षको कारणले मात्र सरकारी स्कूलहरू ओरालो लागेका होइनन्। त्यसनिम्ति सबै पक्ष धेरथोर जिम्मेवार छन्। विद्यालय सुधारका निम्ति राजनीतिक हस्तक्षेपको अन्त्य, कुशल नेतृत्व प्रभावकारी व्यवस्थापन, चुस्त अनुगमन प्रणाली तथा अभिभावकहरूको जागरुकता चाहिन्छ नै। तर सक्षम, सबल, क्रियाशील र समर्पित शिक्षक भइदिए माथिका कुराहरूको अभावमा पनि विद्यालयको शैक्षिक स्तर उठाउन सकिन्छ भन्ने सवालमा सूक्ष्म विश्लेषण गरेको पाइयो यो लेखमा।

लेखकहरूले औंल्याए झैं संचारमाध्यमको ध्यान विद्यालयका ठूलाठूला कमजोरीतर्फ मात्र गएको यथार्थ हो। हेर्दा सानो जस्तो देखिने तर कहालीलाग्दो परिणाम दिने हामी शिक्षकहरूका गतिविधितर्फ संचारकर्मीहरूको ध्यान पुग्न नसकेको पक्का हो। शिक्षकहरू नै बराला भएबाट शैक्षिकस्तर उठ्न नसकेको भन्ने विभिन्न प्रतिवेदनहरू सार्वजनिक भइसक्दा पनि हामी शिक्षकहरूको चेत नफिर्नु साँच्ची नै उदेकलाग्दो कुरा हो।

सामुदायिक विद्यालयहरू सबैको भएर पनि कसैको हुन नसक्नुको प्रमुख कारण सरकारी अनुगमन, नियमन, नियन्त्रण र निरीक्षणको प्रणाली भुत्ते बनाइनु पनि हो। उच्च पदस्थ कर्मचारी, दलका नेता र ठूलाबडा भनेर चिनिएकाहरू समेतको निजी विद्यालयहरूमा भएको लगानी र संलग्नताका कारण सामुदायिक विद्यालयहरू ओइलाउँदै र निजी विद्यालयहरू मौलाउँदै जाने वातावरण बन्न गएको धेरैको अनुमान रहेको पाइन्छ। विद्यालयमा विभिन्न थरीका शिक्षकहरूको व्यवस्था गर्नु, विद्यालयको व्यवस्थापन समुदायमा सिउरन न्वारानदेखिको बल निकालेर दौडधुप गर्नु, समयमा पाठ्यपुस्तक उपलब्ध नगराई विद्यालय नै बन्द गरिदिनु जस्ता सरकारी रवैयाबाट कतै निजी विद्यालयलाई नै मलजल पुऱ्याउन खोजिएको त होइन भन्ने स्वाभाविक आशंका उब्जन्छ। यो विषयले उक्त लेखमा यथेष्ट स्थान पाउन नसकेको देखियो। 'शिक्षक सुध्रिए पढाइ सप्रन्छ' भन्नेतर्फ लेख बढी नै केन्द्रित भएको पाइयो।

## चुनौती

शिक्षकले जाँगर चलाउने हो भने यसमा उल्लेख गरिएका चुनौती पारलगाइ नसक्नुका छैनन्। नयाँ शिक्षा २०२८ ले शिक्षकलाई समाजसेवीबाट जागीरेतर्फ लगायो। अभिभावकहरूसँगको उनको ताँदो चुँडालियो, सरकारसँग गाँसिन सकेन। जागीरे प्रवृत्तिले उनलाई अल्छी बनायो। बिहानभरी खेतबारीमा काम गरेर लखतरान भएका शिक्षकका लागि विद्यालय त थकाइमार्ने थलो पो बन्यो। यी र यस्ता खाले जुन चुनौती छन् यी सब शिक्षक आफैंद्वारा विद्यालयमा भित्र्याइएका समस्याहरू हुन् र यिनलाई पर्गेल्न पनि शिक्षकले सहजै सक्दछन्, सक्नुपर्दछ। हामी लागिपर्ने हो भने नहुने केही छैन।

तलब भर्नेमा नै सीमित शिक्षा कार्यालयले हाम्रो स्कूल चम्काइदेला भन्ने आश हामीले मार्नै पर्छ। विद्यालय हाम्रो हो। हाम्रो विद्यालय सप्रँदा हामी सप्रने र बिग्रँदा हामी बिग्रने कुरा पक्का छ। अत: अरूको मुख नताकी आफ्नो काम आफैं गरौं। विद्यालय सुधारको थालनी कक्षाकोठाबाट गरी यस्ता चुनौतीलाई पाखा लगाइदिनेतर्फ हामी आफैं अग्रसर बनौं।

शिक्षा नियमावलीमा वर्षमा २२० दिन विद्यालय खुल्नुपर्ने र १८० दिन पढाइ हुनुपर्ने प्रावधान भए पनि वास्तविक स्थिति भने यस्तो भएको पाइन्न। शिक्षाविद् डा. भोजराज काफ्लेले शिक्षक अनुपस्थितिका सवालमा गर्नुभएको एक अनुसन्धानमा सबैखाले बिदाहरू कटाएर वर्ष दिनमा एकजना शिक्षकले ७८ दिन मात्र पढाउने कुरा औंल्याउनुभएको छ। यो अनुपस्थितिलाई घटाउने तागत शिक्षकसँग मात्र छ। उनले यसलाई घटाउन ढिलाइ गर्नु भने पटक्कै पनि हुँदैन। किन शिक्षक अनुपस्थित रहन्छन् भन्ने कुरा खोतल्दै जाने हो भने यसले हामीलाई डुबाउने मात्र हैन पाताल नै पुऱ्याउने निश्चित छ। कम्तीमा जागीरको सोझो गर्नैका लागि भने पनि दिनहुँ स्कूल गएर यो कलङ्कबाट सारा शिक्षकजगतको उद्धार गरौं।

विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण र राजनीतिक दलहरूको विद्यालयमाथिको ठाडो हस्तक्षेप पनि पन्साउनै नसकिने चुनौती होइनन्। हामी विद्यार्थीको हुनु पऱ्यो र विद्यार्थीलाई हाम्रो बनाउन सक्नु पऱ्यो। विद्यार्थीको राम्रो सहयोगी बन्न प्रयत्न गर्ने, उनीहरूको पढाइप्रति प्रतिबद्ध रहने र उनीहरूलाई नै सर्वस्व ठानेर अघि बढ्ने हो भने हाम्रा विद्यार्थी हाम्रै रहने छन्। जहाँ विद्यार्थी त्यहाँ अभिभावक भन्ने मान्यतालाई हेक्का राख्दै कसैको चाकडीमा दौडधुप नगरौं। बरु शिक्षकको चाकडीमा अरूहरूले धाउनुपर्ने वातावरण सृजना गर्नेतर्फ हामी सबै जुटौं।

## कार्ययोजना

शिक्षकले मन लगाएर पढाएनन्; साह्रै बराला भए भन्ने आवाजहरू जताततै सुन्ने गरिन्छ। यी हामीमाथि लगाइएका आरोप मात्र हुन् अथवा खाँटी कुरा नै यही हो? मनन गर्न बियाँलो नगरौं। यी तलका प्रश्नहरू माथि केहीबेर घोत्लेर उत्तर तयार पारौं।

के अध्यापन कार्य मेरो पहिलो नम्बरको पेशा हो? अथवा समय काट्ने माध्यम? के म दिनहुँ स्कूल जान्छु? के म ठीक समयमा कक्षाकोठामा पस्ने र ठीक समयमा निस्कने गर्छु? के मेरो व्यवहार बालमैत्री छ? के निर्धारित समयभित्र प्रभावकारी ढङ्गले आफ्नो कोर्ष सक्ने गरेको छु? मैले पढाउने विषयमा म कत्तिको जानकार छु? मेरो पढाइमा विद्यार्थीहरू के-कति सन्तुष्ट होलान्? मैले लाठीमुङ्ग्रीका भरमा कक्षा नियन्त्रण गरेको छ वा प्रभावकारी पठनपाठनको माध्यमबाट? आफ्नो स्कूलमा गतिला वा निम्छरा कुनखाले शिक्षकको सूचीमा मेरो नाम पर्ला? म विद्यार्थीमाझ

कत्तिको लोकप्रिय हुँला ? म कत्तिको मिहिनेत गरेर कक्षाकोठामा पस्ने गर्छु ? के म आफ्ना विद्यार्थीप्रति निष्पक्ष छु ?

कतै मेरा व्यवहारहरू आफ्नै पेशाको मान्यता र आदर्श विपरीत छैनन् ? के मेरा आदतहरू समाजले पचाउने खालका छन्, के मैले पाउने पारिश्रमिक बराबरको काम विद्यालयलाई दिनसकेको छु ? के मैले आफ्ना सन्तानलाई आफ्नै विद्यालयमा पढाउने गरेको छु ? नेताको पछिलाग्दा मैले के पाएँ ? नलाग्दा के गुमाएँ ? यी र यस्ता खाले प्रश्नहरूमा तपाईं आफैंले तयार गर्नुभएका उत्तरहरूप्रति सन्तुष्ट हुनुहुन्छ ? यदि हुनुहुन्छ भने तपाईंलाई कसैले पनि हल्लाउन सक्दैन । तपाईंले हरहमेसा आफ्नै विद्यार्थी र अभिभावकहरूको साथ पाइरहनुहुनेछ । यदि आफ्नो उत्तरसँग आफैं सन्तुष्ट हुनुहुन्न भने तपाईं त्यो स्कूलमा किन घिस्रिरहनुभएको छ ? आफ्ना विद्यार्थीको भविष्यमाथि खेलबाड गर्नु साँच्ची नै ठूलो पाप हो ।

मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेको यस घडीमा शिक्षकहरूको राजनीतिक दौडधुपले आफ्नै साख घटाउनु सिवाय कुनै पनि महत्त्व नराख्ने हुँदाहुँदै पनि हामी किन अपहत्ते गरिरहेका छौं ? हाम्रा आफ्नै गतिविधिले हामीलाई एक्ल्याइसकेको छ । २०३७ सालमा १०४ दिनसम्म हामी हडतालमा उत्रिरहँदा मुलुकभरिका तमाम विद्यार्थी र अभिभावकहरूको साथ पूर्णरूपले हामीले पाउन सकेका थियौं । अभिभावकहरूले त्यो बेला हामीप्रति दर्शाएको स्नेह, माया र सद्भावलाई हामीले आफ्नै कारणले थामिराख्न सकेनौं । आज एक दिन हड्ताल गर्दा तिनै अभिभावकहरू हाम्रो विरुद्धमा किन जुर्मुराउने गरेका होलान् ? हामी आफ्नै विद्यार्थी र अभिभावकका नबनी अन्यत्रै भौंतारिएका कारण यो अवस्था देखा परेको हो भन्दा कुनै फरक नपर्ला ।

अब हामी आफू सप्रन र सुधार ल्याउन यसो गर्ने प्रण गरौं:

- हामी आ-आफ्ना विद्यालयको अधीनमा भएकाले निर्धारित समयमा दिनहुँ विद्यालय जाने बानीको विकास गरौं । आफूले अध्यापन गर्ने विषयमा जानकार बन्न सम्भव भएसम्मका उपायहरू अवलम्बन गर्ने प्रयत्न गरौं । आफ्नो पठनपाठनलाई प्रभावकारी बनाउने प्रयास गरौं ।
- विद्यार्थीलाई झुकाउने, दबाउने, पेल्ने र थर्काउने काम नगरी मित्रवत् व्यवहार गरौं । आफू पढ्दा दबाब, तनाव, थिचोमिचो र हेपाइको अनुभव गरेका विद्यार्थीले ठूलो भएपछि सोही अनुरुपको व्यवहार समाजका अरू सदस्यसँग गर्न सक्ने भएकाले आफू विनम्र बनेर विद्यार्थीलाई नम्रताको पाठ सिकाउनेतिर लागौं ।
- पाठ्यपुस्तक मात्र पढाउने र घोकाउने शिक्षक र विद्यार्थीका बीच खासै फरक नहुने भएकाले विद्यार्थीका लागि र आफ्नै लागि पनि शिक्षकले जसरी पनि अध्ययन गर्ने बानी बसाल्नु आवश्यक ठानिन्छ । प्रविधि विकासको आजको समयमा कम्प्युटर र इन्टरनेटको प्रयोग गर्न जान्ने शिक्षकको अध्यापन कार्य निकै सफल र स्तरीय भएको पाइन्छ ।
- विद्यार्थी सप्रँदा हामी मर्यादित हुने र विद्यार्थी बिग्रँदा हाम्रो प्रभाव पनि धमिलिने भएकाले विद्यार्थी नै हाम्रो सर्वस्व हुन् । विद्यालयमा गरिने हाम्रा सबै गतिविधि विद्यार्थी केन्द्रित हुनु आवश्यक हुन्छ । विद्यालयमा विद्यार्थी छन् र नै हामी छौं नत्र त हाम्रो आवश्यकता नै नरहने भएकाले विद्यार्थीका लागि स्कूल आउँ-आउँ लाग्ने स्थल बनाउनेतर्फ लागौं । हामी अरूको नभई हमेसा आफ्नै विद्यार्थीको बन्ने प्रयत्न गरौं ।

विद्यालय भन्दा बाहिरको शक्तिद्वारा सिर्जित र शिक्षक आफैंले निम्त्याएका र भित्र्याएका गरी दुईथरी चुनौती झेलिरहेका छन् हाम्रो सामुदायिक विद्यालयहरूले । शिक्षकद्वारा नै निम्त्याइएका चुनौतीका सवालमा उनी आफैंले आ-आफ्नो विद्यालयका लागि कार्ययोजना बनाई लागू गर्ने दृढ इच्छाशक्ति जाहेर गर्दै प्रतिबद्ध रहेको खण्डमा उनले विद्यार्थी, समाज र मुलुकलाई लगाएको गुन साँच्ची नै तिरिनसक्नुकै हुनेछ ।

*(लेखक: नेपाल शिक्षक युनियन राष्ट्रिय समितिका पूर्व अध्यक्ष हुन् ।)*



# शिक्षकलाई खेद्न छोडौं

■ **यम पी. भुसाल**

म *शिक्षक* मासिकको नियमित पाठक हुँ । यसले शुरूदेखि नै आफ्नो प्रभाव देखाएकोमा औधी खुशी लाग्छ । यसमा सम्प्रेषित समाचार सामग्रीहरू राम्रा छन् । विशेषगरी *शिक्षक* ले हामी शिक्षकहरूलाई उत्प्रेरित गर्ने, पेशा प्रति अझै जवाफदेही हुन सहयोग गर्ने र पछिल्ला दुई-तीन दशकदेखि शिक्षकहरूको निरन्तर गिर्दो साख उचाल्ने दिशातर्फ सान्दर्भिक सामग्रीहरू प्रकाशित गर्दै जाओस् भन्ने लाग्दछ । भन्नै पर्छ- शिक्षकले अलि बढी शिक्षकहरूको नकारात्मक पक्षलाई पछ्याएको हो कि भन्ने शिक्षक समुदायभित्र एक प्रकारको बुझाइ छ । सञ्चारका सबैजसो माध्यम; विकासे ठेकेदार र राजनीतिक नेतृत्व समेतले सामुदायिक विद्यालयभित्रका सबै समस्याको कारक शिक्षकलाई मात्र देखाउँदै आएको पृष्ठभूमिमा आफ्नो नाममा प्रकाशित पत्रिकाले पनि आफैंलाई खेदेको हो कि भन्ने लाग्नु स्वाभाविक छ ।

सामुदायिक विद्यालयको अहिलेको अवस्थाका निम्ति शिक्षकहरू कति जिम्मेवार छन् भन्ने स्वतन्त्र विश्लेषण भन्दा पनि आफ्नो अक्षमता छोप्न शिक्षकलाई आरोप लगाइएको हो भन्ने मेरो बुझाइ र भोगाइ पनि छ । यसो भनेर सबै शिक्षकहरू ठीक छन् भन्ने पनि होइन । हो, समस्या छ- शिक्षकमा छ, प्रअमा छ, विद्यार्थीमै पनि छ, अभिभावक, स्रोतव्यक्ति, निरीक्षक, जिशिका, मन्त्रालय, नीति, कार्यक्रम, नेता, दल र सरकार सबैमा समस्या छन्, सबैका कारणले समस्या छन् । त्यसो भए, सबैले आ-आफ्नो भागको काम ठीक तरिकाले गरौं, समाधान हुन्छ । तर त्यसो गर्न सत्ता लिप्त राजनीतिक नेतृत्व र शासक मनोवृत्तिको सरकारी संयन्त्र र कर्मचारीतन्त्र तयार छ त ?

'गरे शिक्षकले नै सक्छन्' मा टीका भट्टराई र विजय सुब्बाको विश्लेषणमा उल्लेख गरिएका परिवेश र कारणहरू सही छन् । नयाँ शिक्षापछिको विद्यालय राष्ट्रियकरण, २०३६ पछिको खुलापनले भित्र्याएको निजीकरण, समुदाय र विद्यालय शिक्षक बीचको विच्छेदित

सम्बन्ध, राजनीतिक दलहरूको विद्यालयलाई कार्यकर्ता भर्तीकेन्द्र र शिक्षकलाई झोले बनाउने जाली नियत सम्बन्धी विश्लेषण सही छ। तर कुरा यतिमै सीमित छैन। सामुदायिक विद्यालयको यो हविगतका थप कारणहरू पनि छन्, तिनीहरूको समीचीन विश्लेषणपश्चात् साझा निष्कर्ष निकाल्न सके मात्र विद्यालय सुधार्न सकिन्छ। त्यसनिम्ति सर्वप्रथम राष्ट्रको समग्र विकासमा शिक्षाको महत्त्वलाई आत्मसात् गर्नु पर्‍यो, यसलाई दलीय स्वार्थी आँखाले हेर्न छोड्नु पर्‍यो। नीति, कार्यक्रम बनाउँदा सरोकारवाला सबैको प्रत्यक्ष, प्रजातान्त्रिक र सक्रिय सहभागिता सुनिश्चित गरिनु पर्‍यो ताकि सफल परिणामका लागि सबै पक्ष दायित्वबोधसहित क्रियाशील होऊन्। हाम्रो मुख्य समस्या यहींनेर छ- 'सबैका लागि शिक्षा' जसका लागि हो ऊ बेखबर छ, किन? एसएसआरपीलाई सामुदायिक विद्यालय सुधार्ने अचूक बाण ठान्ने विकासेहरू, कथित शिक्षाविद्हरू र हामी मात्रै जान्ने र काम गर्ने भन्ने कर्मचारीहरू सबैलाई अब थाहा भयो होला- शिक्षक, अभिभावक र विद्यार्थी एवम् समुदायको सहभागिता विना यो सफल भएन।

विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गरी शिक्षक व्यवस्थापन जस्तो महत्त्वपूर्ण विषय हचुवामा अभिभावकका हातमा सुम्पिनाले विद्यालय युद्धमैदान बनेको स्थितिको जिम्मेवारी कसले लिने? विद्यमान विद्यालय व्यवस्थापन गठन, कार्यक्षेत्र र अधिकारको प्रबन्धलाई परिवर्तन नगरी सामुदायिक विद्यालयको स्थिति सुधार गर्न नसकिने सत्य स्वीकार गरौं। विद्यालयको सही व्यवस्थापन त्यसले गर्न सक्छ जो सबैभन्दा बढी त्यहाँ रहन्छ। शिक्षक र विद्यार्थीहरूलाई विद्यालयको स्तरोन्नती र विकासमा उपयोग गर्नु हाम्रा सामुदायिक विद्यालयका सन्दर्भमा जरुरी छ। अहिलेको व्यवस्थापनमा शिक्षकले प्रतिनिधित्व त गर्छन्, तर निर्णायक भूमिका छैन। विद्यार्थीलाई उपस्थित नै गराइएको छैन। उनीहरूको उपस्थितिले अप्रत्यक्ष ढंगले सरोकारवाला पक्षहरूलाई उत्तरदायी भूमिकामा प्रस्तुत हुन बाध्य पार्छ। शिक्षक व्यवस्थापनको महत्त्वपूर्ण कार्य स्वायत्त शिक्षक सेवा आयोगमार्फत् गर्न सके सामुदायिक विद्यालयका धेरै समस्याहरू समाधान हुन्छन्।

प्रणालीले निरन्तर काम गर्न पाउँदा अपेक्षित परिणाम आउने हो। कस्तो शिक्षक नियुक्त गरियो? उसले कस्तो पढायो? नपढाए के गर्न सकिन्छ? कसरी प्रोत्साहित गर्न सकिन्छ? कसैले जिम्मेवारी नलिने ! तर बिडम्बना ! हामी सहजै भनी दिन्छौं- "मास्टरहरू पढाउँदैनन्, राजनीति गर्छन् ।" सुन्दा यस्तो लाग्छ- विद्यालय शिक्षाका सबै समस्याहरू शिक्षकहरूको कारणले मात्रै आएका हुन्। अरू सबै कर्तव्यनिष्ठ र इमानदार छन्। अहिलेको खुला परिवेशमा कुन विद्यालयमा शिक्षक कक्षाकोठामा नपुग्दा पनि विद्यार्थी चूपै लगेर घर फर्केलान्। त्यसो गर्ने शिक्षकलाई कुन प्रअले राजीखुशी पारिश्रमिक दिउन्। त्यस्ता शिक्षक प्रअलाई चूपै लागेर मस्ती गर्न छूट दिन सक्ने अभिभावक र समुदाय छ होला र? राजनीतिक दलहरू पनि त छन् विद्यालयको नजिकै ! के तिनले भनिए जस्तै शिक्षकलाई कामै नगरी 'जागीर' खान दिएका होलान् र? अवश्य दिँदैनन् र दिनुहुँदैन पनि। यसको अर्थ हुन्छ- शिक्षकहरू विद्यालयमै छन्, कक्षाकोठामा विद्यार्थीसँगै छन् र पढाएका पनि छन्। तर परिणाम पढाए जस्तो देखिएको छैन, यो सत्य हो। त्यसो भए परिणाम किन खोजे जस्तो आएन त? प्रश्न गम्भीर छ। कारण पनि गम्भीर छन्। खोजौं र सही अर्थमा समाधानको प्रयत्न गरौं न कि शिक्षकलाई गाली गरेर आफू निर्दोष भएको ढोङ नगरौं।

समग्र सफलता शिक्षकमै मात्र निर्भर हुन्छ भन्नु किमार्थ जायज मान्न सकिदैन। विभिन्न अनुसन्धानहरूले देखाएका तथ्य र आँकडालाई पनि हेर्न सकिन्छ। सफलताका लागि ५० प्रतिशत जिम्मेवार विद्यार्थी नै हो भने बाँकी ५ देखि २० प्रतिशतसम्म विद्यालय, घर, साथीभाइ, प्रिन्सिपलको हात हुन्छ र ३० प्रतिशत मात्रै शिक्षकमा निर्भर गर्दछ भनिन्छ। यो पनि सबैको भूमिका सही र प्रभावकारी हुँदा मात्रै हो।

शिक्षकहरूको हुर्मत लिने मानसिकता नत्यागेसम्म शिक्षकहरूलाई उत्प्रेरित गर्न सम्भव हुँदैन र सार्थक परिणामको अपेक्षा राख्न पनि मिल्दैन। थोरै तलबमा काम गर्ने निजी विद्यालयका शिक्षकलाई मान्यता दिन राज्य तयार छैन। उनीहरूले गरिरहेको कामको प्रशंसा गर्न हामी कोही तयार छैनौं। निजीको सफलताको श्रेय व्यवस्थापकलाई दिन्छौं। सामुदायिक विद्यालयको नतिजा बिग्रँदा तुलनात्मक रूपले बढी (यथेष्ट होइन)तलब पाउने शिक्षक आरोपित हुनुपर्छ। यहाँको व्यवस्थापक, प्रअ, समुदाय कोही कसैले जिम्मेवारी लिनु नपर्ने? यो पूर्वाग्रही आँखा बन्द गरौं र विना आग्रह गुण-दोष केलाउ- गुणलाई जोडौं, दोष घटाऔं र गुणस्तर स्थापित गरौं। यसो गर्न सबै तयार हुनु पर्‍यो। शिक्षकहरूको सेवा-सुविधा बारेमा पनि हामीमा भ्रम छ। नेपाली शिक्षकहरूले त्यत्रो सुविधा प्राप्त गरेका छैनन्। खासमा उनीहरूले स्वाभाविक तरिकाले केही पाएका पनि होइनन्। आन्दोलन नगरी समयमा तलब खान पाइँदैन। सेवामा प्रवेश गर्न स्तरीयता नभए पनि हुने ! योग्यता क्षमता भन्दा 'हाम्रो' बनेर नियुक्त हुने ! अरू पक्षहरू गुणस्तरीय नभए पनि हुने ! तर अचम्म त्यसरी नियुक्त 'लुइरे मास्टर' रोल मोडल बनी दिनुपर्ने अपेक्षा कसरी गर्न सकेको?

जुन विद्यालयमा राम्रा प्रअ छन् त्यहाँ व्यवस्थापन पनि सक्रिय छ। शिक्षक र प्रअबीच राम्रो सामूहिक भावना छ, अनि परिणाम पनि राम्रै आएको छ। यस्ता राम्रा उदाहरणहरू बारे बेलाबखत *शिक्षक* ले पनि लेखेको छ। नराम्रा विद्यालय किन छन्? विद्यालयभित्र प्रवेश गरौं- आफैं थाहा लाग्छ। मेरै विद्यालय पनि सतहबाट हेर्नेले राम्रो भन्न सक्छ, शिक्षासँग सम्बन्धित कर्मचारीले राम्रो उदाहरण दिन यसको नाम लिने गरेको सुनिन्छ तर हाम्रो स्थिति पनि दिनानुदिन खस्कँदैछ; किन? सार्थक खोजी गर्न हामीले सकिरहेका छैनौं। सरोकारवालाहरूले ध्यान दिएका छैनन्। ध्यान दिन चाहेका पनि छैनन्।

हो, शिक्षकले चाहे गर्न सक्छन् र सकिन्छ पनि। तर, त्यो विकासे नारामा आधारित भएर होइन। विद्यालयको आन्तरिक यथार्थ परिवेशमा शिक्षकले निर्णायक भूमिका खेल्न पाए सकिन्छ। सन्तुष्ट र अभिप्रेरित शिक्षकले मात्रै गुणस्तरीय परिणाम दिन सक्छन्। विद्यालयमा यो स्थिति निर्माण गरौं- सबैको सहभागितामा योजना बनाऊँ, नयाँ समयको आवश्यकतालाई सम्बोधन गर्ने नीति कार्यक्रम बनाऊँ। विद्यालय सुधारका योजनाहरू शिक्षकहरूकै प्रत्यक्ष र सक्रिय सहभागितामा निर्माण गरौं र कार्यान्वयन गरौं। शिक्षकलाई आत्मसम्मानसहित कक्षाकोठामा जाने वातावरण बनाऔं ताकि ऊ कुनै तनाव र समस्यामा नहोस्। सामुदायिक विद्यालयलाई अहिले निजी +२ र कलेज चलाउने र केहीले कमाउने ठाउँ बनाइएको छ। यसलाई रोकौं वा व्यवस्थित गरौं। अनि शिक्षकलाई पर्याप्त सुविधा, साधन, स्रोत र अधिकारसहित जिम्मा दिऊँ अनि परिणाम पनि भने जस्तै, खोजे जस्तै आउँछ। गाली गर्न छाडौं, सुधारका लागि सहयोग गरौं।

*(आदर्श आजाद उमावि/कलेज, भक्तपुरका शिक्षक भुसाल नेपाल शिक्षक संघका राष्ट्रिय सदस्य हुन्।)*

**यससम्बन्धी विचार/लेख-रचना पठाउने अन्तिम मिति २० जेठ २०६९**

## स्कूलमा कम्प्युटर निषेध !

**क्यानाडा !** ठूलो, समृद्ध र थोरै जनसङ्ख्या भएको उत्तर अमेरिकी मुलुक। त्यहाँको सम्पन्नताको कल्पना गर्न मात्र पनि रमाइलो हुन्छ। पुगिसरी आएका अभिभावकका छोराछोरीलाई झन् कस्तो होला? तर त्यहाँको राजधानी ओटावामा एउटा यस्तो स्कूल छ जहाँ कम्प्युटर लगायतका कुनै पनि सामग्री छैनन्। इन्टरएक्टिभ ह्वाइटबोर्ड वा 'फ्ल्याट स्क्रिन' टीभीहरू पनि छैनन्। त्यहाँका विद्यार्थी आइपडका तारमा अल्झिँदैनन् किनभने उनीहरू आइपड नै चलाउँदैनन्। 'एप्पल' र 'ब्लाकबेरी' त्यहाँ खाने केक र पाइका टुक्रामा मात्र पाइन्छन्।

त्यो आधुनिक प्रविधि निषेध गर्ने स्कूलको नाम हो, वाल्डोर्फ। त्यहाँका विद्यार्थी क्यालकुलेटरसम्म पनि चलाउँदैनन्। नेपालका विपन्न ग्रामीण क्षेत्रका सरकारी विद्यालय जस्तो कागज, कलम, सीसाकलमका भरमा चल्ने त्यस स्कूलका अभिभावक, शिक्षक र विद्यार्थी समेत यस्तो अभ्याससँग खुशी देखिन्छन्।

"स्कूलमा कम्प्युटरको ठाउँ आफ्नै छ तर ठीक समयमा मात्र। हाम्रा लागि त्यो ठीक समय भनेको हाम्रा विद्यार्थीको उमेर १४ वर्षदेखि माथि भएको अवस्था हो", एकजना शिक्षक आलेन क्रुगर भन्छन्।

'वाल्डोर्फ मोडल' भनिने यो प्रणालीको विकास अष्ट्रियन दार्शनिक रुडल्फ स्टेइनरले सन् १९१८ मा गरेका हुन्। जर्मनीको स्टुटगार्टमा रहेको वाल्डोर्फ एस्टोरिया चुरोट फ्याक्ट्रीका कामदारका बालबच्चालाई पढाउनका लागि शुरू भएको यो प्रणाली पछि अन्यत्र विस्तार भएको हो।

रुडल्फ स्टेइनर प्रत्येक विद्यार्थीका जीवनमा तीन वटा चरण हुन्छन् र उनीहरूको उमेरको चरण अनुसार पाठ्यक्रमको विकास हुनुपर्छ भन्नेमा विश्वास गर्थे। उनका अनुसार जन्मदेखि ७ वर्षसम्म शारीरिक विकास, ७-१४ संवेगात्मक विकास र १४ देखि २१ सम्म बौद्धिक विकास हुन्छ।

उमेरै नपुगी कम्प्युटरले कसरी काम गर्छ भन्ने कुरा सिकाउन थाल्दा उनीहरूको शारीरिक, संवेगात्मक र बौद्धिक पक्षको विकास अवरूद्ध हुन सक्छ, क्रुगरको कथन छ। कम्प्युटरले प्रयत्नै नगरी अत्यन्त सजिलोसित सूचना दिन्छ। क्रुगर त्यस्तालाई 'निर्जीव सामग्री' मान्छन्। त्यस्ता सामग्रीले मान्छेलाई अल्छी बनाएको र उनीहरूको सृजनशीलतालाई कुण्ठित पारेको उनको निष्कर्ष छ। 📖

## असल शिक्षकका सात गुण

**असल शिक्षक सबैलाई चाहिन्छन्। सबैलाई त नभनौं धेरैलाई जीवनको कुनै न कुनै कालखण्डमा असल शिक्षक हुन मन पनि हुन्छ। शिक्षकलाई नै त झन् आफ्नो नाम अगाडि असल भन्ने विशेषण लागोस् भन्ने हुन्छ नै।**

**अमेरिकामा गरिएको एउटा विशद् अनुसन्धानले असल शिक्षकका सात वटा गुण हुने ठहर गरेको छ। उक्त अनुसन्धानको निचोड तीन हजार विद्यालयका २४ हजार कक्षा अवलोकनमा आधारित रहेको बताइएको छ। त्यस अनुसार असल शिक्षक ती हुन् जो–**

- **विद्यार्थीप्रतिको सिकाइप्रति गहिरो चासो राख्छन्।**
- **आकर्षक र सान्दर्भिक शिक्षण विधि अपनाएर विद्यार्थीको मन जित्छन्।**
- **विद्यार्थीका नयाँ–नयाँ सोच, विचार र प्रस्तावको स्वागत र सम्मान गर्छन्।**
- **पाठ राम्ररी बुझाएर 'पढाइ भनेको गाह्रो कुरा होइन' भन्ने भावनाको विकास गराउँछन्।**
- **ज्ञानलाई पाठ्यपुस्तकसित सान्दर्भिक बनाएर पुस्तकप्रतिको विश्वास बढाउँछन्।**
- **व्यवहारकुशलताबाट विद्यार्थीलाई काम लगाउन सक्छन्।**
- **विद्यार्थीलाई थप सफलताका लागि चुनौती दिन सक्छन्।** 📖

## उम्दा शिक्षकलाई थप तलब !

**बेलायती** संसद्को तल्लो सदन- हाउस अफ कमन्सको शिक्षासम्बन्धी समितिले सार्वजनिक स्कूलमा पढाउने 'राम्रा शिक्षक' (बेष्ट टिचर) लाई तिनका सहकर्मीभन्दा बढी तलब दिनुपर्ने प्रस्ताव अघि सारेको छ।

संसदीय समितिले त्यहाँको शिक्षा विभागलाई शिक्षकको गुण र क्षमता (मेरिट) को आधारमा पारिश्रमिक/तलब दिने कार्यपद्धति बनाउन भनी पठाएको पत्रमा लेखिएको छ, "उत्तम कोटिका शिक्षकले विद्यार्थीको अंक र श्रेणी मात्र बढाउँदैनन्, तिनको भावी कमाइमा पनि उल्लेख्य प्रभाव पार्छन्। त्यसैले त्यस्ता शिक्षकको पारिश्रमिक औसत शिक्षकको भन्दा बढी हुनुपर्छ।"

शिक्षकपिच्छे फरक गुण र स्वभाव हुने भएकाले त्यस्तो तलब प्रणाली लागू गर्न राजनीतिक र व्यावहारिक कठिनाइ आउन सक्ने तथ्यलाई सांसद्हरूले पनि स्वीकार गरेका छन्। राष्ट्रिय शिक्षक युनियन (एनयुटी) का महासचिव क्रिष्टिन ब्लोरले शिक्षकको कार्य सम्पादन (परफरमेन्स) मा आधारित तलब प्रणाली अनुपयुक्त र विभेदकारी हुने भन्दै विरोध जनाएका छन्। उनी भन्छन्, "हरेक कक्षा, हरेक बच्चा भिन्न प्रकृतिका हुन्छन्। ती हरेक वर्ष बदलिन्छन्। कक्षाकै आकार पनि तलमाथि भइरहन्छ। यस्तो स्थितिमा कुनै पनि शिक्षकको काम र क्षमता सहजै नाप्न सकिँदैन।" 📖

*स्रोत: thisislondon.co.uk, २ मे २०१२*



# विद्यालय फर्किए 'ड्रपआउट'

चरम गरीबी, घरायसी समस्या र छुवाछूत–उँच–नीचका कारण तराई–मधेशका मुसहर, चमार तथा खत्वे जातिका बालबालिका बीचैमा पढाइ छाड्न बाध्य छन्। त्यसरी पढाइ छाड्नेहरूले सितिमिति विद्यालय फर्कर फेरि पढाइ सूचारु गर्ने अवसर पाउन कठिन छ। तर सिरहाका बीचैमा पढाइ छाडेर स्कूलै बिर्सिइसकेका करीब ५० जना दलित छात्रछात्रालाई फेरि स्कूल फर्काइएको छ।

■ बाबुराम विश्वकर्मा




तस्वीरहरु: श्रवण देव

**हामी आयौं: एकपटक स्कूल छाडेर फेरि स्कूल फर्केका सिरहाको ढोढना-६ का विद्यार्थी।**

# ३९ वर्षमा एसएलसी



**सिरहाको** ढोढना-८ की ३९ वर्षीया रामकुमारी दासले यसपालि सगरमाथा मावि ढोढनाबाट एसएलसी दिएकी छन्। १२ वर्षको उमेरमा विवाह गरेकी दासले विवाहअघि ३ कक्षा मात्र अध्ययन गरेकी थिइन्। रामकुमारीका चार छोरा र एक छोरी छन्।

२०६० सालमा दलित जनकल्याण युवा क्लबले चलाएको 'रिफ्लेक्ट' कक्षामा ९ महीना पढेपछि नै रामकुमारीको जीवनको परम्परागत बाटो बदलिएको हो। त्यसपछि उनले शिक्षाको महत्त्व र अर्थ मात्र बुझिनन्, उनीभित्र पढाइको भोक पनि जाग्यो। त्यही कारण उनी वयस्क भएर पनि स्कूल बालबालिकासँगै सगरमाथा माविमा भर्ना भएर अध्ययन गर्न थालिन्।

वयस्क पढाइले उनको दैनिकी बदलिएको छ भने जीवनको दायरा फराकिलो भएको छ। औपचारिक शिक्षा हासिल गरेका कारण उनको सामाजिक सक्रियता मात्र बढेको छैन, रोजगारीको अवसर पनि जुरेको छ। अहिले उनी घरेलु महिला हिंसा विरुद्ध सञ्जाल सिरहाको अध्यक्ष, दलित नेटवर्कको पूर्वाञ्चल सदस्य तथा दलित जनकल्याण युवा क्लब लगायत जिल्लाका एक दर्जन भन्दा बढी सामाजिक संस्थाको जिम्मेवारीमा छिन्। दलित जनकल्याण युवा क्लबको सामाजिक परिचालनको कार्य गरेबापत उनले अहिले मासिक ५५०० तलब पाउँछिन्। "मैले नपढेको भए दुःख पाउँथे, ढिलो पढे पनि जीवन सजिलो भएको छ", रामकुमारीको कथन छ।

३९ वर्षको उमेरमा एसएलसी दिंदा कस्तो लाग्यो त? उनी भन्छिन्, "मलाई अरू विषय त कठिन लाग्दैन, अंग्रेजीले नै सताएको छ।" पढाइले रामकुमारीको चेतना, सामाजिक हैसियत र आर्थिक स्तर बढाएको छ। 'मुसहर, खत्वे, चमार जस्ता तराईका दलित जाति त शिक्षा नपाएर पो पछिपरेका रहेछन्। तिनले शिक्षा पाउने हो भने स्थिति अर्कै हुन्छ", उनको निष्कर्ष थियो।

रामकुमारीको सक्रियताकै कारण संविधानसभा चुनावमा दलित जनजाति पार्टीले उनलाई समानुपातिक उम्मेद्वार बनाएको थियो। उनको आर्थिक अवस्था तराईका आम दलित समुदायको भन्दा खासै भिन्न छैन। तर, काम चाहिं अरूलाई पनि प्रेरणा दिने खालको छ। पाँच जना छोराछोरीको शिक्षादीक्षा र पतिको हेरचाह गरेर पनि उनले एक दर्जन संस्थाका विभिन्न जिम्मेवारी सम्हालेकी छन्। "मरेर केही लाने होइन, बाँच्दा अरूले सम्झिने केही काम गरौं भन्ने भावनाले म अघि बढ्दैछु", रामकुमारी भन्छिन्। 

सिरहा, ढोढना-६ की रेखाकुमारी सदाय (मुसहर) दुई वर्षपछि फेरि स्कूल फर्किएकी हुन्। उनी अहिले ढोढनाकै सगरमाथा माविमा कक्षा ८ मा छिन्। चरम गरीबीका कारण रेखाका बाबुआमाले उनलाई कक्षा ५ उत्तीर्ण गरेपछि घरायसी काममा लगाए। दुई वर्षसम्म रेखाको पढाइ बन्द भयो। रेखा भन्छिन्, "स्कूल छोडेर मैले गाईबाखा चराउन थालेपछि बुबाआमालाई सजिलो भयो। मैले घरको काम हेरिदिएपछि बुबाआमाले कमाउने काम गर्न पाउनुभयो।"

एकपटक विद्यालय छाडिसकेपछि रेखा जस्ता गरीब परिवारका ग्रामीण केटीहरू फेरि स्कूल फर्कने घटना विरलै हुन्छन्। केही वर्ष बुबाआमालाई सघाउनु र विवाह गरेर पतिको घर जानु नै उनीहरूको नियति हुने गर्छन्। तर, रेखाको हकमा उनको स्कूल यात्रा दुई वर्षपछि फेरि सुचारु भएको छ र उनका सपना पनि फेरिएका छन्। स्थानीय दलित अगुवा उमेशकुमार विसंखे रेखाका बुबाआमालाई शिक्षाको महत्त्व बुझाउन सफल भएपछि उनी पुनः स्कूल पुगेकी हुन्।

विद्यालय फर्किएपछि रेखाको आत्मविश्वास बढ्दै गएको छ। "स्कूल छाड्ने रहर कसलाई हुन्छ र?" प्रश्न गर्दै उनी भन्छिन्, "पढेर म आत्मनिर्भर हुन चाहन्छु। आत्मनिर्भर नभई विवाह पनि गर्दिनँ।"

गरीबीका कारण बीचमै स्कूल छोड्ने समस्या (ड्रपआउट) तराई-मधेशमा अत्यधिक नै छ। गरीबीको मारले एकपटक स्कूल छाडेर फेरि स्कूल आउन थालेका अर्का छात्र हुन् ढोढनाकै श्रवण सदाय। उनको आर्थिक अवस्था पनि रेखाको भन्दा खासै फरक छैन। दैनिक मजदूरीको भरमा श्रवणको परिवार धानिएको छ। उनले स्कूल छाडेर घरको काम सम्हालिदिंदा अभिभावकलाई कमाउने



यसपालि एसएलसी दिएकी पूर्व 'ड्रपआउट' प्रेमशिला राम।

मौका मिलेको थियो।

स्कूल छाडेपछि श्रवण पनि भैंसी चराउने, साथीहरूसँग खेल्ने अनि आफूभन्दा साना भाइबहिनीको हेरचाहको काममा सीमित भए। श्रवण भन्छन्, "विद्यालय आउन छाडेपछि कक्षा ५ सम्म सिकेका कुरा पनि भुलेछु।" तर अब श्रवणले स्कूल नछाड्ने प्रण गरेका छन्। उनको जीवन लक्ष्य बदलिएको छ। अब उनी बाबुआमा जस्तै दैनिक ज्यालादारीमा काम गरेर जीवन अघि बढाउने नभई एसएलसी उत्तीर्ण गरेर उच्चशिक्षा हासिल गर्ने सपना देखिरहेका छन्। उनी भन्छन्, "बुबाआमाले त मलाई पढ्ने खर्च दिन सक्नु हुन्न। तर म आफैं केही गरेर बीए पास गर्छु किनभने पढिएन भने अब काम लाग्दिन।"

प्राथमिक तहमै स्कूल छाड्ने सोही गाविसका रमेश मल्लिक (डोम) को कथा रेखा र श्रवणको भन्दा अलि भिन्न छ। आफूलाई साथीहरूले 'डोम, डोम' भनेर होच्याउने गरेका कारण स्कूल छाडेको उनी बताउँछन्। उक्त विद्यालयका स्वयंसेवक शिक्षक बद्री सदायको प्रयासमा स्कूलमा जातीय रूपमा अपमान गर्ने शब्दको प्रयोग नियन्त्रण गरिएपछि रमेश पुन: स्कूल आउन थालेका हुन्। अहिले विद्यालय उँच-नीचको व्यवहारबाट मुक्त भएको बताइन्छ। शिक्षक बद्री सदाय भन्छन्, "पाँच वर्षअघिसम्म यहाँ शिक्षक र छात्रछात्राले कथित तल्लो जातिका छात्रछात्राले छोएको पानी नखाने तथा जातीय आधारमा अपमानित गर्ने चलन थियो; अहिले त्यस्तो विभेद हटेको छ। विभेद हटेपछि डोम र चमार जातिका नानीहरू पनि स्कूल फर्किएका छन्।"

१० वर्षका छात्र रमेश मल्लिकको विवाह भइसकेको छ। उनी डेढ वर्ष हुँदै परिवारले विवाह गरिदिएको हो। विवाह भएदेखि नै उनकी 'पत्नी' माइतमै छन्। रमेश भन्छन्, "मैले श्रीमती देखेको छैन, जन्मेको र बेहुलो भएको मिति पनि थाहा छैन तर, सबै जना तेरो विवाह भइसक्यो भन्छन्।"

एकपटक स्कूल छाडेर फेरि स्कूल आउन थालेका यी विवाहित बालकलाई अचेल घर भन्दा स्कूल नै रमाइलो लाग्छ। रमेशको स्कूलमा उपस्थिति दर र पढाइमा रुचि पनि बढेको छ।

### स्कूल जाने बढे

सिरहाकै भदैया-४ धनगढीटोलका मुसहर जातिका १२ घर-परिवारबाट २६ जना बालबालिका स्कूल जाने गर्छन्। पाँच वर्षअघिसम्म उक्त टोलबाट स्कूल जाने बालबालिकाको संख्या लगभग शून्य थियो। तर, अहिले सो टोलका सबै बालबालिका स्कूलमा भेटिन्छन्। एकपटक स्कूल छाडेकालाई पनि स्कूल फर्काइएको छ।

रामलक्ष्मण प्रावि, भदैयाका कक्षा ४ का छात्र अजयकुमार मुसहर एक वर्षपछि फेरि स्कूल फर्किएका हुन्। बुबाआमाले स्कूल होइन, भैंसी चराउन जाने भनेपछि उनी त्यही काममा लागे। तर, स्थानीय सामाजिक कार्यकर्ताले अजयका अभिभावकलाई सम्झाएपछि उनको स्कूल यात्राको ढोका पुन: खुलेको हो।

धनगढीटोलकै उमेशकुमार सदाय आफूले कापी/किताब कलम र स्कूल पोशाकको अभावमा कक्षा ५ सकेपछि स्कूल छाडेको बताउँछन्। करीब ६ महीना स्कूल छाडेका उनी कापी/कलम र किताब तथा विद्यालय पोशाक पाएपछि अहिले फेरि स्कूल जान थालेका छन्।

धनगढीटोलका स्कूल छाडेका र कहिल्यै स्कूल नगएका बालबालिकालाई स्कूलको ढोकासम्म पुऱ्याउने लक्ष्यले टोलमै स्कूल अनुगमन समिति बनाइएको छ। उक्त समितिले बालबालिकालाई विद्यालय लैजाने र बालबालिका स्कूल गए नगएको अनुगमन गर्ने गरेको छ। समितिका अध्यक्ष सुदामादेवी सदाय भन्छिन्, "घरपिच्छे साना नानीहरूलाई स्कूल लैजाने र ल्याउने पालो लगाएका छौं। स्कूल जान छाडेका करीब पाँच जनालाई स्कूल फर्काउन पहल गऱ्यौं, अहिले उनीहरू नियमित रूपमा स्कूल जान्छन्।"

एक दशकअघिसम्म सिरहाकै भदैया-२ स्थित मुसहर वस्तीका कुनै पनि बालबालिका





"चरम गरीबीको चपेटामा परेका दलित परिवारलाई आयआर्जनको अवसर र तिनका बालबालिकालाई शैक्षिक मद्दत गर्ने हो भने अहिलेको 'ड्रपआउट' दरमा ठूलो सुधार आउँछ।"

**उमेशकुमार विसंखे,** अध्यक्ष
दलित जनकल्याण युवा क्लब, सिरहा

हामी कहिले जन्मियौं ? भदैया-४ धनगढीटोलका दलित बालबालिका तथा तिनका आमा। उनीहरू कसैलाई पनि आफ्नो जन्ममिति यकिन छैन।



# यी कहिले जन्मिए ?

**केन्द्रीय** तथ्याङ्क विभागको आँकडाले देशको साक्षरता दर ६१ प्रतिशत पुगेको देखाउँछ। तर, सिरहाको भदैया-४ धनगढीटोलका २६ जना बालबालिकाको जन्ममिति यकिन छैन। तिनका बाबुआमाले नानीहरूलाई स्कूलमा भर्ना गर्दा पनि आफ्ना छोराछोरीको अनुमानित जन्ममिति बताउने गरेका छन् भने धेरै स्कूलले आफैं विद्यार्थीको जन्ममिति राखिदिने गरेका छन्।

उक्त टोलका अजयकुमार सदायका बाबु रामकिशनलाई एक छोरा र पाँच छोरीमध्ये कसैको पनि जन्ममिति याद छैन। उनी भन्छन्, "खोइ हजुर थाहा छैन, गर्मियाममा जन्मेको जस्तो लाग्छ।" उक्त टोलमा आफ्नो छोराछोरीको यकिन जन्ममिति थाहा पाउने एक जना पनि अभिभावक फेला परेनन्। सगरमाथा माविका शिक्षक बद्री सदाय भन्छन्, "निरक्षरता अरूमा भन्दा मुसहर, चमार, खत्वेमा बढी छ। यी जातिबाट स्कूल भर्ना हुन आउने बालबालिकाको अनुमानित जन्ममिति स्कूलले नै राखिदिनुपर्छ। जन्मकुण्डलीको त चलन नै छैन।" दलित जनकल्याण युवा क्लबका अध्यक्ष उमेशकुमार विसंखेका अनुसार यस्तो समस्या अधिकांश दलित वस्तीमा छ।

स्कूल जाँदैनथे भने अहिले उक्त वडाका ४० घरका सबै (६२ जना) बालबालिका स्कूल जाने गर्छन्। बीचमै विद्यालय छाडेकाहरू पनि पुनः विद्यालय फर्किएका छन्। यसपालि एसएलसी दिएकी प्रेमशिला रामले कक्षा ५ पूरा गरेपछि एक वर्ष पढाइ छाडेकी थिइन्। १३ जनाको परिवार पाल्न आफूले पनि मजदूरी गर्नुपर्ने बाध्यताका कारण पढाइ छाडेको उनको कथन छ। "नपढेको मानिस काम लाग्दैन भन्ने थाहा भएपछि स्कूल फर्किएँ", उनले भनिन्।

जातीय भेदभाव, गरीबी र चेतनाको अभावबाट ग्रसित ढोढना र भदैयाका विद्यालय छाडेका दलित छात्रछात्राहरू स्वतः स्कूल फर्किएका भने होइनन्। एकपटक स्कूल भर्ना भएर छाडेका तथा कहिल्यै विद्यालयको ढोका नपुगेका नानीहरूलाई स्कूलमा ल्याउन र टिकाउनका निम्ति सिरहाको दलित जनकल्याण युवा क्लबले विशेष प्रयास गरेको छ। सो संस्थाको प्रयासमा स्कूल छाडेका करीब ५० जना दलित बालबालिका फेरि विद्यालयमा फर्केका छन्। क्लबले घरायसी समस्या र गरीबीको चपेटामा परेर विद्यालय जान छाडेका विद्यार्थी र तिनका अभिभावकलाई शिक्षाको महत्त्व बुझाउने र छोराछोरी पुनः स्कूल पठाउन आग्रह गर्ने गरेको छ। त्यस्तै; स्कूल छाडेका छात्रछात्रालाई निःशुल्क ट्युशनको व्यवस्था

> **मुसहर, चमार, डोम आदि जातिका बालबालिकाले बीचमै स्कूल छाड्नुको मुख्य कारण चरम गरीबी र छुवाछूत देखिएको छ।**


गर्ने, विद्यालयमा हुने जातीय भेदभावको निगरानी गर्ने, एसएलसी उत्तीर्ण गरेका छात्रछात्रालाई सामान्य रोजगारीको व्यवस्था गरेर उच्च शिक्षाको अवसर समेत जुटाइदिने गरेकाले स्कूल छाडेका विद्यार्थी तथा तिनका अभिभावक शिक्षाप्रति आकर्षित हुन थालेका हुन्। एक्सनएडको आर्थिक सहयोगमा सन् २००४ मा स्थापित उक्त संस्थाले अहिलेसम्म सिरहाको दलित शिक्षा र सशक्तीकरणमा रु.२ करोड खर्च गरिसकेको छ। एक्सनएड विराटनगरका शिवराम चौधरी भन्छन्, "युवा क्लबले गरीबी र छुवाछूतका कारण ड्रपआउट गरेका दलित विद्यार्थीलाई स्कूलमा फर्काउन विशेष मिहिनेत गरेको छ।"

ढोढनाको सगरमाथा माविका शिक्षक टुनेबहादुर राउत पनि स्कूल छाडेका बालबालिकालाई स्कूलमा ल्याउन र तिनलाई टिकाउन क्लबले प्रभावकारी काम गरेको ठान्छन्। उनी भन्छन्, "स्कूलमा गएको छात्रवृत्ति खोजीनिती गरेर दलित बालबालिकाको हातमा पार्नु सानो काम होइन, किनभने छात्रवृत्ति अरू नै प्रयोजनमा खर्च भइरहेको छ, धेरै स्कूलमा दुरुपयोग नै भएको छ।" सिरहाको भदैया, ढोढना र तरेगना गोविन्दपुर गाविसका दलित वस्तीमा 'ड्रपआउट'लाई शून्यमा झार्ने लक्ष्यले काम गरेको क्लबका निर्देशक विनोदकुमार विसंखे बताउँछन्।

मुसहर, चमार, डोम आदि जातिका बालबालिकाले बीचमै स्कूल छाड्नुको मुख्य कारण चरम गरीबी र छुवाछूत देखिएको छ। यी दुवै समस्यालाई सम्बोधन गर्न क्लबले दलितको आयआर्जन बढाउने र छुवाछूत विरोधी अभियान सञ्चालन गर्ने गरेको छ। 'चरम गरीबीको चपेटामा परेका दलित परिवारलाई आयआर्जनको अवसर र तिनका बालबालिकालाई शैक्षिक मद्दत गर्ने हो भने अहिलेको 'ड्रपआउट' दरमा ठूलो सुधार आउँछ", क्लबका अध्यक्ष उमेशकुमार विसंखे भन्छन्। सिरहाका जिशिअ हरिहर वस्ती पनि स्कूल छाडेका बालबालिका र तिनका परिवारलाई शिक्षाको महत्त्व बुझाउने र तिनको आयआर्जन बढाउने कार्यक्रम लागू गर्न सके 'ड्रपआउट'लाई स्कूल फर्काउन र टिकाउन सकिने धारणा राख्छन्।

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

**नेपाल-अध्ययन**



डा. तीर्थबहादुर श्रेष्ठ

# घरपरिवारमा विज्ञान शिक्षा

**विद्यालयको शिक्षा एवं पाठ्यपुस्तकको जटिलतालाई घरव्यवहारसँग संयोजन गर्न सकियो भने कुनै पनि विषय त्यति जटिल हुँदैन जति हामी सम्झन्छौं। आफ्ना बालबालिकाले विद्यालयमा के पढ्छन्, के सिक्छन् भन्ने कुरा अभिभावक/आमाबुबाले थाहा पाउनुपर्छ र आफ्ना नानीहरूसँग बौद्धिक सम्बन्ध गाँस्दै विकास गर्दै जानुपर्छ।**

धेरै पहिलेको कुरा हो। शायद ३५/४० वर्ष पहिलेको। १० कक्षाको विज्ञान विषयका उत्तरपुस्तिका जाँच्दै थिएँ। एउटा प्रश्न थियो; 'तामाको पैसा पानीमा डुब्छ, तर काठको टुक्रा किन डुब्दैन?' त्यसमा एकजना परीक्षार्थीको उत्तर यति रोचक थियो कि त्यसलाई मैले कहिल्यै भुल्न सकिनँ। बारम्बार सम्झन्छु। सही थिए वा गलत- अझै अलमलिन्छु। विज्ञान परीक्षकको दृष्टिकोणले हेर्दा सोह्रै आना गलत तर किन हो कुन्नि त्यसमा केही सत्यता भने थियो। उनको अवलोकन सही थियो। व्याख्या पनि चित्तबुझ्दो थियो। तर मैले नम्बर दिन सकिनँ।

ती परीक्षार्थीले उत्तरमा लेखेका थिए, "तामा एक धातु हो। त्यो खानीभित्र मात्र पाइन्छ। खानी जमिनभित्र हुन्छ। तल हुन्छ। धेरै तल। र, त्यसैले तामा स्वभावैले तल जाने पदार्थ हो। पानीमा राख्दा पनि तलै जान्छ र डुब्छ। काठ माथि जाने पदार्थ हो। रूखलाई हेर्नुस्; माथितिर जान्छ। जमीनभन्दा पनि माथि माथि लाग्छ। माथि जाने रूखको स्वभावै हो। त्यसैले काठ पानीमा तल जाँदैन। माथि माथि नै बस्छ। डुब्दैन।" यो अवलोकन सही थियो। तर ती विद्यार्थीलाई विज्ञानको दृष्टिकोणले कसरी हेरिन्छ भन्ने कुरा बोध गराउन सकिएको रहेनछ। पदार्थको घनत्व (density) बारे उनलाई बुझाउनु जरुरी थियो। पानीको उछाल नियम (boyancy) बारे बुझाउनुपर्दथ्यो। उनको अवलोकनमा विज्ञान दृष्टि थप्नु आवश्यक थियो।


हाम्रा बालबालिका, विद्यार्थी भाइबहिनीहरू आफ्ना आँखा, नाक, कान, जिब्रो, छाला/चर्म लगायत सबै इन्द्रियलाई सधैं सक्रिय राख्छन् र जिज्ञासा- कौतुहल बढाउँदै जान्छन्। उनीहरू हरेक कुरा हेर्छन्, देख्छन्, सुन्छन्। त्यसक्रममा वैज्ञानिक चेतनालाई आवश्यक खुराक शिक्षक, अभिभावक, आमाबुबा, घरपरिवारबाट प्राप्त हुनु जरुरी हुन्छ। मात्र पाठ्यपुस्तकको भरमा उनीहरूका सबै जिज्ञासा शान्त हुँदैनन्।

दुईचार दिन पहिले मेरा एक नातेदारको घरमा एउटा सानो राकेट (Racket) देखें। हेर्दा ब्याडमिन्टन राकेट (Badminton Racket) जस्तै थियो। तर त्यो त लामखुट्टे, झिंगा मार्ने नयाँ उपकरण पो रहेछ। त्यसमा ब्याट्री थियो। स्वीच दबाएर लामखुट्टेलाई हान्यो भने प्याट् प्याट् पड्केर लामखुट्टे मर्ने। लामखुट्टेलाई करेन्ट लगाएर मार्ने हतियार रहेछ त्यो, खेलौना हैन। त्यो देखेपछि हामीमध्ये एक जनाले तुरन्तै सोधे पनि, "यो कहाँ किनेको? कति रुपैयाँ पर्छ? हेरौं त कहाँ बनेको रहेछ? ए! चीनमा बनेको रहेछ। महाबौद्धको बजारमा पाइन्छ होला, हैन?" आदि इत्यादि।

यत्तिकैमा अर्को केटाले हेर्न राकेट हातमा लियो। उसले प्याट् प्याट् दुईचार वटा झिंगा माऱ्यो। ओर्काइ फर्काइ गरेर सबै अवयव एक-एक गरेर जाँच्यो। "यो कसरी बनाएको रहेछ!" भन्दै राकेट छोड्दै छोड्दैन। लिएरै जान खोज्यो। बीचमा प्याच्च एकजनाले भन्यो, "यो केटा चाहिँ जापानी हो कि चाइनिज? माल ल्याउने हैन बनाउने विचार पो रहेछ यसको", आदि इत्यादि। हो, मालको चाल पाउने जिज्ञासा सबै विद्यार्थी, केटाकेटी वा युवा वर्गमा हुन्छ र




**पहिलो श्रेणीको उत्तोलक** (First Class Lever)




**दोस्रो श्रेणीको उत्तोलक** (Second Class Lever)

हुनुपर्छ। उसलाई समयमा नै उत्साहित बनाउन हामी सबैले आ-आफ्नो ठाउँबाट प्रयास गर्नुपर्छ। 'यो हामीले गर्ने काम हैन, नेपालीले गर्दैन, नेपालीले सक्दैन' भन्ने जस्ता पूर्वाग्रह प्रारम्भदेखि नै थोपरी दियौं भने हामीलाई भविष्यले सराप्नेछ।

मानिसमा ज्ञान आउँछ। त्यसलाई व्यवस्थित गरेमा विज्ञान बन्दछ। विज्ञानलाई प्रविधिले प्रयोगमा ल्याउँछ। हाम्रो वरपर जे-जस्ता कुराहरू भइरहेका छन् ती सबैमा प्राकृतिक नियम लागू भएकै हुन्छन्। प्रकृतिका आधारभूत नियम-कानून हामी पालना गर्दछौं। तिनै नियम-कानूनलाई बुझेर वैज्ञानिक सिद्धान्तहरू स्थापित हुन्छन्। तिनै सिद्धान्तलाई प्रयोग गरेर प्राविधिकले उपकरणहरू बनाउँछन्। मेशिन बनाउँछन्। कलकारखानाहरू बनाउँछन्। ठेला र गाडादेखि मोटर, रेल, हवाईजहाज र रकेटसम्म बनाइन्छ। टेलिफोन, टेलिभिजन, कम्प्युटर लगायत विभिन्न उपकरणहरू बनाइन्छ। हामी तिनको प्रयोग गर्दछौं। मोबाइल फोन र आइपड आदि उपकरण आज सामान्य कुरा भइसके। यस्ता चामत्कारिक उपकरणहरू बन्नुका पछाडि सामान्य विज्ञानका सिद्धान्त कार्यरत हुन्छन्। विज्ञानका ती सिद्धान्तलाई बुझ्ने बानी सानैदेखि बसाल्नुपर्ने हुन्छ।

गाउँघरकै कुरा गर्दा त्यहाँ ढिकी, जाँतो, घट्ट, कोदालो, हलो, नाङ्लो, डोको, डालो, ग्रागी, बञ्चरो, खुकुरी, हँसिया, चुप्पी, सियो-धागो, चुलो-चौका जहाँ पनि प्राकृतिक नियम लागू भइरहेको हुन्छ। त्यहाँबाटै विज्ञानका सिद्धान्त र प्रविधिको प्रयोग सिक्न सकिन्छ। विद्यालयका पाठ्यपुस्तकका कतिपय कुरा हाम्रै दैनिक क्रियाकलापबाट बुझ्न र बुझाउन सकिन्छ। त्यसका लागि विद्यालय र घरपरिवारमा खुलेर कुराकानी गर्ने वातावरण कायम राख्नुपर्छ। परिवार, शिक्षक र छात्रछात्राबीचको बौद्धिक सम्बन्धलाई बलियो बनाउँदै जानुपर्छ।

## यस्तो पनि भइदिए हुन्थ्यो... !

विद्यालयबाट छोरी घर आउँछे। बारीमा बुबा एक्लै एउटा बडेमाको ढुङ्गा पल्टाउँदैछन्। फलामको लामो गललाई काठको मुडामा अडाएर गह्रुँगो ढुङ्गा पन्छाउन खोज्दैछन्। त्यो देखेर छोरी भन्छे, "बुबा पनि वैज्ञानिक हुनुहुँदोरहेछ। मेशिन बनाउनुभएछ !" बुबा सोध्छन्, "कसरी ?" छोरी भन्छे, "आज विज्ञान कक्षामा सरल यन्त्र (Simple machine) बारे पढाइ भयो। आफ्नो बल नपुग्ने बेला यस्तो बुद्धि निकाल्ने तरिकालाई विज्ञान भनिन्छ। यो गलले गह्रौं ढुङ्गा पल्टाउने यो वैज्ञानिक प्रविधिलाई उत्तोलक (Lever) भनिन्छ। यसमा हामी थोरै बल (Effort) लगाउँछौं र ठूलो भार (Load) उठाउँछौं। बल र भारको बीचमा फलामको त्यो गललाई आड दिने अडेसोलाई फलक्रम (Fulcrum) भनिन्छ। विज्ञान कक्षामा यो प्रविधिलाई पहिलो दर्जाको उत्तोलक भनिँदोरहेछ। बुझ्नु भो ?"


"बुझें छोरी। विज्ञान त सजिलै हुँदो रहेछ", बुबा उत्तर फर्काउँछन्।

घरभित्र आमा लुगा सिउँदै छिन्। अगाडि कैंची छ। छोरी आमासँग सोध्छिन्, "यो कस्तो मेशिन हो थाहा छ ?" आमा भन्छिन्, "कैंची पनि कहीं मेशिन हुन्छ। ऊ त्यो लुगा सिउने कल पो मेशिन। यो केको मेशिन ?" छोरीले आफ्नो विज्ञान कक्षाको कुरा बुझाउन थाल्छिन्। कैंचीलाई हातमा लिएर त्यसको दुई पातो जोड्ने ठाउँमा ढिंग्री देखाउँछिन्। हातले समाउने र बल गर्ने ठाउँ एकातिर छ भने त्यसबाट काट्ने काम अर्कोतिर हुन्छ भन्ने कुरा आमालाई सम्झाउँछिन्। यसरी एकातिर बल लगाउने अर्कोतिर काम हुने यस्तो उपकरणलाई विज्ञान कक्षामा लिभर (Lever) भनिन्छ भन्ने कुरा छोरीले बताइन्। त्यसपछि आमा भन्छिन्, "त्यसो भए ढिकी पनि त लिभर भयो।"

"हाम्री आमा कति बाठी" भन्दै छोरी खाजा खोज्न भान्साभित्र पस्छे।


विद्यालयबाट छोरी घर आइपुग्छे। स्कूल ड्रेस फेरेपछि खाजा खान आमासँग बस्छे। आमाले सोध्छिन्, "आज के पढ्यौ छोरी ?" छोरीले विज्ञान कक्षामा सरल यन्त्र (Simple Machine) र उत्तोलक (Lever) बारे पढेको बताउँछे। "उसो भए तीन प्रकारका उत्तोलकबारे पढाइ भयो होला, हैन ?" आमा टेबुल सजाउँदै थप्छिन्, "यो कोकको बोतल खोल्ने ओपनर (Opener) चाहिँ कुन खालको उत्तोलक रहेछ- फस्ट क्लास, सेकेन्ड क्लास अथवा थर्ड क्लास; हेरौं है त ! ओपनरको एकछेउले बिर्कोमा टेक्यो र त्यहाँ फलक्रम (Fulcrum) बन्यो। अब यो दाँती बिर्कोको तल्लो धारमा छिऱ्यो। त्यहाँबाट बोतल खोल्नुपर्छ। लोड (Load) पर्ने ठाउँ त्यहीं हो। अब हातले माथि ठेल्छु अर्थात् इफोर्ट (Effort) लगाउँदै छु।" छुस्स बोतल खुल्यो, बिर्को हट्यो। कोक पिउनको लागि तयार भयो। आमाले सोधिन्, "लौ भन त इफोर्ट र फलक्रमको बीचमा लोड पर्न गयो भने कुन क्लासको लिभर भयो ?" छोरी एकैछिन घोत्लिन्छे र भन्छे "सेकेन्ड क्लास !" दुवैले ताली बजाउँछन् !

उता उसिन्न बसाएको आलु पनि पाकेछ। हरहर बाफ आउँदो छ। कान्छी दिदी आलु टिप्ने चिम्टा खोज्न थाल्छिन्। भान्सामै झुण्डिएको रहेछ। तात्तातो आलु प्लेटमा राखेर ल्याइन्। छेउमा नून खुर्सानीको धूलो पनि छ। आमाले चिम्टा लिएर देखाउँदै भन्नुभो, "चिम्टाले आलु टिप्ने र लोड उठाउने ठाउँ एउटा छेउमा छ। अर्को छेउमा



**तेस्रो श्रेणीको उत्तोलक** (Third Class Lever)

**"काठ माथि जाने पदार्थ हो। रूखलाई हेर्नुस्; माथितिर जान्छ। जमीनभन्दा पनि माथि माथि लाग्छ। माथि जाने रूखको स्वभावै हो। त्यसैले काठ पानीमा तल जाँदैन। माथि माथि नै बस्छ। डुब्दैन।" यो अवलोकन सही थियो। तर ती विद्यार्थीलाई विज्ञानको दृष्टिकोणले कसरी हेरिन्छ भन्ने कुरा बोध गराउन सकिएको रहेनछ।**




तेस्रो श्रेणीको उत्तोलक (Third Class Lever)

चिम्टाका दुई पाता जोडिएका छन्। त्यो जोडिएको ठाउँ फलक्रम भयो। फलक्रम र लोडको बीचमा हातले च्याप्ने काम गर्छ अर्थात् इफोर्ट (Effort) लगाइन्छ। यस्तो उपकरणलाई तेस्रो दर्जाको उत्तोलक अर्थात् थर्ड क्लास लिभर भनिन्छ। बुझ्यौ?" छोरी भन्छे "आहा! हाम्री आमा पनि साइन्स मिस हुनुहुँदोरहेछ!"

"मैले पनि त एसएलसी पास गरेकी हुँ नि!" भन्दै आमा गिलास उठाउँछिन्। फेरि भन्छिन्, "यो गिलास मेरो हातको लोड (Load) भयो। अनि यो कुइनोले फलक्रमको काम गर्छ। मेरो नाडी भन्दा अलि परतिरबाट मेरो मसलले बल गर्छ अर्थात् इफोर्ट दिन्छ। हाम्रो हात पनि लिभर (Lever) भयो, उत्तोलक भयो। र, यो पनि तेस्रो दर्जाको, थर्ड क्लासको लिभर बन्यो। हैन?" छोरी छक्क परिन् र दूध पिउँदै भन्न थालिन्, "मेरो हात पनि मेशिन... हा हा हा ...!"

## उपसंहार

विज्ञानलाई हामीले आफ्नो जीवन शैलीमा बुझ्न र बुझाउन सक्यौं भने यो जटिल विषय हुँदै हैन भन्ने अनुभव हुन्छ। विद्यालयको शिक्षा एवं पाठ्यपुस्तकको जटिलतालाई घरव्यवहारसँग संयोजन गर्न सकियो भने भौतिक विज्ञान होस् वा रसायन, जीव विज्ञान होस् वा भूगर्भ, भूगोल होस् वा खगोल विद्या- कुनै पनि विषय त्यति जटिल हुँदैन जति हामी सम्झन्छौं। आफ्ना बालबालिकाले विद्यालयमा के पढ्छन्, के सिक्छन् भन्ने कुरा अभिभावक/आमाबुबाले थाहा पाउनुपर्छ र आफ्ना नानीहरूसँग बौद्धिक सम्बन्ध गाँस्दै विकास गर्दै जानुपर्छ। आजभोलिको समाजमा विद्यालय जाने बालबालिका एवं तिनका घरपरिवारबीच संचार र संवादको वातावरण दिनपरदिन क्षीण हुँदैछ। त्यस्तो हुन नदिन शिक्षक वर्गले विशेष चनाखो भई आवश्यक भूमिका निर्वाह गर्न सक्नुपर्छ। आफूले कक्षामा पढाएको विषय परिवारमा कसरी साटासाट (Share) गर्ने भन्ने कुराको सूचना विद्यार्थीलाई दिनु आवश्यक हुन्छ। शिक्षकहरू विद्यालय र घरपरिवारबीचका सेतु पनि हुन्। 📖

**sms प्रतिक्रियाका लागि ltr<space>5006**


# ५० अंक स्वर्ण अंक

***शिक्षक*** **मासिकले ५० औं अंक पूरा गर्न सफल भएकोमा हार्दिक बधाई एवं उज्ज्वल भविष्यको शुभकामना!**

**नेपाल साहित्य प्रकाशन केन्द्र**
आनन्द गौरव मार्ग, घर नं. ४९
ज्ञानेश्वर काठमाडौं
फोन: ४४३५८५६, ४४११६५२, ४४१७७०९, फ्याक्स: ४४२०९९०
इमेल: nspk@mail.com.np

**National Books Sellers & Publishers Association of Nepal**
Hattisar, Kathmandu
Tel: 4444748
Email: nbpan@wlink.com.np

**Sanima Bank Limited**
"Alakapuri", Naxal, Kathmandu
G.P.O. Box: 20394, Tel: 4428977, 4428979, 4428980, Fax: 4428969,
SWIFT: SNMANPKA
E-mail: sanima@sanimabank.com

JAGADAMBA PRESS
जगदम्बा प्रेस
G.P.O. Box: 42, Hattiban, Lalitpur
Tel: 5250017, 5250018
Fax: 5250027
www.jagadambapr.com

**विद्यार्थी प्रकाशन प्रालि**
प्रकाशक तथा वितरक
कमलपोखरी, काठमाडौं

फोन नं. ४२२७२४६, ४२४५८३४
पो.ब.नं. १२९९०, फ्याक्स: ४२२१२९१
Web: www.vpb.com.np, Email: vidyarthi_pub@yahoo.com

**विद्यार्थी पुस्तक भण्डार**
प्रकाशक तथा वितरक
भोटाहिटी, काठमाडौं

www.worldlink.com.np

One World. One Link.
WORLDLINK

# WORLDLINK STUDENT OFFER

## FREE WiFi ROUTER and ONE MONTH EXTRA SERVICE
on annual subscription for students

## 50% OFF ON INSTALLATION
for subscribers below 1 year

**CABLE INTERNET**

Unlimited 256kbps
@ Rs 846*/month

**WIRELESS INTERNET**

Night Surfing 512kbps
@ Rs 692 /month

*The Best Internet Plans for Students.*

*conditions apply. Offer is valid for limited period only.

HEAD OFFICE
Jawalakhel Lalitpur, PO Box 8207, Nepal
Tel: 5523050 Fax: +977-1-5529403
Email: sales@worldlink.com.np

BRANCH OFFICE Bhaktapur 6619512 Chabahil 4465289 Kalimati 4673016 Maharajgunj 4650889 New Baneshwor 4471583 Putalisadak 4421108
CITY OFFICE Biratnagar 021-530020 Birgunj 051-523381 Butwal 071-545380 Chitwan 056-571172 Dhanghadi 091-520151 Hetauda 057-524750
Janakpur 041-522859 Lahan 033-560804 Nepalgunj 081-520619 Pokhara 061-550200 RESELLER Aarughat 010-692112 Charikot 049-421299
Chautara 011-620385 Dadeldhura 9848462901 Gajuri 010-402000 Gaur 055-520900 Ilam 9842659641 Kalaiya 053-691638 Phidim 024-520471
Pyuthan 086-460188 Rajbiraj 031-520329 Salyan 088-520290 Sankhuwasabha 029-561064 Sindhuli 047-520526 Trishuli 010-560561



कक्षाकोठा



प्रा. नोवल किशोर राई

# नेपाली हिज्जे पनि सिकाउने हो कि !

### उठान

विद्यालयमा नेपाली भाषाको पठनपाठनमा हिज्जे सिकाउने चलन देखिँदैन । यसको विपरीत अंग्रेजी भाषाको शिक्षणमा भने हिज्जे (Spelling) सिकाउने चलन पुरानो र चल्तीको कुरो देखिन्छ। हिज्जे नगरी अंग्रेजी शब्द सिकाउने कुरो असम्भव जस्तै छ भने नेपालीमा हिज्जे आफैं विद्यार्थीले जान्दछ भन्ने जस्तो ठानिन्छ। अर्कोतिर रोमन लिपिमा लेखिने अंग्रेजी भाषाका स्वर र व्यञ्जन वर्ण सग्लासग्लै हुन्छन् भने नेपालीको 'देवनागरी' लिपिका व्यञ्जन वर्णहरू आधा पनि लेखिने हुन्छन्। स्वर वर्णका प्रतिरुप (मात्रा) पनि अर्कै ढाँचामा लेखिन्छन्। यसो हुँदा अंग्रेजी भाषाको कथ्य र लेख्य रूपमा उच्चारणका दृष्टिले निकै फरक भए पनि शुरूदेखि नै हिज्जे सिकाइने हुँदा विद्यार्थीलाई कथ्य र लेख्य रूप ठम्याउन सजिलो पर्दछ । नेपाली भाषामा भने कथ्य र लेख्य रूप लगभग उस्तै-उस्तै भए पनि हिज्जे नसिकाउनाले विद्यार्थीले धेरै गल्ती गर्न सक्ने सम्भावना हुन्छ ।

### नेपाली हिज्जेको विधि

नेपालमा हिज्जेका केही पुराना विधि पनि छन् तर त्यो प्रचलन आजभोलि हराएको देखिन्छ। पूर्वी नेपालतिर दार्जीलिङबाट आउने शिक्षकहरूले हिज्जे गरेरै नेपाली भाषा सिकाउने हुनाले इलाम, पाँचथर, झापा र ताप्लेजुङ आदिका केही विद्यालयमा हिज्जे सिकाउने प्रचलन फाट्टफुट्ट देखिन्छ । नेपालमा पाठ्यपुस्तकहरू पर्याप्त नभएको बेलामा भारत, खासगरी बनारसबाट 'ठूलो वर्णमाला' नामको नेपाली पाठ्यपुस्तक आउने गर्दथ्यो । त्यसबाट साउँ अक्षर र मात्रा सिकाउँदा 'क का, कि, की, कु, कू' भनेर सोझै घोकाइथ्यो र लेख्ने प्रचलन पनि त्यस्तै नै थियो । तर कतै-कतै भने मात्रा यसरी पनि सिकाइन्थ्यो–

**क** = साउँ जस्ताको त्यस्तै उच्चारण गर्ने
**का** = कान्दानी 'का'
**कि** = बाइमात्रा 'कि'
**की** = दाइना 'की'
**कु** = तर्कुले 'कु'
**कू** = बर्धने 'कू'
**के** = एकलखे 'के'
**कै** = दोलखे 'कै'
**को** = लखकानो 'को'
**कौ** = दोलकानो 'कौ'
**कं** = शिरबिन्दु 'कं'
**कः** = दवासबिन्दु 'कः'

माथि देखाइएका व्यञ्जन वर्ण र स्वर वर्णका प्रतिरुप मात्राहरूको नामकरण यस्तो थियो । संयुक्ताक्षर र देवनागरी लिपिमा संस्कृत भाषाका निम्ति प्रयोग हुने केही मात्रा र वर्णहरूको उच्चारण वा हिज्जेका विधि प्रचलनमा नहुँदा यो विधि आंशिक मात्र थियो भन्न सकिन्छ ।

दार्जीलिङे शिक्षकहरूले सिकाउने हिज्जेको तरिका यस्तो थियो: (आजभोलि पनि दार्जीलिङतिर यस्तै प्रचलन छ ।)

**क** = (साउँ जस्ताको त्यस्तै उच्चारण हुने)
**का** = क आकार 'का'
**कि** = क छोटा इकार 'कि'
**की** = क बडा इकार 'की'
**कु** = क छोटा उकार 'कु'
**कू** = क बडा उकार 'कू'
**के** = क एकार 'के'
**कै** = क ऐकार 'कै'
**को** = क ओकार 'को'
**कौ** = क औकार 'कौ'
**कं** = क अनुस्वर 'कं'
**कः** = क विसर्ग 'कः'

यसरी व्यञ्जन वर्णसँग स्वर वर्णको प्रतिरुप मात्राको प्रयोग गरेर हिज्जे गर्न सिकाइन्थ्यो हामीलाई । यसो हुँदा 'छोटा' र 'बडा' भनेर संस्कृतको 'ह्रस्व' र 'दीर्घ' को प्रयोग जस्ताको तस्तै हुने गर्दथ्यो ।

यस बाहेक संयुक्त वर्णहरूको उच्चारण पनि सिकाउने गरिन्छ । जस्तैः

**'प्याज'**, 'प' 'य' संयुक्त आकार 'ज'
**'ध्यान'**, 'ध' 'य' संयुक्त आकार दन्त्य 'न'
**'सोध्नु'**, दन्त्य 'स' ओकार 'ध' दन्त्य 'न' संयुक्त छोटा उकार
**'शिष्य'**, तालव्य 'श' छोटा इकार मूर्धन्य 'ष' 'य' संयुक्त

माथिका उदाहरण अलि कठिन जस्तो लागे तापनि शुरूदेखि नै यस्तो प्रचलन हुँदा हामीलाई गाह्रो लागेकै थिएन। बरु देवनागरी लिपिका केही विशेष संयुक्त वर्णहरू पनि छुट्टै सिकाउने चलनले गर्दा आजभोलिका छात्रछात्राहरूले गर्ने गल्तीमा सुधार आउन सक्छ । जस्तैः

**'विद्यार्थी'** = 'व' छोटा इकार 'द' 'य' संयुक्त आकार रेफ 'थ' बडा इकार
**'उद्यान'** = छोटा 'उ' 'द' 'य' संयुक्त आकार दन्त्य 'न'
**'श्री'** = तालव्य 'श' 'र' संयुक्त बडा इकार

नेपालीको कथ्य रूपमा नभएको तर संस्कृतका कारणले तत्समका रूपमा प्रयोग हुने दुवैखाले 'ण' लाई मूर्धन्य 'ण' र 'न' लाई दन्त्य 'न' भनेर प्रष्टै छुट्याइएको छ । त्यसरी नै तालव्य 'श', मूर्धन्य 'ष' र दन्त्य 'स' भनेर तीनै प्रकारका 'श', 'ष', 'स' का रूपहरूको अलग-अलग पहिचान देखाउने हिज्जे शुरूबाटै सिकाइनाले विद्यार्थीहरूमा आत्मविश्वास बढ्ने हुन्छ ।

### भाषा र लिपिका कुरा

अहिले संसारमा लगभग ६ हजार भाषाहरू मातृभाषाका रूपमा प्रचलनमा रहेका भए पनि लिपि चाहिँ थोरै मात्र प्रयोगमा छन् । अर्थात् धेरै भाषाको लेख्य रूप नै छैन। अनि कैयौं भाषाहरूले एउटै साझा लिपि प्रयोग गर्ने गरेका छन्। यसबाट कथ्य रूप मात्र भएको भाषा लेख्य रूपमा ढाल्दा अर्कै नयाँ लिपि आविष्कार गर्न आवश्यक हुँदैन भन्ने पनि स्पष्ट हुन्छ । अर्को शब्दमा भन्दा अनेक भाषाले एउटै लिपि 'साझा' रूपमा प्रयोग गर्न मिल्छ । यसो गर्दा भाषाको प्रकृति हेरी

केही वर्णहरूको विशेष चिन्ह आवश्यक पनि हुन सक्छ । रोमन लिपिलाई 'साझा' मानेर फ्रेन्च, जर्मन र डेनिस आदि भाषाहरूले राम्रै काम चलाएको उदाहरण युरोपमा छ । यसो हुँदा संस्कृत भाषाका लागि प्रयोग गरिने देवनागरी लिपिलाई नेपाली लगायत नेपालका अन्य भाषाहरूले पनि विशेष चिन्ह दिएर आ-आफ्ना भाषामा प्रयोग गर्दा सजिलै हुन सक्छ । भाषाको प्राण हुन्छ, लिपिको ज्यान मात्र हुन्छ । भाषा मुख्य हो; लिपि गौण हो ।

## अब हिज्जे कसरी सिकाउने ?

माथि बुँदा २ मा देखाइएको पुरानो नेपाली प्रचलन वा छिमेकी चलन दुवैमा अलिअलि सुधार गरेर हिज्जे सिकाउन सकिन्छ । यो काम गर्ने भनेको विद्यार्थी तल्लो कक्षामा हुँदा अर्थात् शुरूका दिनहरूमा नै हो । यसरी हिज्जे सिकाउन सबभन्दा पहिले त शिक्षकहरू आफैंले नै जान्नुपर्‍यो । देवनागरी लिपिका मात्रा, विशेष चिन्ह र संयुक्त वर्णहरूको पहिचान पूरा गर्नुपर्‍यो । संस्कृतबाट तत्सम भई आएका शब्दहरूको पहिचान गर्न सक्नुपर्‍यो । आफूले साना कक्षामा नसिकेको भए पनि अलि चासो राख्ने र जाँगर हुने शिक्षकले छोटो प्रयासले यो काम गर्न सक्छन् ।

## नेपाली भाषा शिक्षण प्रशिक्षण कसले गर्ने ?

अंग्रेजी, गणित, विज्ञान जस्ता विषयहरूमा राम्रा-राम्रा शिक्षकहरू चाहिन्छन् भन्ने बुझाइ छ तर नेपाली भने सबैले पढाइहाल्छन् नि ! भन्ने सोचले नेपालको शिक्षाजगत ग्रस्त छ । त्यसमाथि पनि अर्को विडम्बना के छ भने गुरु-गुरुमाहरूले 'भाषा शिक्षण' गरेका हुन् कि 'साहित्य' भन्ने कुरामा कमै ध्यान दिन्छन् । 'भानुभक्त र घाँसी' भन्ने पाठबाट के सिकाउने उद्देश्य हो ? थोरै शिक्षकहरूले मात्र बुझेका देखिन्छन् । अरू एउटा 'शेर्पा' विद्यार्थीले किन 'बानुबक्त र गाँसी' मात्र भन्न सक्छ भन्ने कुरामा ध्यान जाँदैन होला । अर्को शब्दमा भन्नुपर्दा नेपाली भाषा शिक्षणमा हिज्जे दुवैखाले विद्यार्थीहरूका लागि आवश्यक भए पनि नेपाली मातृभाषा नहुनेका लागि भने अरू उपयोगी हुन जान्छ ।

अब यो कामको थालनी कसरी गर्ने त ? स्यालको कथा जस्तै 'टाउकोबाट खाने कि पुच्छरबाट' भनेझैं यो प्रयास टाउकैबाट थाल्नु उचित हो । अर्थात् त्रिवि शिक्षा संकायको भाषा शिक्षण केन्द्रीय विभागबाट शुरू गर्नुपर्छ अथवा शिक्षा मन्त्रालयको तालीम (महा) शाखाबाट पनि होला कि ? कतै न कतैबाट काम नथाली हुँदैन ।

## बैठान

जर्मन भाषा कथ्य र लेख्यको बीच निकै नजिक छ । जस्तै फोटो, (Photo); क्यामेरा (Kamera) मुजेउम (Musum) आदि भन्दछन् र अंग्रेजीभन्दा लेख्न पनि सजिलो छ । फ्रेन्चभन्दा त कता हो कता सरल छ । यी सबै भाषाहरूमा तल्लो तहमा राम्ररी मन लगाएर हिज्जे सिकाउने चलन छ । अरू जर्मन भाषामा त कतिपय कुरामा हिज्जे र व्याकरणको सम्बन्ध पनि देखिन्छ ।

हाम्रा विद्यार्थीलाई वनझाँक्रीले जंगलमा लगेर सिकाउनुअघि नै हामी शिक्षकहरूले आ-आफ्ना कक्षामा हिज्जे सिकाउन थाल्ने हो कि ! 🕮




# जिज्ञासा जवाफ

## विवाहित महिलाको अभिभावक को ?

शिक्षा नियमावली, २०५९ को नियम २४ मा 'अभिभावक राख्न नहुने' भन्ने खण्डमा व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरूको छनोट गर्ने प्रयोजनको लागि विद्यार्थीका बाबु, आमा, बाजे वा बज्यैलाई मात्र अभिभावक मानिने उल्लेख छ। तर, विवाहित महिला विद्यार्थीको हकमा अभिभावकको बारेमा स्पष्ट छैन। त्यस्तो महिलाको अभिभावक को हुने माइती वा घर पक्ष ?

**शङ्कर बस्नेत**
**गौमुखी उमावि, ठूलावेसी, प्यूठान**

*अहिलेको सन्दर्भमा विद्यालय जाने समूहमा सामान्यतया १८ वर्षभन्दा कम उमेरका बालबालिकाहरू नै रहने हुँदा नियमावलीमा तिनकै हकमा मात्रै अभिभावकलाई परिभाषित गरिएको हो। त्यसैले विवाहित महिला विद्यार्थीको सन्दर्भमा नियमावली मौन देखिएको छ।*

***विदुरराज गिरी***
***उपसचिव, शिक्षा मन्त्रालय***

## लाइसेन्स लिन के गर्नुपर्ला ?

म २०६६/०६/०१ देखि निम्नमाध्यमिक तहको राहत कोटामा पढाउँदै आएको छु। मेरो शैक्षिक योग्यता आई.एस्सी. भएकाले शिक्षण लाइसेन्सका निम्ति आवेदन दिनबाट म वञ्चित भएँ। म जस्ताले लाइसेन्स पाउने कुनै उपाय छैन ?

**गजेन्द्रप्रकाश थारू**
**नेपाल राष्ट्रिय निमावि, बदालपुर, बर्दिया**

*शिक्षक सेवा आयोग नियमावली, २०५७ मा शिक्षाशास्त्र पढेका व्यक्तिले मात्रै शिक्षण लाइसेन्सका निम्ति आवेदन दिन पाउने स्पष्ट व्यवस्था छ। त्यसबाहेक अर्को विकल्प छैन।*

***जवाहरलाल हमाल***
***शाखा अधिकृत, शिक्षक सेवा आयोग***

## बिदा लिनुपर्छ कि ?

शिक्षक सेवा आयोगले लिने बढुवा परीक्षामा सहभागी हुने शिक्षकले बिदा लिनुपर्छ कि परीक्षाको लागि काज सुविधा पाउँछ ?

**मनोज पौडेल**
**जयकालिका मावि, कालिका-४, बर्दिया**

*शिक्षा नियमावलीमा विद्यालय वा अध्यापनसम्बन्धी कामको लागि क्षेशिनि वा जिशिकाको आदेशानुसार कुनै सभा, सम्मेलन वा सेमिनारमा खटिने शिक्षकले सोही आदेशमा तोकिएको अवधिसम्मको लागि काज पाउने व्यवस्था छ। यसबाहेक अन्य कामको लागि काज सुविधा पाईंदैन। (हे. नियम १११)*

***विदुरराज गिरी***
***उपसचिव, शिक्षा मन्त्रालय***

## के लेखिएको हो ?

कक्षा ३ को गणित पाठ्यपुस्तकको पृष्ठ ६१ को उदाहरण-१ मा ३९, ५३, ७८४ लाई हिन्दू अरेबिकमा लेख्दा 'घढ, छघ, ठडढ' हुन्छ भनिएको छ। यो के लेखिएको हो ? बुझ्न सकिएन।

**पुस्तराज कँडेल**
**चण्डीदेवी निमावि, हर्दिनेटा-८, गुल्मी**

*३९, ५३, ७८४ लाई हिन्दू अरेबिकमा लेख्दा 39, 53, 784 हुनुपर्ने हो। मुद्रणका क्रममा गडबडी भई 'घढ, छघ, ठडढ' छापिन गएको हो। खासगरी निजी प्रकाशनले छापेका पाठ्यपुस्तकमा यो समस्या देखिएको छ। यसलाई सच्याएर पढिदिन र पढाइदिनुहुन शिक्षक मित्रहरूलाई अनुरोध छ।*

***डण्डपाणि शर्मा***
***पाठ्यक्रम अधिकृत, पाठ्यक्रम विकास केन्द्र***

## सहकारीमा बस्न पाईंदैन

सामुदायिक विद्यालयमा स्थायी वा अस्थायी दरबन्दी वा राहत वा निजी स्रोतमा कार्यरत शिक्षक र संस्थागत विद्यालयमा कार्यरत शिक्षकलाई सहकारी ऐन, २०४८ बमोजिम स्थापित बचत तथा ऋण सहकारी संस्था, ग्रामीण विद्युत् सहकारी संस्था लगायतको शेयर सदस्यता लिई सञ्चालक समितिको कुनै पनि पदमा उम्मेदवार हुनबाट शिक्षा नियमावलीले रोक्छ कि रोक्दैन ? साथै, पहिल्यै निर्वाचित भई सोही पदमा रहँदै आएको शिक्षकको पद कायम रहन्छ कि रहँदैन ?

**रामबहादुर चौधरी**
**खडक स्मृति उमावि, टीकापुर, कैलाली**

*सहकारी संस्थाको सञ्चालक समिति भनेको कार्यकारी तथा निर्णय गर्नुपर्ने तहको संयन्त्र हो। यसर्थ, शिक्षण-सिकाइ नै मुख्य दायित्व र जिम्मेवारी रहेको शिक्षकले सहकारी संस्थाको सञ्चालक समितिमा बस्न मिल्दैन। यो व्यवस्था सामुदायिक विद्यालयका दरबन्दी, राहत, निजी स्रोत लगायत सबै किसिमका शिक्षक र संस्थागत विद्यालयका शिक्षकको हकमा पनि लागू हुनेछ। पहिल्यै निर्वाचित सञ्चालक सदस्यले पनि त्यस्तो जिम्मेवारी छोड्नुपर्ने हुन्छ।*

***टेकनारायण पाण्डे***
***निर्देशक, शिक्षा विभाग***

## दुईभन्दा बढी जन्मिए के गर्ने ?

शिक्षा नियमावलीमा शिक्षकले दुई पटक सुत्केरी बिदा पाउने उल्लेख छ। दुई वटा सन्तान जन्माइसकेपछि शिक्षण सेवा प्रवेश गर्ने शिक्षकको पुन: अर्को सन्तान जन्मिएमा सुत्केरी बिदा पाउँछ कि पाउँदैन ? साथै, बालविकास सहयोगी कार्यकर्ताले सुत्केरी बिदा पाउँछन् कि पाउँदैनन् ?

**टंकप्रसाद पहाडी**
**नवज्योति मावि, हतपते-८, सिन्धुली**
**गीता श्रेष्ठ**
**ओमराज प्रावि, सिपापोखरे-३, सिन्धुपाल्चोक**

*सेवा प्रवेशअघि नै दुई वटा सन्तान जन्मिइसकेका छन् भने सेवा प्रवेशपछि सुत्केरी बिदा पाईंदैन। बालविकास सहयोगी कार्यकर्ताको सुत्केरी बिदा सम्बन्धी व्यवस्था विद्यमान शिक्षा ऐन/नियमावलीमा छैन। त्यसैले सहयोगी कार्यकर्तालाई यस्तो बिदा दिन मिल्दैन।*

***गणेशप्रसाद पौडेल***
***उपनिर्देशक, शिक्षा विभाग***

## स्थायी लाइसेन्स पाउनुहुनेछ

मैले २०६६ सालमा लिएको निमावि तहको शिक्षण लाइसेन्समा '२०६९ कात्तिक २२ भित्र तालिम पूरा नगरेमा स्वत: रद्द हुनेछ' भनी लेखिएको छ। तर मैले २०६७ सालमै बी.एड. उत्तीर्ण गरिसकेको छु। अब मैले निमावि तहको खुला प्रतिस्पर्धामा आवेदन दिन पाउँछु कि पाउँदिनँ ?

**ऋषिराम चिलुवाल**
**लताकुञ्ज निमावि, खुदी-८, लमजुङ**

*तपाईंले 'स्थायी लाइसेन्स पाऊँ' भनी शिक्षाशास्त्रका प्रमाणपत्रको प्रतिलिपिसहित जिल्ला शिक्षा कार्यालयमा निवेदन दिनुहोला। शिक्षक सेवा आयोगले २२ कात्तिक २०६९ पछि तपाईंलाई स्थायी लाइसेन्स दिनेछ। शिक्षाशास्त्र उत्तीर्ण गरेको प्रमाणपत्र लिइसक्नुभएको भए तपाईंले निमावि तहको खुला प्रतिस्पर्धामा आवेदन दिन सक्नुहुनेछ।*

***जवाहरलाल हमाल***
***शाखा अधिकृत, शिक्षक सेवा आयोग***

## प्रष्ट भएन

**कक्षा–१०, विषयः विज्ञान, पाठः मिओसिस कोष विभाजन** (पृष्ठ–१५०)

मिओसिस कोष विभाजनको प्रोफेज-१ को जाइगोटिन अवस्थामा सिनाप्सिस देखिन्छ। उही प्रकारका क्रोमोजोमको जोडा बन्ने प्रक्रियालाई सिनाप्सिस भनिन्छ। प्रत्येक जोडामा एउटा क्रोमोजोम आमाबाट र अर्को बाबुबाट आएको हुन्छ भनिएको छ। तर, मिओसिस कोष विभाजन पूरा भइसकेपछि मात्र ग्यामेट बन्ने हो। अनि मात्रै भाले ग्यामेट र पोथी ग्यामेटको मिलन भई जाइगोट बन्छ।

तर, ग्यामेट बन्नुभन्दा पहिले नै क्रोमोजोमहरू कसरी आमाबाबुबाट आए होलान्? अनि फेरि ग्यामेट बन्ने प्रक्रियामा नै पाचिटिन अवस्थामा क्रसिङ ओभर हुँदा आमा र बाबुबाट वंशज वस्तुहरू कसरी आए होलान्? ग्यामेट बनेपछि मात्रै दुई विपरीत ग्यामेटको मिलन हुँदा जाइगोट बन्ने र वंशाणुगत गुणहरू आदानप्रदान हुने होइन र? कि वंशाणुगत गुणहरू आदानप्रदान पहिले हुने र पछि ग्यामेट बन्ने र विपरीत ग्यामेट मिलेर जाइगोट बन्ने हो?

**बलराम अधिकारी**
**मिन्दुका मावि, नलाङ–७, बैरेनी**

*मिओसिस कोष विभाजन एउटै प्रकारको कोष (Sperm or egg) मा हुने विभाजन हो भन्ने कुरामा स्पष्ट हुनु आवश्यक छ। जाइगोटिन अवस्थामा होमोलोगस क्रोमोजोम सँगै आउने हुन्। पाचिटिन अवस्थामा होमोलोगस क्रोमोजोम बाक्लो, छोटा हुने र चार वटा फरक क्रोमाटिङको रूपमा रूपान्तर भई सेन्ट्रोमियरमा जोडिएर रहन्छन्। जाइगोट बन्ने प्रक्रियामा मात्र वंशाणुगत गुणहरू साटफेर हुने नभएर प्रजनन् क्रियापछि Fertilization क्रियापछि सेल विभाजन हुन थालेदेखि नै वंशाणुगत गुणहरू प्रसारित हुँदै जाने हुन्। त्यसैले निश्चित कोष विभाजनपछि मात्र गुणहरू साटफेर नभई गुणहरू प्रसारित हुने हुन्। प्रबल गुण र लुप्त गुणका कारणले कुन पुस्ताका गुणहरू सन्तानमा देखिन्छन्, सोको बारेमा यकिन भन्न सकिँदैन।*

***बालकृष्ण चापागाईं, प्राविधिक अधिकृत***
***शैक्षिक जनशक्ति विकास केन्द्र***

*बलरामजी! कुनै सजीवको सुरुआत आइगोटबाट हुन्छ, जसमा बाबु र आमा दुवैको आधा-आधा संख्यामा क्रोमोजोम रहेका हुन्छन्। यही जाइगोटमा माइटोसिस कोष विभाजनबाट वृद्धि भई कुनै सजीवको शरीर निर्माण भएको हुन्छ। यसरी कुनै सजीवको कोषमा बाबुपट्टि र आमापट्टिबाट आधा-आधा संख्यामा क्रोमोजोमहरू आएका हुन्छन्। त्यही सजीवको शरीरमा मिओसिस कोष विभाजनबाट ग्यामेट बन्ने प्रक्रिया शुरू हुन्छ। प्रोफेज-१ अवस्थाको जाइगोटिनमा सिनाप्सिस प्रक्रियामा होमोलोगस जोडाहरू बन्दा बाबु र आमा दुवैतिरको क्रोमोजोमहरूले त्यस जोडामा भाग लिएका हुन्छन्। त्यसपछि क्रसिङ ओभर भएर बन्ने ग्यामेटमा भिन्नता पाइन्छ। किनभने यहाँ गुणहरूको असमान वितरण भएको हुन्छ। जब अर्को वंशको लागि फरक-फरक लिङ्गका यस्ता ग्यामेटहरूले भाग लिन्छन्, अर्को वंशमा बाबु र आमा दुवैका गुणहरूको प्रसारण भई सन्तान बन्छन्। यसरी ग्यामेट बनी क्रसिङ ओभर हुँदा अघिल्लो वंशका बाबु-आमाका गुणहरूको असमान वितरण हुन्छ भने अर्को वंशको लागि बाबु र आमा दुवैका वंशाणुगत गुण प्रसारित भई जाइगोट बन्छ।*

***जयप्रकाश श्रीवास्तव***
***विज्ञान शिक्षक, प्रभात उमावि, ललितपुर***

## कति अन्तर पर्ला ?

म प्राथमिक द्वितीय श्रेणीको शिक्षक हुँ। मैले २०३३/०३/०७ मा स्थायी नियुक्ति पाएको हुँ। म अहिले ५६ वर्षको भएँ। चार वर्षपछि मैले अनिवार्य अवकाश पाउँछु। मेरो स्थायी घर रुकेना, बाँकेमा पर्छ। गत मंसीरमा जुम्लाबाट घरपायक विद्यालयमा सरुवा माग्दा पाइनँ। तत्काल सेवाबाट राजीनामा दिँदा वा चार वर्षपछि अवकाश पाउँदा मैले पाउने पेन्सन र अन्य सुविधामा कति अन्तर पर्ला?

**धनकृष्ण न्यौपाने, प्रावि उखाडी, जुम्ला**

*कुल सेवा अवधिलाई आखिरी महिनाको तलबले गुणा गरी त्यसलाई ५० ले भाग गर्दा आउने रकमलाई नै पेन्सनको रूपमा गणना गरिन्छ। यसर्थ, हाल तपाईंले पाउँदै आउनुभएको मासिक तलब र ग्रेड रकम चार वर्षपछि स्वतः बढी हुन जान्छ। सेवा अवधि जति वर्ष बढ्दै गयो, त्यही अनुपातमा पेन्सन रकम पनि बढ्दै जान्छ।*

***मधुसूदन अधिकारी***
***उपसचिव, विद्यालय शिक्षक किताबखाना***

## अध्यक्षज्यू ! अन्योलमा परियो

म कक्षा १२ उत्तीर्ण गरी प्राथमिक तहको लाइसेन्सप्राप्त शिक्षक हुँ। म २०६८/१०/१५ देखि प्राथमिक तहको अस्थायी दरबन्दीमा कार्यरत छु। *शिक्षक* मासिक (२०६८, फागुन)मा प्रकाशित प्राथमिक तहको लाइसेन्स सम्बन्धी जिज्ञासामा शिक्षक सेवा आयोगका अध्यक्ष उदयराज सोतीले दिनुभएको जवाफबाट मेरो लाइसेन्सको औचित्य समाप्त भएको र मैले प्राथमिक शिक्षक हुन समेत योग्यता अनुरुपकै लाइसेन्स लिनुपर्ने भन्ने बुझियो। उसो भए मेरो नियुक्ति वैध कि अवैध?

**हरि विष्ट**
**मुक्ति प्रावि, हुम्माना–९, भोजपुर**

*फागुन अङ्कको जवाफबाट केही द्विविधा पर्न गएको देखियो। विद्यमान ऐन/नियम अनुसार प्राथमिक तहको शिक्षक हुनका निम्ति कक्षा १२ वा सो सरहको योग्यता पूरा हुनुपर्छ। यद्यपि एसएलसी योग्यताका आधारमा यसअघि प्राथमिक लाइसेन्स लिएका व्यक्तिहरूले प्राथमिक तहको लाइसेन्सलाई कायमै राख्नका निम्ति कक्षा १२ सम्मको योग्यता हासिल गरे पुग्छ। तर, निम्नमाध्यमिक तहको लाइसेन्सका निम्ति चाहिं कक्षा १२ उत्तीर्ण गरेर सोही तहको लाइसेन्स परीक्षा उत्तीर्ण गर्नुपर्छ। तपाईंले कक्षा १२ उत्तीर्ण गरेको हुँदा प्राथमिक तहको लाइसेन्सको लागि अर्को योग्यता आवश्यक पर्दैन। अतः तपाईंको नियुक्ति वैध नै देखिन्छ।*

***उदयराज सोती***
***अध्यक्ष, शिक्षक सेवा आयोग***

**नोटः** पाठ्यपुस्तकसँग सम्बन्धित जिज्ञासा पठाउनुहुने पाठकहरूले पाठ्यपुस्तकको संस्करण मिति पनि खुलाइदिनुहोला। साथै सम्भव भएसम्म आफ्नो टेलिफोन नं. पनि उल्लेख गरिदिनुहुन अनुरोध छ। **–सं.**

**sms प्रतिक्रियाका लागि**
**jj<space>5006**



कथा

मनोज भण्डारी

# ऊ, म र बिदाइ

म साह्रै आत्तिएको थिएँ। डराउँदै दगुर्दै आएँ र होस्टेल इन्चार्जसँग भनें, “सर, भोजे बग्यो।”

“कहाँ ?”

“नदीमा”

“मतलब ?”

“हामी चार जना पौडी खेल्न गएका थियौं। भोजे चाहिं नदीमै डुब्यो सर, भर्खरै हो।”

“तँ हेरेर बसिस् ?”

“बचाउन खोजें, सकिएन।”

सर, जुरुक्क उठेर मेरो कान बटार्दै भन्नुभयो, “जा, रामुलाई बोलाएर ल्या।”

मैले रामुलाई बोलाइदिएँ। त्यसपछि म, सर र रामु भएर नदीतिर गयौं। भोजे बगेको ठाउँ देखाइदिएँ।

“यहाँबाट बगेको भए गोलाघाट पुग्यो होला।”

“त्यतै जाऔं सर।”

“हुन्छ, त्यतै जाऔं।”

हामी गोलाघाट पुग्यौं। रामु नदीमा हामफाल्यो। सकेसम्म खोज्यो, केही हात लागेन।

हामी फर्कियौं। भोजेसँगै पौडी खेल्ने म, श्याम र सरोज तीनै जनाले पिटाइ खायौं। आइन्दा पौडी खेल्न जाने जति सबैलाई विद्यालयबाट निष्काशन गरिने भयो। अर्को दिन सरहरूको बैठक बस्यो। हामी तीनै जनालाई बोलाइयो, निकालिदिने कुरा पनि चल्यो। हामीले कान समात्यौं, रोयौं, माफी माग्यौं अनि बल्ल बाँच्यौं।

xxx

आज ठूली एकादशी। भोजे गएको ठ्याक्कै एक वर्ष भयो। आजको दिन भगडीको शिवालय अगाडि मेला लाग्छ। नारायणीको त्यत्रो बगर पूरै भरिन्छ। वारिपारि मान्छे नै मान्छेको हूल। पसलै पसल। शिवालयमा बसी कोही कीर्तन गाउँदैछन्। कोही नदीमा नुहाउँदैछन्। अघिपछि सुनसान ठाउँ रमझममा रमाउँदैछ। तर पनि खै किन हो, किन हो, मन बेचैन छ, जति प्रयास गरे पनि मन मोरो मान्दै मान्दैन।

आज म एकादशीको ब्रत गर्दैछु, केही फलिफाप भइहाल्छ कि भनेर। शरीर एकदमै क्लान्त छ। दिउँसो करीब ११ बज्यो होला। विस्तरामा पल्टिएर ‘गरिमा’ पल्टाउँदै कथा पढ्दैछु। एउटा ६ कक्षाको फुच्चे हाम्रो कोठामा आयो, गोकुलले उसलाई कोठातिर फर्किने आदेश दियो। भोजेको निधनपछि गोकुल मसँगै छ। उसले मतिर फर्किंदै भन्यो, “मनोज, थाहा छ ?”

“के कुरा ?”

“आज, भोजेको एक वर्ष पुग्यो नि।”

“अँ थाहा छ यार, मलाई त साह्रै याद आइरहन्छ।

“भावीको लेखा यस्तै रहेछ, हामीलाई पनि चैन छैन।”

“छोडिदे यी कुरा।”

मैले गरिमा बन्द गरें। निदाउन प्रयास गर्दै थिएँ। निन्द्रा पटक्कै थिएन।

“

म प्रायः सुत्दा कपडा पूरै फुकालेर सुत्छु। भोजेलाई यो मन पर्दैनथ्यो। एक दिन त निन्द्रामा नाङ्गै भएछु। उसले मेरो गालामा आगो निस्कने गरी झापड हान्यो र भन्यो, “तेरो गिद्धले खाने छाला ढाकेर सुत्।” मैले ब्युँझेर भनें, “तेरो अनुहार त खान परै जाओस् गिद्धले पनि छुन घिन मान्छ बुझिस् ?”



x x x

म प्राय: सुत्दा कपडा पूरै फुकालेर सुत्छु। भोजेलाई यो मन पर्दैनथ्यो। एक दिन त निन्द्रामा नाङ्गै भएछु। उसले मेरो गालामा आगो निस्कने गरी झापड हान्यो र भन्यो, "तेरो गिद्धले खाने छाला ढाकेर सुत्।" मैले ब्युँझेर भनें, "तेरो अनुहार त खान परै जाओस् गिद्धले पनि छुन घिन मान्छ बुझिस् ?"

ऊ मसँग सधैं झगडा गरिरहन्थ्यो। तर, उसको एउटा विशेषता थियो–कहिल्यै नरिसाउने।

म कक्षामा प्राय: प्रथम हुन्थें। हाम्रो कक्षामा जम्माजम्मी दशजना। ऊ छैटौं, सातौंदेखि नवौंसम्म हुन्थ्यो। म पनि जाँगरिलो होइन। तर, ऊ मभन्दा पनि अल्छी थियो। म कक्षामा ध्यानले सुन्थें कोठामा पढ्दिनथें तर ऊ चाहिं दुवैतिर फुस्। त्यसैले म प्रथम ऊ घुँडा टेकेर पास।

क्लासमा सर पस्ने बित्तिकै म कहिलेकाहिँ भनिदिन्थें, "सर, भोजराजले पाठ सुनाउने रे," अनि कुखुरो। कहिल्यै पनि सरले पाठ सुन्न पाएनन्। गाली खायो, पिटाइ खायो बस्यो। सर क्लासबाट निस्किएपछि ऊ मलाई भन्थ्यो, "बिंड तातेर के हुन्छ ? पींध तात्नुपर्छ। म बाहिरबाट हेर्दा पो नजान्ने, मनमनै त विद्वान् छु नि !"

म खित्का छाडेर हाँस्थें।

कोठामा पनि भुस्, कक्षामा पनि भुस्। पढ्नु परै जाओस्, मान्छेहरूको बीचमा गई "मनोजले गर्दा मैले पढ्न पाइनँ" भन्दै गफ चुट्थ्यो। मान्छेहरूले मलाई हपार्थे। म उसलाई झपार्थें, "आफू आठ बजे सुत्छ, आठ बजे उठ्छ, अझ मेरो प्रचार-प्रसार गर्छ। कुकुर, अलिकति लाज छैन ?"

ऊ हाँस्दै भन्थ्यो, "ए अँ साँच्ची, लाज त चौरमै छुटेछ !"

उसका यस्ता कुरा सुनेर नहाँसी धरै हुँदनथ्यो। ऊ भनिहाल्थ्यो, "थोरै हाँसो पकेटमा राख, बेलुका निकाल्दै हाँस्दै गर्लास्।" उसका प्रत्येक कुरा चुट्किला जस्ता हुन्थे। सुनेर को नहाँसोस् ?

ऊ मान्छे अचम्मैको थियो।

ऊ आफ्नो खाटमा आएर अरू बसिदिन्छन् कि भन्ने डरले आफ्नो खाटमा अन्डरवेयरहरू राख्थ्यो र आफूचाहिँ मेरो खाटमा बस्थ्यो। लगिदिन्छन् कि भनेर टुथपेस्ट जुठो हाल्थ्यो। अरूले लगाउँछन् कि भनेर तेलको भाँडोमा 'जुठो' लेखेर टाँस्थ्यो।

मेरा किताबहरू लगेर आफ्नो नाम लेखी अरूलाई बाँडिदिनु उसको शोखझैं थियो। मैले किनेका साबुनहरू निजीकरण गर्नु उसको पुरुषार्थ थियो। मेरै पैसा झिकेर खाजा किन्थ्यो, र उल्टै मलाई खाजा ख्वाउँछु भन्थ्यो। म भोजेका ती चर्तिकला देखे पनि नदेखे झैं गर्ने साक्षी थिएँ। प्रेमवश साक्षी, किनभने हामी खुब मिल्थ्यौं।

ऊ बेला-बेला मसँग तर्क गर्थ्यो, तर्क नभनूँ, कुतर्क।

ऊ नयाँ नयाँ आत्माको सृष्टि गर्थ्यो, मान्छेमा जीवात्मा, रोबोटमा यान्त्रिक आत्मा, समुद्रमा सामुद्रिक आत्मा। घरी के ! घरी के ! साँच्चै ऊ आविष्कारक थियो। प्रत्यक्ष, अनुमान, शब्द र उपमानदेखि भिन्न प्रमाण जसलाई उसले जन्मायो त्यो थियो– ढिपी प्रमाण।

उसका बेला बेलाका तर्कहरू:

'to' को उच्चारण 'टु', 'do' को उच्चारण 'डु' भएजस्तै 'go' को उच्चारण 'गु' हुनुपर्ने।

सासूलाई श्वश्रु भनिन्छ, आँशुलाई अश्रु भनिन्छ भने मासुलाई 'मश्रु' भन्नुपर्छ।

काट्दा रगत रातो भएकै आधारमा सबै बराबर हुने भए सर्प र मान्छेको विवाह किन हुन्न ?

ऊ कहिलेकाहीं कतैबाट रचनाहरू सारेर 'आफ्ना रचना' भनी मलाई सुनाउँथ्यो। मलाई पत्यार नलागेर भन्थें, "नहेरिकन भन् न सक्छस् ?"

"कण्ठस्थ छैन क्या !"

"आफूले लेखेकै हैन होला ?"

"कण्ठ पो नभा त ! लेख्या त हो नि आफैंले।"

"आफूले लेखेको त त्यसै पनि आइहाल्छ नि !"

"चुप् लाग्, देवकोटालाई शाकुन्तल, सुलोचना सप्पै आउँछ ?"

म नबोल्नु ठीक छ भनी चूप लाग्थें।

एक पटक आफ्नो रचना भनी ऊ सुनाउन खोज्दै थियो–

गाली गर्दैन सारङ्गी, झुठो बोल्दैन बाँसुरी।
छ सङ्गीत तिमीभित्र, मीठो बोल सधैं भरी॥

राष्ट्रकवि घिमिरेका यी पंक्तिहरू मैले पनि सँगसँगै भनेको देखेर ऊ आत्तियो तर ऊ पनि कम त थिएन। भनिहाल्यो, "हाम्रा बालाई रामायण फरर्र... आउँछ। बाले लेखेको कि वाल्मीकिले ? मैले लेखें तैंले जानिस्। के नौलो भयो त ?"

"चुप लाग् पागल," मैले भनें।

"ठीकै हो, देवकोटा पनि राँची पुगेकै हुन्", ऊ बोल्न छाड्थेन।

भोजेले आफ्नै कोठामा निदाइरहेको सरोजलाई एक झापड हानेर भागेछ। पछि सरोजले कान समातेर माफी माग भन्यो। भोजेले सरोजकै कान समातेर माफी माग्यो।

भोजे रिसाएको मैले देखिनँ। तर ऊ कसैलाई गाली गर्नुपऱ्यो भने सुन्नेले पढेको वेद पनि बिर्सिने गरी गर्थ्यो– तँलाई दाद आओस्, तेरो मुखमा सर्पको गुहु परोस्। तेरो नाकमा कन्सुत्लो पसोस्, तेरो थाप्लोमा पचहत्तर किलोको घन बजारियोस्, तँलाई भोलि बिहानै हरियो बाँसमा लैजान परोस्, तेरा करङ्गका हड्डी कटकट घोटी चन्दन लगाउन पाऊँ... यस्तै यस्तै।

ऊ आफ्नो डायरी सधैं लुकाउँथ्यो। एउटै कोठामा बसेर पनि हेर्न नपाएको त्यो डायरी मैले एक दिन लुकेर हेरें। दुईवटा बाहेक सबै पृष्ठहरू खाली थिए। पहिलो पृष्ठमा नाम, ठेगाना आदि थिए। दोस्रो पृष्ठमा 'मेरो जीवनको लक्ष्य' लेखिएको थियो। सरर्र पढें। प्रखर प्रवक्ता, राष्ट्रपति, अन्तर्राष्ट्रिय विद्वान् लगायतका आठ वटा बुँदाहरू थिए। तर, पहिलो बुँदा थियो– असल शिक्षक। उसको पहिलो चाहना नै 'शिक्षक' बन्ने रहेको देखेर भने मलाई उसप्रति आरद जाग्यो। मेरा आँखाबाट दुईटा मोती झरे।

साँच्चै भोजे चार्ली चाप्लिनभन्दा कम थिएन। ऊ अरूलाई हँसाउन जे पनि गर्थ्यो। ऊ सधैं अरू हाँसेको र खुशी भएको मात्र हेर्न चाहन्थ्यो। त्यसैले त ऊ कहिल्यै रोएन र रिसाएन पनि। ऊ किशोर भइकन पनि बालक

**भोजे ! तँ विना म रित्तो रित्तो भएको छु। तँ गए पनि तेरो यादले मलाई छोडेको छैन। ती नफर्किने सुनौला दिनहरू अब फर्किंदैनन्। तर पनि भोजे, तँ मरे पनि मर्दैनस्। तँ त छस् नि यहीं, मेरै दिलभित्र।**

जस्तो थियो। ऊ निश्छल थियो। ऊ अरूलाई उक्साउन खुबै च्याम्पियन थियो। अरूलाई उक्साउने, भिडाउने अनि आफूले हेर्ने। 'वाह ! क्या साहसी', 'तँ के कम छस् र ? दे न नाकमा' 'हेर् त तँलाई हेपेको, म भएको भए त कि मर्थे कि मार्थें' यस्तै भनी भनी लडाउँथ्यो। जब लड्न थाल्छन् तब कुचोले दुवैलाई पिटेर भन्थ्यो, "विद्यार्थी हौं भन्छौ। अनुशासन यही हो ?" उसका यस्ता घटना अनगिन्ती छन्।

हाम्रो होस्टेल तीन तले थियो। म र भोजे छतमा बसेका थियौं। सात कक्षाको केटो आयो। भोजेले उसलाई नजिकै बोलाएर भन्यो, "कति वर्ष भइस् ?"

"तेह्र वर्ष भएँ।"

"यहाँबाट हामफाल्न सक्छस् ?"

"अग्लो छ, लडेर मरें भने... ?"

"थुइक्क ! सातमा पुगेर पनि त्यही हो भन्ने ?"

"के भन्न खोज्नुभा ?"

"म ६ कक्षामै हामफालें। तँ ७ कक्षामा पनि सक्दैनस् ?"

"सक्न त सकिन्छ होला तर अल्लि..."

"भयो भयो तैंले सक्दैनस्।"

केटोले एकछिन केही सोचे झैं गरेर हेऱ्यो र फेरि भन्यो–

"दाइ, दोस्रो तलाबाट त सक्छु।"

"सक्दैनस्, तँ जस्तो लुतेले।"

"सकें भने ?"

"ल, १० रुपैयाँ दिन्छु।"

"पहिले पैसा।"

"पैले काम अनि बल्ल दाम।"

भोजेले गोजीबाट १० रुपैयाँ निकालेर दियो।

बच्चो 'जय बजरङ्गवली' भनेर फुत्त हामफाल्यो। केटोलाई केही भएन। १० रुपैयाँ पाएँ भनेर सदन-सदनमा कीर्ति फैलायो। उसको प्रतिद्वन्द्वीले भोजेनेर आएर भन्यो, "दाइ, म पनि हामफाल्छु, दिने ?"

"सक्दैनस् कि ?"

"सुकेको ज्यानमा लुकेको बल छ, सक्छु।"

केटो हामफाल्यो। दुर्भाग्य, केटो नराम्ररी बजारियो। खुब रोयो। हात पो भाँचिएछ ! भोजेको काम पूरा भयो। तर ठीक उल्टो परिणाम। सरलाई थाहा भयो। हात भाँचिदिएकोले औषधोपचारको खर्च भोजेले नै तिर्नुपऱ्यो। सूर्य अस्ताए। फेरि उदाए। अर्को दिन बिहान एसेम्बलीमा भोजेलाई अगाडि बोलाएर उभिन लगाइयो। उठ्-बस्, कान समातेर माफी माग्नुपर्ने भयो, माग्यो। सबै हाँसे।

भोजेको शिर लाजले निहुरियो। पसिना-पसिना भयो। सबैको अगाडि माफी माग्यो। अबदेखि त्यस्तो नगर्ने वाचा गऱ्यो।

भोजराज यस्ता सजायहरूबाट अभ्यस्त भइसकेको थियो। तर यो सजायचाहिँ उसका निम्ति अलि अपाच्य भएछ क्यार। घोरिइरहन्छ, झोक्राइरहन्छ। उसले किताब नहेरेको हप्ता दिन भयो। उमङ्गको नामोनिसान पनि छैन चेहरामा। सधैंभरी हाँसिरहने भोजे निराश हुँदा म पनि खिन्न थिएँ। एक रात म पल्टिइरहेको थिएँ। ऊ मेरो खाट नजिकै आएर उभियो र गलेको स्वरमा भन्यो, "मनोज, अबदेखि म कहिल्यै पनि यस्तो गर्दिनँ। म गुरुहरूको नराम्रो हुन पुगें। विद्यार्थीहरूले धज्जी उडाए। पैसा पनि तिर्नुपऱ्यो। साँच्चै, अबदेखि म कहिल्यै पनि उट्पट्याङ काम गर्दिनँ।"

मैले आश्वस्त स्वरमा भनें, "भो, भो चिन्ता नलिई सुत्।"

केही समयपछि दुवै निदायौं। फेरि, सूर्यले कान्ति फिजाइ पृथ्वी ढाके। अर्को दिन शनिबार।

"भोजे, आज पौडिन जाऔं", मैले भनें।

"छोडिदे यार, म खेल्दिनँ", उसले भन्यो।

"भनेको मान् न, सधैं सुतेर मात्र हुन्छ?" मैले कर गरें।

उसले बल्ल सहमति जनायो। सरोज र श्यामे पनि मिसिए।

मलाई र श्यामेलाई पौडी त्यति आउँदैन। भोजे र सरोजचाहिं निश्चिन्त थिए। सरोज र भोजेमध्ये को छिटो पारि पुग्ने भन्ने कुरा चल्यो। दुवै कम थिएनन्। ठूलो चट्टानबाट दुवै हाम फालेर नदीमा पसे। दुवै पौडिंदै गए। लगभग एकैचोटि बीचमा पुगे। नदी बीचमा सानो टापू छ। दुवै त्यहीं रोकिए। दुवैजना फेरि हामफाले। नदी पार गरे। नदी वेगले बगेको थियो। वल्लो छेउबाट हामफालेको मान्छे पारि पुगुन्जेल पल्लो कुनामा पुगिसकेको हुन्थ्यो। फेरि दुवैजना चट्टानमाथि उक्लिएर नदीमा हामफाले। भोजे नदीभित्रको ढुंगामा नराम्ररी बजारिन पुगेछ। एकछिन त रन्थनियो। त्यतिञ्जेल नदीको वेगले उसलाई केही टाढा हुत्याइसकेको थियो। पौडिंदै थियो तर नदीको बहावलाई जित्ने आँट भएन। सरोज वारि आइपुग्यो। भोजे नदीमै थियो। चिच्याउन थाल्यो। हात उचालेर चिच्याउञ्जेल उसले चाल चुकाइरहेको थियो। सरोज फेरि हामफाल्यो। सरोज उसका छेउमा पुग्दा नपुग्दै भोजेलाई नदीले निलिसकेको थियो। चिच्याइरहेको भोजेलाई सान्त्वना दिन उठाइएका हातहरू आवाज बन्द भइसकेपछि पनि ठडिएरै रहे।

xxx

भोजे ! तँ विना म रित्तो रित्तो भएको छु। तँ गए पनि तेरो यादले मलाई छोडेको छैन। ती नफर्किने सुनौला दिनहरू अब फर्किंदैनन्। तर पनि भोजे, तँ मरे पनि मर्दैनस्। तँ त छस् नि यहीं, मेरै दिलभित्र।

जाँदाजाँदै यिनै पंक्तिहरू

बिर्सूं भन्दा पनि नयनका छाल उत्ताल बन्छन्
मेरो कोठा, सिरक, डसना 'भोज खै ?' मात्र भन्छन्
बल्झिछन् ती मृदु पलहरू ती बिहानी र साँझ
यस्तै शब्दावली हृदयले अर्पिएँ भोजराज

*(मन्दाक्रान्ता छन्द)*

*कक्षा ११, श्री परमानन्द संस्कृत गुरुकुलम् उमावि, देवघाट-२, तनहुँ*

अनिता थापा

# मन फर्केछ

कक्षाकोठामा पस्नासाथ उसले मेरो दिमागमा राज गरी। हिजो उसले भनेको याद आयो, "...म के गरम् ... !" फटपट मेरा आँखाले तेस्रो बेञ्चको कुनामा बस्ने कल्पनालाई खोजे तर अहँ भेट्टाएनन्। ऊ एकपटक होशमा आउँछे कि भन्ने झिनो आश थियो तर अब त्यो पनि रहेन। जे नहोस् भनेर सोचेकी थिएँ आखिर त्यही भयो। ट्युसनका सबै विद्यार्थी पढ्दै थिए। म पनि किताब खोली डेस्कमा टाउको आड लगाई घोप्टो परेर बसें। आँखा अगाडि किताब भए पनि मनमा चाहिं कल्पना मात्र आई रही, विगतलाई सम्झाउँदै।

होचो कद, आकर्षक अनुहार, भ्यात्त परेको जीउ र मसिनो स्वर भएकी कल्पना। मान्छे त कलिलै नै हो तर मासु भरिएर होला तन्केको छालामा हल्का गोरोपन छाएको थियो। अलि-अलि पाउडर पनि लाउँदी हो। कक्षामा पहिले-पहिले उसलाई असजिलो महसूस भयो होला, खासै बोल्दिनथी। ऊभन्दा म सानी भए पनि कक्षामा अन्य साथीभन्दा धेरै ठूली थिएँ। त्यसैले हामी दुईलाई नजिक हुन गाह्रो भएन। यसकारण पनि मितिनीका रूपमा चिनियौं छोटो समयमा नै हामी। मलाई उसको विगतबारे केही थाहा थियो। एकदिन उसले पनि भनेकी थिई आफ्नो जीवनबारे। कुराको अन्त्यमा यो पनि भनेकी थिई, "मान्छेभित्र पनि राक्षसको बास हुँदो रै'छ। तर पनि चिन्नै नसकिने, बाहिर भने देउता जस्तो।" उसले अनौठो पाराले भनेकी थिई त्यो कुरा। आँखाको हेराइ, अनुहारको भाव, टाउकाको हल्लाइ हात र ओठको चलमलाइ सबै बेग्लै थियो। ऊ त्यतिबेला रिसाएकी थिई ? होइन। गम्भीर भएकी थिई ? होइन। आफैंभित्र हराएकी थिई ? त्यो पनि होइन। साँच्चै उसले अनौठो पाराले भनेकी थिई जुन मेरो आजसम्मको अनुभवमा नौलो थियो। त्यतिबेलाको अवस्थालाई शब्दमा उतार्न मैले सकिनँ।

पढाइ शुरू गरेपछि उसले सबैको हौसला पाएकी थिई। मान्छेले उसलाई हेर्ने नजरमा पनि परिवर्तन हुन थालेको थियो। सरहरू भन्नुहुन्थ्यो, "पहिलेकी कल्पना होइन यो।" पढाइमा ऊ कमजोर थिई, तीन वर्ष पढाइ छोडेकाले पनि हुनसक्छ। तर पनि मिहिनेत चाहिं गर्थी। विगत केही दिनदेखि उसको हिंडाइमा लचकता थपिएको थियो, बोलीमा मस्काइ अनि मन्द मुस्कान। निधारमा टीका, परेलीमा गाजल, हातमा तामा र खै अर्के के धातुले बेरेको बाला, हिंड्दा जीउ हेर्ने भा'थी। आँखा त झन् चञ्चले। मसँग पनि खासै कुरा गर्दिनथी। पहिलेदेखि नै यस्तै हुँदी हो त, केही हुन्थेन तर अचानक उसमा बिस्तारै-बिस्तारै हुँदै गएको परिवर्तनले म छक्क परेकी थिएँ। ती परिवर्तनको कारणबारे अनभिज्ञ थिएँ म।

पानी परेको छाप प्रष्टै थियो भुईंमा। पानीले हानेर स-साना ढुङ्गा किचरिक्क परेर देखिएका थिए। स्कूलको



आँगनमा खसेको पानी चिप्लेटी खेल्दै केटाहरूको ट्वाइलेटनेरको खाल्डोमा धमिलो भएर जम्मा भएको थियो। गाढा हरिया हुँदै गएका रूखका पातहरूमा अडिएका पानीका थोपा रूख हल्लँदा सरर खस्थे। हिले चप्पल र जुत्ताको छाप नपरेका गिट्टीहरू सूर्यका किरणले टल्किएका थिए। आकाशको बीचमा सूर्य बलजत्रै थियो। दुई दिनसम्म बादलद्वारा ढाकिएको सूर्यले हिजो अस्तिको किरण पनि आजै फ्याके झैं लाग्थ्यो। वस्तुभन्दा छायाँ छोटा थिए। वातावरण उकुसमुकुस हुने खालको थियो। बाहिरी वातावरणको कुनै वास्ता नगरी विद्यार्थीहरू गुरुपूर्णिमाको कार्यक्रममा रमाइरहेका थिए। म स्टेजको देब्रेपट्टिको लास्ट बेञ्चमा बसेकी थिएँ। यत्तिकैमा कल्पनाले भनी, "छि ! कति झ्याउलाग्दो। घाम पनि कति चर्को। उता नर्सरीमा गएर बसौं न है।" उसको यो आग्रहले मलाई लख काट्न गाह्रो भएन कि केही गोप्य कुरा भन्न खोज्दैछे। त्यसैले मैले सहमतिमा टाउको हल्लाइदिएँ।

स्कूलदेखि पर रहेको नर्सरी, विद्यार्थी बाहिर निस्किएकाले कक्षा खाली थियो। केटाकेटीले टेकेर धूलैधूलो बनाएको बेञ्चमध्ये राम्रो ठाउँ खोजेर म बसें। उसले ढोका बन्द गरी र मेरै छेउमा आएर बसी। मेरो हात समात्दै, अन्त कतै हेर्दै, गम्भीर हुँदै उसले भनी, "बामे इण्डियाबाट फर्केर आ'छ। त्यस्तै एक महिना जति भयो होला। घर फर्कने बाटोमा बस्या हुन्छ। मलाई देख्ने बित्तिकै मनमा ठूलै

# कथा प्रतियोगिताको नतिजा




२०६८ पुसदेखि सञ्चालित *शिक्षक* मासिकको कथालेखन प्रतियोगितामा **दुर्गा कार्की** ***(लाइट बाल्ने केटो)*** र **मनोज भण्डारी** ***(ऊ, म र बिदाइ)*** पुरस्कृत हुनुभएको छ। *'लाइट बाल्ने केटो' शिक्षक* को २०६८ चैत अंकमा प्रकाशित भएको थियो भने *'ऊ, म र बिदाइ'* यसै अंकमा छापिएको छ।

पुरस्कारका रूपमा एकजनालाई नोटबुक (ल्यापटप) दिने हाम्रो पूर्व घोषणा रहेको भए तापनि पुरस्कार विजेता दुईजना भएका कारण उक्त नोटबुकका निम्ति छुट्याइएको रु.३० हजार नगद नै उहाँहरूबीच बराबर बाँडिने छ।

*शिक्षक* मासिकले विद्यार्थीको कथाकारितालाई प्रेरणा दिन आगामी दिनहरूमा पनि कथा प्रकाशन गर्ने निर्णय गरेको छ।

**प्रतियोगितामा सहभागी सबै विद्यार्थी भाइबहिनीहरूलाई धन्यवाद, पुरस्कार विजेता कार्की र भण्डारीलाई बधाई !**

पीर परेको अपराधी झैं हाँस्दै उठ्छ। मलाई बोलाउँछ। म चूपचाप हिंडिरहन्छु। ऊ एकोहोरो बोलिरहन्छ। पहिले गरेको व्यवहारप्रति पछुताउँछ। रोला झैं गर्छ। कति दिनसम्म त रोयो पनि। मन न हो पग्लिहाल्यो। पछि-पछि म पनि बोल्न थालें। जस्तो भए पनि..." मेरो प्रतिक्रिया बुझ्न उसले मतिर हेरी। मैले तटस्थ तर जिज्ञासु भावले उत्तर दिएँ। उसले फेरि कुरा जोडी, "पहिले मलाई कति ख्याल गर्थ्यो। पछि खै के भयो। अहिले भने सुध्रिएको रै'छ।" उसले यसो भनिरहँदा कहिले भुईंतिर हेर्थी, कहिले भित्ताका ए, बी, सी, डीतिर, कहिले ढिलो गरेर परेली बन्द गर्दै, खोल्दै सिलिङतिर। कुरा अनुसार उसको अनुहारको भाव पनि परिवर्तन हुन्थ्यो। लामो सास फेर्दै कुराको टुङ्गो लाउन खोजे झैं गरी उसले भनी, "मैले त्यस्तो व्यवहार गर्न नहुने। विगतमा जे भयो भयो। त्यो कुरा बिर्सिदेऊ। हामी छुट्टिनुहुन्न; बामे यस्तै भन्छ।" म के गरौं ? आफ्नो अवस्थाको बारेमा पनि सोच्नैपर्ने हुन्छ मैले।" यति भनेर उसले प्रश्नसहित मतिर हेरी। उफ ! म त छक्क परें। लोग्नेमान्छेको अनुहारसम्म हेर्दिनँ भन्ने मान्छे त अहिले ! उसले हल्का मेरो हत्केला दबाई। म अन्योलमा परें। अन्त्यमा भनें, "तिमी मभन्दा जान्नेबुझ्ने छौ, उमेर र व्यवहारले पनि। जीवन तिम्रै हो। जे ठीक लाग्छ, त्यही गर।" उसले के बुझी त्यो त मैले थाहा पाइनँ तर त्यसपछि भने उसको अनुहार उज्यालो भएको थियो। आज ऊ ट्युसनमा आइनँ, कुरा प्रष्ट भयो।

ट्युसनबाट घर फर्कदा नै मेरो अनुमान सत्य सावित भयो। बिजौरीमा फेरि एकपटक तरङ्ग आइसकेको थियो। त्यसको असर दुई हप्ता, पन्ध्र दिन कहिलेसम्म रहन्छ, त्यो त पछि नै थाहा होला। तर त्यही कुरा मानिसले विभिन्न गुटमा विभाजित भएर आ-आफ्ना टीकाटिप्पणी गर्दैथिए। कतिले भन्दैथिए, "ठीकै गरी, बिहे गर्ने पर्थ्यो, उसैसँग गई।" कतिले भन्दैथिए, "आफैं पोइल गई, छुट्टापत्र गरी एक वर्ष माइतमै बसी। बाआमाले पढ्न पठा'थे। छोरीले फेरि टाप कसिछ।" उसको प्रशंसा गर्नुहुने सरहरूले रीस पोख्दै हुनुहुन्थ्यो विद्यार्थीमाथि र पोखिरहनुहुनेछ, त्यो कुरा नसेलाउँदासम्म। खानेपानी ट्याङ्की पछाडि तास खेल्न जम्मा भएका जुवाडेहरूले भन्दैथिए, "कल्पे त फेरि त्यही बामेसँग भागी छे।" अर्कोले थप्दैथियो, "पन्ध्र वर्षमै त गई। अब त रुन्।" अनि हाँस्दैथिए मुखामुख गरेर जोडजोडले देखाउन मिल्नेसम्मका दाँत देखाएर, चाकलमाडी बसेका खुट्टाहरू दुई हातले आफूतिर तान्दै।

*एसएलसी नतिजाको पर्खाइमा*
*बिजौरी-५, दाङ*






नागरिक
भाग्यmoney घर धनी अफर
बम्पर उपहार
एक जनालाई काठमाडौं नयाँ बानेश्वरनजिक बागमती अपार्टमेन्टमा
२ बेडरुम अपार्टमेन्ट
हरेक महिना
TATA Nano कार र Mahindra Rodeo 125 स्कुटर एक एक जनालाई
nano
हरेक साता
LG को Refrigerator, Micro-Wave oven र Washing Machine एक एक जनालाई
LG
Life's Good
हरेक दिन
Maxx Mobile र D.light Solar Light एक एक जनालाई र शुक्रवार
साप्ताहिकको अर्धवार्षिक ग्राहक र Digicom Stand Fan तीन तीनजनालाई
शुक्रवार
MAXX
DIGICOM
D.Light S10 Solar Light
हरेक क्षण
हरेक ग्राहकले पाउनुहुनेछ हात खाली नजाने स्क्र्याच कुपन भित्र लाखौंका
उपहार
D.Light S10 Solar Light
रजिष्टर गर्नका लागि CIR टाइप गरी ५२२५ मा एस.एम.एस. गर्नुहोला।
यो सेवा नेपाल टेलिकममा मात्र उपलब्ध छ।
हामी आउँदैछौं तपाईंको घरदैलोमा फेरि एक पटक
थप जानकारीका लागि
नेपाल रिपब्लिक मिडिया प्रा.लि.
ने.टि.ए. कम्प्लेक्स, बागदरबार, काठमाडौं
फोन: ०१-४२६८६५६, ४२६५१०० (Ext. २०४/२०५), इमेल: circulation@nagariknews.com
Nepal Republic Media
नोट : वार्षिक ग्राहक यी सबै योजनामा सहभागी हुन पाउनेछन्।
अर्धवार्षिक ग्राहक बम्परबाहेक अन्य योजनामा सहभागी हुन पाउनेछन्।
त्रैमासिक ग्राहक भने हरेक दिन र हरेक क्षण योजनामा मात्र सहभागी हुन पाउनेछन्।
*सर्तहरु लागु हुनेछ

Real फुर्सद



## शब्द खेल-४४




**नाम:** — — — — — — —

**ठेगाना:** — — — — — — —


**तेर्सो**

१) कुनै कामकुरो गर्न मिल्दोजुल्दो स्थिति
४) चेतना/ज्ञान/सुद्धी
६) सजिलैसित पाइने/प्राप्त गर्न कठिन नपर्ने
८) खुसामद; १०) कुटपिटबाट हुने पीडा/सास्ती
११) चीलजस्तो एक जातको हिंस्रक पक्षी
१२) पुराणकालमा प्रयुक्त विमान/रथ
१३) आकाश; १५) धातुका भाँडाकुँडामा लाग्ने खिया
१८) सम्पूर्ण सृष्टि/संसार/जगत्
२०) आफू भएतिरको किनार
२१) कुनै वस्तु निकासी पैठारी गर्दा तिर्नुपर्ने महसुल, कर, दस्तुर
२२) जूनको जस्तो प्रकाश दिँदै प्रायः वर्षा ऋतुको रातमा उड्ने एक जातको कीरो
२४) धुम्रपान, मादक पदार्थको सेवन जस्ता कुरामा लागेको लत
२७) जनावर/पशु; २८) आनेकाने/दोमन/दोधार

**ठाडो**

१) थोरै/अलिकति/कम्ती
२) असल, कुलीन वा शिष्ट व्यक्ति
३) समय/वेला
५) भएभरका व्यक्ति वा वस्तुको नाश/सत्यानाश
६) एक प्रसिद्ध मूल्यवान् धातु
७) डरलाग्दो/भयङ्कर
८) कुनै देव-देवीको गुण-वर्णन गरिएको गीत
९) कपासबाट बनाइएको धागोले बुनिएको
१४) पहिला कल्पना वा अनुमान नै नगरिएको आकस्मिक घटना, दुर्घटना
१६) कहीं जानका लागि वाहनका रूपमा प्रयोग गरिने साधन
१७) देशका शासन सञ्चालनको व्यवस्था
१९) प्राणतत्व/प्राणधारी शरीर
२२) चन्द्रमाको किरण
२३) महाभारतअनुसार गुप्तवासको बेला भीमद्वारा यसको बध भएको थियो
२५) सजाउने काम/सजावट
२६) स्वजनको मृत्युमा हुने मानसिक कष्ट

## अन्ताक्षरी-४४




१) दुई ठाउँ वा समयविन्दुका बीचको अंश (४)
२) पुगनपुग/झन्डै-झन्डै/नजीकनजीक (४)
३) अनावश्यक वा बेप्रसङ्गको लामो कुरा (३)
४) लाज नभएको/निर्लज्ज (४)
५) खेतमा धानको बीउ रोप्ने खेताला (४)
६) रक्सी पिउनमा नामी (३)
७) परस्परमा हात समाउने काम/बाहांजोरी (४)
८) जनसमाजमा परम्परादेखि गाउँदै व चल्दै आएको गीत (४)
९) कुनै तरल पदार्थ थोपा थोपा गरी चुहने वा खस्ने गरी (४)
१०) कुस्ती खेल्ने कसरती व्यक्ति (५)
११) बोक्राको रूपमा बाहिर जड्डा हुने एक प्रसिद्ध फल (४)
१२) पालो नबिराई एकपछि अर्को तुरन्तै लागेर/लगातार/धमाधम (४)
१३) आश्चर्य/छक्क (३)
१४) बाटो हिंड्ने मानिस (३)
१५) वास्तवमा हुने/तथ्य/साँचो (४)
१६) सजिसजाउ/तम्तयार (५)

**नाम:** — — — — — — — — —

**ठेगाना:** — — — —

**शब्दखेल-४२ को सही उत्तर**

तेर्सो: १) भरोसा ३) पन्तरो ५) जय ६) गज ८) रक्तेलो ९) रामायण ११) करकाप १३) सार्थक १५) रफत १७) राक्षस १९) तारा २१) स्वाती २२) पर्वत २३) रनाहा ।
ठाडो: १) भय २) साधारण ३) परलोक ४) रोग ५) जमरा ७) जलप १०) यथार्थ १२) रवाफ १४) करामत १५) रसदार १६) दाता १८) रती २०) राप २१) स्वाहा ।

**अन्ताक्षरी-४२ को सही उत्तर**

१) आवश्यक २) कचौरा ३) राजनीतिक ४) कसनतमन ५) नखरमाउलो ६) लोहोरो ७) रोजनामचा ८) चानचुन ९) नचाइ १०) इतिहास ११) सहभागी १२) गीत १३) तत्काल १४) लठुवा १५) वाटिका १६) कारोबार

Real Fruit Power
नेपालको नं. १ फ्रुट जुस



# YOUR COMPLETE NEWS.



# Real फुर्सद




## सुडोकु-४४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ४ | ३ | ७ | ८ | ६ | | |
| | ६ | | | १ | | | ८ | |
| १ | | | | ४ | | | | ५ |
| | | ५ | ४ | | ९ | १ | | |
| ९ | | | | | | | | ८ |
| | | २ | ८ | | ६ | ९ | | |
| ४ | | | | ९ | | | | ६ |
| | ९ | | | ६ | | | १ | |
| | | ३ | १ | ८ | ७ | २ | | |

## सुडोकु-४२ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ८ | ९ | ७ | ६ | १ | ५ | ४ | २ |
| ५ | ४ | १ | ९ | २ | ८ | ६ | ३ | ७ |
| ७ | २ | ६ | ५ | ३ | ४ | ८ | ९ | १ |
| ८ | १ | २ | ३ | ५ | ७ | ४ | ६ | ९ |
| ४ | ९ | ५ | ६ | १ | २ | ३ | ७ | ८ |
| ६ | ७ | ३ | ४ | ८ | ९ | १ | २ | ५ |
| ९ | ३ | ८ | १ | ७ | ६ | २ | ५ | ४ |
| १ | ५ | ७ | २ | ४ | ३ | ९ | ८ | ६ |
| २ | ६ | ४ | ८ | ९ | ५ | ७ | १ | ३ |



## सही समाधान पठाउने सहभागी र पुरस्कार विजेता

**शब्दखेल-४२: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *अम्बिका खनाल,* चन्द्रावती उमावि, वसन्तपुर-१, तनहूँ**

**सही समाधान पठाउने अन्य सहभागी**

- कमलादेवी कार्की, थानपोखरी उमावि, हडिया-३, उदयपुर
- शंकर पहाडी, जनजागृति मावि, महादेवडाँडा-८, सिन्धुली
- गंगा भुसाल, नुवाकोट मावि, चिढीचौर, अर्घाखाँची
- माधव प्र. भट्टराई, रा.ज.उमावि, भ्रमरापुरा, महोत्तरी
- भीम प्र. घिमिरे, चम्पादेवी निमावि, पोकली-९, ओखलढुंगा
- पल्लवराज जोशी, रिठाचौपाता-८, दार्चुला
- माधव प्र. पौडेल, बहादुरे उमावि, भदौरे-१, कास्की
- खड्गराज कार्की, गुदेल मावि, गुदेल-४, सोलुखुम्बु
- निर्मल कु. चन्द, दिव्यचक्षु मावि, रूँघा, रूकुम
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- भरत प्र. फुँयाल, अमरसिंह प्रावि, मकवानपुर
- गोविन्द प्र. आचार्य, जनकल्याण उमावि, पालुङ-३, मकवानपुर
- विमल प्र. देवकोटा, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- जनार्दन घिमिरे, भगवती मावि, पान्डाँडा, अर्घाखाँची
- प्रेमलाल चौधरी र मोहन प्र. अधिकारी, नेपाल उमावि, विश्रामपुर, रौतहट
- कमल सुब्बा, कुरूले तेनुपा-५, धनकुटा
- पुष्पलक्ष्मी शाह, धुम्रबराह मावि, धुम्बाराही, काठमाडौं
- नारायण प्र. नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- उद्धव आचार्य, झम्केश्वरी मावि, पालुङ, मकवानपुर
- श्रीकुमारी लो, छतिवन-६, नयाँदमार, मकवानपुर
- गोविन्दराज जोशी, शिव उमावि, किम्तोला, कैलाली
- लीलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ, दार्चुला
- काजीराम गौतम, जनकल्याण मावि, बयरवन-९, मोरङ
- सरिता खड्का, झलारी-७, कञ्चनपुर
- प्रकाश खड्का, कालिका मावि, पिपलाडी-८, कञ्चनपुर
- रमेश विकल, महेन्द्रोदय मावि, राम्जाकोट-५, तनहुँ
- यादव प्र. पौड्याल, वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत
- डिल्ली ब. बुढाथोकी, ने.रा. उमावि, सल्यान
- राजु बुढाथोकी, लाकुरीडाँडा निमावि, दोलखा

**अन्ताक्षरी-४२: सही समाधान पठाउने सहभागीमध्ये गोला प्रथाद्वारा छानिएका पुरस्कार विजेताः *डिल्लीबहादुर बुढाथोकी,* ने.रा.उमावि, फलावाङ्, सल्यान**

**सही समाधान पठाउने अन्य सहभागी**

- केदार प्र. तिमल्सिना, भानु उमावि, मत्रान्चुली, मकवानपुर
- रमेश विकल, राम्जाकोट-८, तनहूँ
- सरिता खड्का, चन्द्रसूर्य मावि, झलारी-७, कञ्चनपुर
- विष्णु प्र. पौडेल, कालिका मावि, बतासे-१, काभ्रे
- उद्धव आचार्य, झम्केश्वरी मावि, पालुङ, मकवानपुर
- भीम प्र. घिमिरे, चम्पादेवी निमावि, पोकली-९, ओखलढुंगा
- प्रेम ब. डाँगी, जयकालिका मावि, बर्दिया
- अर्जुन पौडेल, बहादुरे उमावि, भदौरे, कास्की
- पल्लवराज जोशी, रिठाचौपाता-८, मौखली, दार्चुला
- उदय ब. खत्री, मालिका मावि, मटेला-३, सुर्खेत
- नारायणबाबु जोशी, सरस्वती प्रावि, मार्वु-५, दोलखा
- गणेशमान सिंह ठकुरी, मालिका मावि, मटेला-३, सुर्खेत
- जनार्दन घिमिरे, भगवती मावि, पान्डाँडा, अर्घाखाँची
- कल्पना श्रेष्ठ, जनता उमावि, रामपुर-२, रामेछाप
- भरत प्र. फुँयाल, अमरसिंह प्रावि, मकवानपुर
- कान्ति ब. रायमाझी, दुर्गानदी प्रावि, मझुवा-४, रामेछाप
- खड्गराज कार्की, गुदेल मावि, गुदेल-४, सोलुखुम्बु
- हरिनारायण खतिवडा, शा.स.मावि, रामेछाप-३, रामेछाप
- लीलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ, दार्चुला
- माधव प्र. भट्टराई, रामदेव जनता उमावि, भ्रमरापुरा, महोत्तरी
- मनोज पौडेल, जयकालिका मावि, कालिका-४, बर्दिया
- डेविट दाहाल, युनिभर्सल कलेज, मैतीदेवी, काठमाडौं
- गोविन्द प्र. आचार्य, जनकल्याण मावि, पालुङ, मकवानपुर
- प्रकाश खड्का, कालिका मावि, पिपलाडी-८, कञ्चनपुर
- गुप्त ब. भण्डारी, महेन्द्र निमावि, मलम्पार-७, म्याग्दी
- राम कु. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, ल्याङल्याङ, रामेछाप
- देवनारायण चौधरी, हडिया-४, उदयपुर
- विमल प्र. देवकोटा, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- उपेन्द्र दास, सरस्वती उमावि, खानीभन्ज्याङ, ओखलढुंगा
- गोविन्दराज जोशी, शिव उमावि, किस्तोला, कैलाली
- दुर्गा गौतम (ढुंगाना), जनज्योति उमावि, लालबन्दी, सर्लाही
- नारायण प्र. नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- सन्त ब. श्रेष्ठ, जनता उमावि, रामपुर-२, रामेछाप
- मनोज भण्डारी, परमानन्द सं.गुरूकुल उमावि, देवघाट-२, तनहूँ
- पुष्पलक्ष्मी शाह, धुम्रबराह मावि, धुम्बाराही, काठमाडौं
- निर्मल कु. चन्द, दिव्यचक्षु मावि, रूघा, रूकुम

## सामान्यज्ञान-४४

१. नेपालको पहिलो जनगणना (वि.सं. १९६८) मा जनघनत्व (प्रति वर्ग कि.मि. जनसंख्या) ३८ थियो । पछिल्लो जनगणना, २०६८ को प्रारम्भिक नतीजा अनुसार जनघनत्व दर कति पुगेको छ ?
क) १६३ ख) १८१ ग) १८७

२. तलका मध्ये कुन चाहिं अंगलाई संयुक्त राष्ट्रसंघको मुख्य अंगका रूपमा लिइँदैन ?
क) आर्थिक तथा सामाजिक परिषद् ख) सुरक्षा परिषद्
ग) अन्तर्राष्ट्रिय श्रम संगठन

३. कुन सागरको पानीमा नूनको मात्रा अत्यधिक पाइन्छ ?
क) लाल सागर (The Red Sea) ख) मृत सागर (The Dead Sea)
ग) कृष्ण सागर (The Black Sea)

४. 'गौतम बुद्ध लुम्बिनीमा जन्मिएका हुन्' भनी उल्लिखित अशोक स्तम्भको शिलापत्र कुन भाषामा छ ?
क) ब्राह्मी ख) पाली ग) देवनागरी

५. विद्युत् शक्तिबाट चल्ने प्रेस (छापाखाना) को स्थापनासँगै नेपालमा पाठ्यपुस्तकहरू छापिन थालेका हुन् । त्यस्तो प्रेसको स्थापना चाहिं कहिले भयो ?
क) वि.सं. १९५५ ख) वि.सं. १९६९ ग) वि.सं. १९८७

**नाम:** — — — — — — — —

**ठेगाना:** — — — — — — — —

## सामान्यज्ञान-४२ को सही उत्तर

१. मध्य तराईको मिथिला क्षेत्रमा बढ्दै गएका व्यक्ति अपहरणका घटनाले लंकापति रावणले गरेको जनकपुत्री सीताको अपहरणलाई सम्झाउन थालेका छन् । कतिपय अपहरितहरू फिरौती (रकम) बुझाएर महीनौंपछि घर फर्किने गरेका छन् । यो सन्दर्भमा अब भन्नुस्, जनकपुत्री सीतालाई रामले कति महीनापछि रावणको अपहरणबाट मुक्त गराएका थिए ?
ग) १३ महिना

२. बजार जाँदै गरेको मानिसले 'नैनसुत किन्न हिंडेको' भन्यो भने त्यो मान्छेले कुन वस्तु किन्न चाहेको बुझ्ने ?
ख) सेतो सूती कपडा

३. समुद्र सतहबाट करीब १०४० मिटरको उचाइमा रहेको 'उपर दाङगढी' को भ्रमण जो कसैका निम्ति पनि रोमाञ्चक र शिक्षाप्रद हुनसक्छ । ऐतिहासिक महत्व बोकेको यो सुन्दर गढी कुन जिल्लामा पर्छ ?
क) चितवन (टाँडीबाट ६ माइल उत्तर)

४. सबैभन्दा ठूलो भूपरिवेष्ठित मुलुक कुन हो ?
(ख) काजकिस्तान

७. पृथ्वीको व्यास १२७५६.२ किलोमिटर रहेको मानिन्छ । अब भन्नुहोस्, सूर्यको व्यास पृथ्वीको भन्दा कति गुणा ठूलो छ ?
(ग) १०९

- माधव प्र. झवाली, संस्कृत तथा साधारण मावि, रिडी, गुल्मी
- कमल सुब्बा, कुरूले तेनुपा-५, धनकुटा
- गंगा भुसाल, नुवाकोट मावि, चिदिचौर, अर्घाखाँची
- काजीराम गौतम, जनकल्याण मावि, बयरवन-९, मोरङ
- झलकबहादुर श्रेष्ठ, भीमेश्वर निमावि, ल्याङल्याङ, रामेछाप

सुडोकु-४२: **सही समाधान पठाउने सहभागीमध्ये गोला प्रथाद्वारा छानिएका पुरस्कार विजेता:** ***यादव प्र. पौडेल,*** **वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत**

**सही समाधान पठाउने अन्य सहभागी**
- प्रतिमा पौडेल, जय कालिका मावि, मुनालबस्ती, बर्दिया
- खिमादेवी अधिकारी, जय सन्तोषी माँ प्रावि, हटिया-१, बाग्लुङ
- काजीराम गौतम, जनकल्याण मावि, बयरवन-९, मोरङ
- हरिनारायण खतिवडा, शारदा सं. मावि, रामेछाप-३, रामेछाप
- काशीन्द्र यादव, जनता निमावि, पाङ्चा-६, भोजपुर
- चन्द्र ब. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, ल्याङल्याङ, रामेछाप
- गोविन्दराज जोशी, शिव उमावि, किम्तोला, कैलाली
- रंगलाल सुनुवार, गोल्माडाँडा प्रावि, रामपुर-८, रामेछाप
- नीलहरि लामिछाने, प्रभात निमावि, बाशेश्वर-१, सिन्धुली
- पदम प्र. न्यौपाने, देवी निमावि, साँघुटार-३, रामेछाप
- वृकटा मगर, ने.रा.निमावि, साटाखानी-८, सुर्खेत
- चन्द्र प्र. वली, भैरव मावि, धुपिढुस्का, जुम्ला
- राजेन्द्र कु. सुनुवार, चम्पादेवी निमावि, पोकली-९, ओखलढुंगा
- फाल्गुना दाहाल, नवदुर्गा प्रावि, धनगढी न.पा.-१२, कैलाली
- अभिलाषा धिताल, जुनेली इ.बो. स्कूल, गढी-६, मकवानपुर
- हुकुम ब. साउद, जनकल्याण निमावि, शान्तिपुर-१, कैलाली
- पल्लवराज जोशी, गोकुलेश्वर ब.क्या., गोकुलेश्वर, दार्चुला
- मनोज पौडेल, जयकालिका मावि, कालिका-४, बर्दिया
- ओम प्र. पौडेल, जगन्नाथपुरी निमावि, अयोध्यापुरी-३, चितवन
- नारायणबाबु जोशी, सरस्वती प्रावि, मार्वु-५, दोलखा
- उदय ब. खत्री, मालिका मावि, मटेला-३, सुर्खेत
- गणेशमान सिंह ठकुरी, मालिका मावि, मटेला-३, सुर्खेत
- कान्ति ब. रायमाझी, दुर्गानदी प्रावि, मझुवा-४, रामेछाप
- गंगा भुसाल, नुवाकोट मावि, अर्घाखाँची
- तुल ब. पुन, भृकुटी प्रावि, राङ्सी, रोल्पा
- स्वामी दयाल थारू, प्रगति निमावि, मैनापोखर-६, बर्दिया
- राजेश पुन राङ्सी-२, रोल्पा
- ओम प्र. श्रेष्ठ, राम्चे प्रावि, बुंकोट-६, गोरखा
- राम कु. श्रेष्ठ, सूर्यपाल-४, लमजुङ
- जनार्दन घिमिरे, भगवती मावि, पान्डाँडा, अर्घाखाँची
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- विनोद भट्टराई, अमरज्योति मावि, घाँसीकुवा-८, तनहूँ
- खड्गराज कार्की, गुदेल मावि, गुदेल-४, सोलुखुम्बु
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- मदन अधिकारी/सुमन सुनुवार, कञ्चनजंघा निमावि, झापा
- दीपकराज शर्मा, बथानडाँडा प्रावि, धारापानी-९, सुर्खेत
- विश्वमणि सुवेदी, कुटीडाँडा उमावि, मकैबारी, दोलखा
- बालकृष्ण प्रजापति, पुण्य मावि, पनौती-७, काभ्रे
- भागीरथ काफ्ले, जनचेतना मावि, दुधराक्ष-५, रूपन्देही
- चित्रकला खपाङ्गी मगर/नवराज मगर, बालज्योती प्रावि, पञ्चावती-३, उदयपुर
- कृष्ण कु. नगरकोटी (श्रेष्ठ), बालमन्दिर प्रावि, खोटाङबजार-९, खोटाङ
- भुवन आचार्य, जनज्योति प्रावि, रातमाटा-१, सिन्धुली
- राज कु. राई, कटारी-६, उदयपुर
- नेत्र ब. के.सी., जनकल्याण उमावि, चिति, लमजुङ
- सरिता तिमल्सेना, भाषा निमावि, दियाले-५, खोटाङ
- कृष्ण ब. मल्ल, गण्डकी प्रावि, सिम्ले, बाग्लुङ
- निरञ्जन के.सी., विश्वज्योति मावि, सिम्ले-४, पर्वत
- ध्रुवनारायण शाह, निमावि ललिया, मिथिलेश्वर-६, धनुषा
- सरिता खड्का, चन्द्रसूर्य मावि, झलारी-७, कञ्चनपुर
- विष्णुराज हमाल, खाडदेवी मावि, चौरासे, सुर्खेत
- हेम प्र. भट्टराई, भानु निमावि, हत्पते-४, सिन्धुली
- शम्भु ब. आले मगर, नीलकण्ठेश्वर उमावि, कठजोर-७, रामेछाप
- लीलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ, दार्चुला
- राम कु. श्रेष्ठ, रामेछाप-५, ल्याङ्ल्याङ्, रामेछाप
- कृतिका चौधरी थारू, विश्व निकेतन उमावि, थानकोट, काठमाडौं
- राजुकाजी बज्राचार्य, भीमोदय उमावि, आरूघाट, गोरखा
- संजय कु. यादव, ने.रा.प्रावि, रघुनाथपुर-५, मोहत्तरी
- कमल सुब्बा, कुरूले तेनुपा-५, धनकुटा
- प्रकाश खड्का, कालिका मावि, पिपलाडी-८, कञ्चनपुर
- प्रेम ब. डाँगी, जयकालिका मावि, बर्दिया
- गुप्त ब. भण्डारी, महेन्द्र निमावि, मलम्पार-७, म्याग्दी
- कामेश्वर मण्डल, भूमेस्थान उमावि, देउराली-१, काभ्रे
- जय प्र. राई, शंखरानी निमावि, रानीबास-२, भोजपुर
- रमेश कु. पराजुली, हेलौछा-१, भोजपुर
- विष्णु प्र. पौडेल, कालिका मावि, बतासे-१, काभ्रे

सामान्यज्ञान-४२: **सही समाधान पठाउने सहभागीमध्ये गोला प्रथाद्वारा छानिएका पुरस्कार विजेता:** ***सरिता तिमल्सेना,*** **भाषा निमावि, बडकादियाले-५, खोटाङ**

**सही समाधान पठाउने अन्य सहभागी**
- मनोज भण्डारी, परमानन्द संस्कृत गुरूकुलम उमावि, देवघाट, तनहूँ
- यादव प्र. पौड्याल, वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत
- ध्रुव कु. खड्का, देउराली-६, रामेछाप
- माधव प्र. झवाली, संस्कृत तथा साधारण मावि, रिडी, गुल्मी
- गुप्त ब. भण्डारी, महेन्द्र मावि, मलम्पार-७, म्याग्दी
- राजु बुढाथोकी, लाकुरीडाँडा निमावि, सुर्के, दोलखा

**नियम:** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक* मासिक निःशुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ । यस अंकका प्रश्नको जवाफ/समाधान **२० असार २०६९** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ । **जवाफ पठाउने ठेगाना:** ***शिक्षक*** मासिक, पूर्णचण्डी मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।

***पुनश्च:*** *सहभागीहरूले पत्रिकाको 'कटिङ' अनिवार्य पठाउनुपर्नेछ । फ्याक्स, फोटोकपी, इमेल तथा अर्को कागजमा सारेर पठाएको समाधान मान्य हुने छैन ।*

आलोपालो

# म छैटौं कक्षाको विद्यार्थी

**सिलगडीको** उपचार ठीक थियो कि बेठीक, थाहै भएन। खाउन्जेल स्याँस्याँ नबल्झिए पनि ती कालु डाक्टरले पक्कै ठगे भन्ने भावनाले आमाको मनमा निकै गहिरोसँग जरो गाडिसकेको थियो। अनि त तिनका दबाई खान पनि मन नगरी-नगरी तीन हप्ता पुऱ्याउनुभयो। समय बित्दै गयो। घरीघरी बल्झिने स्याँस्याँले आमालाई छाडेन। यता हामी पनि पढ्दै गयौं बालिका स्कूलमै– अब त ६ कक्षाका विद्यार्थी, संस्कृतको 'अहम् गृहम् गच्छामि' र 'रामः रामौ रामाः' ले हत्तु बनाइएका।

खै किन हो, त्यो बालिका स्कूल अगाडिको चौरी सम्म थिएन। त्यही उबडखाबड चौरीमा हाफटाइमको बेला बल खेल्थ्यौं हामी केटाहरूचाहिं। जुत्ता लगाएर खेल्ने परिस्थिति नै थिएन, सबै खाली खुट्टा दौडिने– नङले बलमा हान्यो भने भोलिदेखि खेल्न नपाइने नियमसँगै। एक दिन त्यसरी नै बल खेल्दै गर्दा जनकपुरिया कर्णले खुट्टामा टेकिदियो।

अँ, भद्रपुर साँच्चै नै एउटा समावेशी फूलबारी थियो त्यस बखत। आसामेली सामीप्यका मेचे, कुचबिहारका राजवंशी र सन्थाल (शायद परापूर्व कालमा झापा पनि कुचबिहारकै भाग थियो कि), भारत विभाजनको प्रकोप झेलेका बङ्गाली, मुजफ्फरपुरका लिचीसँगै आएका पश्चिमा, धान मिलमा मजदुर बन्न ल्याइएका मद्रासी र उडिया, बिंडी फ्याक्ट्रीका मुसलमान मजदुर, राजस्थानबाट व्यापार गर्न नेपाल छिरेका मारवाडी, कोशीपारिबाट 'बढिया काम' को खोजीमा पूर्व लागेका मैथिलीभाषी, पूर्वी पहाडबाट वर्षैभरि चामलको भात खान मधेश झरेका र 'झर्नुपरेका' बाहुन-क्षेत्री, उब्जाउ जमीनले मोहनी लागेर पहाड छाडेका जनजाति वर्गका राईलिम्बू अनि मेचीपूर्वबाट भगाइएका बर्मेली र आसामे– सबैको सम्मिश्रण बनेको थियो हाम्रो तत्कालीन भद्रपुर। सबैलाई आश्रय दिनसक्ने हृदय भएको यो शहर साँच्चै 'भद्र' थियो। भद्रपुरमा प्रायः कसैले पनि 'घर कहाँ?' को जवाफ 'भद्रपुर' फर्काउँदैनथ्यो। सबैका 'मूल घर' अन्तै हुन्थे। त्यस्तै 'मूल घर जनकपुर' बताउने कर्ण– मेरो राम्रो साथी थियो।

जानीजानी त होइन तर उसले टेकी त हाल्यो। पिटिक्क आवाज आए जस्तो लाग्यो, साह्रो दुखाइसँगै। खेल्न छाडेर औंला हेरें– ठीकै थिए। सात घण्टीसम्म स्कूलमै बसें र बिस्तारै घर फर्किएँ, कवितासँगै। अलिअलि दुख्न कम भएजस्तो लाग्यो, घरमा केही भनिनँ। भोलिपल्ट बिहान त टनटन गर्दै साह्रो दुख्न थाल्यो, औंला पनि अलि सुन्निएर रातो भएछ। शनिबार थियो वा कुनै पर्व– स्कूलचाहिं जानु नपर्ने दिन।

"आमा, हिजो बल खेल्दा साथीले कुल्चिदियो, एकदम दुख्दै छ", डराइडराइ आँगनमा आमालाई देखेँ खुट्टो अघि सार्दै कान्छी औंला देखाएँ। बल खेल्नु र तास खेल्नु– उस्तैउस्तै गलत कामहरू मानिन्थे त्यस बेलाका बहुसङ्ख्यक अभिभावकहरूका नजरमा। गाली र पिटाइ त निश्चितै थियो त्यस्तो कार्य गरेर केही बिगार भएमा।

"तँ नसेलाई कल्ले खेल्न भनेको थियो त। जा, तेरो त्यही साथीलाई देखा न, मलाई के देखाउँछस्!" सोचे अनुरूपकै जवाफ थियो।

तर मलाई पनि थाहा थियो यस्तो बेला के गर्नुपर्छ भन्ने। पिलपिल गर्दै उभिइरहें आमानजिकै।

"यता आइज!" बोलाइहाल्नुभयो।

बसेर मेरो औंला हेर्न थाल्नुभयो त्यहीं आँगनमै।

"क्यै भएको छैन, नक्कल पार्छस् बढ्ता!" शायद 'जुत्ता किनिदिन्छन् कि भनेर नाटक गर्दैछ छोरोले' भन्ने पो मनमा परे जस्तो लाग्यो।





आन्दोलनका बेला सात कक्षामा पढ्ने हामी पनि बालिका स्कूलको निम्न माध्यमिकको पढाइ सकेर चन्द्रगढी स्कूलमा आठमा पढ्ने, केपी सरका 'मुर्दामुर्दीहरू' भइसकेका थियौं। झन् हेडसरले 'लु जा त' भन्दै कपालमा समातेर लछारपछार गर्दै पिट्ने उपाय, मिल मालिक जयराज सरको चक मात्र हैन कि डस्टरले समेत झुट्टी हान्ने कला र सत्यनारायण सरको 'गोडुमडा' त हाम्रा लागि जिल्लाभरि नै नाम चलेको 'चन्द्रगढी स्कूल' मा पढ्न पाउने स्वर्णिम पथका सामान्य बाधाहरू मात्र थिए। हेडसरले पिटाइका बीचबीचमा ऊऽहुँऽऽऽ गर्दै जिब्रोको टुप्पालाई नाकसम्म पुऱ्याएर भन्ने 'लु जा त' भनेको साँच्चै नै 'जा' भनेको हो भन्ठानेर जान लाग्दा झम्टिएर कपाल तान्दै लछारपछार गर्दै अरू व्याजसहित असुलउपर गर्ने तरिका नितान्त नौलो र सन्त्रासमय थियो।

समयानुकूल चर्चाहरू– कांग्रेस, कम्युनिस्ट र पञ्चका अनेक कुराहरू सुनिन्थ्यो। मचाहिं एकदमै रनभुल्लमा थिएँ– कुन ठीक र कुन बेठीक भन्ने छुट्याउन नसकेर। एकातिर जीवन दाजुले बुर्जा कोठाभरि टाँसेका 'सचित्र चीन' र 'सोभियत भूमि' का रङ्गीन पाना, सिलिङमाथि भेटिएको किम इल सुङको रङ्गीन रातो किताब सम्झनामा आउँथे भने तत्कालै नव दाजुले पढ्दै गरेको भुट्टोको जीवनीको किताब र बीपी कोइरालाको फोटोसहितका किताबहरू त्यसलाई धमिल्याउन आइपुग्थे। आठ कक्षामा पढ्ने मलाई 'चन्द्रगढी स्कूलमा अनेरास्ववियूको सङ्गठन बनाऊँ र तिमी पनि बस हाम्रो सङ्गठनमा' भनेर सहपाठी दुर्गाले भन्दा म त मानिनँ तर उसले दिएको 'सानो किताब' चाहिं लुकाएर निकै पटक पढें। राल्फाली कविताहरू थिए, प्रायः सबै कण्ठ थियो त्यसबेला। त्यसमा पनि 'आमा दिदी बैनी हो, कति बस्छौ दासी भै...', 'गाउँगाउँबाट उठ, वस्ती वस्तीबाट उठ, यो देशको...' र 'एउटा कविलाई सोध, उसलाई आफ्नो कविता प्यारो लाग्छ कि देश' भन्नेचाहिं खुबै राम्रा लागेका थिए।

*(डा. रमेश कोइरालाको भर्खरै प्रकाशित पुस्तक 'आमाको मुटु' बाट साभार)*

# EKTA BILINGUAL DICTIONARIES




## FORTHCOMING

- Ekta Academic English-Enghlish–Nepali Dictionary
- Ekta Pocket English–English–Nepali Dictionary
- एकता गोजी नेपाली-अङ्ग्रेजी शब्दकोश
- एकता नेपाली-नेपाली शब्दकोशका विभिन्न श्रृङ्खलाहरु

*Please pay us a visit at our showroom to experience the differences.*

EKTA

## EKTA BOOKS DISTRIBUTORS PVT. LTD.

Prashutigriha Marga, Thapathali, Kathmandu, Nepal
Phone: 4260482, 4262091, Showroom: 4245787, 4230729
Fax: (+00977-1) 4260744, E-mail: ektabook@mos.com.np; http://www.ektabooks.com




MAW

**KATHMANDU VALLEY**

**Authorised Distributor, M.A.W. Enterprises Pvt. Ltd., Tripureshwor**: 4268252, 4261160
**Dealers:- Kumaripati** : 5555889, 5555890, **Kantipath** : 4247332, 4227515, 4227494, **Chabahil** : 4490105 / 9841573504, **Bhaktapur** : 6614083, **Gatthaghar** : 6630884
**Trade-In:- Naya Baneshwor** : 4460454, **Naya Bazaar** : 4381855 / 9841485986, **Teku** : 4104599 / 9851006914, **Gongabu** : 4351873 / 9849082147, **Balaju** : 4388208, **Kalanki** : 4272558, **Balkumari** : 9851038518, **Koteshwor** : 4479461 / 9851038518

**EASTERN REGION**

**Biratnagar** : 021-523156, 9852021695, **Birtamode** : 023-541677, 540859, **Dharan** : 025-528179, **Damak** : 023-580764, **Rajbiraj** : 031-521167, 9842820806, **Itahari** : 025-587053, 583353, **Biratchowk** : 021-545600, 9852021066, **Lahan** : 033-560532, **Mirchaiya** : 033-550020, **Katari** : 9741108907, **Gaighat** : 035-420828, **Siraha** : 033-520786, **Phattepur** : 9842820806, **Pathari** : 021-555864, **Khadbari** : 029-560775, **Inaruwa** : 025-561757 / 9842049749, **Ilam** : 027-521072, **Hile** : 026-540161 / 9752009029

**CENTRAL REGION**

**Narayanghat** : 056-571207, 056-694800, **Hetauda** : 057-526460, 9855068060, **Birgunj** : 051-531156, **Janakpur** : 041-523920, **Trishuli** : 560530, 9841775855, **Banepa** : 9851081324, **Dhading** : 010-520309, **Charikot** : 049-421889, 9851074374, **Bharatpur** : 056-524177, **Parsa** : 056-582661, **Bardibas** : 044-550445, **Malangwa** : 046-520553, **Jaleshwor** : 044-520518, **Chapur** : 055-540785

**WESTERN REGION**

**Pokhara** : 061-521295 / 535789, **Baglung** : 068-522747, **Butwal** : 071-541583 / 541587, **Bhairahawa** : 071-520541 / 526570, **Palpa** : 075-520445, **Rampur** : 099-3751007, 9857060470, **Gorkha** : 064-420476, **Damauli** : 065-561623, **Syangjha** : 063-420316, **Lamjung** : 9846074526, **Kawasoti** : 078-540622, **Chaundrata** : 9847063219, **Jitpur** : 076-550195, **Parasi** : 078-520517, **Ridi** : 079-690383, **Tamghas** : 079-520488

**MID WESTERN REGION**

**Dang** : 082-561296, **Lamahi** : 082-540267, **Surkhet** : 083-521754, **Nepalgunj** : 081-551610 / 551611, **Gulariya** : 9848022069, **Tulsipur** : 082-520174, **Pyuthan** : 9847820418

**FAR WESTERN REGION**

**Dhangadhi** : 091-521499, 525188, **Mahendranagar** : 099-523816, **Tikapur** : 091-561219